# NCB
# Magazine 2072

Annual Publication

(वार्षिक प्रकाशन)

Narcotics Control Bureau
Kathmandu

# NCB
# Magazine 2072

प्रथम प्रकाशन : २०७२ (सन् २०१५)

**प्रकाशक**

**लागू औषध नियन्त्रण ब्यूरो**
कोटेश्वर, काठमाडौं
फोन नं. १००, ०१-४६०१०४८,
फ्याक्स नं. ०१-४६०१९७८
ईमेल : ncb@nepalpolice.gov.np , ncbnepal@gmail.com
वेभसाइट : www.ncb.nepalpolice.gov.np

प्रतिलिपि अधिकार © लागू औषध नियन्त्रण व्यूरो

**डिजाइन**

**सन्दिप श्रेष्ठ**

**मुद्रण**

**किशोर अफसेट प्रेस प्रा. लि.**
गल्कोपाखा, ठमेल, नेपाल, फोन नं. ४०२२५४४, ४०२२५७२

नेपाल सरकार

# गृह मन्त्रालय



पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:- 2062/02/26

विषय :- **शुभ कामना**

लागू औषध दुरुपयोग तथा अवैध ओसार पसार बिरुद्धको अन्तराष्ट्रिय दिवस –२०७२ को पावन अवसरमा लागू औषध नियन्त्रण व्यूरोबाट प्रथम बार्षिक अंकको रुपमा NCB Magazine–2072 को प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ ।

आतंकवादको प्रमुख श्रोतको रुपमा लागू औषधको कारोवार रहेको तथ्य कसै सामु छिपेको छैन र आतंकवादको प्रश्रयमा लागू औषधको कारोवारको अहंम भूमीका हुन्छ । लागू औषधको अवैध कारोवार तथा दुर्व्यसनीबाट अहिलेको समाज मुक्त बन्न सकेको छैन । विश्वमा नै अवैध मानिने यस्ता लागूऔषधको उत्पादन, ओसार पसार र बिक्रि वितरणबाट मुक्ति पाउन विश्वका प्रत्येक राष्ट्र विशेष योजनासहित लागि परेका छन् । तर पनि विश्वकै अत्यन्त सम्पन्न राष्ट्रको रुपमा आफूलाई उभ्याउन सफल राष्ट्रहरुमा समेत लागू औषधका आपराधिक सञ्जाल रहेको तथ्य त्यहा घटेका अपराधहरुको तथ्यांकबाट अवगत हुन्छ ।

नेपालमा सन् १९६० को दशकमा हिप्पीको रुपमा विदेशीहरुको प्रवेश हुन थालेपछि यहाँका युवाहरुले फेशनको रुपमा गाँजा सेवन गर्न थालेको पाइन्छ । पछि आएर क्रमश: युवाहरु प्रशोधित गाँजा सेवनतर्फ आकर्षित हुँदै गएको पाइन्छ । त्यसबेलादेखि नै नेपालमा लागूऔषधको उत्पादन, बिक्रि वितरण हुन थालेको स्थितिमा दुव्यर्सनीहरुको वृद्धि र फैलिँदै गएको व्यापारलाई रोकथाम गर्न नेपालमा लागूऔषध नियन्त्रण ऐन, २०३३ लागू भयो । हिप्पीहरुको बढि बसाई हुने शहरका होटल तथा रेष्टुरेन्टहरुमा मेनुमा नै उल्लेख गरी खुल्ला रुपमा बिक्रि र सेवन हुँदै आएको लागूऔषध यो ऐनको जारीसँगै अवैध घोषित भयो । लागूऔषधको अवैध कारोबार नियन्त्रणका लागि ऐन लागू भएता पनि तस्करहरुबाट लुकीछिपी लागूऔषधको क्रय-विक्रय भइरहेको तथा नेपालको एक मात्र अन्तराष्ट्रिय बिमानस्थलको दूरुपयोग गर्दै लागूऔषधको कारोवार बढीरहेको देखिन्छ । अत: सिमीत साधन र श्रोतको वावजुत पनि लागू औषध व्यूरोले लागू औषधको अवैध कारोवारलाई नियन्त्रण तथा लागूऔषधका संगठित गिरोहहरु पत्ता लगाई कानुनको दायरामा ल्याउन खेलेको भूमीका अतुलनीय छ ।

अन्त्यमा आगामी दिनहरुमा पनि लागूऔषध नियन्त्रण व्यूरोका काम कारवाहीहरु अझ प्रभावकारी तथा समन्वयकारी हुनुको साथै राज्यको जिम्मेवार निकायको रुपमा स्थापित होस् भन्ने शुभ कामना व्यक्त गर्दै यस व्यूरोले प्रकाशन गर्न लागेको NCB Magazine–2072 पाठक समक्ष पठनीय र संग्रणीय सामग्री बन्ने अपेक्षा गर्दछु ।

२०७२ जेष्ठ 26

(सूर्यप्रसाद सिलवाल)
सचिव

सुप्रबल जनसेवाश्री
प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल
Inspector General of Police Upendra Kant Aryal
Chief of Nepal Police

प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं ।
Police Headquarters
Naxal, Kathmandu

मिति २०७२-०२-२९ गते



## शुभ-कामना

लागू औषध नियन्त्रण ब्यूरोले "लागूऔषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस" को अवसरमा प्रकाशित गर्न लागेको NCB Magazine-2072 को पुर्ण सफलताको कामना गर्दछु । जुन २६ तारिख संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले लागू औषध नियन्त्रणमा व्यक्त गरेका प्रतिबद्धता र लक्ष्यहरू पुन: स्मरण गर्ने दिन पनि हो।

नेपालमा अवैध लागूऔषधको खेती, उत्पादन, संचय, ओसारपसार तथा बेचबिखन जस्ता अपराधिक कार्यको रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा लागूऔषध नियन्त्रण ब्यूरोको स्थापनाकाल देखिको क्रियाशिलता प्रभावकारी छ । गम्भीर संगठित अपराधको रूपमा लागूऔषध कुनै एक मुलुक मात्रको समस्या रहेन, निश्चित सिमानाको परिधि नाघेर सारा विश्वलाई नै आफ्नो कर्मथलो बनाउन सफल लागूऔषधजन्य अपराधको नियन्त्रण र न्यूनिकरणमा अन्तर्राष्ट्रिय सक्रियता र global network आवश्यक भएकोले नै लागूऔषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस कानुन कार्यान्वयन गर्ने निकायहरुको लागि महत्वपूर्ण दिवसको रूपमा रहेको मेरो बुझाई छ ।

सांस्कृतिक र धार्मिक महत्व बोकेका कैयौ कुरीति र प्रथाको सामाजिक निरन्तरता अनि Golden Triangle र Golden Crescent बीचको भौगोलिक अवस्थितिले हाम्रा चुनौतीका बृहत् दायराहरू ईंगित गर्दछ । अत: ब्यूरो लागूऔषध अपराधको नियन्त्रण र अनुसन्धानको घेरामा सीमित नरहि लागूऔषध अपराध नियन्त्रण सम्बन्धी अन्वेषण तथा सन्दर्भ केन्द्र को रुपमा समेत विकास हुनुपर्ने आवश्यकता रहेको छ । जहाँ चुनौतीहरू अनन्त छन् त्याँहा हाम्रो भूमिका पनि बृहत् हुन जरुरी छ ।

आजको यस दिवसको अवसरमा लागूऔषध जन्य अपराध नियन्त्रणमा हाम्रो सशक्त सक्रियताको प्रतिबद्धताका साथ प्रस्तुत पुस्तक लागूऔषध अपराध नियन्त्रण सम्बन्धी खोज, अन्वेषण तथा जानकारी लिन चाहने जो कोहीका लागि पनि उपयुक्त सन्दर्भ सामाग्रीको श्रोतको रूपमा रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

प्रहरी महानिरीक्षक
( उपेन्द्र कान्त अर्याल )

पोष्ट बक्स नं. : ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
इमेल: aryalupendrak@gmail.com/phqigs@nepalpolice.gov.np, वेभसाइट: www.nepalpolice.gov.np

सुप्रबल जनसेवा श्री
**सुरेन्द्र बहादुर शाह**
प्रहरी अतिरिक्त महानिरीक्षक
**Surendra Bahadur Shah**
Additional Inspector General of Police

**प्रहरी प्रधान कार्यालय**
अपराध अनुसन्धान विभाग, काठमाण्डौं
**Police Headquarters**
Crime Investigation Department, Kathmandu



## शुभकामना

यस पटकको "लागू औषध दुरुपयोग तथा अवैध ओसार पसार बिरुद्धको अन्तर्राष्ट्रिय दिवस" को सन्दर्भमा लागू औषध नियन्त्रण ब्यूरोद्वारा NCB MAGAZINE-2072 को प्रथम बार्षिक अंक प्रकाशित गर्न लागेको जानकारी पाउदा मलाई हर्षको अनुभूती भएको छ।

लागू औषधको प्रयोगले मानिसलाई मानसिक तथा शारीरिक रुपमा क्षीण बनाउनुका साथै मृत्युवरण समेत गराउन सक्दछ। यसले व्यक्तिगत, पारिवारिक र सामाजिक जिवन समेत तहस नहस बनाई समाजमा प्रत्यक्ष रुपमा अपराध बढाउछ। स्वास्थ्य उपचारमा प्रयोग हुने औषधीहरुको दुरुपयोग, देश भित्रका दुर दराजका स्थानहरुमा अवैध रुपमा उत्पादन हुने गाजा, अफिम तथा खुल्ला सीमानाको दुरुपयोग गरी लागू औषध नेपाल भित्र्याउन र बाहिर पठाउन सहज हुने कारणले पनि हाम्रो देश लागू औषध प्रभावको उच्च जोखिममा रहेको छ। एक पटकको प्रयोगले पनि दुर्व्यसनी बन्न सक्ने, कारोवारीहरुले बनाएको जालमा फस्ने र समयमै उचित ज्ञान प्रदान हुन नसक्दा उत्सुकताका आदीका कारण पनि युवा अवस्था देखि नै लागू औषधको शिकार भएका उदाहरणहरु प्रसस्त छन। लागू औषध अपराध नियन्त्रण गर्न कानून कार्यान्वयन गर्ने एकाइले प्रभावकारी रुपमा अपराध अनुसन्धान गरी कानूनी कारवाहीको दायरामा ल्याउनुको साथै निरोधात्मक कृयाकलापको संचालन पनि महत्वपुर्ण रहेको हुन्छ। यस तर्फ विविध जनचेतनामुलक सामाग्री मार्फत यस म्यागाजिनले लागू औषध अपराध नियन्त्रणमा महत्वपुर्ण सहयोग पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु।

विभिन्न अध्ययनका अनुसार वार्षिक रुपमा विश्वमा करिव ६०० मिलियन डलर रकम बराबरको अवैध कारोवार हुने २ लाख भन्दा बढी व्यक्तिहरुको मृत्यु लागू औषधको कारणले हुने गर्दछ। यस अपराधमा संलग्न ब्यक्तिहरुको गिरोह संगठित र अन्तर्राष्ट्रिय रुपमा फैलिएको हुनाले पनि अपराध नियन्त्रणमा विश्वमा नै सवै देशहरुलाई चुनौती रहदै आएको छ। साथै लागू औषध अपराधको अन्य अन्तरदेशीय संगठित अपराधमा समेत अन्तरसम्बन्ध हुने हुनाले यस अपराधको अनुसन्धान र नियन्त्रणमा बहुदेशीय, बहुपक्षीय सहयोग र समन्वयको आवश्यकता महशुस गरी प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले "त्रिबर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना" मार्फत समेत सम्बोधन गरेको समेत जानकारी गराउन चाहन्छु।

अन्त्यमा, संगठित र अन्तरदेशीय अपराध सञ्जालमा रहने लागू औषधको उत्पादन, ओसार पसार र कारोवारमा संलग्न हुने व्यक्तिहरुलाई कानूनी दायरामा ल्याउन सफल रहदै आएको यस ब्यूरोले प्रकाशन आरम्भ गरेको NCB MAGAZINE-2072 लागू औषध विरुद्ध सत्य तथ्य जानकारी एवम सचेतना प्रदान गर्ने सन्दर्भमा महत्वपुर्ण सामाग्रीको रुपमा स्थापित हुने विश्वास राख्दै प्रकाशनको सफलताको कामना गर्दै प्रकाशन कार्यमा भूमिका निर्वाह गर्नु हुने समस्तमा धन्यवाद दिन चाहन्छु साथै लागू औषध दुरुपयोग तथा अवैध ओसार पसार बिरुद्धको अन्तर्राष्ट्रिय दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु।

मिति :- २०७२।०२।२४ गते।

..............................
प्रहरी अतिरिक्त महानिरीक्षक
(सुरेन्द्र बहादुर शाह)

Phone: 977-1-4420541 (Off.) Fax : 977-1-4412602, P.O. Box : 407 Kathmandu, Nepal

# International Day against
# Drug Abuse and Illicit Trafficking



**Ms. Cristina Albertin,**
Representative, UNODC South Asia

Global drug markets are constantly evolving with new drugs flooding in. Consumption of drugs the world over is not restricted to only traditional drugs like heroin and cocaine, but the production and use of synthetic drugs like amphetamines which has spread to many corners of the globe. The emergence of New Psychoactive Substances or NPS is another escalating challenge. These substances popularly known in the markets by terms like “designer drugs”, “legal highs”, “herbal highs” and “bath salts”, are not controlled under international legislation, but pose a serious threat to public health. In South Asia, apart from these problems, the proliferation of prescription drugs containing narcotic substances is also a cause of growing concern.

Organized criminal groups often exploit vulnerabilities of human beings, communities and law enforcement structures to traffic illicit drugs across the globe. Their impact is felt in communities, criminal justice systems and across society. However, in order to comprehensively address the problem of drug use it is equally important that public health authorities are also adequately equipped to provide health services to those in need. Globally, there are nearly 27 million persons who are problematic drug users. This includes persons who inject drugs, use drugs on a daily basis and / or people diagnosed with drug use disorders. In 2012, nearly 183,000 people died because of drug use. These deaths can be prevented, provided all drug users are able to access treatment and are not faced with stigma and discrimination from society. In Nepal, according to a survey conducted in 2013, there are approximately 92,000 hard drug users with an average age of 25 years. It is therefore imperative that drug use prevention, treatment and care services reach each one of these drug users.

The United Nations Office on Drugs and Crime (UNODC) is the lead UN agency mandated to address the challenges posed by drug use. Deriving its mandate from the three international drug control conventions, UNODC works with member states to (i) provide evidence and analyses on the global, regional and national drug situation, (ii) adopt legislation and policies in line with international commitments and standards and (iii) provide capacity-building and training in line with good international practices to both law enforcement officials and health services providers. UNODC has also developed global International Standards on Drug Use Prevention which summarizes the currently available scientific evidence, describing interventions and policies that have been found to result in positive prevention outcomes and their characteristics. For every dollar spent on prevention, at least ten can be saved in future health, social and crime costs.

In Nepal, UNODC has set-up e-learning platforms where law enforcement authorities are trained on various aspects of drug control. UNODC has also been working closely with the Government of Nepal and civil society organizations to provide drug treatment and care services to drug users including women. In doing so, UNODC has rolled out pharmacological treatment options (buprenorphine and methadone based) for drug users in select locations in the country. Reaching out to drug using communities, UNODC also developed low-cost service delivery models, such as drop-in-centers and health camps. Special care has been taken to meet the needs of women drug users who are usually expected to fit into drug treatment programmes designed for men. In this regard, UNODC supported the formation of Nepal’s first-ever women’s drug user network – a network for women, by women.

Although, a lot of work has been done, a lot remains to be accomplished. It is time that all of us come together to ***‘develop our lives, our communities, our identities without drugs’*** – a message central to UNODC’s 2015 campaign on the occasion of World Drug Day. It is indeed only through collective determination and cooperation that we will be able to move towards drug – free societies.

# सल्लाहकार



प्र.ना.म.नि. केसरीराज घिमिरे



प्र.ब.उ. राम प्रसाद श्रेष्ठ

## सम्पादक मण्डल



प्र.उ. धिरज प्रताप सिंह
प्रधान सम्पादक



प्र.ना.उ. अपील राज बोहरा



प्र.नि. अंगुर जि.सी



प्र.नि. ललित बहादुर चन्द



प्र.ना.नि. सुनिल श्रेष्ठ
सम्पादक सहयोगी

# सम्पादकीय

लागू औषध दूरुपयोग तथा अबैध ओसार पसार विरुद्धको अन्तर्राष्ट्रिय  दिवस २०७२ को अवसरमा लागू औषध नियन्त्रण व्यूरोबाट प्रथम बार्षिक अंकको रुपमा प्रकाशित NCB Magazine–2072 को प्रकाशन गर्न पाउदा अति नै खुसी लागेको छ । अथक प्रयास, प्रतिकूल परिस्थितिको बाबजुत पनि प्रथम अंक लिएर यहाँहरु सामु भुल्कन पाउँदा आल्लादित् मन सँगै वर्ष भरीमा लागू औषाध नियन्त्रण व्यूरोको गतिविधिहरुलाई समेत वस्तुनिष्ठ ढंगबाट पस्कन पाउदा गर्व महसुस गरेका छौं ।

लागू औषधको ओसार पसार, खेती, उत्पादन तथा अबैध बिक्रि बितरण एक गम्भीर समस्याको रुपमा रहेको यथार्थ कसै सामु लुकाएर राख्न नसकिने अबस्था भई सकेको छ । नेपालमा लागू औषधको दुर्व्यसनी दिन प्रति दिन बढीरहेको पाउँछौ । लागू औषधको अबैध कारोबार र यस बाट श्रृजित समस्या बास्तवमा कानून कार्यान्वयन गर्ने निकायहरुको लागी गम्भीर चुनौती रहेको छ । लागू औषधको अबैध कारोबार तथा रोकथामलाइ केहि हदसम्म कम गर्न तथा लागू औषध सम्वन्धि सचेतना फैलाउनको लागी NCB Magazine–2072 प्रथम बार्षिक अंक निकाल्ने जमर्को गरेका छौँ ।

लागू पदार्थको अबैध ओसार पसारको नियन्त्रण कुनै एक निकायको पहलले मात्र पूर्णतः नियन्त्रण गर्न सकिँदैन यस्को लागी सरकारी संयन्त्र सवल, सक्षम र दरिलो हुनुका अलवा कानूनी प्रकृया चुस्त र प्रभावकारी हुनु पर्ने यर्थातलाई  समेत नकार्न सकिँदैन । राज्यको तरल राजनैतिक अबस्था र लम्विदो संक्रमणकालीन मौकालाई अवसरको रुपमा लिई लागू औषधको अवैध कियाकलापहरु दिनानु दिन बढीरहेको छ । यस्ले गर्दा कानून कार्यान्वयन गर्ने निकायहरुको कार्य शैलीलाई चुनौतीको रुपमा पेश गरेका प्रतीक हुन्छ । बजारमा देखा परेका नयाँ खालमा मनोद्विपक पदार्थहरु र त्यस्को ओसार पसार, लागू औषधको दुरुपयोगमा देखा परेका नवीन खालको प्रबृत्ति अझ गम्भीर समस्याको रुपमा देखा परेको छ । छिमेकी राष्ट्र सँगको खुल्ला सिमाना, गैह्र कानूनी रुपमा लागू पदार्थको खुल्ला कारोबार र नयाँ नयाँ स्थानहरुमा लागू औषधको माग हेर्दा, समस्या समथर तराई देखी पहाडको टुप्पा सम्म लागू औषधको दुर्व्यसनीहरु वढी रहेको देखिन्छ । लागू औषधको वढ्दो कियाकलापले वढ्न  जाने  अपराधिक गतिविधि र सुरक्षामा पुऱ्याउने खतरालाई समयमा नै आकलन गरी प्रभावकारी उपायहरु अवलम्बन गर्न नसकिएको खण्डमा आगामी दिनहरु निश्चय नै चुनौति पूर्ण हुन जानेछन् ।

अबैध मनोद्विपक पदार्थको कारोबारको अलवा नेपालको तराई देखी पहाडी ईलाकाहरु सम्म मौलाएको गाँजा तथा अफिम खेती प्रहरीको लागी गम्भीर चुनौती बन्न पुगेको छ । परम्परागत कृषि प्रणालीलाई समयमा नै उन्नत र प्राविधिक हिसावले परिमार्जन गर्न नसक्दा क्षणीक समयमा राम्रो आम्दानी हुने अबैध गाँजा तथा अफिम खेती अनियन्त्रित रुपमा मौलाई रहेको सन्दर्भमा कानूनी कार्यन्वयन गर्ने तथा अवैध लागू पदार्थ नियन्त्रणमा अग्रणी भुमिका खेल्नु पर्ने लागू औषध नियन्त्रण व्यूरोलाई कानूनी रुपमा सवल र सक्षम  मात्र नबनाई यस्तो खालको रोकथामको लागी अग्रणी भूमीका खेल्ने निकायको रुपमा स्थापित गर्नु टड्कारो आवश्यकता बनेको छ ।

अन्तर्राष्ट्रिय लागू औषध दिवस २०७२ को अवसरमा लागू औषध नियन्त्रण व्यूरोबाट प्रथम बार्षिक अंकको रुपमा प्रकाशित NCB Magazine–2072 मा लेख तथा रचनाहरु पठाई सहयोग पुऱ्याउनु हुने सबै बिद्वत लेखकहरु, कविहरु, सहयोगी हातहरु तथा बिज्ञापन दाताहरुमा हार्दिक धन्यवाद दिन चाहन्छौँ । साथै आगामी दिनहरुमा यस विशेषाकंलाई सारपूर्ण र उद्देश्यमुलक बनाउन यहाँहरुको रचनात्मक सहयोग, सद्भाव र सुझावहरुको सदैव अपेक्षा समेत गर्दछौ ।

सम्पादक मण्डल

(यस प्रकाशन मा समावेस गरिएका लेख तथा रचनाहरु लेखकका निजी विचारहरु हुन् ।)

# विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | लागू औषध नियन्त्रण ब्यूरो, एक चिनारी<br>प्र.ना.म.नि. केसरीराज घिमिरे | १ |
| २. | लागू औषध नियन्त्रण सम्बन्धमा भएका कानूनी एवं नीतिगत व्यवस्था<br>उप-सचिव फणिन्द्रमणी पोखरेल | ७ |
| ३. | लागू औषध अपराध बिश्लेषण | ११ |
| ४. | लागू औषध नियन्त्रण : चुनौती र संभावना<br>महान्यायाधिवक्ता बाबुराम कुंवर | १३ |
| ५. | Nepal's Long Fight against Narcotic Drugs<br>DIGP Nawa Raj Silwal | १५ |
| ६. | लागू औषध (दुर्व्यसन) रोकथाम र नियन्त्रण र आजको सन्दर्भ<br>पूर्व स.प्र.अ.म.नि. रवि राज थापा | १८ |
| ७. | लागू औषध (नियन्त्रण) ऐन २०३३ः अपराध अनुसन्धान र न्याय वितरणका दृष्टिकोणबाट केही विवेचना ।<br>डा. युवराज सँग्रौला | २० |
| ८. | मानव जीवनको कर्तव्य र लागू औषध<br>प्र.ना.म.नि. रण बहादुर चन्द | २२ |
| ९. | अवैध लागू औषधको केन्द्र बिन्दु लुम्बिनी अञ्चलः एक विवेचना<br>प्र.ब.उ. गणेश के.सी. | २५ |
| १०. | Diplomatic Immunity in the Case of Drug Smugglers<br>Dr. Bipin Adhikari | २७ |
| ११. | महत्वपूर्ण उपलब्धिहरू | ३१ |
| १२. | लागू औषधबाट हुने आर्थिक क्षतिः एक बिबेचना<br>पान बहादुर क्षेत्री | ३६ |
| १३. | दिगो जीवन परिवर्तनका लागि अध्यात्म<br>एल.पी. भानु शर्मा | ३८ |
| १४. | गतिविधिहरू (फोटोफिचर) | ४०-४२ |
| १५. | A Society and A World Free from Drug Menace<br>Yubaraj Ghimire | ४३ |
| १६. | लागू औषध नियन्त्रण कानुन कार्यान्वयन इकाई देखि लागू औषध नियन्त्रण ब्यूरो सम्म<br>प्र.नि. कृष्ण गोपाल पनेरु | ४५ |
| १७. | तिमी (कविता)<br>प्र.ना.नि. बिद्याधर त्रिपाठी | ४६ |
| १८. | युवाहरूको स्वास्थ्यकर बानी ब्यवहारमा आयुर्वेद जीवन पद्धती<br>डा.राजेन्द्र कुमार गिरी | ४७ |
| १९. | Glimpse of Narcotic Drugs<br>DSP. Yog Bahadur Pal | ४९ |
| २०. | मकवानपुर जिल्लाको गाँजा खेती फडानी एक संस्मरण<br>प्र.ना.उ. दिलिप कुमार खड्का | ५२ |
| २१. | लागू औषधको ओसार पसार र त्रिभुवन विमानस्थल<br>प्र.नि. प्रेम बहादुर शाही | ५६ |
| २२. | Science Behind the Drug Addiction<br>By Ninu Shrestha | ५८ |

# विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| २३. | लागू औषध नियन्त्रण सम्बन्धमा देखिएका समस्या<br>प्र.ज. नैन बहादुर विश्वकर्मा | ६१ |
| २४. | लागू पदार्थ अर्थात् आत्म-पराजय योग अभ्यासद्वारा आत्म-विजय<br>डा. राजु अधिकारी | ६२ |
| २५. | अनुरोध (कविता)<br>दिनेशहरि अधिकारी | ६३ |
| २६. | Anti-Doping at London Olympic-2012<br>Graham Minshaw | ६४ |
| २७. | गतिविधिहरू (फोटोफिचर) | ६५-६७ |
| २८. | Analysis of Narcotics Drugs Law in Nepal<br>Advocate Narayan Shrestha | ६८ |
| २९. | लागू औषध नियन्त्रण र ब्यूरोको स्वायत्तता<br>मातृका दाहाल | ७३ |
| ३०. | नफसौं है कूलतमा (कविता)<br>प्र.ना.उ. नवीन किशोर प्रधान | ७५ |
| ३१. | Precursors of Narcotic Drugs<br>Bibek Singh Mahat | ७६ |
| ३२. | Drug & Youths<br>Diwash Shakya | ८२ |
| ३३. | भौतिक, नैतिक र अध्यात्मीक अनुसन्धान दुर्व्यसनबाट मुक्तिको उपाय<br>देवेन्द्र सिटौला | ८४ |
| ३४. | अपराध रहित समाज निर्माणमा लागू औषध नियन्त्रण व्यूरोको भूमिका<br>प्र.ना.नि. घनबहादुर थापा | ८६ |
| ३५. | Opiate Substitution Treatment (OST)<br>Dr. Ashish Sinha | ८८ |
| ३६. | लागू पदार्थ, नियन्त्रण र समन्वयात्मक पक्ष<br>प्र.ना.नि. बिद्याधर त्रिपाठी | ९० |
| ३७ | Overcome stress through meditation<br>Arun Poudel | ९२ |
| ३८. | औषधि व्यवसायीका समस्या एक टिप्पणी<br>हरि प्रसाद विडारी | ९४ |
| ३९. | थाहै नपाई निर्भर अवस्था<br>गौरव सिरोहिया | ९५ |
| ४०. | लागू औषध बिगत देखी बर्तमान सम्मको समस्या र समाधानमा संस्थागत प्रयास<br>कृष्ण प्रसाद त्रिपाठी | ९६ |
| ४१. | लागू औषधको अवैध ओसार पसार र धनगढी<br>जेसी पदम बिक्रम सिंह | ९७ |
| ४२. | लागू औषध अपराध, रोकथाम र नियन्त्रणमा एक्सप्रेस कम्पनीको भूमिका<br>रविन्द्रमान सिंह | ९८ |
| ४३. | An Addict Journey from Hopelessness to a Messenger of Hope<br>Tsering Wangdu | १०० |
| ४४. | लागू औषध मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसला र नजीरहरूका टिपोटहरू | १०२ |

# लागू औषध नियन्त्रण ब्यूरो, एक चिनारी



**प्र.ना.म.नि. केसरीराज घिमिरे**
ला.औ.नि.ब्यूरो, कोटेश्वर

## परिचय

नेपाल सरकार गृह मन्त्रालय, लागू औषध नियन्त्रण महाशाखा र प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागको प्रत्यक्ष नियन्त्रणमा रहने गरी सन् १९९२ मा लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाई स्थापना भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६९।८।१४ गतेको निर्णयले उक्त इकाईलाई लागू औषध नियन्त्रण ब्यूरो भनि (Narcotics Control Bureau) नामाकरण गरेको छ। लागू औषधको उत्पादन, ओसार-पसार, संचय बिक्री-बितरणको नियन्त्रण तथा अनुसन्धान र कानून कार्यान्वयन गराउने कार्यमा यस ब्यूरो सक्रिय रहेको छ। यसले सूचना संकलन, विश्लेषण, पक्राउ र लागू औषध अपराधको सफल अनुसन्धान गरी प्रतिवादीहरुलाई सरकारी वकिल मार्फत न्यायालयमा प्रस्तुत गर्दछ। यस ब्यूरोका प्रमुखलाई लागू औषध नियन्त्रण अधिकारी तोकिएको छ र नेपालभर पक्राउ परेका लागू औषध सम्वन्धी मुद्दाको अनुसन्धानका लागि यस ब्यूरोका प्रमुखबाट नै अनुसन्धान अधिकृत तोकिने व्यवस्था रहेको छ। यस्ले गर्दा देशभर नै लागू औषधको नियन्त्रण, पक्राउ र अनुसन्धानमा यस ब्यूरोको मुख्य भूमिका रहेको छ।

लागू औषध जस्तो गम्भिर तथा जटिल प्रकृतिको संगठित अपराधको नियन्त्रण र अनुसन्धान गर्ने कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले स्थापना कालमा तत्कालिन सरकारको प्रत्यक्ष सरोकारवाला निकाय र सम्वन्धित क्षेत्रमा कार्यरत नेपाल प्रहरी, भन्सार विभाग, महान्यायाधिवक्ताको कार्यालय, अध्यागमन विभाग समेतका

कर्मचारीहरु एकैथलोमा कार्यरत रही लागू औषध नियन्त्रणमा कार्यमा सकृय रहेकोमा हाल आएर सेवा विशिष्टिकरणको अवधारणा अनुसार यस ब्यूरोमा नेपाल प्रहरीका अधिकृत तथा जवानहरु मात्र कार्यरत रहेका छन् । साथै यस ब्यूरोले लागू औषध नियन्त्रणको क्षेत्रमा हुलाक सेवा विभाग, भंसार विभाग, औषधी व्यवस्था विभाग, नागरिक उडड्यन प्राधिकरण, त्रि.अ.वि, बिभिन्न कार्गो, कुरियर लगाएत अन्य क्षेत्रका व्यवसायीहरुलाई समेत सकृय गराउने अभिप्रायले लागू औषध विषयमा अन्तरक्रिया र अनुशिक्षण गराउने कार्यमा समेत यो ब्यूरो सक्रिय रहेको छ ।

आधुनिक समाजमा लागू औषधको ओसार-पसार बिक्री-बितरण, संचय, उत्पादन समेतको कारोवारको नियन्त्रण गरी श्रृजनशिल समाजको निर्माण गर्नु नै यस ब्यूरोको मुख्य उद्देश्य हो ।

यस लागू औषध नियन्त्रण ब्यूरोमा प्रहरी नायव महानिरीक्षकको नेतृत्वमा नेपालभरको लागू औषध नियन्त्रण कार्यका लागि १०२ जना जनशक्ति दरवन्दी स्वीकृत भै आएको छ । यस ब्यूरो लगायत नेपलका मुख्य मुख्य शहरहरु काँकडभिट्टा, विराटनगर, वीरगंज, पोखरा, भैरहवा, नेपालगंज तथा महेन्द्रनगर गरी ७ वटा शाखा कार्यालय खडा गरी प्रत्येक शाखामा प्र.नि. को कमाण्डमा ३/३ जनाको जनशक्ति रहि कार्य संचालन हुँदै आईरहेको छ भने त्रि.अ.वि. गौचरण शाखा कार्यालयमा यस ब्यूरोको दरवन्दी ८१ जना मध्येबाट हाल प्रहरी निरीक्षकको कमाण्डमा १५ जनाको टोली खटाई  चेक जाँच, निग्रानी, पक्राउ, बरामद तथा आवश्यक कारवाही गर्दै आएको छ ।

यस ब्यूरोका प्रमुखले नेपाल भरका लागू औषध नियन्त्रण तथा अनुसन्धान गर्ने प्रहरी ईकाइहरुका अनुसन्धान अधिकारीहरु तोक्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने अबैध लागू औषध सम्बन्धि खबरको आदान प्रदान, समन्वय, सेमिनार, तालीम र विभिन्न सम्बन्धित कार्यालयहरु सँग समन्वय साथै आन्तरीक प्रशासनको व्यवस्था समेत मिलाउनु पर्ने जिम्मेवारी रहेको छ ।

यस ब्यूरोको मुख्य कार्य लागू औषध नियन्त्रण तथा कानूनी कार्वाही गर्नका लागि हाल मौजुदा जनशक्तिलाई विभिन्न शाखा,उप-शाखामा विभाजन गरी निम्न बमोजिम कार्य विभाजन गरिएको छ ।

## लागू औषध नियन्त्रण ब्युरोको मुख्य कार्यहरुः-

श्री गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखा सिंहदरबारको  च.न.३८६ वि.स.२०४९।११।१ गतेको पत्रद्वारा तत्कालीन ला.औ.नि.का.का.ई भई हाल नाम परिवर्तित लागू औषध नियन्त्रण ब्यूरोलाई तोकिएको मुख्य कार्यहरु ।

१) लागू औषध नियन्त्रण ऐनले व्याख्या गरे अनुसारका अपराधिक कार्य विरुद्ध तदारूकता साथ कारबाही गर्ने ।

२) नेपाल अधिराज्य भरिको लागू औषध नियन्त्रण विरुद्ध गरिएको कारबाहीको तथ्याङ्क र सुचना संकलन, बिश्लेषण र सम्पादन गर्ने र सो विवरण लागू औषध नियन्त्रण शाखामा पठाउने ।

३) अपराधको गहनतालाई दृष्टिगत गरीः-

क) एक वा एक भन्दा बढी जिल्ला वा क्षेत्रमा फैलिएको लागू औषध सम्बन्धी अपराधको अनुसन्धान गर्ने ।

ख) स्थानीय प्रहरी इकाई वा अन्य सम्बन्धित अंगद्वारा अनुसन्धान गर्न अनुरोध भै आएमा संयुक्त कारबाही गर्ने ।

४) लागू औषध नियन्त्रणको सर्न्दभमा अन्तर्राष्ट्रिय प्रकृतिको अनुसन्धान कारबाही गर्ने ।

५) लागू औषध सम्बन्धि अन्तर्राष्ट्रिय प्रकृतिका अनुसन्धान तथा लागू औषध अपराधमा दुई देशको आपसी समस्या वा दुई भन्दा बढी देशहरुमा फैलिएको अन्तर्राष्ट्रिय संगठित अपराध विरुद्ध विभिन्न देशका प्रहरी मिलेर एक साथ कारबाही गर्नु पर्ने अवस्थामा कारबाही गर्ने ।

६) लागू औषध नियन्त्रण ऐन कार्यान्वयन गर्ने गराउने सन्दर्भमा प्रहरी तथा अन्य सरकारी वा गैह्र सरकारी संस्था, स्वयंसेवक आदीसँग आवश्यकता अनुसार सम्पर्क राख्ने । कार्यान्वन क्रममा अनुभब हुन आएका लागू औषध नियन्त्रण योजना तर्जुमाको लागि उपयोग हुने विषयहरु प्रमुख लागू औषध नियन्त्रण अधिकारी कहाँ सुझावका रुपमा पेश गर्ने ।

८) लागू औषध नियन्त्रण कारबाहीको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाली वा विदेशी अपराधीको गतिविधि साथ कारबाही बारे सम्बन्धीत निकायबाट तथ्याङ्क, सुचना र बिश्लेषण साथै वितरण कार्य गर्ने ।

९) अन्तर्राष्ट्रिय प्रकृतिको अनुसन्धानका् क्रममा सूचना तथ्याङ्कको आदान प्रदान कार्य एंव संयुक्त कारबाहीको अवस्थामा बिदेशी निकायसँग प्रत्येक्ष सम्पर्क गर्ने र सो को जानकारी प्रमुख लागू औषध नियन्त्रण अधिकारीलाई दिने ।

१०) लागू औषधको अपराधको गहनतालाई दृष्टिगत गरी आवश्यक ठानेमा नेपाल राज्यभर कुनै पनि प्रहरी इकाइले अनुसन्धान गरिरहेको अवस्थामा समेत त्यस्तो अनुसन्धानमा बाधा अड्चन वा कुनै त्रुटी देखिए वा देखिन आएमा चलि रहेको अनुसन्धान बारे सहयोग दिने ।

११) लागू ओषध नियन्त्रण ऐन २०३३ अनुसार लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाइ परियोजनाको अधिकार प्राप्त भएकोले पक्राउ गरिएपछि सम्बन्धीत जिल्लाको जिल्ला प्रहरी कार्यालयद्वारा नै मुद्दा चलाउनु पर्ने भएकोले संशोधित ऐन नआएसम्म आवश्यकता यस इकाईको अनुसन्धान अधिकृतलाई प्रमाण संकलन र मुद्दा दायरको साथ अनुगमन प्रकृयाको क्रममा सम्बन्धीत जिल्ला प्रहरी कार्यालयमा खटाउने व्यवस्था मिलाउने

## आपूर्ति नियन्त्रणमा ब्यूरोको भूमिका :-

लागू औषध ओसार-पसार, संञ्चय र विक्री-वितरण जस्ता कार्यमा केन्द्रित भई यस कार्यालयले आफ्नो सिमित संसाधनको अधिकतम् प्रयोग गरी यथासम्भव संजाल विस्तार गर्ने र सम्वन्धित क्षेत्रमा कार्यरत सरकारी, गैह्र सरकारी निकायहरु सँग लागू औषध सम्बन्धि सूचना आदान-प्रदान गरी सम्पर्क र सम्बन्ध विकसित गर्दै आएको छ। विगत केही वर्ष यता आएर भारतमा उत्पादित लागू औषध, औषधजन्य नियन्त्रित औषधीहरुको नेपालमा खपत र उपयोग ह्वातै वढ्नाले एंव आफगानिस्थान, पाकिस्थान हुदै नेपालमा आउने हेरोईन र कहिलेकहिँ दक्षिण अमेरिकाबाट आउने कोकिन नै यस क्षेत्रको समस्याको विषय बनेकाले त्यसलाई प्राथमिकतामा राखी कार्य गरिदै आएको छ ।

यसको नियन्त्रणका लागि एकातिर अन्तर्राष्ट्रिय स्तरमा बिभिन्न लागू औषध नियन्त्रण कार्यमा सम्बद्ध निकायहरु सँग समन्वय गरी सूचनाको आदान प्रदान गरिएको छ भने अर्कोतिर राष्ट्रिय स्तरका, बिभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरुसँग समन्वय गरी लागू औषधको आपूर्ति नियन्त्रणको लागि सकृय हुँदै आएको छ। उपलब्ध जनशक्तिलाई त्रि.अ.वि.गौचरण र शाखा कार्यालयहरुलाई सम्भाव्य नाकातर्फ लागू औषध नियन्त्रण गर्न सक्रिय तुल्याउने सन्दर्भमा समय-समयमा शाखा प्रमुखहरुलाई भेला गराई अल्पकालिन अनुशिक्षण दिनुका साथै लागू औषध ओसार-पसारको परिवर्तित अवस्थावारे समेत जानकारी गराई प्रशिक्षण दिइँदै आएको छ, जसको फलस्वरुप तुलनात्मकरुपमा सकारात्मक नतिजा देखा पर्न थालेको छ। सूचना प्रविधि (Information Technology) बाट प्राप्त भएका लागू औषध तस्कर गिरोहहरुको चलखेल गतिविधि निश्चित तह र निर्धारित पदाधिकारी समक्ष त्यस्ता सन्देशको आदान-प्रदान हुंदै आएको छ।

लागू औषध सँग सम्बन्धित अन्तर्राष्ट्रिय क्षेत्रमा आयोजित गोष्ठी, सेमिनार, छलफलमा यस ब्यूरोको प्रतिनिधित्व गरी प्रत्येक छलफलको निचोडलाई मातहतका सकल दर्जाका प्रहरी कर्मचारीहरुलाई अवगत गराउँदै आएकोले लागू औषध नियन्त्रण कार्यमा सकारात्मक उपलब्धीहरु पनि देखा परेकाछन्। आगामी दिनहरुमा लागू औषध ओसार-पसारको समस्या मात्र होईन उत्पादन, सञ्चय र लगानीकर्ता समेतलाई पहिचान गरी त्यसमा गरिनु पर्ने निग्रानी, प्रहरी कारवाही, र अनुसन्धानको क्षेत्रलाई साघुँरो पार्दै, त्यस्ता गिरोहका व्यक्तिहरुको गतिविधिलाई तहसनहस पार्नु पर्ने जिम्मेवारी समेत यस ब्यूरोलाई रहेको छ। जसका लागि उपयूक्त बजेट, सुराकी व्यवस्थापन, र आधुनिक प्रविधिको संयोजन हुनु अन्त्यन्तै जरुरी देखिन्छ, यस ब्यूरोलाई लागू औषध अपराधको अभिलेख केन्द्रका रुपमा समेत विकसित गराँउदै ल्याईएको छ, जसबाट विगतमा लागू औषधको कारोवार गर्ने, अदालतवाट दण्ड-सजाय पाएकाहरुको, वर्तमानको गतिविधि, फरार रहेका लागू औषधका अभियुक्तहरु, कैदीहरु, लागू औषधबाट प्रभावित क्षेत्र, दुर्व्यसनीहरुको उमेर, अवस्था, शिक्षा र चलखेल हुने स्थान, लागू औषध ओसार-पसारका नाका जस्ता सबैखाले बिवरण ब्यूरोको अभिलेखमा सुरक्षित राखिदै आएको छ।

## श्रोत साधन तर्फः-

१) विकासक्रम सँगै देखापरेको अपराधको जटिलता, अपराधिक कार्यविधिमा आएको परिवर्तन सँगै यस ब्यूरोलाई आधुनिक श्रोत साधन सम्पन्न बनाउनु पर्ने देखिन्छ। २०४९/२/२५ मा स्थापना भएको यस ब्यूरोले करिब ४० बर्ष अगाडी स्थापना भएको लागू औषध कार्य नियन्त्रण ऐन २०३३ अनुसार कार्य गरीरहेको अवस्थामा अहिलेको समयमा लागू औषध अन्तर्राष्ट्रिय संजाललाई नियन्त्रण गर्न Manual मा भर पर्नु पर्ने हाम्रो कार्य शैली लाई श्रोत साधनयुक्त बनाउनु पर्ने अत्यावश्यक रहेको छ। Telephone and Cell phone intercepting device, electronic surveillance device, portable x-ray machine, CDR Analyser, link chart developing softwares, Electronic mail intercepting devices and software जस्ता उपकरण प्रथम आवश्यकता विषय रहेका छन्। उक्त उपकरण उपलब्ध गराई कार्यरत जनशक्ति लाई सेववा विशिष्टिकरणको अवधारण अनुरुप अनुशिक्षण तालिम प्रदान गरेमा यस ब्यूरोको काम कारर्वाहीमा अझ बढि प्रभावकारीता आउने देखिन्छ ।

*आगामी दिनहरुमा लागू औषध ओसार-पसारको समस्या मात्र होईन उत्पादन, सञ्चय र लगानीकर्ता समेतलाई पहिचान गरी त्यसमा गरिनु पर्ने निग्रानी, प्रहरी कारवाही, र अनुसन्धानको क्षेत्रलाई साघुँरो पार्दै, त्यस्ता गिरोहका व्यक्तिहरुको गतिविधिलाई तहसनहस पार्नु पर्ने जिम्मेवारी समेत यस ब्यूरोलाई रहेको छ ।*

२) NCB को आफ्नो निजी भवन नभएको कारण कोटेश्वर स्थित भाडाको भवनमा रही आएकोमा उक्त भवन पनि काठमाण्डौ शहरीकरण विस्तारको क्रममा पर्न गई हाल भवनको प्रवेशद्वार सम्म सडक निर्माण भई आवत-जावत तथा मोटर पार्किङ्गको समेत असुबिधा हुन आएकोले तत्काल सुविधायूक्त स्थानमा भवन सार्नुपर्ने टड्कारो आवश्यकता पर्न गएको छ। लागू औषध जस्तो संवेदनशिल अपराधको प्रकृति तथा कार्य क्षेत्र हेर्दा प्र्याप्त सुविधाहरु भएको आफ्नै कार्यालय भवन हुंनु जरुरी छ ।

## कानूनी व्यवस्थातर्फः-

लगभग २० बर्ष अगाडी देखी कार्यान्वयनमा आएको लागू औषध नियन्त्रण ऐन २०३३ ले वर्तमान अवस्थाको आवश्यकतालाई सम्वोधन गर्न नसकेको परीप्रेक्ष्यमा विधायक छलफलको चरणमा रहेका छन। पछिल्लो समयमा यस ऐनको अभ्यासबाट कार्यान्वयनको क्षेत्रमा देखिएका चुनौतिहरु एंव पछिल्लो विकशित भएका अपराधिक प्रवृत्तीलाई समेटने

विद्यमान कानूनी व्यवस्थाका आधारमा कठीनाई रहेको एवं लागू औषध नियन्त्रण ब्यूरोको संस्थागत व्यवस्थाको प्रभावकारीता समस्या देखापरेकोले देहायका विषयबस्तु समेत समेटी सो ऐन संसोधन हुन जरुरी छ ।

क) सेवन र कारोबारको भिन्नताको आधारमा
ख) पुरस्कारको विषयमा राख्ने परीकल्पना गरी अनुसार कार्यान्वयन
ग) समय निर्धारणमा अत्याधिक स्वविवेक अधिकार
घ) लागू औषधको प्रभाव र असरको बारेमा चेतनामुलक कार्यहरु सँगठीत रुपमा संञ्चालन गर्नु पर्ने आवश्यकता देखिएतापनि कुनै निकायको प्राथमिकतामा नरहेकोले रोक्न स्पष्ट हुनु पर्ने ।
ङ) पूर्नस्थापना केन्द्रको अनुगमन र सुपेरीवेक्षणमा ब्यूरो सहित अन्य निकायको प्रभावकारी सुपरीवेक्षण र अनुगमन
च) FUND को व्यवस्था
छ) लागू औषधको बारेमा सुराकदिने तथा कारोबार गर्ने व्यक्तिको विरुद्धमा साक्षी बस्ने मानिसहरुलाई तिनको सुरक्षामा हुन सक्ने खतरालाई मध्यनजर राखी राज्यको तर्फबाट साक्षी र सुरक्षाको व्यवस्था
ज) Precursor (सहायक रसायन सम्बन्धी कानूनी व्यवस्था)

## बर्तमान चुनौति र समाधानका उपायहरुः-

लागू औषध अपराध नियन्त्रण क्षेत्र निरन्तर जटिल र चुनौतिपूर्ण बन्दै गएको छ । एकातिर लागू औषध ओसार पसारमा संलग्न व्यक्ति तथा सँगठनहरु आफ्नो संञ्जाल विस्तार गर्ने र नयाँ किसिमका लागू औषधको उत्पादन गरी कारोवार वढाउनलाई प्रयत्नरत रहेको पाईन्छ, भने अर्कोतर्फ तिनले ओसार पसार गर्ने मार्ग र तरिकाहरु समेत परिवर्तन गरिरहेको पाइन्छ । एक किसिमले यस्ता अपराधमा संलग्न अपराधिक समूहहरुले लागू औषधको उत्पादन, ओसार-पसार, बिक्री बितरणका साथै भूक्तान प्रविधि र लगानी कार्यमा निरन्तर अत्याधुनिकताको प्रयोग र थप अन्वेषण गर्ने गर्दै आएका छन् । यस्तो अवस्थामा नियन्त्रण तथा कानून कार्यान्वयन पक्षलाई पनि त्यसै अनुरुपको संसाधन र दक्ष जनशक्तिका साथै उपयुक्त रणनीतिले सुसज्जित गर्नु पर्ने अवस्था आईसकेको छ ।

यसका अतिरिक्त अन्तर्राष्ट्रिय स्तरमा फैलिएको संजाल बिरुद्ध लागि पर्न सम्पूर्ण सरोकारवाला निकाय तथा पक्षहरु बीच पनि त्यस्तै सशक्त राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग र सहकार्यको प्रभावकारी संजाल तयार गर्नुपर्ने आजको आवश्यकता रहेको छ । अन्यथा विश्वका लागि गम्भीर चुनौति खडा गर्ने यस समस्याले  अन्ततः मानव सभ्यतालाई ध्वस्त पार्ने अवस्थालाई सोझै अनुमान् गर्न सकिन्छ । कम्तिमा पनि मुलुक भित्रको लागू औषध समस्या नियन्त्रण र समाधानका लागि मुलुकका कानून कार्यान्वयन गर्ने निकायहरुका साथै रोकथाम, क्षति न्यूनीकरण, उपचार र पूर्नस्थापन आदि कार्यसित सम्वद्ध सबै पक्षले यस समस्यालाई एक साझा समस्याका रुपमा लिई समाधानको एक समष्टिगत सन्तुलित अभियानका रूपमा अघि बढाउनु पर्ने अत्यन्त जरुरी छ ।

लागू औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुर्नथापना केन्द्र सञ्चालन निर्देशिका २०६८ मा अनुगमन एंव उत्तरदायित्व (Monitoring and Accountability) को लागि केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिएको छ । जुन समितिमा (लागू औषध नियनत्रण ब्यूरो) को प्रतिनिधि राखिएको छैन । कहिले काहि मौखिक अनुरोधमा अनुगमनको लागि लागू औषध नियन्त्रण ब्यूरो को प्रतिनिधि माग गरिएको हुन्छ । त्यस्तै पुर्नस्थापना केन्द्र स्थापना पूर्व यस्ता पूर्नस्थापना केन्द्रको Layout, Physical Infrastructure, Building, Security, Human Resources and Administration, Care Treatment and Counseling एंव Cost Effective र प्रभावकारी उपचार पद्धति अपनाउनु पर्छ भन्ने व्यवस्था गरिएको छ । तर व्यवहारमा सहज रुपमा खोल्न सकिने पूर्नस्थापना केन्द्रले उपरोक्त मापदण्डहरु पुरा गरेको पाईदैन साथै प्रभावकारी अनुगमन संयन्त्रको प्रतिनिधित्व एंव नियमित अनुगमनको अभावमा कतिपय पुर्नस्थापना केन्द्रलाई तोकिएको मापदण्डमा ल्याउन पनि लागू औषध नियन्त्रण ब्यूरो को सहभागिता जरुरी देखिन्छ ।

दक्षिण एशियाली राष्ट्रहरुको लागू औषध विरुद्धका सँगठनहरुलाई परस्पर मिलेर सहयोगको आदान प्रदान बढाउँदै लग्ने, अफगानिस्तानको उत्पादन लागू औषध हेरोईन तर्फ ध्यान केन्द्रित गर्ने, पाकिस्तानको उत्पादन र ओसार पसारको नाकामा लागू औषध नियन्त्रण गर्न थप सकृय रहने, भारतमा तयार हुने हेरोईन र नियन्त्रित औषधी विरुद्ध दुई देश वीचको सम्बन्धित लागू औषध नियन्त्रण गर्ने निकायहरुले एक आपसमा प्रभावकारी कार्यक्रम बनाई MOU (Memorandom of Understanding) कार्यक्रम बनाई MOU गरी तत्काले कार्यन्वयन गर्ने, हवाई मार्ग र स्थल मार्ग दुवै नाकामा लागू औषध र लागू औषधजन्य पदार्थ ओसार पसार नियन्त्रणमा थप प्रभावकारिता ल्याउनु पर्ने आवश्यकता देखा परेको छ । हालसालै भारतको नयाँदिल्लीमा UNODC द्वारा आयोजना गरिएको भारत, नेपाल बर्मा, मालदिभ्स, भुटान, श्रीलंका सम्मिलित त्यस देशका लागू औषधको क्षेत्रहरुमा काम गर्ने संस्थाहरुको उपस्थितीमा लागू औषध कारोवारको अन्तर्राष्ट्रिय सञ्जाललाई नियन्त्रण गर्न खबर आदान प्रदान गर्ने उद्देश्यले सबै देशको प्रतिनिधित्व हुने गरी भारतमा एउटा क्षेत्रीय कार्यालय खोल्ने अनौपचारिक सहमती भए बाट समेत यसको नियन्त्रणमा थप प्रभावकारिता हुने देखिन्छ ।

हाम्रा सन्दर्भमा यस ब्यूरोको प्रभावकारितामा बृद्धि गरी लक्षित उद्देश्य हांसिल गर्न यस क्षेत्रमा देखा परेका समस्या र सुधार एवं समाधानका उपायहरु देहाय अनुसार रहेका छन् ।

## प्रकृयागत एवं व्यावहारिक समस्याहरुः-

१. नयाँ प्रकारका लागू औषधको अपराधिक विधि, फरार अपराधी सम्वन्धी सूचना जानकारी आदान प्रदान गर्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा लागू औषध नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरु सँग सम्वन्ध, समन्वय वृद्धि गरिँदै जानु पर्ने ।
२. नेपालका पूर्वी एवं मध्य तराई तथा केही पहाडी भू-भागहरुमा हुने गाँजा, चरेस जन्य लागू औषध तथा अफिमको अवैध खेती

नष्ट गर्ने, नियन्त्रण गर्ने र निरुत्साहन गर्ने जस्ता प्रभावकारी कार्यक्रम राष्ट्रिय स्तरमा संचालन गर्न सकिएको छैन । त्यस्ता स्थानहरुमा कृषकहरुका लागि वैकल्पिक खेती कार्यक्रमहरु ल्याउन सकिएको छैन, जुन कुरा अत्यावश्यक पक्ष हो ।

३. लागू औषध नियन्त्रणका क्षेत्रसँग सम्वन्धित निकायहरु बीच विभागीय समन्वय हुंनु अत्यन्त जरुरी हुन्छ जुन अपेक्षाकृत प्रभावकारी हुन नसकेको अनुभव हुन्छ । विशेष गरी आपूर्ति नियन्त्रण तथा कानून कार्यान्वयनका सन्दर्भमा प्रशासन, प्रहरी, सरकारी वकिल, भन्सार, हुलाक, बन, औषधी व्यवस्था, स्वास्थ्य जस्ता निकायका साथ नागरिक समाज, संघ संस्थाहरुका बीच प्रभावकारी समन्वय र सहकार्य हुनु अत्यावश्यक देखिन्छ ।

४. आवश्यकता अनुसार सुराकीको स्थायी व्यवस्था गरिनुका साथै अपराधको प्रकृति र परिमाण सहित गुणस्तरका आधारमा सुराकीलाई पुरस्कारको व्यवस्था गरिनु पर्दछ ।

५. लागू औषध नियन्त्रण कार्यमा कार्यरत कर्मचारीको मनोवल उच्च राख्न र कार्य क्षेत्रको जोखिमलाई मुल्याङ्कन गरी कार्यरत प्रहरी कर्मचारीहरुलाई विशेष सुविधाको व्यवस्था गरिनु पर्ने देखिन्छ ।

## समस्या समाधानका लागि अवलम्वन गरिनुपर्ने अन्य कार्यहरु:-

१ लागू औषध गाँजा तथा अफिमको व्याड राख्ने समयमानै उक्त खेती तर्फ आकर्षित किसानहरुलाई वैकल्पिक खेतीको लागि उत्प्रेरणा जगाई मल, बिउ निशुल्क तथा व्यवस्थापनको लागि आर्थिक सुविधा उपलब्ध गराउनु पर्ने ।

२. नेपालको तराईका सीमावर्ती जिल्लाहरुमा अवैधरुपमा गरिने गाँजा ताथ अफिम खेतीको नियन्त्रणको लागि राष्ट्रिय कार्यक्रम तयगरी त्यस वारे प्रतिवन्धात्मक प्रचार-प्रसार व्यापक गराई नियन्त्रण र कानून कार्यान्वयनका कारवाहीहरु कडाइका साथ संचालन गरिनु पर्छ । यसका लागि आवश्यक स्थानीय तथा राष्ट्रिय सरोकारवाला पक्षहरुको समेत पूर्ण सहयोग र प्रतिवद्धता अनिवार्य हुनुपर्छ ।

३. लागू औषध नियन्त्रणमा आपूर्ति नियन्त्रणका साथै माग घटाउ पक्ष त्यत्तिकै अपरिहार्य पक्ष भएकोले लागू औषधको विकार-विनास र प्रकोप नियन्त्रण सम्वन्धमा रोकथाममूलक व्यापक जनचेतना कार्यक्रमहरु प्रत्येक गृहस्थी तथा समुदायहरुमा लगिनु पर्छ जसले समाजलाई लागू औषधको थप दुर्व्यसनको प्रकोपबाट टाढा राख्न सकोस् ।

४. रोकथाम, उपचार एवम् पूर्नस्थापन र क्षति न्यूनीकरणका कार्यक्रमहरुमा एक रुपता, त्यसमा राज्यको सामयिक सुपरिवेक्षण, अनुगमन तथा आवश्यकता अनुसार Intervention समेत जरुरी देखिएको छ ।

५. राज्यका तर्फबाट नेपाल प्रहरीले संचालन गर्ने गरी दुर्व्यसनीहरुको उपचार हकहितलाई मध्यनजर राखी कम्तिमा क्षेत्रीय स्तरमा राज्य संचालित पूनर्स्थापना केन्द्रहरुको व्यवस्था गरी सरल र सुलभ उपचारको व्यवस्था मिलाउनु पर्ने समेत अत्यन्त आवश्यक देखिएको छ ।

६. सिमावर्ती इलाकामा रहेका प्रहरी कार्यालयहरु, भंसार कार्यालयहरु तथा सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरी वलका इकाईहरुवाट सीमापार लागू औषध ओसार-पसार कार्यलाई कडाइका साथ नियन्त्रण गर्न प्रभावकारी चेक-जाँचको व्यवस्था गर्नु पर्ने र एक-आपसमा Operational Intelligence सांझेदारी गर्ने, अत्याधुनिक प्रवृतिको व्यवस्था गरी प्रयोग गर्ने र आवश्यकता अनुसार संयुक्त कारवाही समेत संचालन गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष:-

लागू औषध अपराधको विस्तारित स्वरुप र अपराधको प्रकृति तथा अनुसन्धानको जटिलता अनुसार कुनै एकपक्षको एकल प्रयासवाट मात्र लागू औषधको समस्या समाधान हुन नसक्ने कुरा व्यावहारिक रुपमै प्रष्ट भै सकेको यथार्थ पृष्ठभूमिमा अवका दिनमा लागू औषध नियन्त्रण गर्न र यस क्षेत्रको अपराधकर्मीलाई निरुत्साहित पार्न सम्वन्धित प्रहरी, कानून व्यवसायी लगायत न्याय-निरुपण क्षेत्र समेतको कृयाशीलता र साथै राजनैतिक, शैक्षिक, व्यवसायी लगायत न्याय निरुपण क्षेत्र समेतको कृयाशिलता र सामाजिक क्षेत्र एंव नागरिक समाजको सहकार्य र प्रतिवद्धता समेतलाई अरु वढी सशक्त ढंगले अगाडि बढाउदै लैजानु पर्ने आजको आवश्यकता देखिएको छ ।

आपूर्ति नियन्त्रणको प्रमुख जिम्मेवारी रहेको यस ब्यूरो तथा मातहत शाखा कार्यालयहरुको अग्रसरतामा अबैध लागू औषध नियन्त्रणमा गत वर्षहरु भन्दा तुलनात्मक रुपमा पक्राउको परिमाणमा अत्याधिक बृद्धि देखिएता पनि आपूर्ति नियन्त्रण (Supply Control) बाट मात्र यसको नियन्त्रण हुन नसकेको यथार्थतालाई मननगरी जनचेतनाको पक्ष मजबुद बनाउने तर्फ जोड दिन जरुरी देखिएकोले यस ब्यूरोले पाँच क्षेत्रका माध्यामिक स्तरका छात्रछात्रा हरुलाई लागू औषध सम्बन्धी चेतना मुलक गति विधि शैक्षिक परामर्शको शुरुवात गरी अगामी वर्ष समेत यसलाई अभियानको रुपमा लाने लक्ष्य लिएको छ ।

नेपाल राज्यको विभिन्न स्थानहरुमा अवैधानिकरुपमा लगाएको गाँजा खेतीको ठूलो भुभागमा यस बर्ष ब्यूरोबाट अत्याधिक रुपमा नष्ट गरिएकोमा आगामी बर्ष देखि यस अभियानलाई निन्तरतालाई सो क्षेत्रका कृषकहरु बैकल्पिक कृषि पेशमा उत्प्रेरीत गर्ने उद्देश्यले सबै सरोकार निकायसँग ध्यान दिन समेत जरुरी छ ।

अन्त्यमा, राष्ट्रको चौतर्फि बिकासको कर्णधारका रुपमा रहेका श्रृजनशील युवापुस्तालाई लागू औषधको प्रकोपबाट जोगाउदै आफ्नो नागरिक प्रति गरेको लगानी तथा प्रयासलाई समय सापेक्ष सार्थक बनाउनका लागि नेपाल सरकारले प्रक्षेपण गरेको "लागू औषध नियन्त्रण राष्ट्रिय नीति -२०६३" र लागू औषध नियन्त्रण रणनिति २०६६ लाई प्रभावकारी ढंगबाट कार्यान्वयन स्तरमा अपेक्षित सफलता हासिल गर्नेतर्फ सबैको प्रयास अत्यन्त जरुरी रहेको महसुस गर्दै सो नीति कार्यान्वयनको एक अवयव (Actor) का रूपमा रहेको यस ब्यूरोलाई प्राप्त सकारात्मक सहयोगका लागि सबै सरकारी निकायहरु तथा सरोकारवाला पक्षहरु प्रति हार्दिक आभार समेत प्रकट गर्दछ ।



लागू औषध नियन्त्रण ब्यूरोमा कार्यरत तथा सि.प्र.अ. तथा जु.प्र.अ.हरु

# लागू औषध नियन्त्रण सम्बन्धमा भएका कानूनी एवं नीतिगत व्यवस्था



**फणिन्द्रमणी पोखरेल**
उप-सचिव, गृह-मन्त्रालय

## पृष्ठभूमि

परापूर्वकाल देखि नै विभिन्न धार्मिक उत्सव चाडपर्व मनाउन र मनोरञ्जन गर्ने क्रममा गाँजा, भाँङ लगायतका लागू औषध लगायत नशालु पदार्थको प्रयोग हुने गरेको पाइन्छ । तत्कालिन परिस्थितिमा युद्ध जित्न पनि यसको प्रयोग भएको देखिन्छ । मानिसलाई उत्तेजित बनाउने काममा र विभिन्न खेलकुदका प्रतियोगितामा विजयी हुन समेत यसको प्रयोग भएको देखिन्छ । औषधी उपचार गर्ने क्रममा यसको महत्व अझ बढी सामान्य रुघाखोकी, डाइरिया निको पार्न र दुखाई कम गर्न तथा सल्यक्रिया को क्रममा लठ्याउन समेत यसको प्रयोग हने गरेको छ । विश्वव्यापीकरण र अन्तर्राष्ट्रिय व्यापारको विकासको क्रममा एक ठाउँमा उत्पादीत यस्तो पदार्थको जानकारी अर्को ठाउँमा सहजै थाहा हुने र यसको बजारीकरण पनि सोही बमोजिम भई हाल आएर बढी अर्थोपार्जन गर्न यसको व्यापार ह्वात्त बढेको पाइन्छ ।

## लागू औषध के हो ?

मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रत्यक्ष प्रभाव पारी सोच्ने र बुझ्ने शक्ति कमजोर बनाई मानिसलाई विवेक शुन्य बनाउने पदार्थ जसले मानिसलाई कमजोर बनाई विभिन्नरोगबाट पिडित बनाउँछ र प्रयोगको मात्रा बढ्दै गएपछि अन्तत मानिसको मृत्यु समेत गराउँछ । यसको नियन्त्रणको लागि लागू औषध नियन्त्रण ऐन, २०३३ मा विभिन्न व्यवस्था गरिएको छ । यस ऐनको दफा ३ ले लागू औषध भन्नाले :

- गाँजा, औषधोपयोगी गाँजा
- अफिम, तयारी अफिम, औषधोपयोगी अफिम ।
- कोकाको झार र पात र अफिम र कोकाको सारतत्व, मिश्रण वा लवण समेत मिलाई तयार गरिने कुनै पदार्थ ।
- नेपाल सरकारले समय समयमा कानुन बनाई तोकिएका लागू पदार्थ ।

उल्लेखित परिभाषा कै सेरोफेरोमा हामीले आगू औषध नियन्त्रणको कार्य सम्पादन गर्दै आएका छौं ।

## लागू औषध सम्बन्धि विद्यमान कानूनी नीतिगत व्यवस्था :

- लागू औषध नियन्त्रण ऐन २०३३ ।
- औषधि ऐन २०३५
- लागु औषध नियन्त्रण राष्ट्रिय निति २०६३ ।
- लागु औषध नियन्त्रण रणनिति २०६६ ।
- लागु औषध उपचार पुर्नस्थापना केन्द्र संचालन निर्देशिका २०६८ ।

## निषेध र नियन्त्रण :

### निषेध गरिएका कार्यहरु :

- गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरीद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसार पसार गर्न, संचय गर्न वा सेवन गर्न ।
- अफीम वा कोकाको खेती गर्न वा अफीम वा कोकाको पात वा अन्य लागू औषधीको उत्पादन गर्न ।
- लागू औषधको निर्माण वा तैयारी गर्न ।
- लागू औषधको बिक्री वितरण गर्न ।
- लागू औषधको निकासी वा पैठारी गर्न ।
- लागू औषध खरीद गर्न, संचय गर्न, राख्ने वा ओसार पसार गर्न र गाँजा बाहेक अन्य लागू औषध सेवन गर्न ।

### दण्ड सजायँ :

- गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुईहजार रुपैयाँसम्म जरिवाना ।
- पच्चीसवटा बोटसम्म गाँजाको खेती गर्ने व्यक्तिलाई तीन महीनासम्म कैद वा तीनहजार रुपैयाँसम्म जरिवाना ।
- पच्चीसवटा बोट भन्दा बढी गाँजाको खेती गर्ने व्यक्तिलाई तीनवर्षसम्म कैद वा पाँचहजार रुपैयाँदेखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना ।
- गाँजा उत्पादन, तयार, खरिद, बिक्री वितरण, निकासी वा पैठारी, ओसार पसार तथा संचय गर्ने व्यक्तिलाई :-
  - पचास ग्रामसम्मको भए तीन महीनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना ।
  - दश किलो ग्रामदेखि माथि जति सुकै भएपनि दुई वर्ष देखि दश वर्षसम्म कैद र पन्ध्र हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना

- सवारी साधन लिलाम हुने व्यवस्था ।

## अफिम वा कोकाको खेती गर्ने व्यक्तिलाई :-

- पच्चीस बोटसम्म भए एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसमम जरिवाना ।
- पच्चीस बोटभन्दा माथि जतिसुकै भएपनि तीन वर्षदेखि दश वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिवाना ।
- अफिम, कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बोहक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई :-
  - पच्चीस ग्रामसम्मको कारोबार गर्नेलाई पाँचवर्षदेखि दश वर्षसम्म कैद र पाँचहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।
  - एकसय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोबार गर्नेलाई पन्ध्र वर्षदेखि जन्म कैद र पाँचलाख रुपैयाँदेखि पच्चीसलाख रुपैयाँसम्म जरिवाना ।

## लागू औषध राष्ट्रिय नीति, २०६३ :

**नीतिको दीर्घकालीन सोच (Vision)**

- प्रस्तुत नीतिको दीर्घकालीन सोचका रुपमा लागू औषध दुर्व्यसन रहित स्वस्थ र समुन्नत समाजको प्राप्ति रहनेछ ।

**नीतिको उद्देश्य**

- लागू औषधको अवैध खेती, उत्पादन, ओसार पसार र बेचविखनको रोकथाम तथा नियन्त्रण गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउने ।
- जोखिम समूहमा लागू औषध दुर्व्यसन (Incidence of Drug Abuse) लाई न्यूनीकरण गर्ने ।
- गुणस्तरीय, भरपर्दो एवं विश्वसनीय उपचार तथा पुनःस्थापन सेवामा लागू औषध प्रयागकर्ताहरुको पहुँच बढाउने ।
- दुर्व्यसनका कारण लागू औषध प्रयोगकर्ता, निजको परिवार र समुदायमा एच.आइ.भी., हेपाटाइटिस, यौनजन्य रोग जस्ता संक्रमणको जोखिमलाई नियन्त्रण र न्यूनीकरण गर्ने ।
- लागू औषधको रोकथाम तथा नियन्त्रणसँग प्रत्यक्ष एवं परोक्ष रुपमा सरोकार राख्ने अन्य नीतिहरु बीच तादात्म्यता कायम राख्ने ।
- लागू औषधको रोकथाम तथा नियन्त्रणको कार्यमा सहकार्य र साझेदारी सहितको व्यापक सहभागिता प्रबर्द्धन गर्ने ।

**नीति (Policy Strategies)**

### १. आपूर्ति नियन्त्रण (Supply Control)

- गाँजा तथा अफीमको अवैध खेती तथा उत्पादन माथि रोक लगाई नियन्त्रण गरिनेछ ।
- लागू औषधको अबैध औसार पसार र विक्री वितरणलाई नियन्त्रण गरिनेछ ।
- लागू औषधको अबैध कारोवारमा संलग्न अन्तर्राष्ट्रिय गिरोहको संगठित सञ्जाल नष्ट गर्न अन्तरदेशीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सहयोग, समन्वय र सहकार्य गरिनेछ ।
- संयुक्त राष्ट्रसंघीय र क्षेत्रीय महासन्धिको अनुमोदन गर्दै तदनुकुल कानूनी व्यवस्था गरी कार्यान्वयनको व्यवस्था गरिनेछ ।
- सार्क राष्ट्रका कानून कार्यान्वयन निकायहरुबीच सूचना आदानप्रदान र सीप दक्षता तथा प्रविधि हस्तान्तरण गरी सवल र सक्षम क्षेत्रीय संजाल निर्माण गरिनेछ ।
- सीमावर्ती क्षेत्रमा हुने लागू औषधको अवैध ओसारपसारलाई रोक्न विभिन्न नियन्त्रणकारी उपाय अपनाइनेछ ।
- मानव संसाधनको विकास र कार्यविशिष्टकरणमा जोड दिइनेछ ।
- लागू औषध नियन्त्रण कानून कार्यान्वयनको क्षेत्रमा कार्यरत तथा सम्बद्ध निकायहरुको क्षमता सुदृढ गरी विस्तार समेत गरिनेछ ।
- स्वास्थोपचारमा प्रयोग हुने लागू तथा मनोद्दीपक औषधीहरु (Narcotic and Psychotropic Medicines) को उत्पादन, आयात, ओसारपसार र विक्री वितरणमा समन्वय, प्रभावकारी निरीक्षण, अनुगमन र मूल्यांकनको व्यवस्था मिलाइनेछ ।

### २. माग घटाउ (Demand Reduction)

- **दुर्व्यसन रोकथाम (Drug Abuse Prevention)**
  - जोखिममा परेका लक्षित समूहका लागि व्यापक एवं सघन रुपमा सबै क्षेत्रको सहभागिता जुटाई लागू औषध दुर्व्यसन रोकथामको कार्यक्रम राष्ट्रिय अभियानका रुपमा सञ्चालन गरिनेछ ।
  - सबै प्रकारका कार्यक्रमको तर्जुमा र सञ्चालनमा लैंगिक मूलप्रवाहिकरण गरिनेछ ।
  - विद्यालयस्तरको पाठ्यक्रममा समावेश गरिएका लागू औषध दुर्व्यसन रोकथाम तथा नियन्त्रणका विषयलाई अद्यावधिक गरिने छ साथै शिक्षक शिक्षिकाहरुको तालिमको पाठ्यक्रममा पनि लागू औषध नियन्त्रण सम्वन्धि विषय समावेश गरिने छ ।
  - लागू औषध प्रयोगकर्ताहरुको प्रयोगको अवस्थाका आधारमा सेवन, दुरुपयोग र दुर्व्यसनका स्थिति पहिचान गरी रोकथामका उपयुक्त प्रविधि तथा विधिको उपयोग गरिनेछ । साथै प्रयोगकर्ताका अभिभावकहरुलाई समेत यस विषयमा संवेदनशील र सचेत तुल्याउन विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछन् ।

- **उपचार तथा पुर्नस्थापना** (Treatment and Rehabilitation)
  - गुणस्तरीय उपचार र पुनःस्थापन सेवामा लैंगिक तथा अन्य कुनै भेद्भाव विना लागू औषध प्रयोगकर्ताहरुको पहुँचलाई सहज तुल्याइनेछ ।
  - पूर्व लागू औषध प्रयोगकर्ताहरुलाई सामाजिक तथा पारिवारिक समावेशीकरणका लागि सीपमूलक तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरिनेछन् ।
  - उपचार र पुनःस्थापनको क्षेत्रमा शोधकार्यलाई प्रोत्साहन गरी प्रभावकारी र सफल विधिको पहिचान गरिनेछ ।

- गैरसरकारी संघसंस्थाबाट उपलब्ध भैरहेको उपचार तथा पुनःस्थापन सेवालाई सरल, सुलभ, गुणस्तरीय र भरपर्दो बनाउन न्यूनतम मापदण्डको कार्यान्वयन, अनुगमन र मूल्यांकन प्रक्रियालाई प्रभावकारी तुल्याइनेछ ।
- उपचार र पुनःस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने संघसंस्था एवं व्यक्तिको पहिचान गरी प्रोत्साहन गरिनेछ।
- उपचार तथा पुनःस्थापन पश्चात लागू औषध प्रयोगकर्तालाई समाजमा सम्मानित जीवनयापन गराउन सामाजिक पुनःएकीकरण (Social Reintegration) का कार्यक्रम सञ्चालन गरिनेछ।

## ३. जोखिम न्यूनीकरण (Risk Reduction)

- लागू औषध प्रयोगकर्ताहरुमा देखिने आधारभूत स्वास्थ्य समस्याहरुको पहिचान गरी त्यस्ता जोखिमबाट लागू औषध प्रयोगकर्ता स्वयं, उसका परिवार, छरछिमेक र समुदायका अन्य व्यक्तिलाई जोगाउने क्रियाकलापलाई बढावा दिइनेछ।
- लागू औषध प्रयोगकर्तामा बढ्दै गएको एच.आई.भी. लगायतका संक्रमणलाई रोकथाम एवं न्यूनीकरणका उपाय अवलम्वन गरिनेछ।

## ४. शोध र विकास (Research and Development)

- लागू औषध नियन्त्रण र रोकथामका क्षेत्रमा देखिएका समसामयिक महत्वका विषयमा अध्ययन, अनुसन्धान तथा विकासका कार्यलाई प्रोत्साहन गरिनेछ।
- नेपालमा लागू औषध दुर्व्यसनको स्वरुप, प्रबृत्ति, व्यापकता, किसिम एवं संख्या तथा नतिजा र परिणाम आदिको तथ्यगत आधिकारिक जानकारी प्राप्त गर्नका लागि आवधिक सर्भेक्षणको प्रक्रियाको थालनी गरिनेछ।

## ५. सहकार्य, साझेदारी र स्रोत परिचालन (Collaboration, Partnerships and Resource Mobilization)

- स्थानीय स्रोतको परिचालन गरी लागू औषध दुर्व्यसन रोकथाम तथा नियन्त्रणका क्षेत्रमा संचालन हुने कार्यक्रमलाई दिगो तुल्याइनेछ।
- निजी तथा सामुदायिक संघसंस्थाको स्रोत परिचालन गर्न सरकारी र निजी र सामुदायिक र व्यावसायिक र गैरसरकारी र स्थानीय निकायका बीच साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ।
- अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोग र सहभागितालाई मुलुकको प्राथमिकता तर्फ उन्मुख गराउन प्रोत्साहित गरी स्रोत परिचालन गरिनेछ।
- अन्तर्राष्ट्रिय स्तरमा कार्यरत संजालसँग समन्वय तथा सामन्जस्य कायम गरी राष्ट्रिय तथा स्थानीयस्तरमा सञ्जालको विकास गरिनेछ।
- लागू औषधको आपूर्ति तथा दुर्व्यसन नियन्त्रणका लागि सरकारी र निजी क्षेत्र र धार्मिक क्षेत्र र शैक्षिक क्षेत्र र नागरिक समाज र स्थानीय निकायबीचको साझेदारी प्रवर्द्धन गरी सहभागिता र सहकार्यलाई व्यापक तुल्याइनेछ।

## नेपाल सरकारको तर्फबाट भएका प्रयासहरु :

**चालू कार्यक्रमहरु**

**क. आपूर्ति नियन्त्रण**

- गाँजा तथा अफिमको ब्याड बेर्ना नष्ट गर्ने काम
- गाँजा खेति नष्ट कार्यक्रम
- सुराकी परिचालन
- प्रहरी परिचालन
- प्रहरी जनशक्ति विकास

**ख. माग घटाउ कार्यक्रम**

- लागू औषध दुर्व्यसन विरुद्ध पैरवी तथा प्रवर्द्धन।
- लागू औषध विरुद्ध अभिमूखिकरण कार्यक्रम ।
- चेतनामूलक प्रकाशन।
- गैर सरकारी संस्था मार्फत चेतनामूलक कार्यक्रम (विद्यार्थी तथा युवा, सडक बालबालिका, महिला केन्द्रित) ।
- गाँजा खेतिको सट्टा वैकल्पिक कृषि सम्बन्धी जागरण अभियान।

**ग. उपचार तथा पुनर्स्थापन कार्यक्रम**

- गैर सरकारी क्षेत्रहरुबाट संचालित विभिन्न उपचार तथा पुर्नस्थापना केन्द्रहरु मार्फत उपचार तथा पुर्नस्थापना सघाउ र सीपमूलक तालिम कार्यक्रम संचालन।
- नेपाल सरकारले क्रमशः ५ विकास क्षेत्रहरुमा नमुनाको रुपमा उपचार तथा पुर्नस्थापन केन्द्रहरु स्थापना गर्ने नीति अनुरुप धरान र पोखरामा जग्गा प्राप्त गरी भवन निर्माणको प्रक्रियामा रहेको।

**घ. क्षति न्यूनीकरण कार्यक्रम**

- **OST कार्यक्रम**
- **Methadone**

  काठमाडौं (शिक्षण अस्पताल, महाराजगञ्ज)
  ललितपुर (पाटन अस्पताल)
  पोखरा
  विराटनगर
  बुटवल
  नेपालगञ्ज

- **Bruprenophine**

  Youth Vision नामक गैसस मार्फत काठमाडौं, ललितपुर, रुपन्देही, झापा, धरान र पर्सामा सञ्चालित।

**ङ. अन्य**

- जर्नल प्रकाशन
- लागू औषध नियन्त्रण दिवस
- लागू औषध सम्बन्धी अध्ययन अनुसन्धान तथा तथ्याङ्क विश्लेषण
- अनुगमन मूल्याङ्कन

## कानून कार्यान्वयनमा देखिएका समस्याहरु :

१ लागू औषध मुद्दामा मूल योजनाकार, लगानीकर्ता र कारोवारी व्यक्ति कानूनको दायरामा नआई माध्यमको रुपमा प्रयोग हुने व्यक्तिहरु पक्राउ पर्ने र सजायँको भागीदार हुनेगरेको ।
२ सजायँ निर्धारणमा अत्यधिक स्वविवेकीय अधिकार भएको ।
३ ऐनले परिकल्पना गरेको पुरस्कारको व्यवस्था कार्यान्वयन हुन नसकको ।
४ लागू औषध सेवन र कारोवारको भिन्नताको आधार अभ्यासबाट नदेखिएको ।
५ लागू औषध कानून प्रभावकारी कार्यानव्यन गर्न विभिन्न निकायबीच Role अनुसार समन्वय हुनुपर्नेमा सो हुन नसकेको जस्तै : भन्सार, अध्यागमन, सरकारी वकिल, प्रहरी, अदालत, औद्योगिक प्रतिष्ठान, औषधि व्यवस्था विभाग, पर्यटन विभाग ।
६ लागू औषध प्रयोगकर्तालाई मौखिक प्रतिस्थापन पद्धति अपनाई Socialization गर्ने गरिएता पनि यसलाई कानूनी मान्यता प्राप्त नभएको ।
७ Rehab Center व्यवस्थापनको कानूनी आधार नभएको ।
८ लागू औषध प्रयोगकर्ताको Database तयार नगर्दा समस्या भएको ।
९ लागू औषध प्रयोगकर्तालाई Rehab Center मा राख्न आदेश कसले दिने ? अदालतले दिए बेस हुने/प्र.जि.अ.लाई अधिकार दिए पनि हुने ।
१० Rehab Center को Standard कानूनले तोक्न नसकेको ।
११ Precursor (सहायक रसायन) को व्यवस्थापन सम्बन्धी कानून नभएको, त्यस्तै Rehab र OST Siteको कानूनले व्यवस्थापन गर्न नसकेको ।
१२ Nailpolice, thinner, Dendrite, Cough syrup जस्ता Daily प्रयोग हुने बस्तुको उचित व्यवस्थापन हुन नसक्नु,
१३ संस्कारगत, आचारणगत विषले तथा Frustation ले यसको अम्मल बढ्ने भएको हुँदा त्यस तर्फ नजचेतना बढाउन र मनोपरामर्श सेवा उपलब्ध गराउन ध्यान दिनुपर्ने ।

## समस्या समाधानका लागि भएका प्रयास/उपलब्धिहरु

- कर्मचारीको क्षमता बढाउने तालिम संचालन गरिएको ।
- कार्यक्रम कार्यान्वयनमा सम्बद्ध पक्षहरुवीच (Stakeholders) निरन्तर छलफल र अन्तरक्रिया गरिएको ।
- लागू औषध नियन्त्रण सम्बन्धी एकीकृत सोच र समन्वयको लागि लागू औषध नियन्त्रण रणनीति, २०६६ कार्यान्वयनमा रहेको ।
- गाँजा तथा अफिम खेति निरुत्साहनको लागि बैकल्पिक कृषि प्रणाली सचेतना सम्बन्धी कार्यक्रम संचालन गरिएको ।
- गाँजा फंडानिमा प्रभावकारिता ल्याउन गाँजाको ब्याड (बीउ, बेर्ना) नष्ट कार्यक्रममा तीव्रता ल्याइएको ।
- समाजमा रहेका विभिन्न पेशा व्यवसायमा संलग्न तथा शिक्षक, अभिभावक, गृहिणीहरुलाई सचेत गराइएको ।
- लागू औषध प्रयोगकर्ताहरुले उपचार पाएको ।
- पूर्व लागू औषध प्रयोगकर्ताहरुले सीप सिकी स्वरोजगार बन्नमा सहयोग पुगेको ।
- लागू औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुर्नस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ कार्यान्वयनमा रहेको ।
- गैसस मार्फत सचेतनामुलक कार्यक्रम संचालन हुदै आएको ।
- वार्षिक रुपमा जर्नल प्रकाशन गर्ने गरिएको ।
- लागू औषध नियन्त्रण दिवस (जून २६) मनाइने गरेको ।
- लागू औषध सम्बन्धी अध्ययन अनुसन्धान तथा तथ्याङ्क विश्लेषण र प्रकाशन भएको ।
- अनुगमन मूल्याङ्कनलाई निरन्तरता दिइएको ।

## सुधार गर्नुपर्ने कुराहरु

- दिगो स्रोतको लागि स्थानीय निकायमा विनियोजित बजेटको निश्चित हिस्सा लागू औषध नियन्त्रण कार्यको लागि छुट्याई यस्ता कार्यमा व्यापक जनचेतना जगाउने काम गर्नुपर्ने ।
- एकीकृत कार्यक्रम तर्जुमा तथा कार्यक्रमको दायरा (Coverage) विस्तार गर्न अन्तर मन्त्रालय विचको समन्वयलाई प्राथमिकता दिनुपर्ने ।
- अवैध रुपमा गाँजा अफिम खेति भैरहेका स्थानहरुमा वैकल्पिक खेतिलाई प्रोत्साहन गर्न कृषि र पशु विकास सम्बन्धी प्याकेज कार्यक्रम सम्बन्धित निकाय मार्फत लैजानुपर्ने ।
- जनचेतना र आपूर्ति नियन्त्रणका पक्षहरुमा समेत अन्य साझेदार निकायहरुलाई समावेश गराउनुपर्ने ।
- औषधी बिक्री वितरण सम्बन्धि निर्देशिका (Guideline) तयार गर्नुपर्ने ।
- जोखिम समूहका बालबालिका, युवाहरुलाई सचेत बनाउने खालका कार्यक्रमहरु गर्नुपर्ने ।

यस प्रकार लागू औषध सम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्था उल्लेख गरियो । नीतिगत र कानूनी व्यवस्था पर्याप्त हुँदा हुँदै पनि यसको प्रयोग बढ्दो छ । किन यस्तो परिस्थिति भयो त भन्दा यी व्यवस्थाको पर्याप्त Advocacy भएन भने एक पक्ष हो भने अर्को पक्ष हाम्रा सामाजिक मूल्य मान्यता पनि यसको बढावा गर्नमा जिम्मेवार छन् त्यस्तै अर्को पक्ष भनेको लागू औषध सेवन प्रयोग र व्यापार अहिले अन्तर्राष्ट्रिय स्तरमा बढ्दो छ । यो Transnational Crime को रुपमा देखिएको छ । Globalization ले यसको बढोत्तरी गरेको छ । यसको निराकरण गर्न व्यक्ति देखि अन्तर्राष्ट्रिय समूदाय पनि लागेका छन् तर पर्याप्त रुपमा नियन्त्रण हुन सकेको छैन । यसको लागि पर्याप्त Advocacy, नागरिकलाई Social Engagement गराउने, कानूनको कठोर कार्यान्वयन गर्ने, हाम्रा पुरातन संस्कार एवं प्रवृत्तिलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय समुदाय नै परिचालित हुनुपर्ने अवस्था देखिएको छ ।

# लागू औषध अपराध विश्लेषण

विश्व भरि लागू औषधको दुर्व्यसनीको कारण करिव २ लाख मानिसहरुको मृत्यु बर्षेनि हुने गरेको पाउँछौ । लागू औषधको कारोबार र त्यस बाट श्रृजित अपराधमा समेत समानुपातिक हिसाव बढोत्तरी भईरहेको छ । अझ अन्तर्राष्ट्रिय माफियाहरुको राम्रो सन्जाल तथा प्रबिधिहरुको उच्च प्रयोग र छोटो समयमा नै आम्दानीको राम्रो श्रोत बन्न जाने कारण लागू औषधको कारोबार दिन प्रतिदिन अझ बढेको पाउँदछौ । हाल नेपामा करीव एक लाख पचास हजार दुर्व्यसनीहरु रहेको अनुमान गरिन्छ । एक जना दुर्व्यसनीले दिनको दुइ पटक मात्र लागू पदार्थ प्रयोग गर्ने हो भने एक महिनामा मात्र करीव एक अरव पैतिस करोड रुपैँया खर्च लागू औषधको अवैध कारोवार हुन आउँछ । र, अरवौ रकमको कारोवार सगै अनेकौ अपराधिक क्रियाकलापको पनि वढोत्तरी भएको पाउँछौ ।

संयुक्त राष्ट्र संघको लागू औषध सम्वन्धि प्रतिवेदन २०१४लाई विश्लेषण गर्ने हो भने पृथ्वीको कूल जनसंख्याको करीब ३.५-७ प्रतिशत संख्या लागूऔषधको कूलतमा फसेको देखिन्छ । १६ वर्ष देखि ६४ वर्ष उमेर समूहका व्यक्तिहरु यस्मा पर्दछन् । अन्य महादेशको तुलनामा एशियामा अधिकमात्रामा लागू औषधका दूर्व्यसनीहरु रहेको छ । यदी राज्यले लागू औषध नियन्त्रणको लागी गम्भीर खालको नीति नल्याउने भने लागू औषधको दूर्व्यसनी अझ वढ्न जाने तर्फ ध्यानाकर्षण समेत गरेको छ ।

**विश्वको अनुमानित लागूऔषध दुर्व्यबसनी**

| Number of users (Millions of users) | | | | Prevalence (Percentage) | | |
|---|---|---|---|---|---|---|
| | Best Estimate | Low | High | Best Estimate | Low | High |
| Cannabis | 177.63 | 125.30 | 227.27 | 3.8 | 2.7 | 4.9 |
| Opioids | 33.04 | 28.63 | 38.16 | 0.7 | 0.6 | 0.8 |
| Opiates | 16.37 | 12.80 | 20.23 | 0.35 | 0.28 | 0.43 |
| Cocaine | 17.24 | 13.99 | 20.92 | 0.37 | 0.30 | 0.45 |
| ATS | 34.40 | 13.94 | 54.81 | 0.7 | 0.3 | 1.2 |
| "Ecstasy" | 18.75 | 9.4 | 28.24 | 0.4 | 0.2 | 0.6 |

श्रोत: UNODC Drugs Report 2014

सरकारवादी हुने अन्य मुद्दाहरुको तुलना लागू औषधको मुद्दा वढी नै दर्ता भएको देखिन्छ अनि मुद्दा फैसला गर्ने तल्लो तहको अदालत देखि सर्वोच्च अदालत सम्म पनि लागू औषध सम्वन्धि मुद्दाको चाप तथा फर्स्योट बढी नै देखिन्छ ।

**अदालततर्फको लागू औषध मुद्दाको लगत फर्छ्यौटको अवस्था**




विश्वका अन्य राष्ट्रमा जस्तै नेपालमा पनि विभिन्न खालका जघन्य प्रकृतिका अपराधहरुको तुलना लागू औषधको अपराध बढी घटेको पाउछौं ।




सन २०१२, २०१३ र २०१४ सालको लागू औषध हेरोईन, चरेश, कोकिन पक्राउको अबस्थालाई हेर्ने हो भने सन २०१२ मा अत्याधिक मात्रामा गाँजा/चरेश जफत गरी नष्ट गरिएको थियो भने सन २०१३ मा सघन रुपमा गाँजा फडानी अभियान चलाईएकोले सन २०१४ मा बिगत २ बर्षको तुलनामा कम गाँजा, चरेश जफत भएता पनि गाँजा, चरेश, अफिमको अवैध कारोवारीको संख्या तुलनात्मक रुपमा बढेको पाउछौं ।

**जफत गरीएका लागू पदार्थ (त्रिबर्षिय चार्ट)**

| Year | 2012 | 2013 | 2014 |
|---|---|---|---|
| Cannibis & Hashish in Kg. | 52,216 | 25,739 | 8,964 |
| Heroin in Gm. | 15715 | 12425 | 3811 |
| Cocaine in Gm. | 2155 | | 5499 |
| Opium in Gm. | 11232 | 9386 | 3395 |
| Persons Arrested | 2600 | 2673 | 2918 |




मित्र राष्ट्र भारत सँगको खुल्ला सिमानाको कारण नेपालमा मनोद्विपक पर्दाथको कारोबारीहरु तथा ओसार पसार अत्याधिक मात्रामा बढेको छ । नेपालमा लागू औषधको दुर्व्यसनीहरुले प्रयोग गर्ने मनोद्विपक पदार्थहरुको श्रोत भारत नै हो । खुल्ला सीमा तथा जनघनत्व बढी भएका इलाकाहरुमा यस्को माग बढी भएकोले मनोद्विपक पदार्थको ओसार पसार बढी रहेको पाउँछौ । नेपाल भारत सीमावर्ती इलाकाहरुमा ४० रुपैँया प्रति गोटा पाइने मनोद्विपक पदार्थ राजधानीमा आइपुग्दा रु २०० प्रति गोटामा समेत विकि हुने गरेको पाउछौ ।

**जफत गरीएका मनोद्विपक पदार्थ (त्रिबर्षिय चार्ट)**

| Year | 2012 | 2013 | 2014 |
|---|---|---|---|
| Diazepam | 72,444 | 43,227 | 44,495 |
| Buprenorphine | 58,004 | 30,887 | 37,113 |
| Others(Norphin,Proxyvon, Codin) | 60,273 | 244,453 | 86,718 |




निश्चय नै लागू औषधको अपराध एक गम्भीर खालको अपराध हो । विश्व वजारमा लागू औषध कारोबारमा अरबौं डलरको खर्च हुने गर्दछ भने अमेरीकाले मात्र दक्षिण अमेरिकाबाट आफ्नो देशमा भित्रने अवैध लागू पदार्थ भित्रन नदिन विभिन्न खालको सुराकी तथा लागू पदार्थ नष्ट गर्न मात्र अल्प विकसित देशको एक वर्षको वजेट भन्दा पनि वढी रकम खर्च गर्दछ ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने बिगत ३ बर्षको जफत गरिएको चरेस, हेरोईन र गाँजाको कारोबारमा एक करोड डलर भन्दा बढी रकम खर्च भएको पाउछौ ।

त्यस्तै मनोद्विपक पदार्थको अबैध किनबेच तथा बिक्रि बितरण कारोबारमा मात्र करिब ५७ लाख डलर भन्दा बढी रकम खर्च भएको देखिन्छ र सन्जाल बनाई यस्ता खालका अपराधिक क्रियाकलापमा सरीक हुने समूहले निश्चय नै अन्य अपराधिक क्रियाकलापमा संगठित रुपमा नै संन्जाल विस्तार गरी गतिविधि संचालन गर्न सक्दछन् ।

**जफत गरीएका मनोद्विपक पदाथ को अबैध बजार मुल्य डलरमा**




बिदेशी नागरिकहरु पनि नेपाललाई माध्यम बनाएर लागू औषधको कारोबारमा सकृय भएको देखिन्छ । मुलुकको एक मात्र अन्तर्राष्ट्रिय बिमानस्थललाई प्रयोग गरेर लागू पदार्थको ओसार पसारमा संलग्न भएको पाईन्छ । नेपालको सन्दर्भमा, लागू औषधको कारोबारमा अन्य राष्ट्रहरुमा जस्तो देखिने अफ्रिकी मूलका नागरिक हरुको सँलग्नताको तुलनामा यूरोपेली मूलका नागरिकहरु बढी सँलग्न भएको तथ्य चार्टले समेत देखाउछ ।

लागू औषधको कारोवारको अपराधलाई विश्लेषणलाई हेर्दा नेपाललाई नै कारावार गर्ने स्थलको रुपमा स्थापित गर्ने भन्दा पनि अन्तर्राष्ट्रिय कारोवारीहरुले ट्रान्जिटको रुपमा प्रयोग गर्ने गरेको देखिन्छ । त्यस्को अलवा हिप्पीको दशकको ह्याङ्ग अहिले सम्म पनि रहेको देखिन्छ । मानौ यस्तो मानसिकता देखिन्छ कि नेपालमा अझै पनि गाँजा चरेश खान पाइन्छ भन्ने । त्यस्तै, नेपालबाट अवैध रुपमा गाँजा तथा चरेश भारतमा जाने गरेको देखिन्छ भने मनोद्विपक पदार्थहरु भने भारतबाट अवैध रुपमा नेपाल भित्रने गर्दछ । नेपाल सरकारले वि.स. २०६८ सालमा भएको जनगणना ताका गरेको लागू औषध सर्वेक्षणमा नेपालमा करीव ४६३०९ जान लागू औषधको दूर्व्यसनी रहेको जनाएता पनि अहिले नेपालमा करीव एक लाख पचास हजार भन्दा पनि वढि दुर्व्यसनीहरु रहेको अनुमान गरिन्छ ।

| Year/ Country | India | Israel | Iran | Pakintan | Poland | Malaysia | Netherland | Nizeria | Namibia | France | Germani | Ukrain | British | Phillipine | Denmark | Georgia | Jorden | Italian | Austria | Swiss | China | Thaland | Russia | Czech | Sierra Leone | Turkish | USA | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2012 | 19 | | | | | | | | | | 1 | | | | 1 | | | | | | | 1 | 2 | 1 | | | | 25 |
| 2013 | 8 | | | 3 | 1 | | | | | | | | | | | | | 1 | 1 | 1 | 3 | | | | | | | 18 |
| 2014 | 9 | | | 2 | 2 | | | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 2 | 1 | | | | | | | | | | | 24 |

# लागू औषध नियन्त्रण : चुनौती र संभावना

*वर्तमान समयमा लागू औषध सम्बन्धी अपराध व्यावसायिक र संगठित स्वरूपको बन्दै गएको छ । यसको अन्तरदेशीय सञ्जाल एवं प्रभाव बढ्दो अवस्थामा रहेको हुँदा यो सम्पूर्ण मानव समुदायकै साझा समस्याको रूपमा प्रकट भएको छ ।*



**बाबुराम कुंवर**
महान्यायाधिवक्ता
महान्यायाधिवक्ताको कार्यालय

## १. पृष्ठभूमि

लागू औषध दुर्व्यसनले मूल्यवान मानवीय जीवन नष्ट गर्छ, अपराधजन्य कार्यमा वृद्धि गर्दछ र दीगो मानव विकासमा बाधा पुऱ्याउँछ । लागू औषध दुर्व्यन र अपराधले सामाजिक एवं मानवीय पूँजीलाइ मूल्यहीन बनाउँछ । औधोगिक एवं व्यापारिक क्षेत्रमा हुने लगानीमा जोखिम पक्षको वृद्धि हुने हुँदा समग्र आर्थिक विकासको गति नकारात्मक रुपमा प्रभावित हुने गर्दछ । लागू औषध दुर्व्यसन र अपराधको बढ्दो अवस्थाले नागरिक र राज्यका बीच हुनुपर्ने विश्वासको सम्बन्धलाइ कमजोर बनाउने भएकोले विकासलाई गतिशील बनाउने राज्यको क्षमता ह्रास हुनका साथै राज्यको फौजदारी न्याय, लोकतन्त्र र शासन प्रणाली प्रतिको जनताको विश्वास कम हुदै जान्छ ।

विश्व समुदाय समक्ष लागू औषध दुर्व्यसन एवं कारोबार गम्भीर समस्याको रुपमा देखा परेको छ । विश्वका कुनै पनि राष्ट्र यो समस्याबाट मुक्त छैन । वर्तमान समयमा लागू औषध सम्बन्धी अपराध व्यावसायिक र संगठित स्वरुपको बन्दै गएको छ । यसको अन्तरदेशीय सञ्जाल एवं प्रभाव बढ्दो अवस्थामा रहेको हुँदा यो सम्पूर्ण मानव समुदायकै साझा समस्याको रुपमा प्रकट भएको छ । लागू औषधको रोकथाम र नियन्त्रण राष्ट्रको एक्लो पहलबाटमात्र सम्भव हुने नदेखिएकोले यसको रोकथाम र नियन्त्रणका लागि सामूहिक पहल गर्ने सन्दर्भमा विश्वव्यापी एवं क्षेत्रीय स्तरमा विभिन्न सहमति र सम्झौता भएका छन् । यस सम्बन्धमा संयुक्त राष्ट्रसंघको पहल सह्रानीय रहेको छ । लागू औषध सम्बन्धी अपराध नियन्त्रणका लागि नीतिगत एवं संयन्त्रगत पक्षमा साझा धारणाहरु निर्माण गरी राष्ट्रहरुकाबीच सहकार्य र सहयोग अभिवृद्धि गर्न संयुक्त राष्ट्रसंघले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । राष्ट्रहरुलाइ लागू औषध नियन्त्रण नीति कार्यान्वयनमा सहयोग गर्न र यस विषयमा निर्माण भएका अन्तर्राष्ट्रिय महासन्धिहरुको कार्यान्वयनको अनुगमन गर्न संयुक्त राष्ट्रसंघ अन्तर्गत विभिन्न संस्थाहरुको स्थापना गरिएको छ ।

## २. नेपालमा लागू औषध नियन्त्रण सम्बन्धी कानूनी संरचना र व्यवहारमा देखिएका समस्या

नेपालमा लागू औषध सम्बन्धी अपराध नियन्त्रण गर्ने उद्देश्यले कानूनी संरचनाका रुपमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ विगत ४० वर्ष देखी कार्यान्वयनमा रहेको छ । लागू औषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री बितरण सेवन आदिलाई नियन्त्रण गर्ने उद्देश्यले लागू औषध राष्ट्रिय नीति २०६३ पनि जारी भएको छ । लागू औषध सम्बन्धी अपराधको नियन्त्रण र अनुसन्धान गर्ने कार्यलाई प्रभावकारी

बनाउन लागू औषध नियन्त्रण ब्यूरो जस्तो विशेष संयन्त्रको स्थापना गरिएको छ । लागू औषधको नियन्त्रणका लागि आपूर्ति नियन्त्रण, माग घटाउ र उपचार एवं पुनर्स्थापनाको रणनीतिक कार्यबाट लागू औषधको दुरुपयोग रोक्ने कार्यनीति लिइएको छ । कानूनको कार्यान्वयनबाट आपूर्तिको नियन्त्रण गर्ने र निरोधात्मक कार्यक्रमहरुको संचालनबाट लागू औषधको दूरुपयोग नियन्त्रण गर्ने कार्यलाई बढी जोड दिइएको छ ।

लागू औषध नियन्त्रण गर्ने पहल स्वरुप नेपाल UN Single Convention on Narcotics Drugs, 1961 and its Amended Protocol 1961, UN convention on Psychotropic Substances , 1971, UN Convention Against Illicit Traffic in Narcotics Drugs and Psychotropic Substance, 1988, United Nations, Convention Against Transnational Organized Crime 2000 जस्ता संयुक्त राष्ट्रसंघीय महासन्धिहरुको पक्ष बन्नुका साथै क्षेत्रीय स्तरको SAARC Convention of Narcotic Drugs and psychotropic substance, 1990 लाई अनुमोदन गरी अन्तर्राष्ट्रिय स्तरमा स्थापित लागू औषध अपराध नियन्त्रण सम्बन्धी नीतिहरु कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइसकेको छ । यी महासन्धिहरुले लागू औषध अपराध नियन्त्रण गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय रुपमा प्राप्त गर्ने र प्रदान गर्नुपर्ने सहयोगका लागि सैद्धान्तिक एवं कानूनी आधार निर्माण गरिदिएको छ ।

नेपालले हालसम्म अख्तियार गरेका नीतिगत व्यवस्था र पहल लागू औषध नियन्त्रणका सम्बन्धमा सकारात्मक देखिएतापनि यस दिशामा अपेक्षाकृत उपलब्धि भने हाँसिल हुने सकेको छैन । लागू औषध सम्बन्धी अपराध अझ संगठित, व्यावसायिक र अन्तरदेशीय प्रकृतिको बन्दै गएको वर्तमान परिप्रेक्ष्यमा कयौं चुनौतीहरु थपिएका छन् । लागू औषध रोकथाम र नियन्त्रण गर्ने  सम्बन्धमा रहेका नीतिगत एवं संरचनागत समस्याहरुलाई पनि उचित रुपमा सम्बोधन गर्न नसकिएको अवस्था एकातिर छ भने अर्को तिर दुर्व्यसन र कारोबारको संख्या बढ्दो अवस्थामा छ ।

नेपालमा अपराधको नियन्त्रण र कानूनी शासनको प्रत्याभूतिले आर्थिक विकासलाई गतिशील बनाउने वातावरण निर्माण हुने कुरा आमरुपमा बुझाउन सकिएको छैन । योजनाविद एवं अर्थविदहरु अपराधले विकासमा पार्ने प्रभावका सम्बन्धमा बुझ्न अनिच्छुक भएको कारणले लागू औषध र अपराध नियन्त्रण गर्ने विषय राष्ट्रिय नीति र योजनामा प्रार्थमिकतामा पर्ने गरेको छैन ।  विकासका एजेण्डामा अपराध नियन्त्रणको विषयले कहिल्यै स्थान पाउन सकेन । राज्यको प्रमूख कार्य–अपराध नियन्त्रण गर्नुपर्ने जिम्मा पाएको संयन्त्रले सँधै साधन स्रोतको अभाव सहन गर्नु परेको छ । स्रोत साधनको अभावमा योजनाबद्ध रुपमा लागू औषध नियन्त्रण सम्बन्धी उपायहरु कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

सीमित स्रोतका कारण निरोधात्मक र उपचारात्मक उपायहरु प्रभावकारी हुन सकेको छैन र दुर्व्यसनीहरुको उपचार र पुनर्स्थापना कार्यमा अपेक्षित पहल हुन सकेको छैन । लागू औषध (नियन्त्रण) ऐन, २०३३ को कतिपय कानूनी व्यवस्था यद्यपि अभ्यासमा ल्याउन सकिएको छैन । न्याय प्रशासनमा कानूनको कठोर प्रयोगको कारणले बढी दायित्व ब्यहोर्नु परेको गुनासो सुनिने गरेको छ । न्यायिक अधिकारीलाई सजाय निर्धारणमा स्वविवेक प्रदान गरेको हुँदा सजाय निर्धारणमा एकरुपता नभएको देखिएको छ । अनुसन्धान गर्ने निकाय र अभियोजन गर्ने निकायको संस्थागत क्षमता विकास र स्तरोन्तिका लागि कुनै पहल हुन सकेको छैन । अन्तर्राष्ट्रिय महासन्धि र संयुक्त राष्ट्रसंघ अन्तरगतका निकायले यस सम्बन्धमा प्रदान गर्ने सहयोग पनि प्राप्त गर्न सकिएको छैन ।

*अनुसन्धान गर्ने निकाय र अभियोजन गर्ने निकायको संस्थागत क्षमता विकास र स्तरोन्तिका लागि कुनै पहल हुन सकेको छैन । अन्तर्राष्ट्रिय महासन्धि र संयुक्त राष्ट्रसंघ अन्तरगतका निकायले यस सम्बन्धमा प्रदान गर्ने सहयोग पनि प्राप्त गर्न सकिएको छैन ।*

**३. भावी कार्यदिशा**

लागू औषध नियन्त्रण गर्ने कार्य समाजका धेरै पक्षसँग अन्तर सम्बन्धित हुने भएकोले Intergrated Approach अवलम्बन गरी योजनाबद्ध रुपमा गरिनु पर्छ । लागू औषध नियन्त्रणका लागि निरोधात्मक र उपचारात्मक दुवै पद्दति आवश्यक छ । चेतनामूलक कार्यक्रम र दुर्व्यसनीहरुको उपचार र पुनर्स्थापनाका लागि उपयुक्त प्रबन्ध गर्न जरुरी छ । वर्तमान समयमा लागू औषध नियन्त्रणका सम्बन्धमा देखिएका जटिलता र चुनौतीहरुलाइ संम्वोधन गर्न सक्ने र अन्तर्राष्ट्रिय महासन्धिहरुको कार्यान्वयन हुन सक्ने गरी मौजुदा लागू औषध राष्ट्रिय नीति, २०६३, लागू औषध नियन्त्रण ऐन, २०३३ लगायतका नीति तथा कानूनहरुमा समसामयिक सुधार गर्नुपर्ने देखिएको छ । अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान गर्न कानून कार्यान्वयन गर्ने निकाय र अभियोजन गर्ने निकायको संस्थागत क्षमता विकास आवश्यक छ । यी सबै कार्यका लागि थप स्रोत र लगानी चाहिन्छ । अपराध नियन्त्रणको कार्य जिम्मेवारीलाई लगानीको प्रत्यक्ष लाभ नदिने अनुत्पादक क्षेत्र मानी स्रोत साधन उपलब्ध गराउन कन्जुस्याँइ गर्ने परिपाटीको अन्त्य गरी विकास योजनाका प्राथमिक क्षेत्र सरह व्यवहार गर्न आवश्यक छ । आर्थिक सामाजिक विकासका नीतिहरु तर्जूमा गर्दा विकास र सुरक्षा व्यवस्थाको अन्तर सम्बन्धलाई पनि विश्लेषण गर्ने पद्दतिको विकास गर्न जरुरी छ ।

# Nepal's long fight against NARCOTIC DRUGS



**Nawa Raj Silwal**
Deputy Inspector General

**Historical outlook:**

Nepal had no legal instruments in place to legalize the production supply and use of natural drugs before 1976. Nepal had a history of using cannabis as herbs to treat certain ailments to the domestic animals. People too used it in a common fashion. There was no restriction on the use of natural kind of drugs like cannabis and hashish. Marijuana cultivation and hashish production was not illegal but quite common form of local business that generated and contributed some scant ratio of government revenue.

In the late sixties and early seventies good number of tourists visited Nepal with the resolve of entertaining themselves by smoking hashish. Marketing was popular and hashish used to be sold in the open market rampantly and customers had choice over quality and price. Good number of European tourists visited Kathmandu and fair enough Freak Street Jhnochhe became popular tourist destination. Jhonchhe was once a mouth friendly word for tourists and local inhabitants as such.

Hippie demeanor became quite popularduring that time and for less educated, closed and poorer residents of Kathmandu, learning from the tourists was a privilege. Hippies availed them with the way to learn all sorts of behaviors including breaking down the long preserved customs and to abuse and entertain themselves by smoking hashish.

European rock stars and film stars have regularly made it to a popular destination to practice euphoria reaching experience with the abuse of drugs.

International communities then started to exert pressure to the then government to bring about legislation penalizing the production supply and use of such drugs. With the support form the international community then HM Government introduced the Narcotics Drugs Control Act 1976. There has been one more amendment to this act in 1991 in order to address some of the core concerns of investigating authority. Since then, there had been lot of interests from the foreign governments to help Nepal develop the capacity to fight the Narcotics crime. Consequently, HM Government of Nepal signed a pact with UNODC introducing the ten year Master Plan for Drug Crime control in Nepal. Following this initiative Nepal Police established a separate specialized unit called NDCLEU, Narcotic Control Law Enforcement Unit with the dedicated workforce including one attorney from the Attorney General's office in the team. This unit was headed by the Senior Superintendent of Nepal Police with the government attorney working in tandem with 102 officials in the unit. Training the workforce and building their capacity was major challenge then. The unit was supported to setup the separate infrastructure in order to be able to function independently. Training and skill development program was catered to build the capacity of its workforce. Learning from the experience of other countries in the field of narcotics investigation and control, has been a worthwhile opportunity for NDCLEU team members. Various countries helped this unit with their technical and administrative support to grow. Consequently, within few year times this unit attained the professional height that enabled Nepal to effectively fight against the growing menace of Narcotics. Nepal then was used as a transit route to transport the Golden Triangle and Afghanistan produced processed heroine consignment destined to Europe and United States of America.

Many people involved in the trade of hashish and cannabis in the absence of legal provision were now getting involved in the illicit trafficking of drugs. The price of such substance grew to the height once it was declared illegal. Therefore some people with the past experience trading the hashish and obviously wanting to earn short cut got involved into the illicit trafficking of narcotics. They easily stablished contacts with the drugs dealers in India and other countries in the vicinity.Thus challenges for the NDCLUE got tougher and the unit took up the responsibility with tougher initiatives to hit hard the new trend of illicit trafficking of narcotics.

With the growing demand of quality hashish Indians travelled to the remote villages in the high cannabis yielding districts to invest the money to the farmers taking advantage of Indo Nepal open border. Farmers were paid double a price than the traditional crops could give them. They would arrange the transport of such products to India in their own risk. This was quite popular project among farmers to make money in the mid-western hilly districts like Salyan,Rukum, Rolpa, Dang and Surkhet and elsewhere in the country. Farmers were happy as they were not aware of the legal consequences. Reach of the Law enforcement agency, Nepal Police in such remote villages was not possible and this trend grew faster than expected earlier. Farmers formed the associated citizen groups that were to guard the cannabis farming in the villages.

NDCLEU opened satellite units in the affected regions with a view to counter the prospects of cannabis farming and smuggling.

While the hashish market in India was rife many people in Nepal too started to abuse such substances. Home Ministry opened up a Narcotic demand reduction unit within the ministry. NDCLEU mainly worked in the area of supply control while Demand reduction unit worked to educate the public to stay away from the abuse of substance.

**Gradual development of NDCLEU:**

In 2013 NDCLEU recognized the need of its extension and development. It framed the concept papers and submitted to the ministry of Home Affairs on the proposed structure of this unit. The paper highlighted on merging of demand reduction unit working separate under the home ministry to this unit with greater role and responsibility. It also proposed to transform and restructure NDCLEU into NCB, Narcotic Control Bureau with extended mandate. Then home minister signed the documents allowing the change of its name to NCB but the extended responsibility was not given to it thereby reinforcing it to the same supply control responsibility. However with the newer look and redesigned responsibility it continued on to hit the production, illicit trafficking and abuse of narcotics in home front and at the international and regional level.

Drugs crime is not just limited to one country but extended beyond border to the regional and international sphere. Therefore cooperation and working together among the law enforcement agencies in the region and beyond has always been paramount. In doing so NCB has had several such partnership assignments completed in collaboration with the other international law enforcement agencies.

**A glimpse of Narcotics crime in Nepal:**

Nepal is not a major producer of Hashish and cannabis though the quality of cannabis produced in Nepal has a higher demand in the Indian market and market in the west. Certain category of tourists even today travel to Nepal to center in and around Thamel with a purpose of smoking hash and managing it to illicitly traffic back home in a tiny package avoiding the trace from the law enforcement agencies. Therefore despite close vigil from the NCB and Nepal Police the motivation to clandestinely farm the cannabis does exist even today. There are several cases of Police destroying the cannabis crops in the scores of hectors in Tarai and mid hill region. There still is such activity going on in a regular interval. As long as there is demand and the price to be paid, such activities will continue and it will always be difficult to control such activity to nil. The newer trend of illicit transport of psychotropic substances from India to Nepal is increasing. Various types of such stimulant and depressant substances are replacing the expensive processed Narcotic drugs in the cheaper rates. As the drug users are increasing in numbers in major cities of Nepal such drugs are reaching to them from India through the open border. The drug traffickers have designed the distribution system in such a way that they have peddlers in different positions that are trained to create market by targeting the customers in different forms and manifestation. This kind of drugs is getting popular among the youngsters specially those going to the colleges with working parents not at home.

The rate of seizure and arrest of suspects involved in the drug crime is increasing too, but this has not been effective to curb the growing menace of narcotic abuse in Nepalese society.

**Nepal as a Transit of illicit Drugs:**

Nepal has since long been used as the transit point of illicit drug trafficking. The surveillance and detection capacity at the international airport has not been to the level of the other international airports. The drugs traffickers keep changing the form of trafficking to use Nepal as a transit route. There has been number of seizures of white heroine coming from Afghanistan and Pakistan and going to the European destinations. Quite interestingly some very important seizures have suggested evidently that the cocaine originated from South American countries is transported to Europe and Asia using Kathmandu airport as a transit. The modus operandi of international drug cartels to transport the drugs from one country to another, keeps on changing looking at the rate and prospect of success in doing so. Instead of big haul of such illicit

trafficking, they now have changed it into a small piece consignment. It ensured them to retain the benefit, for example if they have broken one metric ton of cocaine into hundred different packages of each kg, the chances of all consignments being intervened by the law enforcement agencies is much less. And thus seizure of some kgs will not harm them as much as one consignment of 100 kgs would do. Thus Law enforcement agencies need to prepare themselves accordingly. Technology and skills are such urgent tools that can arm the law enforcement agencies against all kind and game changing that the drug traffickers normally pursue to.

**Global DrugsTransit routes:**




**On this year's theme: Let's develop our lives, our communities, our identities without Drugs:**

The best service that one human being can do in his life is to help prevent people from getting into drugs. As Mahatma Gandhi once said, "The best way to find yourself is to lose yourself in the service of others". Drug abuse is one such terrible evil that our community today is fighting to get rid of. Once a person is in the addiction of drugs he will turn a liability to his family, community and the country at large. Let me share one incident that I came across in the NCB office in Kathmandu in August of 2013. I was going up the stairs in the office; I suddenly came across a hitch hush of a woman who was shedding tears. I reached to her to ask what had happened. She dried her eyes with the corner of her old saree and collected some voice to speak. She had come to sign out her son who was arrested last night while picking up street fight under the influence of drugs. Her voice was faint, and she started, sir this guy has made our life a hell. Each morning I wake up, I pray with the god to give my son a quick death. He can't live without drugs and every another day I have to visit to the police station to take him home. I moaned, oh..how can a mother ask the god to give her son a mercy death ? This incident kept me moved for weeks.

Youths are perceived as the greatest assets of the country and youths are the most vulnerable group of people who are prone to get into the drugs. We have to educate the people, show them the potentials they have and give them the direction to the paths towards better tomorrows. Building one person's identity without drugs will help build his life based on dignity.It will ultimately help build the community free from drugs. Thus the whole country and the world can be helped out of drugs, the only most vicious ailment the modern world faces. Therefore not just the law enforcement agencies and the governments but the community and each one of us individuals should join hands together to keep each other away from drugs. This year's theme to commemorate the International day against drug abuse and illicit trafficking is very appropriate to addressing the global concerns of this time.

**Looking towards the future:**

Nepal needs to be supported by the international community in its fight against narcotics crime. With the existing capacity and resources available to NCB, it will be difficult to counter the ever growing threat of this crime. The crime is turning moreglobal and ever transnational. The growing number of internationals involved in this crime makes it even more complex to investigate unless there is a support and collaborations from the international community.

Nepal is committed to working together with the world governments and the people to help turn the society drugs free. NCB needs to be supported with the technologies and added skills to address the growing challenges of illicit drug trafficking. Nepal's commitment to the world is that we will work more closely and attentively in making things happen when it comes to fighting the crimes against narcotics worldwide.

**Reference Materials:**

*2010 Report on Terrorism, National Counterterrorism Center, United States of America.*

*Country Profile, NDCLEU, 2012.*

*Hard drug users in Nepal, some statistics facts; 2063, Central Bureau of Statistics, 2007.*

*Narcotic Drug Crime Data Analysis, Narcotic Control Bureau (NCB), New Baneshwor, Kathmandu.*

*World Drug Report 2010, UNODC*

*World Drug Report 2011,UNODC*

*World Drug Report 2012, UNODC*

# लागू औषध (दुर्व्यसन) रोकथाम र नियन्त्रण र आजको सन्दर्भ



**रवि राज थापा**
पूर्व सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक

लागू औषध दुर्व्यसन भनेको महारोग हो, यो हो, त्यो हो भन्ने मानिसहरु पनि धेरै भए मत-मतान्तर र गफगाफ गर्नेहरु पनि धेरै छन । तर जे भएपनि यो कुरा कसैले नकार्न पनि सक्दैन कि नेपालमा पनि दुर्व्यसन को समस्या भने झन झन र दिन दिनै विकराल हुँदैछ ? तर यो कुराको ईमान्दारीका साथ सम्बोधन गर्ने हो भने नियन्त्रण र माग घटाउने काम त एउटै सिक्काको दुई पाटो जस्तो मात्र हो । तर पनि बिश्वले नै लागू औषध र यस बिरुद्धको युद्धमा जित भन्दा हार र सफलता भन्दा असफलता तीर जांदैछ भन्नेमा हिचकिचाउंदैनन भने हमी नेपालका सरकारी र गैर सरकारी निकायहरु किन यो कुरा स्वीकार गर्न किन सदैब हिचकिचाई रहन्छौं ? लाज मानिरहेका हुन्छौं ।

दुर्व्यसनको समस्यालाई सबैले आ-आफ्नो तरिकाले बुझेका होलान, हामीले दुर्व्यसनको समस्याको न्युनीकरण गर्न पक्कै सम्भव छ, पुरै निर्मुल गर्न भने असम्भव भएतापनि । तर यो काम नियन्त्रण गर्नेले काम नगरेको कारणले वा माग घटाउ गर्ने एन.जि.ओ. र सरकारी तथा निजि संस्थाहरु प्रभावकारी नभएको भनेर खाली अरुमा दोष मात्र देख्ने र औंला ठड्याउने प्रबृत्तीले त माखो पनि मार्न सक्नेवाला छैन ।

अरु बिषयमा जस्तै दुर्व्यसनको मामलामा पनि नेपालमा र नेपालीहरुमा देखिने तँ बेठिक र म ठिक, तैंले भनेको गरेको बेठिक र मैले भनेको गरेको ठिक भनेर समय बरवाद गर्नु मुर्खता हो । यसबाट सरकारले, जनताले केही पाउनेवाला छैनन र यस्ता कुरालाई अपराधीहरुले भित्र भित्रै रमाएर हेरिराखेका हुन्छ, आफ्नो अपराधिक कार्य मजाले चलाईरहेको हुन्छ भने बिचरा दुर्व्यसनी हरु पनि दिन दिन मृत्यु, रोग र अपराधको दुनियामा, दलदलमा झन झन फस्दै गैरहेका हुन्छन । यसले साना अपराधी र विशेष गरी संगठित अपराधीहरुको संगठित अपराधको अबैधानिक व्यापारमा भने रत्तिभर पनि असर गर्न सक्दैन । त्यसैले कानुन कार्यान्वयन गर्नेहरुले यो राम्ररी बुझ्न जरुरी छ कि " देशमा लागू औषधको रोकथाम र नियन्त्रण गर्ने निकायहरु भनेका एकै रथका दुई पाङग्रा सरह हो जुन एक आर्काको बिना गुड्न सक्दैनन्" । यो कुरा देशका सबै जिम्मेवार निकायहरुले राम्ररी नबुझे सम्म यसको लागि संयुक्त सामजिक नीति निर्माण, समझदारी र कार्यान्वयन को तह सम्म नपुऱ्याए सम्म नेपालमा लागू औषध रोकथाम र नियन्त्रण गर्छु वा गरेको छु भन्ने को धाक र दावीलाई गफ ठानेर एक कान बाट छिराएर अर्को कानबाट उडाईदिए हुन्छ ।

हिजो लागू औषध नियन्त्रण ब्यूरो एउटाले गर्ने काम विभिन्न सरकारी निकायहरुले तछाड मछाड गरी काम भन्दा कुरा बढि गर्ने गरेको देखिन्छ । लागू औषध र संगठित अपराधको अनुसन्धान र नियन्त्रण गर्न आज नेशनल क्राईम ब्युरो (एन सि बी), मनी लाउन्ड्रिङ विभाग देखी अर्थ र स्वास्थ्य मन्त्रालय लगायत यती धेरै बिभागहरु सक्रिय छन तिनीहरुमा एक निकायले के गरिरहेको छ, अर्कोलाई थाहा सम्म हुन्छ या हुन्न भन्न गाह्रो छ ।

त्यस्तै आज नेपालमा च्याउ उम्रे जसरी पुर्नस्थापना केन्द्रहरु स्थापना भएका छन् । ती सबै केन्द्रहरु आफुलाई विश्वकै अब्बल दर्जाको हु भनेर धक्कु लगाउन पनि ज्यादै उत्साहित पनि देखिन्छन । सरकारी र गैर(सरकारी संस्थाहरुले प्रत्येक वर्ष जून २६ तारिखका दिन नयाँ योजना, भाषण र प्रतिवद्धता पनि व्यक्त गर्ने गरेको देखिँदै आएको छ । तर त्यो भाषण र प्रतिवद्धता पनि बोलेको भोली पल्ट देखी नै वासी र फोहर फाल्ने भांडोमा फालिँदै आएको पाईन्छ । हिजोको दिन लागू औषध दुर्व्यसन नियन्त्रण कार्यमा लामो समय संलग्न हुदै आएकाहरु पनि आज देशमा लागू औषध को रोकथाम र नियन्त्रणमा देशको हाल परिस्थिती के कस्तो छ भनेर सोधे आफुले आफैलाई कुहिरोको काग जस्तो अनुभव गर्ने बेला र परिस्थिती आएको छ । यसमा के सरकारी के गैर सरकारी, के लागू औषधको रोकथाम शिक्षक, उपचारक, भोलेन्टिएर वा प्रोफेसनल सबै एकै ड्यांङ का मुला जस्ता देखिन्छन । हामीले यसबारे एकिकृत सामरिक योजना, काममा एकरुपता, आपसमा समझदारी सहित सहकार्य गरी के शिक्षा, के तालिम, के अनुसन्धान, के नियन्त्रण, के सजायं, के सम्पत्ती शुद्धिकरण र के जफत र जमानत, के जेल तथा के पुर्नस्थापना यी सबै चुनौतीहरु भनेको त एउटै समस्याका भिन्न भिन्न रुप मात्र हुन भन्ने कुरालाई आत्मसात गर्न नसके सम्म यो समस्याले झन झनै बिकराल रुप लिन जाने छ भन्ने कुरामा कुनै शङका छैन ।

फेरी लागू औषधको रोकथाम र नियन्त्रण दुबै अति गतिशिल र चलायमान कुरा हुन । लामो समय सम्म एकै सोच र एकै तरिकाले काम गरिरहने हो भने पनि लागू औषध अपराध र दुर्व्यसनको समस्यालाई सहि र समय-सापेक्ष रुपले निराकरण गर्न सकिन्न । लागू औषधका

ठूला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अपराधिहरुले हाम्रो सरकार, जनता र कानुन कार्यान्बयन र नियन्त्रण गर्ने निकायहरु सबैलाई लाटोलाई छक्काएको जस्तो गरी छक्काई रहेका छन । आजभोली नेपालमा पनि नयाँ किसिम तरिकाले गरिने अपराध, बढदो जघन्य अपराधहरुको समाचार र त्यसको सफल अनुशन्धानका परिणामले हामीलाई पनि मानवशक्ति र श्रोत साधनहरुमा पनि समय सापेक्ष हुनु पर्ने कुरालाई भुक्याएर राखेका छन । यस अर्थमा हामीले काम गर्दाको लागू औषध कानूनी कार्यन्वयन ईकाइ र हाल भनिने र चिनिने गरेको नेपालको लागू औषध नियन्त्रण ब्यूरो, कुन अवस्था र धरातलमा छ भन्ने कुराको कार्यशाला गोष्ठि जस्ता कार्यक्रम गरेर दिमाग खर्च गरे यसले भोलिको दिशा निर्धारण गर्न सजिलो होला भन्ने आशा गर्न सकिन्छ । यो सवाल त पहिले सरकारले, सरोकारवाला र सम्बन्धित निकायहरु स्वयंले नै पहिले आफुले गर्ने गरेको काम कारवाहीको पुनः मुल्यांकन गर्न थाले राम्रो हुने थियो । त्यसमा पुराना हरुको अनुभव र सल्लाह चाहिएमा आज नेपालमा पनि नेपालको पेन्सन खाएर बसेका पूर्व गृह सचिब देखी लिएर प्रहरीका पूर्व अधिकृत र ज्ञाताहरु त गनिनसक्नु भैसकेका छन । यी कुरालाई जनता समक्ष ल्याएर उनीहरुको सहयोग र सहकार्य गर्न सके त सुनमा सुगन्ध नै हुन सक्छ ।

जब उज्यालो हुन्छ तब मात्र अन्धकारको नाश हुन्छ र आफ्नो लक्ष्य र गन्तव्य पहिचान हुन्छ । लागू औषध बर्ष २०१५ ले यहि दिशामा बढी जोड दिनु पर्ने कुरामा यहा दुईमत हुने कुरै रहदैन । तब मात्र यसले देशका सबै सरोकारवालाहरुलाई सहि मार्ग-निर्देशन गर्ने क्षमता राख्न सक्ने छ भन्ने कुराको आशा गर्न सकिन्छ ।

तर ती कार्यलाई रोकथाम र न्युनिकरण गर्न समाज,सरकार, र गैर सरकारी संस्थाहरुले जिम्मा लिएकोले लागू औषध नियन्त्रण ब्यूरो र नेपाल प्रहरी र कानुन कार्यान्वयन निकायले सहकार्य, सहयोग र समन्वय को अति खाँचो छ । यसको लिडिङ रोल भने कसैले न कसैले प्रभावकारी रुपबाट गर्नुको कुनै बिकल्प छैन, त्यो कुरा हाल नेपालमा देख्न नपाएको धेरै भैसक्यो ।

जहाँ सम्म लागू औषध सम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय अपराधसँग सम्बन्ध छ, त्यसमा नेपालका कानुन कार्यान्वयन ईकाइ ले आजभन्दा धेरै प्रभावकारी भूमिका खेल्न सक्छ । तर यसकार्यमा कुनै पनि जिम्मेवार निकायले आफ्नो एकल प्रयास र नबुझिकनै प्रयास गरे यसको रौं सम्म पनि हल्लाउन गाह्रो हुन्छ । सन १९९० मा संयुक्त राष्ट्र संघको यु.एन.डि.सि.पी ले नेपालमा लागू औषधको रोकथाम तथा नियन्त्रणको लागी एउटा गुरुयोजना बनाएर दिएको थियो । त्यो दस्ताबेज नेपालको लागू औषधको व्यवस्थापनको लागी सन्दर्भ सामाग्रीको रुपमा आज पनि त्यत्तिकै उपयोगी र महत्वपूर्ण हुनसक्छ, जुन त्यसबेलामा थियो । उदाहरणको लागी त्यसबेला लागू औषध कानून कार्यन्वयन ईकाइ (NDCLEU) ले युनाईटेड नेसन्स ड्रग कन्ट्रोल प्रोग्राम (UNDCP) (हालको यु एन ओ डि सी, UNODC) ले प्रकाशित गरेको अंग्रेजी भाषाको ड्रग कन्ट्रोल म्यानुयलको नेपाली भाषामा अनुवाद पनि गरिएको थियो । त्यसमा केहि परिमार्जन गर्न सके आज यो सामाग्री लागू औषध नियन्त्रण व्यूरोले अप्रेसन म्यानुयलको रुपमा प्रयोग गर्न सक्छ ।

यहां नेपाल प्रहरी र लागू औषध नियन्त्रण व्यूरोले पनि यस्ता उपयोगी सामाग्री र वस्तुहरुको जगेर्ना र प्रयोग गर्ने पद्धती बसाल्ने परम्पराको विकास गर्नु जरुरी देखिन्छ । यसको लागी यस निकायले बेला बेलामा सरकारी र गैरसरकारी निकायहरुलाई समेत समावेश गरेर कार्यशाला र गोष्ठी गर्न सके पुलिस पब्लिक पार्टिसिपेसन राम्रो हुन सक्छ र यसले सबै सरोकारवाला निकायहरु सँग सहकार्य गर्न सजिलो हुन सक्छ । यस्तो कार्यमा यस कार्यालयबाट अनुभव प्राप्त पूर्वकर्मचारी र हाल बहालवाला कर्मचारीहरुको सञ्जाल खडा गरेर काम गर्न सकेमा यो र यसको कार्य अझ प्रभावकारी हुन सक्छ ।

विश्वमा गाँजा प्रतिको जनमतमा आमुल परिवर्तन आईसकेको छ, यस सन्दर्भमा लागू औषध नियन्त्रण ब्यूरोले आफ्नो धारणामा परिवर्तन गर्नुपर्ने देखिन्छ । हिजोको शुन्य सहनशिलताको जमानावाट आज De-criminalization, Liberalization, Harm Reduction, Drug Substitution, legalization जस्ता नारा लाग्न थालिसकेका छन, यसको परिणाम स्वरुप यसले आजको विश्वमा लागू औषधको समस्याको कहाबाट सुरु हुन्छ र यो कहाँ गएर अन्त्य हुन्छ भन्ने कुरा झिकी यसले संसारलाई नै अन्यौलको भुमरीमा जाकिदिएको छ । यि कुराहरु पनि लागू औषध नियन्त्रण गर्ने र कानुन कार्यान्वयन गर्ने निकायले पनि राम्ररी बुझ्ने र ध्यान दिनु पर्ने हुन्छ । अब यस्तो परिस्थिती नेपाल सरकारले र कानुन कार्यान्वयन ईकाई आफै कुन धरातलमा छ भन्ने कुराको निर्क्यौल गर्न सकेन भने लागू औषधको आपुर्ति नियन्त्रण, अपराध अनुशन्धानमा कसरी सफलता हासिल गर्न सक्ला ? यसरी हेर्दा नेपालको लागू औषधको आपुर्ति नियन्त्रण क्षेत्रमा नेपाल सरकार र यसको कानुन कार्यान्वयन निकायहरुले आफैले दिशा पहिल्याउन अति जरुरी भैसकेको छ ।

नेपाल प्रहरीले अपराध अनुसन्धानको लागी सि आई बी जस्तै यस निकायलाई अझ बढी स्वतन्त्रता दिएर अबैध खेती, (Licit/Illicit cultivation), अबैध परिस्कृत र उत्पादन (Licit/ Illicit processing, production), अबैध तरिकाले ओसार पसार र अबैध प्रयोग र ओसार पसार (Trafficking,) मुद्रा निर्मलीकरण र अबैध संम्पत्तीको सरकारीकरण (Money laundering, assets forfeiture), जस्ता कार्य क्षेत्रपनि यसको अन्तर्गत राख्ने वा त्यस्ता निकायहरु र लागू औषध नियन्त्रण ब्यूरोसँग संयोजन गर्ने वा यी निकायहरुको संयुक्त टोली बनाएर कारवाही गर्ने पद्धतीको विकास गर्न सके अझ प्रभावकारी हुन सक्छ, त्यसमा शङका छैन ।

विगत लामो समय देखि र विशेष गरी नेपालमा अबको दिनमा नेपालको लागू औषध नियन्त्रणमा थ्रीडी (3D) दिईएको खाका अनुरुप स्पष्ट धारणा र नीतिको विकास गर्न सके हालकै कानून कार्यन्वयन निकायहरुले पनि अझ प्रभावकारी रुपले काम गर्न सक्ने आशा लिन सकिन्छ । यस बाहेक, लागू औषध नियन्त्रण ब्यूरोले आफ्नो कार्य विधिमा अझ प्रभावकारीता ल्यउिनको लागी कार्य बिशिष्टिकरण गर्न पनि जरुरी देखिन्छ ।

# लागू औषध (नियन्त्रण) ऐन २०३३: अपराध अनुसन्धान र न्याय वितरणका दृष्टिकोणबाट केही विवेचना ।



**डा. युवराज सँग्रौला**
पूर्व महान्यायाधिवक्ता

**१. विषय प्रवेश :**

लागू औषध सेवन, बिक्रिवितरण, ओसारपसार र उत्पादन संगठित अपराधको एउटा 'अत्यन्त हानीकारक' रूप हो । यसले व्यक्ति, परिवार, समाज र राष्ट्र सबैलाई गम्भीर रूपमा प्रभावित गर्दछ । यसले समाजलाई 'क्षत विक्षत' बनाउछ । यसले राष्ट्रको सुरक्षालाई समेत प्रभावित गर्दछ । किनकी लागू पदार्थ सम्बन्धी अपराधले राज्यका पदाधिकारीलाई भ्रष्ट मात्र होइन, राष्ट्रका विरुद्धमा अपराध गर्ने संगिन अपराधी सम्म बनाउछ । एकाइसौ शताब्दीको अवस्था हेर्ने हो भने 'लागू औषधको सम्बन्ध आतंकबाद, अधिनायकबादको संरक्षण र राजनीतिक भ्रष्टाचार' सँग गहिरो रहेको हुन्छ । तसर्थ यो अपराध केवल 'अपराध' मात्र होइन, समाजको जरा नै हल्लाउने एउटा 'क्यान्सरयुक्त' रोग पनि हो ।

एउटा अचम्मको कुरा के छ भने आदिम पुरातन् समाजहरू लागू औषधका समस्याहरूबाट ग्रस्त थिएनन् । लागू औषधको दुर्व्यसन र यसको 'ओसारपसार' का समस्याहरू समाजको आधुनिकता सँग जोडिएका छन् । जतिजति समाज आधुनिक हुँदैछ, त्यति नै लागू पदार्थको दुर्व्यसन र ओसारपसारको समस्या बढिरहेको छ ।

दक्षिण अमेरिका देखि मंगोलिया सम्मका समाजमा यो एउटा गम्भीर अपराध र समाज विगठनको एउटा खतरा बनिरहेको छ । किन ? यसका धेरै कारणहरू छन । पुराना आदर्शवादी मूल्य र मान्यताको विगठन एउटा कारण हो । "यौन व्यापार सँग" लागू पदार्थको सम्बन्ध छ । 'यौन स्वच्छन्दता' को अबधारणा र चाहना यस सँग गाँसिएको छ । अर्थात् दुवै अवस्थामा कुनै बन्धनभित्र बस्न नचाहने व्यक्तिबादी उश्रृखंल चाहनाहरू 'लागू पदार्थको दुर्व्यसन' सँग गाँसिएका छन । तर यसका साथसाथै निरासा, पलायनवाद, र अकर्मन्यता जस्ता व्यक्तिका मनोग्रन्थी पनि यस अपराधसँग जोडिएका छन् । त्यसैले लागू औषध अपराधको परिभाषा निशेधित जैविक वा रासायनिक पदार्थको दुरूपयोग हो भनि गरियो भने त्यो परिभाषा संकिर्ण हुन जान्छ ।

**२. लागू औषध सम्बन्धी नेपाली कानुन, यसका कमजोरी र सकारात्मक पक्षहरू:**

२०३३ (वि.सं) सालपूर्व नेपालमा 'गाँजा र चरेस' सेवन र त्यस्ता लागूपदार्थको उत्पादनलाई अपराध मानिएको थिएन । गाँजा घरायसी 'मादक पदार्थ वा उत्पादन' आय आर्जनको वस्तु थियो । यसको सेवन मनोरन्जन र दबाई को रूपमा हुने गर्थ्यो । त्यसैले सन् १९६० को हिप्पीबादको केन्द्र नेपाल बन्यो । हजारौ पश्चिमी दिशाहीन र पथभ्रष्ट युवायुवती नेपालमा आउथे । उनीहरूको एउटै लक्ष्य थियो गाँजाको असिमित सेवनको अवसर । विस्तारै विस्तारै यस्ता परम्परागत लागू औषध सँगै नेपालमा "रासायनिक" लागू पदार्थहरूको दुव्यर्सन हुन थाल्यो र कानुनको निर्माणद्वारा यसमाथि नियन्त्रण गर्नुपर्ने अवस्था आयो ।

२०३३ सालमा पहिलो पटक लागू औषध (नियन्त्रण) ऐन जारी भयो । २०४३ सालमा पहिलो संसोधन २०४४ सालमा, दोस्रो संसोधन २०४८ सालमा न्याय प्रशासन ऐनबाट यसमा केही संसोधन २०४८ सालमा, केही नेपाल ऐन संसोधन गर्ने ऐन, २०५० सालमा तेस्रो संसोधन र २०५५ सालमा केही नेपाल ऐन संसोधन ऐन द्वारा मूल कानुनमा थुप्रै परिवर्तनहरू गरीए । गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानुन संसोधन गर्ने ऐन २०६६ बाट समेत यस ऐनमा केही परिमार्जन गरियो ।

यस ऐनले "लागूऔषध" को परिभाषा अत्यन्त व्यापक रूपमा गरेको छ । ऐनको दफा ३ को खण्ड(क) ले गाँजा, औषधीपयोगी गाँजा, अफिम, तयारी अफिम, वा कोकाको सारतत्व, मिश्राण वा लवण समेत मिसाई तयार पारीने कुनै पदार्थ र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको प्राकृतिक वा कृतिम लागू औषध तथा मनोद्विपक पदार्थ र तिनका लवणहरू तथा अन्य पदार्थलाई लागूपदार्थको रूपमा परिभाषा गरेको छ । परिभाषा अत्यन्त व्यापक छ । अर्थात जुनसुकै वस्तुलाई आवश्यकता अनुसार नेपाल सरकारले 'लागूपदार्थ' का रूपमा परिभाषा गर्न सक्ने अवस्था छ ।

२.१ यस्ता लागू पदार्थको उत्पादन, बिक्रिवितरण, ओसारपसार, निकासी पैठारी वा संचय जस्ता कार्यहरू ऐनको दफा ४ ले निषेध गरेको छ। अर्थात, यस्ता कार्यहरू गर्ने कार्यलाई 'अपराधको रूपमा परिभाषा' गरीएको हुँदा, यस्ता कार्यहरू दण्डनिय कार्य हुन्। कानुनले 'यस्ता बस्तुहरू औषधी' को रूपमा प्रयोग गर्न भने निशेध गरिएको छैन। (दफा ५)।

२.२ बहिरक्षेत्रीय प्रयोग : थोरै कानुनहरू मात्र नेपालमा 'नेपालको सरहद' भन्दा बाहिर गरीएका अपराधमा लागू हुने गरी बनाईएका छन। ती मध्ये यो ऐन पनि एक हो। ऐनको दफा २(१) ले व्यवस्था गरे अनुसार 'यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशका विरुद्ध हुने गरी नेपालबाट वा नेपाल भित्र कुनै लागूऔषध निकासी वा पैठारी गरी विदेशमा बसी व्यापार गर्ने नागरीक विदेशीलाई समेत यो ऐन लाग्छ'। यस व्यवस्थालाई यसरी बुझ्न सकिन्छ :

- कुनै मानिसले नेपालभित्र लागू औषध पठायो भने उ जुनसुकै देशको नागरीक भएपनि पक्राउ परेका वखत उसमाथि कानुनी कार्वाही हुन जान्छ।
- कुनै मानिसले नेपालभित्रबाट लागू औषध पठाएकोमा पनि जुनसुकै मानिस माथि कानुनी कार्वाही हुन्छ। अर्थात, अपराधको स्थान 'काईम लोकस' जहाँसुकै भएपनि नेपाली नागरीक माथि कार्वाही हुन्छ। र नेपाल भित्र लागू औषध पठाउने जुनसुकै विदेशी नागरीक माथि पनि कार्वाही हुन्छ। बहिरक्षेत्रीय प्रयोग कानुनमा असमान्य अवस्था मानिन्छ। तर यसो नगर्दा अपराधको नियन्त्रण गर्न सम्भव हुँदैन।

२.३ केही खास व्यवस्थाहरू : यस ऐनले केही महत्वपूर्ण व्यवस्थाहरू गरेको छ। यी व्यबस्थालाई हेर्दा यो ऐन 'कताकता मानव स्वतन्त्रता विरोधी वा निरंकुश कानुन जस्तो देखिन्छ।' जस्तै :

(क) लागू औषध नियन्त्रण अधिकारीले वारेण्ट जारी गर्न सक्ने व्यवस्था दफा ७ ले गरेको छ। यस्तो अधिकारी न्यायिक अधिकारी होइन। तसर्थ न्यायिक मर्मको उल्लङ्घन हुन सक्ने खतरा रहन्छ। तरपनि लागू औषधको नियन्त्रणको लागि यस्तो अधिकारलाई आवश्यक मानिन्छ (दफा ७)।

(ख) दफा ८ ले विना वारेन्ट प्रवेश, खानतलासी, कब्जा र गिरफ्तार गर्ने अधिकार प्रहरी अधिकृतलाई दिएको छ। यो अधिकार व्यापक छ र यसको प्रयोग पनि अकुण्ठित रूपमा हुन सक्ने अवस्था छ। अर्थात दुरूपयोग हुन सक्ने खतरा छ। तर पनि यस्तो अधिकारको आवश्यकता रहेको छ।

(ग) आर्थिक कारोवारको विवरण माग गर्न सक्ने अधिकार दफा ८(क)ले दिएको छ। प्रचलित कानुनमा जुनसुकै व्यवस्था गरीएको भएतापनि अनुसन्धान अधिकारीले कुनै पनि व्यक्ति वा संस्थाबाट आर्थिक विवरण माग गर्न सक्ने अधिकार दिएको छ। (दफा ८क)।

(घ) यी अधिकारका अतिरिक्त अन्य विभिन्न अधिकारहरू समेत अनुसन्धान अधिकारीलाई प्राप्त छन्।

२.४ प्रमाणको भार : लागूऔषध (नियन्त्रण) ऐन को दफा १२ ले प्रमाणको भारका बारेमा प्रचलित नेपाल कानुन भन्दा फरक व्यवस्था गरेको छ। दफा १२ मा भनिएको छ :

"कुनै व्यक्तिको साथमा कुनै लागू औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भएरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागू औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधी पुगीसकेको कुनै पदार्थ फेला परे वा कुनै पदार्थबाट लागू पदार्थ औषध उत्पादन गरीएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेश गर्नु पर्ने छ।"अन्यथा त्यस्तो कार्य अपराध मानीने व्यवस्था छ।

यस व्यवस्थालाई सकारात्मक एवं नकारात्मक दुवै अवस्थामा हेर्ने गरीएको पाईन्छ। तर न्यायका केही आधारभुत सिद्धान्तलाई हेर्ने हो भने, यस दफाको न्यायिक औचित्यता पुष्टी गर्न सकिँदैन।

(क) "स्वच्छ एवं निस्पक्ष" न्याय प्रणालीका सिद्धान्त बमोजिम अपराध पुष्टी गर्ने दायित्व राज्यमा रहन्छ। अपराधको पुष्टि गर्ने दायित्व अभियूक्तमा राखिदिँदा, अनुसन्धानको प्रक्रिया फितलो हुन जान्छ। यस व्यवस्थाले यस्ता अपराधमा "प्रमाण खोज्ने" प्रहरीको सकृयतामा ह्रास आउँछ भन्ने मानिन्छ।

### ३. निष्कर्ष :

उपरोक्त कतिपय कमजोरी र समस्याका बाबजुद यस ऐनको प्रभावकारी कार्यान्वयन भएको देखिन्छ। नेपाल सरकारले यस ऐनको कार्यान्वयनमा एउटा छुट्टै "कानुन कार्यान्वयन" इकाईको गठन गर्नु ऐनको सफल कार्यान्वयनका एउटा कारण हो। नेपाल दुई विशाल आर्थिक बजार र जनसंख्याका भएका राष्ट्रहको बीचमा अवस्थिते छ। अत: लागूऔषध कारोबारको केन्द्र बन्न सक्ने जोखिम नेपालमा ठूलो छ। अत: यस सम्बन्धमा विशेष ऐन रहनु र त्यसमा कतिपय "कठोर व्यवस्था रहनुलाई " अस्वभाविक मान्न सकिन्न।

# मानव जीवनको कर्तव्य र लागू औषध



**रण बहादुर चन्द**
प्रहरी नायव महानिरीक्षक

प्रकृतिमा रहेका विभिन्न तत्वहरुको समिश्रणबाट अदृश्य शक्तिको संयोजनमा मानव शरीरको रचना भएको हुन्छ । प्राणी मात्रमा आत्माको रुपमा भगवानको अंश रहेको सम्पूर्ण मानव जातीको विश्वास छ । मानव जातिका लागि यो कर्मप्रधान संसार हो, जहाँ कर्म गरे पछि केहि न केहि फल अवश्य पाईन्छ । ईश्वरको चाहना हो कि मानवले पृथ्वी लोकमा भगवानको चाहना बमोजिम कार्य गर्दै जाओस्, जसबाट ईश्वर आफ्नो कल्पना अनुसारको परिक्षणमा सफल होस् । त्यसैले भगवानले आफ्नो सर्वोत्कृष्ट कर्मयोगी अवतार मानव को श्रृष्टि गरेको होला । भनिन्छ, स्वर्गमा आफ्नो कर्मबाट आर्जित फलको भोग गर्ने मात्र सुविधा छ । कर्म गर्ने अवसर पृथ्वी लोकमा मात्रै छ त्यो पनि मानव जातीले मात्र परिवर्तनशील कार्य गर्न सक्छ । त्यसैले मानव जातीलाई सर्बोत्कृष्ठ प्राणीका रुपमा लिईन्छ ।

जीव शास्त्रीहरुले मानव जीवनका बारेमा जे जति बिज्ञान र सिद्धान्त प्रतिपादित गरे पनि उठेका टिप्पणीहरुको बैज्ञानिक जवाफ दिन सकेका छैनन । अहिले पनि धर्म, संस्कृति र जन विश्वास छ कि हाम्रो जीवन ईश्वरको योजनावद्ध कार्यको फल हो । मानिसको शरीर, आत्मा, हृदय र मष्तिष्क बारेमा हाम्रा धर्म शास्त्रहरुमा परिकल्पना यस्तो गरिएको छ ।




यो भौतिक शरीर हामीले मातृभूमी र प्रकृतिबाट ऋण लिएका तत्वहरुको संयोजनबाट बनेको छ । ऋण लिएका बस्तुहरु यस लोकबाट आफु सँगै लिएर जान सकिदैन, जुन तपाई हाम्रै आँखा अगाडी सत्य छ । आफुले आफैंलाई सोध्दा पनि जवाफ पाईन्छ कि “म” भनेको यो शरीर होईन, “म” शरीर भन्दा पृथक हुँ । शरीर मेरो कार्य यन्त्र मात्र हो । यसबाट मैले कर्मभूमीमा कर्म गर्नु पर्छ । कुनै पनि कर्म गर्नका लागि जानकारी हाँसिल गर्न यो शरीरमा ईन्द्रिय र केन्द्रियहरुको संरचना राखिएको हो ।

अत: शरीरको सहायताबाट जीवनकालमा केही कर्तब्यहरु पुरा गर्नु पर्छ । जीवनका अनेक कर्तव्यहरु छन । जसलाई हामिले जिम्मेवारिका




रुपमा स्वीकारेका छौं ।

ति जिम्मेवारीहरु हामीले जीवनकालमा नै पुरा गर्न सक्नु पर्दछ । कर्तव्यहरु पुरा नभएको जीवन अधुरो हुन्छ । सबै कर्तव्यहरु सफलतापूर्वक सम्पादन गर्न सकेको खण्डमा मात्रै जीवन सफल रहेको मानिनेछ ।

हाम्रो शरीरमा ईश्वर, माता-पिता, प्रकृति, गुरु समाज र मातृभूमीको लगानी भएको छ । शरीरमा आत्मा भगवानको अंश रहेको, माता पिताले हामिलाई जन्माएको, प्रकृतिले जन्मिन हुर्किन वातावरण प्रदान गरेको, गुरूले हामीलाई बिद्वता प्रदान गरेको, समाज क्रियाकलाप गर्ने ठाँउ र मातृभूमि हाम्रो अन्नदाता, पालक, आश्रय स्थल हो। उहाँहरुको सहयोगले हाम्रो जीवन यो अवस्थामा छ । अन्यथा हाम्रो जीवन अहिलेको अवस्थामा सायद हुदैनथ्यो होला । हाम्रो जीवनलाई योग्य बनाउने ईश्वर, माता-पिता, प्रकृति, गुरु समाज र मातृभूमीका लागि हामीले केही गर्नु पर्ने जिम्मेवारी हाम्रो काँधमा छ ।

संसारका प्राणीहरु सबैको जीवनकाल छ । आहार, निन्द्रा, भय र मैथुन प्राणी सबैमा हुन्छ । ईश्वर र प्रकृतिले मानिसलाई विवेक र संचार क्षमता युक्त बनाई अरु प्राणी भन्दा फरक गरेको छ । मानव भएर हामीले यो फरक के हो ? र केका लागि हो भनेर बुझ्नै पर्छ । मानिसको मस्तिष्क अरु प्राणीको भन्दा बढी बिश्लेषण गर्न सक्छ, बढी बिवेक छ, उत्कृष्ठ संचार क्षमता छ, यो यथार्थपरक तर्क हामीले गर्न सक्छौं । तर के यस फरकबाट हामीले हाम्रो जीवन अरु प्राणीको भन्दा फरक बनाउन सकेका छौं ? वा हामी पनि अरु प्राणीले जस्तै खाने, डुल्ने, आराम गर्ने, बच्चा जन्माउने, घर बनाउने र अहंकार, काम, क्रोध, लोभ, मोहमा मात्रै सिमित राखी समय व्यतित गरि रहेका छौं ? राम्रो काम गर्नकै लागि भगवानले हाम्रो आत्मालाई मानिसको चोलामा जन्माएको छ । भगवानको चाहना अनुरुप पनि यस धर्तीमा

राम्रा कामहरु गर्न हामीले मानवीय क्षमताको सही सदुपयोग गर्नै पर्दछ। तर जीवनको रचना मात्र अति विशिष्टम होईन, यसलाई कर्म द्धारा हामीले अति विशिष्टह बनाउनु पर्दछ। हामीमा कर्म गर्ने क्षमता निहित गरिएको छ । हामी कर्मयोगी प्राणी हौं । हामीले ईश्वरको चाहनालाई साकार पार्न मानव जीवनका लागि निर्देशित कर्महरु गर्नु पर्दछ । ईश्वरको ईच्छा पनि यही हो, जुन हाम्रो कर्तव्य हो । यस लोकमा सत्य कामहरु भईरहेका छन । कर्म गरे सो अनुसारको फल पाईन्छ नगरे सो अनुसारको फल पाईन्छ ।

संसारमा मानव जीवनका ती योद्धाहरुले यी कामहरु गरि राखेकै छन । यो विषय सबैका लागि पनि सोचनीय विषय हुनु पर्दछ। हाम्रा पृथक पृथक रुपमा हामीले आ-आफ्नो स्थानबाट ईश्वर, माता-पिता, प्रकृति, गुरु समाज र मातृभूमीका लागि केही गरेका पनि छौं होला । तर त्यस पृथक प्रयासले हामीले शरीरमा ईश्वर, माता-पिता, प्रकृति, गुरु समाज र मातृभूमीको लागि केही गर्न सकेनौं भने हामीमा त्यो ऋण रहन्छ । मृत्यू सैयामा भएको बेला यमराजले यदि हामिलाई के गरिस भन्दा पनि हामिले समाजका लागि यो गरे भन्ने चित्त बुझ्दो जवाफ हुनै पर्दछ । जीवनका कर्तव्य भित्रका ६ वटा क्षेत्रका कामहरु मध्ये समाजको विकासका लागि लागू औषध मुक्त समाज निर्माणको अभियानमा जुटनु पनि एक हो ।लागू औषध मुक्त समाजको विकास उत्कृष्ट समाज निर्माणको पहिलो खुटकिला मानिन्छ ।

बर्तमान समयमा लागू औषधको समस्या विश्वमा सवैभन्दा ठूलो चुनौतीको रुपमा देखापरेको छ । कुनै पनि विकसित, विकासोन्मुख, अल्प-विकसित राष्ट्र यो समस्याबाट अछुतो रहन सकेको छैन । पछिल्लो समायमा लागू औषधको माग अत्याधिक रुपमा वृद्धि भैरहेको छ। अति राम्रो मुनाफा आर्जन गर्न सफल यसको कारोवार अन्तर्राष्ट्रिय रुपमा फैलिएको छ ।

लागू औषधको अवैध ओसार-पसार र दुर्व्यसन सर्वपक्षीय सरोकारको विषय हो। यो समस्या कुनै पनि स्थान वा क्षेत्र विशेषको समस्या मात्र नभई मानव समुदायकै सामूहिक समस्याका रुपमा रहेको समस्या हो। नेपाल लगायात विश्वका कुनै पनि राष्ट्र यस समस्याबाट अछुतो रहन सकेका छैनन् । नेपालमा सन् १९६० को दशक देखि हिप्पी सँस्कृतिको आगमनका साथै लागू औषधको समस्या जटिल हुँदै गएको देखिन्छ। सन् १९६० को उत्तरार्धसम्म लागू औषध (Narcotics) को दुरुपयोग तथा ओसार-पसार केहि अफिम जन्य खोकी औषधी र मनोद्विपक पदार्थ (Psychotropic Substance) मा मात्र सीमित रहेकोमा सन् १९९० को दशकको सुरुवात देखि लागू तथा मनोद्विपक पदार्थ (Narcotics and psychotropic Substances) को दुरुपयोग युवायुवतीमा बढ्दै गएको पाइन्छ। सजिलै उपलव्ध हुने, कम मूल्य पर्ने र लामो समयसम्म असर गरी रहने भएकोले लागू औषधको दुर्व्यसन बढ्दै गएको देखिएको छ।

नेपालमा लागू औषधको अवैध ओसार-पसारमा संलग्न संगठित गिरोहको गतिविधि सिमावर्ती क्षेत्रमा झन बढ्दै गएको देखिन्छ। स्थानीय स्तरमा उपभोग हुने वा नेपाल हुँदै अन्य मुलुकमा अवैध ओसार-पसार हुने हेरोइन स्थल मार्ग र हवाई मार्ग हुँदै नेपालमा आउने गरेको छ । अफिमको उत्पादन तथा ओसार-पसारको केन्द्रविन्दु मानिएको Golden Triangle र Golden Crescent नजीक रहेको नेपालको भौगोलिक अवस्थितिका कारण पनि अन्तर्राष्ट्रिय संगठित गिरोह (Drug Mafia) ले अवैध कारोवारका पारवहन विन्दुको रुपमा नेपालको भूमिलाई प्रयोग गरी रहेका र भविष्यमा अझ बढी गर्न सक्ने संभावना प्रवल देखिन्छ ।

हाल विश्वमा सवैभन्दा चिन्ताको विषय लागू पदार्थको बनाउने विभिन्न सहायक रसायनहरु (Precursors) को प्रयोगलाई समेत लिने गरी एको छ । विभिन्न उद्योगहरुका लागि आवश्यक पर्ने कुनै रसायनमा अन्य कुनै रसायन सँग मिश्रण गरेमा त्यसले विभिन्न किसिमका लागू औषधको रुप लिन्छ, जस्तो औषधी उद्योगहरुमा आवश्यक पर्ने सहायक रसायनहरु Precursors बाट कडा किसिमको Methamphetamine जस्ता लागू औषधीहरुको निर्माण हुन्छ ।

नेपालमा लागू औषधको व्यापक रुपमा सेवन र अवैध कारोवार गर्ने गरिएको विभिन्न अनुसन्धानहरुबाट खुल्न गएको छ। नेपालमा हेरोइन, चरेश, अफिम लगायतका लागू औषधहरु प्रतिवन्धित छन् । जाँड, रक्सी लगायतका लागू पदार्थहरु सामाजिक साँस्कृतिक रुपमा नै स्वीकृत मानिन्छन भने होली, शिवरात्री जस्ता चाडपर्वहरुमा गाँजा सेवनलाई छुट दिएको हो की भन्ने देखिन्छ तर ती पदार्थहरु जुनसुकै पर्वका नाममा सेवन र कारोवार गर्न कानूनले छुट भने दिएको छैन । नेपालमा जातजातिका आधारमा लागू औषधको प्रयोग गर्ने र नगर्ने गरेको पनि पाइन्छ । कतिपय जातजातिमा जाँड रक्सी लगायतका मादक पदार्थ सेवनलाई धार्मिक र सांस्कृतिक रुपमा नै छुट स्वीकारेको पाइन्छ ।

नेपालको हालको अव्यवस्थित शहरीकरण, संगठित अपराधिक संजालको प्रभावमा वृद्धि, तथा कथित आधुनिकीकरणको विस्तार, बेरोजगारी आदिका कारणले हालका दिनमा लागू औषधको दुर्व्यसनी र कारोबार व्यापक रूपमा वृद्धि भएको पाइन्छ । काठमाडौं उपत्यका, पोखरा, धरान लगायतका मुख्य मुख्य शहरी क्षेत्र तथा खासगरी नेपाल-भारत सीमावर्ती शहरहरुमा यो समस्या बढ्दो मात्रामा रहेको पाइन्छ । खासगरी जोखिम समूहका युवायुवतीमा लागू औषधीको दुरुपयोग तथा दुर्व्यसनको प्रवृत्ति बढिरहेको छ भने विगतमा गाँजा, चरेश र हेरोइन सेवनमा सीमित रहेको लागू औषध प्रयोग गर्न थालेको पाइन्छ । बिभिन्न औषधीको प्रयोग र दुर्व्यसन गर्ने विधिमा आएको परिवर्तनका कारण लागू औषध प्रयोगकर्ताहरु र विशेष गरि युवाहरुमा कुपोषण, रक्तअल्पता, हेपाटाइटिस, यौनजन्य रोग र एच. आई. भी. एड्स जस्ता खतरनाक रोगबाट संक्रमित हुने क्रम बढ्दै गएको छ ।

लागू औषधको कुलतले विशेष गरी महिला तथा किशोर उमेरका व्यक्तिहरु बढी मात्रामा प्रभावित रहेको पाइन्छ। दुर्व्यसनको लतमा फसेका महिलाले पारिवारिक र सामाजिक बहिष्कारको सामना गर्नुपर्ने भएकोले उनीहरुमा यस विषयमा कसैलाई जानकारी नगराउने प्रवृति बढेको देखिन्छ । अधिकांश महिला लागू औषध प्रयोगकर्ताहरुले आफ्नो कूलतलाई निरन्तरता दिन देहव्यापार र लागू औषधको कारोवारलाई

आफ्नो आयको माध्यम बनाएको पाइन्छ। त्यसैले महिला लागू औषध प्रयोगकर्ता यौनकर्मीहरुमा एच. आई. भी. संक्रमण उल्लेखनीय रुपमा बढीरहेको विभिन्न अध्ययनले प्रष्ट गरेको छ। सामाजिक प्रतिष्ठाको डरले कतिपय अवस्थामा छोरा छोरीको दुर्व्यसन अभिभावकले नै ढाकछोप गर्ने गरेको पाईएको छ।

यो लागू औषधको सामाजिक समस्या समयमा नै निराकरण गर्न नसकिएमा राष्ट्रले उत्पादनशिल र सिर्जनशिल युवा जनशक्ति गुमाउनुका साथै आपराधिक क्रियाकलाप पनि बढ्ने पक्का छ। यस प्रयोजनका लागि लागू औषधको उत्पादन तथा ओसार-पसारको वदलिदो स्वरुप र प्रवृतिलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धिको भावना अनुरुप कानून निर्माण एवं परिमार्जन गरी कानून कार्यान्वयनलाई अझ बढी सुदृढ, सक्षम साधन सम्पन्न तुल्याउन अपरिहार्य भएको छ।

लागूऔषधको रोकथाम नियन्त्रण गर्नु हामी सबैको दायित्व हो। यसको रोकथाम र नियन्त्रणमा हामी लागेनौं भने समाजका होनहार युवाहरु यसको लतमा फस्न जाने अति नै बढी सम्भवना रहन जान्छ। भावी पुस्ताका ती योग्य नागरीक लागू औषधमा फसेपछी देश र समाजमा चाहिने प्रभावशाली व्यक्तिहरुको अभाव हुन जाने छ। समाज र राष्ट्रण जुन गन्तव्य तर्फ अगाडी तर्फ बढ्नु पर्ने हो त्यता नगई अवाञ्छि त दिशा तर्फ जाने छ। तपाई हाम्रो चाहाना र आकांक्षा हाम्रा सन्तानहरुले पुरा गर्न नसक्ने अबस्था आउन सक्ने छ। लागू औषधको दुर्व्यसन एक सरुवा रोग नै हो। यसको बिकृति बढ्दै गयो भने जो पनि जुन सुकै बेला यसको समस्याबाट ग्रसित हुन हुन सक्छ। एक पटक शान्त मनले एकान्तमा बसी आफुले आफैलाई प्रश्न गरौ कि विकसित देशहरुले यस क्षेत्रमा व्यापक अध्ययन गरी किन त्यती धेरै जनशक्ती र साधन स्रोत खर्च गरिराखेका होलान ? यदि यो क्षेत्रले समाजमा खतरानक प्रभावहरु पार्दैनथ्यो भने सायद यस कार्यमा फजुल खर्च कसैले पनि गर्दैनथ्यो। अत, नेपालमा लागू औषधको दुर्व्यसन, खेती, उत्पादन वसार पसार, सञ्चय र विक्री वितरणलाई रोकथाम र नियन्त्रण गर्न नेपाल सरकार, सम्बन्धित निकायमा, रणनितिक र कार्यन्वयन तहमा रहेका सबै व्यक्तीहरु पनि मन बचन र कर्मले सामाजिक उत्थानको यस महान कार्यमा लाग्नै पर्छ। हामी यस कार्यमा अग्रसर नहुनु, कुनै प्रकारको शिथिलता देखाउनु वा अनावश्यक विवाद गरि रहनु पनि लागू औषधको रोकथाम र नियन्त्रण कार्यलाई प्राथमिकतामा नराखेको देखिन्छ।

हाल लागू औषध र नियन्त्रित औषधिहरुको दुर्व्यसनको रोकथाम र नियन्त्रणमा लागेका नेपाल सरकार, गृह मन्त्रालय, नेपाल प्रहरी, लागू औषध नियन्त्रण व्यूरो, लागू औषध नियन्त्रण कार्यक्रम औषधी व्यवस्था विभाग स्वास्थ्य मन्त्रालय मातहतका कार्यालयहरु र नीजि क्षेत्रमा सञ्चालित औषधी व्यवसायीहरु पुर्नस्थापना केन्द्रहरुले लागू औषधको रोकथाम नियन्त्रण तथा पुर्नस्थापनाको कार्यमा लागेको देखिन्छ। लागू औषध नियन्त्रणको कार्यमा अहिलेको संरचनाले जुन उपलब्धिका सूचकहरु देखाएको छ, त्यसमा प्रभवकारिता ल्याउन लागू औषध नियन्त्रण ऐन २०३३ शंसोधनको क्रममा छ।

नेपाल लागू औषध सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र हो। ति अन्तर्राष्ट्रिय महासन्धिहरुले गरेका प्रतिबद्धतालाई कार्यान्वयन गर्ने प्रयोजनका लागि गठित राष्ट्रिय संयन्त्रलाई अझ प्रभावकारी बनाउन एवं लागू औषध प्रयोगकर्ताको मानव अधिकारको संरक्षण गर्दै हालका दिनहरुमा लागू औषधको प्रयोगमा देखापरेका विविध जटिलताहरुलाई संवोधन गर्न सक्ने गरी मौजुदा लागू औषध नियन्त्रण ऐन २०३३, लागू औषध राष्ट्रिय नीति २०६३, लागू औषध राष्ट्रिय रणनीति २०६६ लगायतका नीति तथा कानूनहरुमा समसामयिक सुधारको खाँचो देखिएको छ।

अहिले संशोधनमा रहेको लागू औंषध ऐन २०३३ संसोधनमा आएपछि सो ऐन र नियमावलिमा हाल देखा परेका समस्याहरु (व्यूरोको पुनसंरचना गर्नु पर्ने अवस्था, लागू औषध नियन्त्रण व्यूरोलाई  अपूर्ति नियन्त्रण र चेतनामूलक कार्यक्रम समेत गर्न पाउने व्यवस्था, लागू औषध नियन्त्रण व्यूरोलाई आवश्यक अलग्गै बजेट नछुट्टीने अवस्था, लागू औषध रोकथाम र नियन्त्रणको संरचनाको स्वरुपमा व्यापकता ल्याउनु पर्ने, औषधी कम्पनीहरुले ल्याउने सहायक केमिकल -प्रिकर्सर, लागू औषधको कारोवारमा प्रयोग भएको अवस्था देखिएकोले यसको प्रभावकारी अनुगमनको व्यवस्था, लागू औषध बारेको आवश्यक जानकारी दिने व्यक्तीलाई जानकारिको सत्यता प्रमाणित हुना साथ पुरस्कार दिन नसकेको अवस्था, राज्यले प्रत्येक क्षेत्रमा पुनर्स्थापना केन्द्र स्थापना गर्न नसकेको अवस्था, पुर्नस्थापना केन्द्रहरुको अनुगमन र नियमन प्रभावकारीरुपमा गर्न नसकिएको अवस्थाहरु लाई संबोधन गरिनु पर्ने अनिवार्यता छ। सबैलाई यस बिषयमा बढी जागरुक र दृढ संकल्पित बनाउन शंसोधन हुने ऐन नियमावलीमा नेपालबाट वाहिर जानु पर्दा, सवारी चालक अनुमति पत्र लिंदा वा रिन्यू गर्दा, हातहतियारको ईजाजत पत्र लिंदा वा रिन्यू गर्दा, कुनै सार्वजानिक पदमा वहाल रहँदा वा सरकारी तवरमा जनप्रतिनिधिको रुपमा रहने हरेक व्यक्तिलाई पनि मेडिकल रिपोर्ट सँगसँगै नार्कोटिक टेस्ट रिपोर्टपनि लिनु पर्ने अनिवार्यता भएमा लागू औषध नियन्त्रणको अभियानले बढि महत्व पाउँनेछ।

यसका साथै हरेक अविभावक, सचेत नागरिकहरुले पनि आत्मालाई साक्षी राखी आ-आफ्नो ठाँउबाट लागू औषधको बिरुद्धमा काम गर्नै पर्ने हुन्छ। त्यस्तै विद्यालय, कलेज, होस्टेलहरुले ती संस्थाहरुमा विद्यार्थीहरुलाई त्यस्ता कूलतमा लाग्ने रतिभर पनि संभावना नरहेको र आफुहरु लागू औषधको बिरुद्धमा छौ भन्ने कुराको उदाहरण सहित प्रस्तुत गर्न सक्नु पर्दछ। सम्पूर्ण सचेत देशवासीहरुले लागू औषध मुक्त समाज स्थापनाको कार्य आफ्नो मानव जीवनको कर्तव्य हो भनि सहकार्यमा जुट्ने हो भने मात्र स्वस्थ्य र सुन्दर समाजको कल्पना साकार हुनेछ। हरेकले आफ्नो मानव जीवनमा एउटा उल्लेखनीय उपलब्धि हाँसिल गर्ने छन। हरेक व्यक्तिको जीवनको अमुल्य उपलब्धि समाज र राष्ट्रले पाउनेछ। साथसाथै ईश्वर, माता-पिता, प्रकृति, गुरु र मातृभूमी प्रतिका जिम्मेवारीहरु तर्फ पनि हामी अग्रसर रहेको मानिनेछौं।

# अवैध लागू औषधको केन्द्र बिन्दु लुम्बिनी अञ्चलः एक विवेचना



**प्र.व.उ. गणेश के.सी.**
अञ्चल प्रहरी कार्यालय लुम्बिनी

लागू पदार्थ र लागू औषधको उत्पादन, ओसार पसार, सेवन, विक्री वितरण र दुरुपयोग विश्वव्यापी समस्याको रुपमा दिन प्रतिदिन चुनौतीको रुपमा देखा परी रहेको छ । कानून कार्यान्वयन गर्ने निकायको निम्ति राष्ट्रिय चुनौतीको रुपमा मात्र नभएर अन्तर्राष्ट्रिय समस्याको रुपमा समेत यसलाई हेरिदै आएको पाईन्छ ।

नेपालको सन्दर्भमा पनि  पदार्थको उत्पादन, विक्री वितरण, सेवन र यसले समाजमा पुऱ्याएको क्षतिको असर विकराल हुंदै गईरहेको महशुस हुन थालिसकेको छ । दुई दशक अघि सम्म समाजका केही वर्ग र क्षेत्रका जनतामा सीमित रहेको लागू औषध सेवनको प्रवृति अब देशका कुनाकुना सम्म र सबै क्षेत्र, वर्ग र जातका युवाहरुमा दुर्व्यसनको रुपमा विस्तार भएको पाईन्छ । लागू औषध र लागू पदार्थको सेवनबाट दुर्व्यसनी भएका हजारौ हजार युवाहरु, यिनीहरुका अभिभावक तथा समाज पीडित भईरहेको तीतो यथार्थ हाम्रो सामु पहाडको रुपमा तेर्सि रहेको छ ।  औषध र लागू पदार्थको दुर्व्यसनबाट कलिला युवाहरु आक्रान्त भएको समाजका सबै क्षेत्रहरुमा देख्नु परेको विवशता हामी सबैको निम्ति लाजमर्दो देखिन्छ । हामी कहा चुकी रहेका छौ ? यसको उत्पादन, सेवन नियन्त्रण र कानूनी कारवाहीको राष्ट्रिय नीतिको कार्यान्वयन किन प्रभावकारी हुन सकेन भन्ने विषयमा सरोकारवला सबै निकायको ध्यान आकर्षित हुन जरुरी छ ।

लागू पदार्थ र लागू औषधको कारोवार सहज पहुंच र दुर्व्यसनको दृष्टिकोणले लुम्बिनी अंचललाई उच्च प्रभावित तथा यहाँका युवाहरु उच्च जोखिममा रहेका छन् । पश्चिमाञ्चल तथा मध्य पश्चिमाञ्चल क्षेत्रका पहाडी जिल्लाहरुमा प्राकृतिक रुपले उत्पादन हुने गांजा र सोबाट उत्पादन हुने चरेश तथा भारतीय सीमावर्ति बजारमा सजिलै प्राप्त गर्न सकिने औषधीजन्य लागू पदार्थहरु, लागू औषधहरु तथा संगठित अपराधीहरु मार्फत सीमावर्ती क्षेत्रमा पाईने Hard drugs यस क्षेत्रको निम्ति ठूलो चुनौतीको रुमा देखा परेको पाईन्छ ।

लागू पदार्थ र औषधी जन्य लागू औषधीको उत्पादन विक्री वितरण सन्चय र सेवनको विषयमा हाल सम्मको बुझाई ऐकांकी रहेको छ । यसको कानून कार्यान्वयन, नियन्त्रण, पुर्नस्थापनमा विभिन्न सरोकारवाला निकायहरुको महत्वपुर्ण भुमिका भए पनि प्रहरीलाई मात्र मुख ताक्ने प्रवृति रहेको पाईन्छ । लागू पदार्थ र लागू औषधको विक्री वितरण र सेवनबाट व्यक्ति, समाज, देश र विश्वजगतलाई समेत पर्ने नकारात्मक असरको लेखाजोखा भए अनुरुप जब सम्म यस सम्बद्ध सबै व्यक्ति र सरोकारवाला निकायका बीच समन्वयात्मक र प्रभावकारी कार्यक्रम संचालन हुदैन तब सम्म यसको समस्यासंग जुध्न सकिदैन ।

लुम्बिनी अंचलका भारतीय सीमा जोडिएका ३ जिल्लाहरु नवलपरासी, रुपन्देही र कपिलवस्तुबाट भित्रिने औषधीजन्य लागू औषध र ज्बचम मचगनक को समस्या एकातिर छ भने मध्य पहाडी जिल्लाहरुमा उत्पादित गांजा र सोबाट उत्पादन हुने चरेश तथा स्थानिय उत्पादनका मदिराहरु समेत चुनौतिको रुपमा देखिदै आएको छ । यी जिल्लासंग सीमा जोडिएका बजारहरुले यसै क्षेत्रका पोखरा, बाग्लुङ्ग लगायतका पहाडी जिल्लाका सदरमुकामहरुको माग समेतलाई आपुर्ति गर्दै आएको पक्राउ भएका व्यक्तिहरुबाट बुझिन आएको छ ।

समग्रमा लागू पदार्थको उपभोग माग र आपुर्ति पक्षलाई आधार बनाएर रणनीति र राष्ट्रिय नीति तयार भएपनि कार्यान्वयन तहमा आईपुग्दा कानून कार्यान्वयनमा मात्र सीमित भएको देखिन्छ । पक्राउ र कानूनी कारवाहीले मात्र लागू औषधको धरापबाट देश, समाज र युवालाई मुक्त गर्न नसकिने यथार्थ घाम जति कै छर्लङ्ग भईसकेको छ । यस क्षेत्रमा देखा परेको चुनौति संग सामना गर्न स्थानिय र राष्ट्रिय स्तरको प्रयास मात्र पर्याप्त हुने देखिदैन, यसको निम्ति अन्तर्राष्ट्रिय सहयोग समन्वय र प्रतिवद्धता समेत त्यतिकै जरुरी छ, अन्यथा यसको प्रभावकारीता कमजोर हुने देखिन्छ ।

पक्राउ भएका अधिकांश व्यक्तिहरु सेवनकर्ता रहेको र माथि उल्लेख गरिएका शहरका विक्रेताहरुले उनीहरुको मजवुरीको फाइदा उठाई

ती दुर्व्यसनीहरुलाई भरियाको रुपमा प्रयोग गर्ने गरेको पाईएको छ । यसले के देखाउछ भने संगठित रुपमा लागू औषधको कारोवार गर्ने गिरोह सक्रिय छ, त्यसले दुर्व्यसनीहरु प्रयोग गरी लागू औषधको ओसार पसार गरिरहेको प्रमाणित हुन्छ । अनुसन्धानको पहुंच तहा सम्म पुग्न सकेको छैन । तीन आ.व.का तराईका ३ जिल्लाहरुको तथ्याङ्क अनुसार रुपन्देहीमा ६३६ केश दर्ता भै १०२४ पक्राउ भई मुद्दा चलेको देखिन्छ भने नवलपरासीमा १०४ केश दर्ता भै १६० र कपिलवस्तुमा १०१ केश दर्ता भै १४२ जना माथि मुद्दा चलेको देखिन्छ ।

अवैध लागू पदार्थ र लागू औषधको उत्पादन, भण्डारण, कारोवार र सेवन नियन्त्रण गर्न ३ पक्षको महत्वपुर्ण भुमिका रहेको हुन्छ ।

**पहिलो पक्षः**

लागू औषधको माग घटाउने प्रभावकारी कार्यक्रम संचालन हुन नसकेको महशुस गरिदै आएको छ । प्रहरीबाट संचाल हुंदै आएका केही जनचेतनामुलक कार्यक्रममा सीमित यस्ता कार्यक्रमले लागू औषधको माग घटाउन भूमिका निर्वाह गर्नु पर्ने सम्पुर्ण सरोकारवाला पक्षलाई समेट्न सकिरहेको छैन । घर परिवार, समाज, विद्यालय, शैक्षिक संस्था, स्थानिय क्लव, राजनैतिक संस्थाहरु, समाजिक संघ संस्थाहरु लागू औषधको माग घटाउन वेखबर झैं देखिन्छ । प्रहरी संग उपलब्ध स्रोत साधन समेत यो चुनौति सामना गर्न पर्याप्त छैन । केही महिना अगाडी यस अंचल भित्रको एउटा प्रतिष्ठित शैक्षिक संस्था भित्र लागू औषध विरुद्धको एउटा कार्यक्रममा सहभागी हुंदा उक्त संस्थामा ११ र १२ कक्षमा अध्ययन गर्दै रहेका झण्डै ७ ५ विद्यार्थीहरु लागू पदार्थ गाजाको लतमा परेको भन्ने स्वयं विद्यार्थीहरुले मेरो सामु स्वीकार गरेको तीतो अनुभुति महशुस गरेको थिए । यसले प्रष्ट रुपमा के सन्देश दिईरहेको छ भने यस अवस्थामा सम्म अभिभावक, शैक्षिक संस्था, शिक्षकहरु बेखबर झैं देखिनु हुन्छ । परिवारका सदस्य, स्कुल कलेज सम्वद्ध जिम्मेवार व्यक्तिहरुको आफ्ना नानीहरु प्रतिको दायित्व बोध भै रहेको अवस्था देखिदैन । यसरी एकातिर लागू औषधको माग वृद्धि भईरहेको छ भने अर्को तर्फ माग नियन्त्रण गर्ने तर्फको समग्र एकीकृत कार्यक्रम संचालन हुन सकेको छैन । यस तर्फ लागू औषधको गलत प्रयोगबाट प्रभावित व्यक्ति, परिवार, समुदाय, शैक्षिक संस्था, सामाजिक संघ संस्था, सरोकारवाला निकाय, सरकारी तथा गैह्र सरकारी संघ संस्था लगायत कानुन कार्यान्वयन गर्ने सरकारी निकायहरु बीचको सहकार्य र समन्वयात्मक र योजनाबद्ध कार्ययोजनाका साथ अघी नवढ्दा सम्म मागको नियन्त्रण हुन सक्दैन । यस पक्षको प्रभावकारिता नभएको महशुस गरिएको छ । जब लागूऔषधको मागमा कमी आउछ तव क्गउथि का स्रोतहरु स्वतः प्रभावित हुनछन् । यस तर्फ सबै पक्षको ध्यान जानु पर्ने देखिन्छ ।

**दोस्रो पक्षः**

अर्को तर्फ Supply को स्रोतलाई नियन्त्रण गर्नु पनि महत्वपुर्ण पक्ष हो । सीमावर्ती बजारहरुमा Control drugs हरुमा सेवनकर्ता र कारोवारीहरुको सहजै पहुंच स्थापित हुँदै आएको छ । यस्ता मचगनक माथी सेवनकर्ता र कारोवारीको पहुंचलाई नियन्त्रण गर्न अत्यन्तै कठिन छ । सीमावर्ती समकक्षीहरु संग पटक पटक अनुरोध गर्दा पनि आशातीत सहयोग प्राप्त भैरहेको छैन् । सीमावर्ती शहर बजारहरुमा नेपाली दुर्व्यसनी र कारोवारीलाई लक्षित गरी औषधीजन्य लागू औषध सहज रुपमा पर्याप्त मात्रामा उपलब्ध गराउदै आएको देखिन्छ । त्यसै गरी प्रतिबन्धित Hard drugs हरुको विक्री वितरणमा समेत तांहाको प्रशासनले उदासिनता देखाएको भान हुन्छ । यस विषयमा स्थानीय स्तरमा कुरा गर्दा नेपाल सीमा भित्र रहेको भट्टी पसलहरुबाट भारतीय नागरिक र समाज प्रताडित भैरहेको र नेपाली पक्षबाट भारत तर्फ अवैध रुपमा गईरहेको चरेश नियन्त्रणमा चासो नदेखाएको भन्ने गुनासो समेत सुन्न परेको छ । एकले अर्को पक्ष माथी आरोप प्रत्यारोप गर्दा गर्दै पनि यस माथी नियन्त्रण कायम राख्न, कानून कार्यान्वयन गर्न, जनचेतना अभिबृद्धि गर्न, राष्ट्रिय नीति तथा रणनीतिहरुको कार्यान्वयनमा स्थानिय प्रहरीको एकल प्रयास कम सह्रानीय भने छैन, यद्यपी हाम्रा सबै प्रयासको बाबजुद हामी सफल हुन सकेका छैनौ, यसको निम्ति सरोकारवाला पक्षको आ( आफ्नो कमि कमजोरी नै जिम्मेवार छन् ।

**तेस्रो पक्षः**

कानून कार्यान्वयन, अवैध लागू पदार्थको उत्पादन, ओसार पसार, विक्री वितरण र सेवन माथी नियन्त्रण पाउने अर्को महत्वपुर्ण पक्ष कानून कार्यान्वयन पनि हो । जब सम्म उल्लेखित पक्षहरुलाई कानूनको दायरामा ल्याउन सकिदैन तब सम्म नियन्त्रण पक्षमा प्रभावकारिता आउदैन । यस अंचल भित्रको हाल सम्मको कारवाहीको Trend हेर्दा दुर्व्यसनी र ओसार-पसारमा संलग्नलाई मात्र कारवाही गर्न सकिएको पाईन्छ । संगठित रुपमा यसमा लागेका व्यक्ति, समुहहरु अझै कानूनको फन्दामा नपरेको देखिन्छ । जसले गर्दा लागू पदार्थको ओसार पसारमा अपेक्षाकृत सफलता प्राप्त हुन सकेको छैन । यसको अलवा लागू औषध विरुद्धको कानून कार्यान्वयन गर्न संगठनबाट व्यक्त भएका प्रतिबद्धतालाई हासिल गर्ने सिलसिलामा स्थानीय स्तरमा यस अंचल तथा मातहत जिल्लाहरुमा भएका कार्यहरु सह्रानीय छन् । विद्यमान जनशक्ति, स्रोत र साधनकै भरमा दिन प्रतिदिन चूनौतीपुर्ण बन्दै गएको लागू औषधको समस्यालाई नियन्त्रण गरी कानून कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्न थप कार्ययोजनाका साथ अघि बढ्नु पर्ने देखिन्छ । अन्यथा आगामी दिनमा यस अंचल तथा आसपासका अन्य अंचल, जिल्लाहरुमा समेत अवैध लागू औषधको समस्या अझ विकराल बन्दै जानेछ भन्ने कुरामा दुई मत नहोला ।

# Diplomatic Immunity in the Case of Drug Smugglers



**Dr. Bipin Adhikari**
Constitutional Expert

**Problems in Nepal:**

A crime is principally said to be a wrong committed against society either by an overt act, omission or neglect and could result in punishment. A person who has violated a law, or has breached a rule, is said to have committed a criminal offense. Every crime has a victim who suffers some harm at the hands of the offender - be it physical, financial, psychological or emotional. Drug smuggling is a crime. It is prohibited by law. This crime also has victims. The society itself is a major victim.

The narcotic drug related legal regime in Nepal is built under the provisions of Narcotics Drug Control Act 1976. Under this law, the cultivation, production, preparation, manufacture, export, import, purchase, possession, sale, and consumption of most commonly abused drugs is illegal. The Act has already been amended several times. The amended version of the Act is informed by UN Convention on Narcotic Drugs 1961 as amended by the protocol of 1972. Nepal is also a party to United Nations against illicit trafficking of narcotic drugs and psychotropic substances of 1988. The country has consistently devised and implemented national policy on drug control. The drug administration has been regularly strengthened. The regime that has been prohibits, except under license, the production, supply, and possession of many, but not all, substances which are recognized as drugs, and which corresponds to international treaty commitments in the Single Convention on Narcotic Drugs 1961, the Convention on Psychotropic Substances 1971, and the United Nations Convention Against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substances 1988. Drug prohibition law is based on the view that some drugs, notably opium poppy, coca, and substances derived from these plants, are so addictive or dependence inducing and so dangerous, in terms of potential effects on the health, morality and behavior of users, that they should be rarely, if ever, used.

Despite the legal regime in place, and supposedly functioning drug administration, Nepal continues to deal with challenges in this sector. Every year there are numerous cased of violation of the drug prohibition law. There is an illegal trans-national industry supplying prohibited drugs for recreational use.

One of the problems in the enforcement of drug prohibition law is created by diplomats, or presumed diplomats, who claim diplomatic immunity on finding the violation of the drug prohibition law. Their institutions, particularly the friends and colleagues working there, very often insist on immunity. There is always a vague understanding among the ordinary people about the concept of diplomatic immunity. Movies like Lethal Weapon 2 have made apparent the ills relating to abuse of diplomatic immunities in the society. This movie, for example, features evil diplomats who use their immunity as a "Get Out of Jail Free" card subsequent to committing crimes such as murder, rape, drug and firearm trafficking.

**Complexities surrounding Diplomatic Immunity:**

Diplomatic immunity is an established norm in the international relations. This norm has been institutionalized by the Vienna Convention on Diplomatic Relations of 1961. It defines a framework for diplomatic relations between independent countries. The framework specifies the privileges of a diplomatic mission that enable diplomats to perform their function without

fear of coercion or harassment by the host country. This forms the legal basis for diplomatic immunity. This immunity limits the degree to which foreign government and international organization officials and employees are subject to the authority of police officers and judges in their country of assignment. In reality, this immunity is granted to keep diplomats from being harassed while they do their work in unfriendly nations. It makes sense. The question, however, is whether, a person who has been caught with drug smuggling in the host country mean that an official with diplomatic immunity, as is often assumed, can get away with anything? Not exactly.

At this juncture, it has to be noted that most diplomats are courteous law abiding citizens of the sending country dedicated to upholding the integrity of their missions in the host country. In most cases, the diplomats respect and follow the rules and regulations of the host nations. For centuries, diplomats have played a vital role in establishing ties between nations, ending wars, providing relief aid, financial assistance and bridging the gap between diverse cultures. As per the current regime, diplomats, their families, and staff are granted exemption from arrest or detention by local authorities (Art. 29); their actions not subject to civil or criminal law. However, as there are two sides to coin, the Vienna Convention allows for an incredible amount of personal liberties to the diplomats which can be easily abused. Furthermore, judging by past cases, the ratio of abuses such as drug trafficking, kidnapping, rape, and murder is on the rise.

There are cases aplenty of widespread abuses from the diplomats in their respective host nations which yielded no punishment from either the host nation or the sending nation. For example, the Venezuelan General wanted in the United States for drug charges was arrested in Aruba. However, following the Venezuelan government's protestation of his diplomatic immunity, he was subsequently released. Similarly, in 1984, an Egyptian foreign minister's bag in Rome was discovered illegally smuggling a drugged Israeli citizen. The Israeli citizen was subsequently released and no action was taken due to diplomatic immunity. Similarly, in 1976, North Korean diplomats were caught in Norway smuggling marijuana. However, no action was taken due to diplomatic immunity. There are other reports of widespread abuses which have highlighted the rapidly degenerating nature of this, once negligible, problem. In favor of diplomatic immunity, experts often cite extraterritoriality and functional necessity as justifications. Be that as it may, it has become increasingly apparent that viable solutions to the problems are needed.

In light of this, let us now focus our attention to the possible avenues, both the host country and the sending country can use, in situations when a diplomat is arrested for committing a crime. The first option, as per Article 32 of Vienna Conventions, is to request a waiver of the diplomatic immunity from the sending country. This will then allow the host nation to prosecute the diplomats. Second option is to declare the diplomat in question "persona non grata" (unacceptable). This forces the sending nation to either recall the diplomat or terminate his/her appointment altogether. The third option, albeit extreme, is to severe all diplomatic ties between the respective nations. All three avenues are problematic. A sending country is often highly reluctant to waiver the immunity amidst fear of loss of reputation whilst the second and third options are impractical in the 21st century as rejection of diplomatic mission causes unwanted tension.

So, what can be done to solve this widespread abuse? Well, there have been discussions in the international community about various proposals to reform the status quo including insurance policies and establishment of claims fund. However, these ideas are geared more towards remunerating the victims of the crime than punishing the perpetrators. Another alternative proposed is the idea of an International Diplomatic Court to oversee matters pertaining to abuses of this kind. This too has been quashed as a highly ambitious and unattainable proposal. There are inherent problems with establishing an International Diplomatic Court including getting the perpetrator to appear in court, finding an appropriate unbiased jury, ascertaining the universality among diverse state practices to the management of infrastructural resources.

## Exceptions to the Vienna Convention [edit]

Some countries have made reservations to the Vienna Convention on Diplomatic Relations, but they are minor. A number of countries limit the diplomatic immunity of persons who are citizens of the receiving country. As nations keep faith to their treaties with differing zeal, other rules may also apply, though in most cases this summary is a reasonably accurate approximation.[5] The Convention does not cover the personnel of

international organizations, whose privileges are decided upon on a case-by-case basis, usually in the treaties founding such organizations. The United Nations system (including its agencies, which comprise the most recognizable international bodies such as the World Bank and many others) has a relatively standardized form of limited immunities for staff traveling on U.N. laissez-passer; diplomatic immunity is often granted to the highest-ranking officials of these agencies. Consular officials (that do not have concurrent diplomatic accreditation) formally have a more limited form of immunity, generally limited to their official duties. Diplomatic technical and administrative staff also have more limited immunity under the Vienna Convention; for this reason, some countries may accredit technical and administrative staff as attaché.

Other categories of government officials that may travel frequently to other countries may not have diplomatic passports or diplomatic immunity, such as members of the military, high-ranking government officials, ministers, and others. Many countries provide non-diplomatic official passports to such personnel, and there may be different classes of such travel documents such as official passports, service passports, and others. De facto recognition of some form of immunity may be conveyed by states accepting officials traveling on such documents, or there may exist bilateral agreements to govern such cases (as in, for example, the case of military personnel conducting or observing exercises on the territory of the receiving country).

*Diplomats cannot be prosecuted or otherwise forced to appear in criminal court. Nor can they be sued in civil courts, except for their personal (non-official) involvement in certain commercial, real-estate, or inheritance-related matters, or for their separate professional activities.*

Formally, diplomatic immunity may be limited to officials accredited to a host country, or traveling to or from their host country. In practice, many countries may effectively recognize diplomatic immunity for those traveling on diplomatic passports, with admittance to the country constituting acceptance of the diplomatic status.

Strictly speaking, the principle of diplomatic immunity does not apply to all foreign government or international organization officials and employees. When it does apply, it applies differently to different categories and subcategories of such persons and their families, dependent on circumstances.

(Note: Diplomatic immunity is also to be distinguished from "sovereign immunity," which applies to the person and property of foreign governments themselves and is not discussed in the present article.)

## Diplomatic Immunity for Embassy Personnel

Diplomatic agents – that is, high ranking embassy officials (ambassadors, for example) who serve the function of dealing directly with their host country's officials on behalf of their home country – enjoy the highest degree of immunity. The same applies to their family members.

The police cannot detain them, arrest them, or search or seize their houses and other property. Diplomats cannot be prosecuted or otherwise forced to appear in criminal court. Nor can they be sued in civil courts, except for their personal (non-official) involvement in certain commercial, real-estate, or inheritance-related matters, or for their separate professional activities.

So, for example: An ambassador who is sued for failing to pay her personal home mortgage premium may lose title to her house but may not be forced to pay damages and may not be evicted.

A second category of embassy personnel, the administrative and technical staff (secretaries, for example) who directly support diplomatic activities, enjoy the same immunity from police actions and criminal courts, but a lesser degree of immunity from civil courts. They can be sued like anyone else, except for acts performed in connection with their official function. (No such exception applies to their family members.) Accordingly, an embassy secretary who fails to pay his personal home mortgage premium may not only lose his title but also be sued for damages – though he may not be evicted.

Yet other embassy employees (chauffeurs, for example), who only indirectly support diplomatic activities, enjoy the lowest degree of immunity. They have (either criminal or civil) immunity only for acts performed in connection

with their embassy role. Their family members enjoy no immunity at all.

There are exceptions. In rare cases, both the second and third categories of embassy personnel above may enjoy as much immunity as diplomatic agents. But this only happens when the home country and the host country enter a special agreement (or treaty) for that purpose. Moreover, home country governments can waive diplomatic immunity.

Finally, no immunity applies to embassy employees (or the family members of such employees) who are nationals or permanent residents of the host country.

## Diplomatic Immunity for Consular Personnel

Consular personnel generally enjoy less immunity than embassy personnel. Consular officers (career consuls and other foreign government officials responsible for issuing travel documents, promoting commerce or tourism, and similar functions) enjoy full immunity for acts performed in connection with their official function. However, they are otherwise fully subject to criminal prosecution, except that they may be detained only in felony cases. (No such exception applies to their family members, who enjoy no immunity at all.)

Their property can be searched by police officers. They can also be sued like private citizens – although they are prohibited (by international law) from engaging in commercial or professional activities outside their official functions.

Consulates' administrative and technical staff are not prohibited from engaging in commercial or professional activities outside their official functions. However, they enjoy immunity only for acts performed in connection with their official functions.

Other consular employees enjoy almost no immunity, except that they cannot be forced to appear as witnesses in court for purposes of providing evidence about official consular affairs.

Here again, there are exceptions. Consular personnel may acquire almost as much immunity as diplomatic agents based on a special treaty between their home country and their host country.

No immunity applies to consular personnel who are nationals or permanent residents of the host country, except that honorary consuls enjoy immunity for acts performed in connection with their official functions.

## Diplomatic Immunity for International Organization Representatives and Personnel

Interestingly, international law is often less important than national laws when it comes to defining the immunity of representatives and personnel of international organizations such as the United Nations or the International Monetary Fund.

Under U.S. law, high-ranking international government representatives (members of national missions who are assigned to international organizations) usually enjoy as much immunity as diplomatic agents, while all other national mission staff enjoy immunity only for acts performed in connection with their official functions.

Similarly, most international organization personnel enjoy immunity only for acts performed in connection with their official function, while some (but not all) high ranking officials may sometimes enjoy almost as much immunity as diplomatic agents. For example: the Secretary General of the United Nations enjoys full diplomatic immunity, but the Director of the International Monetary Fund (as we saw in the case of Dominique Strauss-Kahn in 2011) does not.

## What Diplomatic Immunity Does Not Mean

Diplomatic immunity does not mean that its beneficiaries can do whatever they want and get away with it. Police officers are allowed to disregard it whenever necessary to prevent a grave crime or an imminent danger to public safety.

In cases of traffic violation, even though diplomatic vehicles may not be impounded, police officers are still allowed to issue citations, and host governments may suspend driving privileges.

In addition, host countries can request that home countries waive a crime suspect's immunity. In the alternative, host countries may expel the suspect from their territory.

Finally, especially when the principle extends only to acts performed in connection with official functions, it is important to note that it is host country judges themselves who get to define the limits of immunity .

# महत्वपूर्ण उपलब्धिहरु

## लागू औषध कोकीन ११ किलोग्राम सहित पक्राउ

मिति २०७१/१२/२०गते बेलुका १९:०० बजेको समयमा त्रिभूवन अन्तर्राष्ट्रिय बिमानस्थलको प्रस्थान कक्षको चेकिङ ब्को साईडको २नम्बर स्क्रिनमा ऐ मितिको २१:३०बजेको समयमा कतार एयरवेजको फ्लाईटबाट दोहा हुँदै ईटली रोम जानलाई आफ्नो लगेज व्याग समेत चेकजाँच गराउन आएकी मलेसियन नागरिक राहदानी नम्बर A34891381 वाहक वर्ष ३६ कि Marina Binti Jamaluddin ले आफ्नो सँगसाथमा ल्याएको निलो रंगको Pierre cardin लेखेको सुटकेश लगायतका लगेज चेकजाँच गर्ने क्रममा साईडमा ल्यापटप राख्ने चेन भएको फोल्डिङ भएको एकै आकारको ५ वटा झोलाहरु भित्र पाता आकारमा लुकाई छिपाई राखेको जम्मा लागू औषध कोकीनका ११ किलोग्राम बरामद गरी पक्राउ गरेको ।



पिमति २०७१।१२।२० गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थान कक्षबाट Marina Binti Jamaluddin, वर्ष ३६ की पासपोर्ट नं. A34891381 वाहक मलेशियन महिला ११ के.जी. कोकिन सहित पक्राउ परेकी छन् ।




## लागू औषध चरेश ६० किलोग्राम सहित पक्राउ

मिति २०७१।०६।०५ गते का.जि. सतुंगल गा.वि.स.वडा नं. ८ स्थितमा थानकोटबाट कंलकी चोकतर्फ आईरहेको HR – 55 – CT – 0063 भारतीय नम्बरको सेतो रंगको टाटा सुमोमा आएका पर्सा जिल्ला बागवान गा.वि.स.५ पिपरवध गाँउ वस्ने वर्ष ३७ को लालबावु चौधरी र भारत पूर्वी चम्पारण जिल्ला थाना सगौली ग्राम छपवा गाँउ वस्ने वर्ष ३६ को सुनिल मिश्रलाई नियन्त्रणमा लिई खानतलासी गर्दा HR – 55 – CT – 0063 भारतीय नम्बरको टाटा सुमो भित्र रहेको बीचको सिटमा तल वस्ने, अडेस लगाउने र सिटमुनी को भागबाट जम्मा ६० पोका चरेशका धुलो जम्मा ६० किलो लागू औषध चरेश बरामद गरी पक्राउ गरेको ।









## लागू औषध चरेश १० किलोग्राम सहित पक्राउ

मिति २०७१/०६/१३गते बेलुका का.जि.का.म.न.पा. १९ ठमेलमा रहेको Mainex worldwide express का टिकाराम कार्कीले लण्डन पठाउनको लागेको अवस्थामा १०४ वटा फोल्ट व्यागहरुमा जम्मा लागू औषध चरेश १०किलोग्राम सहित पक्राउ गरिएको र उक्त चरेश ओसारपसारमा संलग्न Buddhaland cargo and export का संचालक पुरुषोत्तम भन्ने कोकनाथ भट्टराई, जिल्ला नुवाकोट बुङ्ताङ्ग गा.वि.स वडा नं.२ घर एका बर्ष को पेमा शेर्पा भन्ने आईता तामाङ र नुवाकोट जिल्ला बुङ्ताङ्ग गा.वि.स वडा नं. ८ घर भएका तुल बहादुर तामाङलाई का.जि.नयाँपाटी गा.बि.स.वडा नं. १ स्थित डेराकोठा भित्रबाट उक्त चरेश प्याकिङ गर्न प्रयोग गर्ने मेसिन,फेल्ट झोलाहरु सहित पक्राउ गरेको ।





## लागू औषध चरेश १६ किलोग्राम सहित पक्राउ

मिति २०७१/०८/२२ गते का.जि.का.म.न.पा.-१६ ठमेल स्थितमा रहेको ब्लू स्टार कार्गो प्रा.लि.को कार्यालयमा हङकङ पठाउनको लागि बुक भएको मह भरिएको ४ वटा टिनका डिब्बा भित्रबाट लागू औषध चरेश पाता आकारमा जम्मा ८ किलो ३०० ग्राम बरामद गरेको,उक्त चरेश जिल्ला लमजुङ कोल्की गा.बि.स.वडा नं.-१ घर भई हाल का.जि. सरस्वती गा.बि.स. वडा नं. ६ टोखा बस्ने बर्ष ४९ को मन बहादुर गुरुङले हङकङ पठाउन बुक गराएको खुल्न आए पश्चात मिति २०७१/०८/२४ गते का.जि. सरस्वती गा.बि.स. वडा नं. ६ टोखा स्थितमा रहेको मन बहादुर गुरुङको डेराकोठाबाट ४ वटा टिनको डिब्बाहरु भित्रबाट जम्मा ७ किलो ७०० ग्राम सहित जम्मा चरेश १६ किलोग्राम सहित मन बहादुर गुरुङ समेतलाई पक्राउ गरेको उक्त घटनामा संलग्न बाग्लुङ्ग जिल्ला काडेवास गा.बि.स. वडा नं. ८ जन्मस्थान, चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं.३ र काठमाण्डौ जिल्ला, काडमाण्डौ महानगरपालिका वडा नं. १० बुद्धनगर बस्ने बर्ष ४६ को तिर्थनाथ सापकोटा र झापा जिल्ला जलथल गा.बि.स वडा नं. ८ धनुषापोखरी घर भई ललितपुर जिल्ला ललितपुर उप महानगरपालिका वडा नं. ५ मानभवन बस्ने फेथ कुरियरका बर्ष ३८ को केशर लिम्बू भन्ने धन बहादुर फागूलाई समेत पक्राउ गरेको ।



मिति २०७१।०८।२३ गते काठमाण्डौंबाट Hong Kong पठाउन लागेको महको डब्बाभित्र लुकाई राखेको चरेश १६ के.जी. बरामद ।



## लागू औषध चरेश १ किलोग्राम सहित पक्राउ

मिति २०७१/०९/२१ गते साँझ त्रिभूवन अन्तर्राष्ट्रिय बिमानस्थलको प्रस्थान कक्षको चेकिङ ए साईड २ नम्बर स्क्रिनमा ऐ. १८:४५ बजेको समयमा एयर अरबियाको फ्लाईट नम्बर G9538 को बिमानद्धारा काठमाण्डौ दुबई हुँदै युक्रेन जान लागेका युक्रेनी नागरिक राहदानी नम्बर EH456201 भएका बर्ष ३७ को SERHII KRAVCHANKOको झोला तथा शरिर समेत चेकजाँच गर्ने क्रममा निजको हरियो कालो रंगको झोला भित्र सेतो रंगको पोलिथिन झोलामा पहेँलो बिर्को भएको प्लाष्टिकको डिब्बा भित्र गिलो अवस्थामा रहेको लागू औषध चरेश १ किलो बरामद गरी पक्राउ गरेको ।







## लागू औषध डाईजेपाम २८००पिस, बुप्रेनर्फिन २८००पिस सहित पक्राउ

मिति २०७१/०४/०२ गते साँझ जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं.-१४ कलंकी स्थित सडक किनारबाट भारत बेतिया जिल्ला थाना सिक्टा धर्मपूर गाँउ पश्चिम चम्पारण बिहार घर भएका बर्ष ३५ को मोहमद बसिर आलम र भारत रक्सौल मोतिहारी जिल्ला पूर्वी चम्पारण थाना रक्सौल वडा नं ८ बिहार घर भएका बर्ष २० को रियाजुदिन अन्सारीलाई सँगसाथै रहेको अवस्थामा मोहमद बसिर आलमको साथबाट डाईजेपाम १५०० पिस, बुप्रेनर्फिन १५०० पिस र रियाजुदिन अन्सारीको साथबाट डाईजेपाम १३००पिस र बुप्रेनर्फिन १३०० पिस गरी जम्मा नियन्त्रित लागू औषध डाईजेपाम २८०० पिस, बुप्रेनर्फिन २८०० पिस सहित पक्राउ गरेको ।










## लागू औषध बुप्रेनर्फिन, डाईजेपाम, फेनारगन २१/२१ पिस समेत बरामद भई पक्राउ

मिति २०७१/०९/०७ गते का दिन का.जि.सरस्वती गा.बि.स.वडा नं.४ टोखा स्थितमा रहेको जिल्ला झापा दमक नगरपालिका वडा नं -१३ घर भएका बर्ष ३० को घनश्याम फुँयालले संचालन गरेको टोखा फार्मेसी पसलबाट नियन्त्रित लागू औषध डाईजेपाम २१ पिस, बुप्रेनर्फिन

२१ पिस, फेनारगन एम्पुल २१ पिस, नियन्त्रित औषधीहरु निमाडोल क्याप्सुल ११८ पिस, जेनेग्रा ट्याब्लेट १३ पिस, Combipack of mifeprilstone and misoprostol tablets २९ पिस, भिगोरा ट्याब्लेट ३४ पिस, Tramadol Hydrochloride capsules (Madol 50 ) लेखेको क्याप्सुल ३५ पिस, Clonazepam Tablets usp klozep 0.5 लेखेको ट्याब्लेट २६ पिस, Alprazolam tablets IP paaz 0.5 लेखेको ट्याब्लेट २८ पिस, Clonazepam tablets usp clonaz 0.5 लेखेको ट्याब्लेट १७ पिस सहित घनश्याम फुयाँललाई पक्राउ गरेको ।






## लागू औषध कोरेक्स ९ लिटर ७०० एम.एल सहित पक्राउ

मिति २०७१/११/२१ गतेका दिन का.जि.का.म.न.पा. वडा नं.-३५ कोटेश्वर स्थित सडक किनारबाट जिल्ला सिराह सिराह न.पा. वडा नं.७ हेमनारायण चोक ठेगाना भएका बर्ष १८ को किसन कुमार साह, ऐ.ऐ. वडा नं. १ महाबिरचोक ठेगाना भएक बर्ष २८ को रन्जित कुमार यादव र ऐ.ऐ.वडा नं. २ ईम्लीचोक ठेगाना भएका बर्ष १७ को सौरब यादवलाई सँगसाथै फेला पारी खानतलासी गर्दा किसन कुमार साहले बोकेको झोला भित्रबाट नियन्त्रित लागू औषध कोरेक्स १०० एम.एलको ९७ बोतलमा जम्मा ९ लिटर ७०० एम.एल सहित पक्राउ गरेको ।










## लागू औषध कोरेक्स ९ लिटर, नाईट्रोसन (नाईट्राजेपाम) ८५ चक्की, प्रोक्सिभन ४८ क्याप्सुल सहित पक्राउ

मिति २०७२/०१/०३ गते १६:००बजे जिल्ला काठमाण्डौ, काठमाडौं महानगरपालिका वडा नं.८ सिफल स्थितमा बा. ६६ प.२५९४ नम्बरको मोटरसाईकलमा आएका जिल्ला सप्तरी बोदे बरसाईन गा.बि.स.वडा नं.४ ठेगाना भएका बर्ष २१ को साहिद अन्वर ऐ.ऐ. ठेगाना भएका बर्ष २३ को ईमरान हसन सिद्धिकीलाई मनोद्धिपक लागू औषध नाईट्रोसन (नाईट्राजेपाम) ८५ चक्की, Spasmo Proxyvon ४८ क्याप्सुल, कोरेक्स १०० एम.एलको १५ बोतल र ५ लिटरको २ वटा ग्लालेनमा कोरेक्स साढे सात लिटर सहित पक्राउ गरेको ।










## लागू औषध बुप्रेनर्फिन २००, डाईजेपाम २००, फेनारगन २०० पिस सहित पक्राउ

मिति २०७१/११/२९गते बिहान ०७:४५ बजे जिल्ला काठमाडौं, काठमाण्डौ महानगरपालिका वडा नं.-१४ कलङकीबाट सप्तरी रामपुर मलहनिया गा.बि.स.वडा नं.-५ घर भएका बर्ष २५ को श्याम यादवलाई शरिरको माथिल्लो भागमा लगाएको कपडाको ज्याकेटको भित्रीपट्टी भागमा फल्स बटम बनाई टेपले बाँधी पाता आकार बनाई लुकाई छिपाई बोकेको अवस्थामा लागू औषध बुप्रेनर्फिन २००, डाईजेपाम २००, फेनारगन २००पिस बरामद गरी पक्राउ गरेको ।





# लागू औषधबाट हुने आर्थिक क्षतिः एक बिबेचना



**पान बहादुर क्षेत्री**
औषधि व्यवस्थापक, औषधि व्यवस्था विभाग।

आजभन्दा छब्बीससय वर्षपूर्व भगवान् बुद्धले चार आर्य सत्य प्रतिपादन गर्नुभएको र त्यस आर्यसत्यमध्ये एक थियो दुःखनिरोध (दुःख हटाउने) मार्ग। सो दुःखनिरोध मार्गलाई आर्य अष्टाङ्गिकमार्ग भनिन्छ जसमा आठ मार्ग (बाटो) बताइएको छ। ती मार्गहरुमध्ये एक हो, सम्यक आजिविका। सम्यक आजिविकाको अर्थ हुन्छ सही ढंगबाट आफ्नो जिविका चलाउनु अर्थात गलत ढंगबाट आफ्नो जिविका नचालाउनु। वहाँले चार प्रकारको व्यवसायबाट आफूलाई अलग राख्नुपर्छ भनी बताउनु भएको छ। ती हुन् : मानव बेचविखन, प्राणीको हत्या गरी तिनको मासुको व्यापार, मादक पदार्थ तथा नशालु पदार्थको व्यापार र हातहतियारको व्यापार। वहांले यी वस्तुहरुको व्यापार गर्न नहुने भन्नुको पछाडी बहुजन हिताय, बहुजन सुखायको मानवतावादी सिद्धान्त थियो। वहांले भन्नुभएको थियो – "यिनको व्यापारबाट केही व्यक्तिहरुको मात्र हित हुन्छ तर अधिकांशको अहित हुन्छ।"

आजको विश्वमा अझै पनि यिनैको व्यापार बढ्दो छ। आजको विश्व मानव बेचविखनको बिरुद्धमा रहेको र विश्वव्यापी मानवअधिकारको घोषणा भैसक्दा पनि विभिन्न रुपमा मानव बेचविखनको घटनाहरु घटिरहेको समाचारहरु हामी दिनहुँ पढ्न र सुन्न पाउंछौ। त्यस्तै लागू औषधको बिरुद्ध सारा विश्व एकजुट भएर अगाडी बढिरहेको अवस्थामा पनि यसको ठूलो कारोबार भैरहेको छ। यसले अपराधका घटनाहरु बढाइरहेको कुरा कसैबाट लुकेको छैन। लागू औषधको कारोबार परिवार, समाज, राष्ट्र र विश्वकै लागि ठूलो टाउको दुखाई भएको छ।

लागू औषधको दुरुपयोगले जनस्वास्थ्य र सार्वजनिक सुरक्षामा हरेक वर्ष विश्वमा नाप्नै नसक्ने खालको क्षति पुऱ्याइरहेको र समाजको शान्तिपूर्ण विकास तथा संचालनमा चुनौति दिइरहेको कुरा संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय लागू औषध नियन्त्रण बोर्ड (International Narcotic Control Board) ले आफ्नो २०१३ को वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ। यस आलेखमा लागू औषधको दुरुपयोगबाट हुने आर्थिक क्षति सम्बन्धि केही विवेचना गर्ने प्रयास गरिएको छ। यसबाट हुने आर्थिक क्षतिलाई निम्नानुसार वर्णन गरिएको छ।

### १. स्वास्थ्यमा पर्ने प्रभाव

लागू औषधको दुरुपयोगले व्यक्तिको स्वास्थ्यमा अत्यन्त ठूलो नकारात्मक प्रभाव पार्दछ। यसले दुर्व्यसनीको स्वास्थ्य दिनपरदिन गिर्दै जाने र विभिन्न खाले रोगहरु (जस्तै हेपाटाइटिस बी र सी, एच.आई.भी.र एड्स, टि.बी. आदि) ले आक्रमण गर्दै जान्छ। उसलाई र उसको परिवारलाई आर्थिकरुपले पनि कमजोर बनाउंदै जान्छ। दुर्व्यसनको रोकथामको लागि हुने खर्च र दूर्व्यसनीको उपचारमा लाग्ने खर्च, स्वास्थ्य सेवा र अस्पतालमा लाग्ने ठूलो खर्चले यसको पुष्टी गर्दछ। यसको साथै यसले रोग लाग्ने र मृत्युदर पनि बढाएको छ। विश्वको तथ्याङ्क हेर्ने हो भने लागू औषधसँग सम्बन्धित मृत्यु कूल मृत्युको ०.५ देखि १.३ प्रतिशत रहेको अनुमान गरिएको छ।

INCB को प्रतिवेदन अनुसार विश्वभर वार्षिक रुपमा ४५ लाख मानिसहरुले दुर्व्यसनको उपचार पाउने गरेको र यसको लागि करिब ३५ अर्ब अमेरिकी डलर खर्च हुने देखिएको छ।

### २. सार्वजनिक सुरक्षामा पर्ने प्रभाव

लागू औषधको दुर्व्यसनमा परेका व्यक्तिहरुले समाजको सुरक्षा व्यवस्थालाई नै चुनौति दिने गरेको पाइन्छ। यस्ता व्यक्तिहरुको वरपर रहने व्यक्ति तथा वातावरणले यिनीहरुबाट सुरक्षा चुनौति भएको महसुस गरिरहेका हुन्छन्। उदाहरणको लागि सवारी दूर्घटना, चोरी तथा लुटपाटका

घटना, हत्याका घटना आदि । यसका साथै गैरकानूनी ढंगबाट लागू औषधहरुको खेतिले त्यस वरपरका वातावरणमा नकारात्मक प्रभाव परेको देखिएको छ । मानिसहरु अन्य बालीको सट्टामा लागू औषधको खेतितर्फ आकर्षित भएको देखिएको छ । यसले समाज, राष्ट्र र विश्वलाई नै सुरक्षाको दृष्टिले चुनौति दिइरहेको अवस्था छ ।

### ३. अपराधसँगको सम्बन्ध

लागू औषध र अपराधबीच मुख्यतया तीन प्रकारको सम्बन्ध रहेको अनुसन्धानबाट देखिएको छ । पहिलो सम्बन्ध हो यससँग सम्बन्धित हिंसा जुन औषधि आफैंसँग सम्बन्धित छ । यसलाई Psycho-pharmacological Crime भनिन्छ । औषधिको प्रभावमा परी गरिने अपराध विश्वव्यापीरुपमै समस्याको रुपमा देखिएको छ । दोश्रो सम्बन्ध हो आर्थिक–वाध्यात्मक अपराध । दुर्व्यसनीहरुले आफूलाई आवश्यक पर्ने लागू औषध प्राप्त गर्नको लागि गर्ने अपराध यससँग सम्बन्धित छ । यसको लागि उनीहरु चोरी, लुटपाट, ठगी आदि अपराधमा संलग्न रहने गरेको पाइएको छ । तेश्रो सम्बन्ध हो प्रणालीगत अपराध । लागू औषध तस्करहरुबीच हुने हिंसा, दुर्व्यसनी तथा लागू औषध कारोबारीहरुबीचको झगडा, आदि यसका उदाहरणहरु हुन् ।

समग्रमा लागू औषधसँग सम्बन्धित अपराध महंगो भएको कुरा विभिन्न अध्ययनहरुले देखाएको छ । यद्यपी क्षेत्रगतरुपमा यो फरक फरक छ । अष्ट्रेलियामा गरिएको एक अध्ययनले यो मूल्य वार्षिक रुपमा ३ अर्ब डलर रहेको छ भने संयुक्त राज्य अमेरिकामा यो करिब ६१ अर्ब रहेको छ । यी सबै मूल्यहरु कानुन कार्यान्वयन संस्थाहरुसँग सम्बन्धित रहेको देखिएको छ ।

### ४. उत्पादकत्वमा प्रभाव

लागू औषधको दुरुपयोगबाट देखिने अर्को आर्थिक पक्ष भनेको उत्पादकत्व घट्नु हो । दुर्व्यसनीहरु लागू औषधको प्रभावमा पर्नाको कारणले उसको उत्पादकत्व कम हुन्छ । रोजगारदाताहरुको दशौं अर्ब डलर बराबरको उत्पादकत्व घटेको तथ्य एक अध्ययनले देखाएको छ । सन् २०११ मा श्रमिकहरुको काममा सहभागीता नभएको कारण अमेरिकाले १२० अर्ब डलर (GDP को ०.९ प्रतिशत) बराबरको उत्पादकत्व गुमाउनु परेको थियो जसमा ६२ प्रतिशत लागू औषधसँग संबन्धित थियो ।

### ५. सुशासनमा प्रभाव

को २०१० को प्रतिवेदनमा उल्लेख गरिएको छ कि कानुन कार्यान्वयनको विभिन्न तहमा रहेको विश्वका सबैजसो देशका सरकारी अधिकारीहरुलाई लागू औषधको अवैध कारावोरामा संलग्न तस्करहरुले आफ्नो कारोबारलाई बिना अवरोध निरन्तरता दिनको लागि भ्रष्ट बनाउने गरेका छन् । यसको फलस्वरुप प्रभावित क्षेत्रमा रहेका नागरिकहरु लागू औषधका सम्बन्धमा जानकार भएता पनि परिस्थितिसँग सम्झौता गरेर बस्न बाध्य छन् । आज विश्वको विभिन्न भागमा के देखिएको छ भने जुन देशमा अवैध ढंगबाट लागू औषध (गांजा, अफिम, कोका, आदि) को खेति गर्ने कार्यलाई निरुत्साहित गरिएको छैन, त्यस देशका सरकारी निकायहरु कम स्थायी र कर्मचारीहरु भ्रष्ट देखिएका छन् । सरकारका निकायहरु कमजोर रहेको अवस्थामा तस्करहरु नयां नयां मार्ग (रुट) हरु स्थापना गर्ने गर्दछन्, भ्रष्टाचार तथा आतंककारी गतिविधिको लागि लगानी गर्दछन् ।

### ६. विशेष वर्गमा प्रभाव

लागू औषधको प्रयोगले विशेष वर्ग जस्तै बालबालिका, महिला तथा न्यून आय भएका वर्गहरुमा विशेष रुपमा प्रभावित हुने गरेको पाइएको छ । गर्भावस्थामा रहेको अवस्थामा आमाले लागू औषधको सेवन गर्दा बच्चामा नकारात्मक भावनात्मक, मानसिक र भौतिक प्रभाव पर्दछ । जन्मपश्चात लागू औषधको प्रभावमा परेमा बालबालिकाहरुमा गम्भीर प्रकारको समस्याहरु देखा पर्नसक्छ जसको फलस्वरुप उनीहरुलाई थप स्याहारको आवश्यकता पर्नसक्छ । यसबाट व्यक्ति तथा समाज दुबैलाई आर्थिक भार पर्न सक्दछ । लागू औषध सेवन गर्ने अभिभावकहरु सामान्यतया लागू औषध सेवन गर्ने साथी, नातेदारहरुसँग बस्ने भएकोले बालबालिकाहरु पनि यस कुलतमा फस्ने ठूलो जोखिम रहन्छ । त्यस्तो बातारवरणमा बस्ने बालबालिकाहरु अन्य अपराधमा संलग्न हुने सम्भावना पनि रहन्छ । सडक बालबालिकाहरुमा लागू औषधको दुरुपयोग विश्वव्यापी चिन्ताको विषय बनेको छ । द्वन्द्वग्रस्त क्षेत्रका बालबालिकाहरु पनि लागू औषधको दुरुपयोगको चपेटामा परेको पाइएको छ । केही क्षेत्रहरुमा बालबालिकाहरुलाई आफ्नो चंगुलमा राखिराख्न र बालसेनाको रुपमा गृहयुद्ध, सशस्त्र संघर्ष तथा आतंककारी गतिविधिमा प्रयोग गर्न पनि लागू औषधको प्रयोग गर्ने गरेको पाइएको छ ।

लागू औषधको दूव्यर्सनबाट महिलाहरु बढी प्रभावित भएको पाइएको छ । घरेलु हिंसा, यौनजन्य रोगको संक्रमणबाट उनीहरु बढीमात्रामा प्रभावित भएको पाइएको छ ।

लागू औषधको दुरुपयोग र गरिबीबीच सम्बन्ध रहेको छ । गरिबी, दीर्घ सामाजिक पीडा तथा अन्य प्रतिकूल परिस्थितिको तनावको कारण त्यसबाट उन्मुक्ति पाउने बहानामा अज्ञानताबस व्यक्ति लागू औषधको दूर्व्यसनमा फस्न पुग्दछ । यसको दुरुपयोगले प्रयोगकर्ताको आम्दानी घट्न जान्छ । यसको फलस्वरुप उसले आफ्नो परिवारको रेखदेख, पालनपोषण राम्रोसँग गर्न सक्दैन र अझै गरिबीको दुष्चक्रमा फंस्दै जान्छ ।

सारांशमा भन्नुपर्दा लागू औषधको दुरुपयोगबाट एक व्यक्ति मात्रै नभएर उसको परिवार, समाज, राष्ट्र र विश्वले कति आर्थिक क्षति व्यहोर्नुपर्दो रहेछ भन्ने कुरा घामजतिकै छर्लङ्ग छ । लागू औषधले कसैको पनि हित गर्दैन । यसको अवैध कारोबार गर्नेलाई केही क्षणिक लाभ त देला तर अन्ततः यसले उसको पनि भलाई गर्दैन । कानुनको दायरादेखि कोही पनि टाढा भाग्न सक्दैन । कानुनी सर्बोच्चता स्थापना र राम्रो समाजको निर्माणको लागि सबै पक्षहरु हातेमालो गर्दै लागू औषधरुपी महान शत्रुलाई पराजय गर्नु हामी सबैको सामूहिक दायित्व हो ।

## दिगो जीवन परिवर्तनका लागि

# अध्यात्म



**एल.पी. भानु शर्मा**
अध्यक्ष जीवन विज्ञान केन्द्र

हाम्रो जीवन हाम्रै हातमा छ । यो प्यारो जीवनलाई हामी जतातिर ढाल्न खोज्छौं उतैतिर ढल्छ । जीवनले सदा हामीलाई सोधिरहेको हुन्छ (विकासको मार्गमा हिड्ने कि विनाशको ? र हाम्रो सोच, व्यवहार एवं कर्मको माध्यमबाट निर्देशन लिएर त्यहि अनुसारको जीवनको निर्माण पनि गरिरहेको हुन्छ ।

हाम्रो मन नै हाम्रो सबैभन्दा निकटको साथी हो । तर, यसलाई प्रयोग गर्न नजानेमा यो महान शत्रु पनि बन्न सक्छ । मनलाई मित्र बनाउने कि शत्रु यो पनि हाम्रै हातमा हुन्छ । निर्णय आँफैले गर्नुपर्छ ।

मनुष्य हुनु भनेको आफ्नो जीवन, मन र कर्मको स्वामित्व आफ्नो हातमा लिएर जन्मिनु हो । यो स्वामित्व या अधिकार मबाट संसारको कुनै पनि शक्तिले छिन्न सक्दैन । मेरो स्वीकृति बिना मेरो मनलाई गलत या सही बाटोमा कसैले पनि लगाउन सक्दैन । कसैको तागत छैन यसो गर्न । यसको अर्थ हो - सही या गलत आदत मैले आफ्नो लागि आँफैले रोज्ने हो, मलाई कसैले मजबुर बनाउन सक्दैन ।

यदि जीवन कुलत, खराब आदत, लागू औषधि सेवन ईत्यादिको परिबन्दमा फँसेको छ भने यसरी आँफैलाई फँसाउने निर्णय पनि व्यक्ति आँफैले कुनै दिन गरेको हो । स-साना र सुरुमा रमाईला लाग्ने आदतहरुले बिस्तारै हामीलाई मजबुर बनाउँदै लगेर एक दिन दाससम्म बनाउँछ पुग्छन् । मनको एउटा अर्को नियम छ जुन काम दोहोर्‍याई रह्यो त्यसैको आदत बन्छ, धेरै पटक दोहोर्‍याएमा संस्कार नै बन्छ र हामी बाध्य बन्दै जान्छौं ।

अध्यात्मको विहङ्गम दृष्टिमा कुनै पनि गलत आदतको कारण व्यक्तिको अनियन्त्रित मन नै हो । मेरो मनमा आउने विचारहरुप्रति मेरो पकड या नियन्त्रण रहेन भने मन गलत आदतको शिकार बन्न थाल्छ र बिस्तारै त्यही आदत नै मेरो जीवन बन्न पुग्छ । तर खुशीको कुरा के भने कुनै पनि आदतलाई हामी परिवर्तन गर्न सक्छौं र त्यसको ठाउँमा एउटा नयाँ, सकारात्मक एवं विकासमुखी आदतलाई ग्रहण गर्न सक्छौं । जस्तै, हामी सानो छँदा हामीलाई दाँत माझ्न लगाउन आमाबुवाले कति मेहनत गर्नु पर्थ्यो । तर अलि दिनको दाँत माझ्ने प्रयोगको फलस्वरुप एउटा आदत लागिसकेपछि अब मनले आँफै दाँत माझ्न लगाउँछ । र अब त दाँत नमाझे आँफूभित्र नै असजिलोपन या छटपटी हुन थाल्छ । पहिले दाँत माझ्न जति गाह्रो हुन्थ्यो, अहिले नमाझ्न त्यो भन्दा दर्जनौं गुणा बढी गाह्रो हुन्छ ।

*आफूमा कमी या अभाव देख्न थालेपछि नानाथरी हानिकारक बस्तुहरूको सेवन गरेर भए पनि व्यक्तिले आफूलाई भर्ने प्रयास गर्छ । गहिरो हिनताबोधबाट नै कुलत जन्मिन्छ ।*

एउटा सकारात्मक आदतको प्रारम्भ नै नकारात्मक आदतको अन्त्य हो । मनले त एउटा कुशल कम्प्युटरले झैं हामीले बनाईदिएको आदतलाई मान्ने काम गर्छ । अध्यात्मको विज्ञान प्रयोग गरेर जीवनमा जस्तोसुकै नराम्रो आदतलाइ पनि आफ्नो प्रयासले बदल्न सकिन्छ । स-साना सकारात्मक आदतलाई अंगिकार गर्दै जानु पर्छ, बिस्तारै नकारात्मक आदत या कुलतका लागि उर्जा या फुर्सद नै रहँदैन । त्यसकारणले सेवा, सत्कर्म, दान ईत्यादि सकारात्मक कर्मको यति धेरै महत्व छ ।

लागू औषध दुरुपयोगमाथी भएका अनुसन्धानहरुले औषधि सँग मनो-सामाजिक परिवर्तनका कार्यक्रम एवं ध्यान, योगाभ्यास एवं प्राणायामका विधिहरु प्रयोग गर्नमा जोड दिन्छन् । त्यसकारणले, औषधिसँगै मानसिक, भावनात्मक एवं आत्मिक उपचार पनि अनिवार्य रहन्छ ।

अध्यात्म कुनै कोरा सिद्धान्त एक नभएर प्रयोगात्मक विज्ञान हो । अध्यात्मले आँफैभित्रको शक्ति, साहस, उर्जा, उत्साह र संकल्पलाई जगाई व्यक्तिलाई सबल एवं स्वतन्त्र बनाउँछ । प्रत्येक व्यक्तिभित्र असिमित उर्जा सुषुप्त रुपमा लुकेर बसेको हुन्छ । अध्यात्मका विभिन्न साधनहरुको प्रयोगबाट त्यो सुतेको शक्तिलाई जगाई आफ्नो जीवन परिवर्तनको मार्गमा लगाउन सकिन्छ ।

आध्यात्मिक साधनाका मार्गहरु मूलतः तीनवटा छन् (कर्म, ज्ञान र

भक्ति । यी तीनवटैको जोडलाई ध्यान भनिन्छ । आफ्ना आदत परिवर्तन गरेर जीवनलाई सही मार्गमा लिएर जानका लागि ध्यान नै सबैभन्दा प्रभावकारी मार्ग हो । हामीले साधारणतया बुझेजस्तै पँलेटी मारेर आँखा चिम्लिएर बकुल्ला झैं बस्नु मात्र ध्यान होईन । जीवन विज्ञान केन्द्रमा हामी सहभागीले निकै शारीरिक श्रम गर्नुपर्ने सक्रिय विधिहरुको प्रयोग गर्छौं, जसको कारणले व्यक्तिको शारीरिक, मानसिक, भावनात्मक र आत्मिक स्वास्थ्यमा शिघ्रातिशिघ्र रुपान्तरण आउँछ ।

अर्को कुरा अध्यात्मले व्यक्तिलाई भित्रैबाट जगाउने हुनाले यी विधिहरुप्रति हाम्रो रुचि एवं आकर्षण सरल र स्वाभाविक हुन्छ । त्यस्तै, ध्यानका विधिहरुले हामीलाई कुलत या खराब आदतबाट मात्र मुक्त गर्दैनन्, जीवनमा नयाँ आशा जोश, आँट, जाँगर र खुशियालीको पनि श्रृजना गर्छन् । वास्तवमा, आध्यात्मिक साधनाहरु सबै प्रकारका व्यक्तिहरुका लागि बनेका हुन् ।

**संस्कृतको यो श्लोक अति नै सान्दर्भिक छ :**

**मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् । यत्कृपा तमहं वन्दे परमानन्द माधवम् ।।**

यसको अर्थ हो - माधव (भगवान) को कृपाले एउटा मुक व्यक्ति पनि पण्डित जस्तो बन्न सक्छ र अपाङ्गले पनि पहाड चढ्न सक्छ । यो कृपा अन्य कसैबाट पाईने होईन, आँफैले आफ्नो साधनाबाट आर्जन गर्नु पर्छ । त्यसकारणले, कसैको कृपा या आशिर्वादमाथी विश्वास गर्ने व्यक्ति आध्यात्मिक हुन सक्दैन । आफ्नो परिश्रम र तपमा भरोसा गर्ने व्यक्तिका लागि मात्र अध्यात्म काम लाग्छ ।

आज हाम्रो सकल राष्ट्र कै हिनताबोधको ग्रन्थी सक्रिय भएको छ । आँफूमा विश्वास नहुनु, आफ्नो क्षमतामा विश्वास नहुनु र आफ्नो भविष्यप्रति असुरक्षाको भावले भरिनु जस्ता व्यक्तिगत समस्या नै समग्र रुपमा राष्ट्रको समस्याका रुपमा देखा पर्ने हुन् । आफूमा कमी या अभाव देख्न थालेपछि नानाथरी हानिकारक बस्तुहरुको सेवन गरेर भए पनि व्यक्तिले आफूलाई भर्ने प्रयास गर्छ । गहिरो हिनताबोधबाट नै कुलत जन्मिन्छ ।

अध्यात्ममा उपलब्ध सयौं विधिहरुमध्ये कुनै पनि प्रभावकारी विधिको प्रयोग गरेर आत्मबल, शक्ति, शान्ति, उर्जा जस्ता सकारात्मक गुणहरुलाई सक्रिय बनाउन सकिन्छ, जसको फलस्वरुप खराब आदत र कुलतबाट हामी समाजलाई बचाउन सक्छौं । प्रत्येक मनुष्य आफूमा पूर्ण र अभावशून्य हुन्छ, मात्र उसले आफूलाई चिन्नु जरुरी छ । आफूलाई चिन्नु भनेको नै आफूमा निहित सकारात्मक गुणहरुलाई चिन्नु हो ।

यदि व्यक्ति, समाज र राष्ट्रलाई विकासको सही बाटोमा लैजानु छ भने सर्वप्रथम अध्यात्मलाई घर-घरमा पुऱ्याउनु पर्छ । सकारात्मक, सक्रिय र स्वाभिमानी व्यक्तिबाट नै सुखी, शान्त र समृद्ध समाजको निर्माण सम्भव छ ।

---

**लागू पदार्थको अवैध ओसार पसार बिरुद्धको अन्तर्राष्ट्रिय दिवसको उपलक्ष्यमा नेपालमा लागू औषध सेवन र त्यसको ओसार पसार बिरुद्ध उल्लेखनीय कार्य गर्दै आउनु भएका लागू औषध नियन्त्रण ब्युरो र त्यससँग आबद्ध सम्पूर्ण कर्मचारी परिवारलाई अझ प्रभावकारी कार्य गर्न सफलता मिलोस भनि**

**शुभकामना**

**व्यक्त गर्दछु ।**

**नरेश लाल श्रेष्ठ**
प्रोप्राईटर

**बागमती आर्टस एण्ड हयाण्डिक्राफ्ट्स**
स्वर्णिम भवन, भिमसेनगोला, काठमाण्डौ, नेपाल ।

## गतिविधिहरू




"५९ औं CID Day" को अवसरमा संचालित लागू औषध नियन्त्रण ब्यूरो स्टलको निरीक्षण गर्नुहुदै उप-प्रधानमन्त्री एवं गृहमन्त्री श्री बामदेब गौतम ज्यू ।




ला.औं.नि. ब्यूरो प्रमुख प्र.ना.म.नि. श्री केसरी राज घिमिरे ज्यू नेपालका लागि मलेसियाका कार्यबाहक राजदुत Fadli Adilah सँग ।



ला.औं.नि. ब्यूरो प्रमुख प्र.ना.म.नि. श्री केसरी राज घिमिरे ज्यू जापानी राजदुतावासका Security Attache Toru Fukuzawa सँग ।

## गतिविधिहरू



ला.औं.नि. ब्यूरो प्रमुख प्र.ना.म.नि. श्री केसरी राज घिमिरे ज्यू Embassy of Korea का प्रतिनिधिसँग ।



French Embassy का Police Attache सँग ब्यूरो प्रमुख प्र.ना.म.नि. श्री केसरी राज घिमिरे ज्यू ।




ला.औं.नि. ब्यूरो प्रमुख प्र.ना.म.नि. श्री केसरी राज घिमिरेज्यू नेपालका लागि भारतीय राजदुतावासका कन्सुलर Dr. N. Kannan First Secretary (CSO) सँग ।

## गतिविधिहरू



ला.औं.नि. ब्यूरो प्रमुख प्र.ना.म.नि. श्री केसरी राज घिमिरे ज्यू Narcotics Control Department JAPAN का Director सँग ।



नेपालका लागि कतार राजदुत महामहीम Ahmad Jasim Mohammed Ali Al Hamar सँग ला.औं.नि. ब्यूरोका प्र.ना.म.नि. श्री केसरी राज घिमिरे ।



ला.औं.नि. ब्यूरो प्रमुख प्र.ना.म.नि. श्री केसरी राज घिमिरे ज्यू UNODC का Regional Programme Coordinator सँग ।

# A Society and A World Free from Drug Menace



**Yubaraj Ghimire**
Chief Editor, Annapurna Post

Police seizing and destroying 'ganja' (cannabis) in different parts of the country is one common news that gets circulated in the Nepali media each year. But nothing more comes in the public debate, nor does it affect the policy formulation issue. Policy makers are hardly aware that ignoring these events and the cause behind them might invite drug mafia , and its various international allies, in Nepal. Such a situation will have a very negative impact on the image of the country.

Let us examine information officially obtained. Ganja (cannabis) grown in 300 bighas in middle Nepal were destroyed recently. In the first place, why did the farmers go for cannabis farming that is illegal? Two: who motivated or inspired them to do this? The statement they give to the police is revealing and sensational both. Some Indians from across the border come and give them Rs 10,000 in advance to purchase the seeds for cannabis, promising purchase in bulk once harvesting is done. They send labour for harvesting, bear the entire cost, and buy it at the rate of Rs 3,000 per kilogram. On an average, up to 600 Kilograms are grown in a bigha fetching around Rs 18 lakhs , with no labour and other expenses incurred by the farmers. If the cannabis in western Nepal's 300 bighas had not been destroyed, the farmers there would have earned Rs 54 crore. But at what cost? And who ultimately benefits out of it? These are issues that need serious discussion. This 300 bigha is just a sample or smaller unit of the vast areas across the country where ganja is grown.

The Indians (as mentioned above) who initially come and pay Rs 10,000 for seeds as a way of booking the farm are not the ones who control the cannabis trade. They are simply the commission agent of the much bigger mafiadon that may be operating from inside or outside India with a global network. Nepalese farmers easily fall for such deals because it is profitable, and has assured market. Growing vegetables or other crops are increasingly becoming expensive, and because of absence of storage facilities, at times they feel compelled to sell it off in a price less than the actual cost of production. But it is an issue that has much wider dimensions than simple loss and profit in terms of money.

The arrest of a Malaysian woman –Maria Binti Zamaluddin by the Narcotics Control Bureau of the Nepal Police at the Tribhuvan International Airport with elven Kg. of cocaine a couple of months ago, shows at one level the high alertness of the agency, but at the same time proves that Nepal runs the risk of being used as a potential drug trafficking route by the International mafia. Maria, who has so far been saying that she does

not know who she is working for , had succeeded in smuggling the same amount of cocaine via Delhi at least ten times in the past two years. This is a lesson for Nepal that it must be prepared to enhance the capability of its agencies with clear formulation of their roles and rights in curbing the drug trade that is also perceived as linked with terrorism and other clandestine trades. Unfortunately, there is no thinking on this line in the government, especially the Home Ministry and the Police Department. The NCB has been upgraded in terms of the status of its leadership, but its budget, skill , ability , and more that than its jurisdiction remains unchanged, while the challenge posed by the crisis , has magnified many fold. Delay in enhancing the role, size, skill and power of the NCB now will invite much bigger problems for the country and its obligation to check entry , use and invasion of drug mafia .It is very very necessary because drug related problems and its criminal manifestation have wider linkages, and need inter-governmental cooperation to track down the networks operating from beyond borders. A small unit in the Home Ministry or a poorly equipped NCB may not be representing the will and commitment of the state in the fight against drug traffickers.

*The NCB has been upgraded in terms of the status of its leadership, but its budget, skill , ability , and more than that its jurisdiction remains unchanged, while the challenge posed by the crisis , has magnified many fold.*

The Drug trade and its prevalence has the potential to destroy the image of a country, and potential of its youths , together. Official records show that out of 7,500 drug addiction cases 70 per cent use 'Medical drugs' . They may be the beginners, and at the same time, they stick to the medical drugs because they are cheaper in cost, and getting access to the 'hard drugs' may still be difficult given the limited surveillance of the people and the guardians. But failure to go for effective control and an efficient agency equipped with skills and powers may ease the situation to a large extend inviting more youths to get into addiction. The social stigma attached with addicts , family's refusal to help them come out of the situation etc may force them to continue their life as abandoned addicts, and worse, in some cases, it may push them into the much larger international syndicate which will always find desperate youths an 'asset' as the potential courier. Maria's case is a pointer.

The current law and enforcement arrangement is definitely not enough. Despite the formation of the Narcotics Control Bureau in 1992 as a separate unit of the Nepal Police, its right and responsibility was limited to 'supply and control'. The Harm Reduction responsibility, that is a major part of the drug control and de-addiction continues to lie with the Home Ministry. The extent of trade and damage the drug trade has caused as well as the prevalence of its usage have to be monitored closely, and multiplicity of agencies with no proper coordination will only create confusion.

The drug trade of various kind and degrees need to be studied in terms of the perception in the international platform as well. There are fears and perception, some matched by reality that it has nexus with the international terrorism and clandestine arms trade. While this calls for serious attention at the political and policing level, we must be concerned about the damage the addiction may cause to the morale , and courage of youths who are to lead the country tomorrow. A proper diagnosis of the problem, its cause and overall impact , in the life of individual citizen and the nation needs to be assessed without delay. A informed policy on the issue will pave the way for effective legislation and suitable machinery to enforce them.

The United Nations has rightly given a theme--Develop our lives, our communities , our identities without Drugs--for the International day against drugs abuse and illicit trafficking. The nine word theme is however, entrusts much bigger responsibility to the individual citizens , communities and the state , separately and together. There are many concerned citizens and social groups and NGOs already fighting the menace of Drugs in their own way, but a clear message by the state by formulating effective policy and creating proper laws and machinery will go a long way in taking the challenge head on.

# लागू औषध नियन्त्रण कानुन कार्यान्वयन इकाई देखि लागू औषध नियन्त्रण ब्यूरो सम्म



**प्र. नि. कृष्ण गोपाल पनेरू**
लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वर

लागू औषध एक गम्भीर एवम् संगठित प्रकृतिको अपराध हो। यसको नियन्त्रण र अनुसन्धान गर्नको लागी छुटै निकाय हुनु पर्ने आवश्यकता महसुस गरी गृह मन्त्रालय, लागू औषध शाखा र प्रहरी प्रधान कार्यालय,अपराध अनुसन्धान विभाग को प्रत्यक्ष नियन्त्रणमा रहने गरी लागू औषध नियन्त्रण गर्न नेपाल सरकारले लागू औषध र सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यालय (United Nations Office on Drugs and Crime (UNODC) र संयुक्त राष्ट्रसंघीय लागू औषध नियन्त्रण कार्यक्रम सँग सन् १९९२ मा गुरु योजना तर्जुमा गरि सोहि बमोजिम नियन्त्रणको प्रभावकारिता को लागी मिति २०४९।२।२५ मा लागू औषध नियन्त्रण कानुन कार्यान्वयन ईकाइ स्थापना गरिएको हो। यस ईकाइको स्थापना हुँदा प्रहरी बरिष्ठ उपरिक्षक को कमान्डमा ३६ जना जनशक्ती रहेको र लागू औषध जस्तो गम्भीर तथा जटिल प्रकृतिको संगठित अपराधको नियन्त्रण र अनुसन्धान गर्ने कार्यलाइ प्रभावकारी बनाउने उद्देश्यले स्थापना कालमा तत्कालिन सरकारको प्रत्यक्ष सरोकारका र सम्बन्धित क्षेत्रमा कार्यरत नेपाल प्रहरी, भन्सार बिभाग, महान्यायधिवक्ताको कार्यालय, अध्यागमन बिभाग समेतका कर्मचारी हरु एकै थलोमा रही लागू औषध नियन्त्रणमा सरकारी निकायहरुको विभागीय समन्वयन कार्यालय भएकोमा हाल आएर सेबा बिशिष्टिकरण को अवधारणा अनुसार हाल नेपाल प्रहारी का अधिकृत तथा जबान मात्र कार्यरत रहेका छन्। समयानुकुल बिकसित गर्दै लैजाने गरि मिति २०६९।०८।१४ गतेको नेपाल सरकारको निर्णयानुसार यस ईकाइको नाम लागू औषध नियन्त्रण ब्यूरो मा पारिणत गरीएको हो।

यस ब्यूरोले स्थापाना कालदेखिनै अबैध लागू औषधको खेती उत्पादन, कारोबार र बिक्रि बितरण गर्ने कार्यलाई र Supply control लाई निरुत्साहित गरी त्यस्ता कार्यहरु नियन्त्रण गर्ने तर्फ सूचना संकलन तथा बिश्लेषण गरी लागू औषध सम्बन्धि अपराधमा संलग्न ब्यक्तिहरुलाई कानुनी कारबाही गर्दै आइरहेको छ। यस ब्यूरोले लागू औषध मुद्दाको अनुसन्धान अधिकृत तोक्ने र आवश्यक अनुसार निर्देशन दिने कार्य गर्दै आइरहेको छ।

आज बिश्वको कुनैपानि देश यस्तो छैन जहाँ लागू औषध अपराध कुनै न कुनै रुपमा प्रबेश नगरेको होस ।लागू औषधको उत्पादनलाई सबै राष्ट्रहरुले गैह्र कानूनी किटानी गरिसकेका छन् तर पनि लागू औषध गैह्रकानूनी तरिका बाट समाजमा भित्रीन्छन् र प्रयोगमा आउछन्। यसको कारोबार हुने कुनै एउटा मुलुकको परिबेश भित्र नभइ अन्तर्राष्ट्रिय स्तरमा कतै उत्पादन कतै ओसार पसार र कतै उपभोग गरेको पाईन्छ। लागू औषध ओसार पसारमा प्रयोग भएका ब्यक्तिहरु कहिले जानेर र कहिले अज्ञानतामा कहिले पैसाको लोभमा गरिबी र अशिक्षित भई यस्तो जोखिम पूर्ण कार्यमा लागेका हुनछन्। धेरै जस्तो ढुवानि प्रयोजन को लागि संगठित गिरोहको सदस्यले पर्दामा बसेर भरिया मार्फत ढुवानी गराउछन् र यसरी ढुवानी गर्ने भरिया हरुलाई अनुकुलता र परिस्थिति को आधारमा हबाई मार्ग, स्थल मार्ग, (पैदल र मोटर बाटो) र जल मार्ग हुदै अन्तर्राष्ट्रिय सीमा पार गन्तव्य सम्मका निम्ति मात्र प्रयोग भएका हुन्छन्।

लागू औषध अपराधको बर्तमान अवस्थाको कुरा गर्नु पर्दा लागू औषधका कारोबारिहरुले नेपाललाई अल्प बिश्राम बिन्दू को हिसाबले प्रयोग गर्दै आएका देखिन्छन्। हवाई मार्ग तथा स्थल मार्ग बाट हेरोईन, एमफेटामेन, कोकिन, लागू औषध भारत, पाकिस्थान, बङ्गलादेस, बर्मा, कतार, आदी

देश बाट नेपाल  आउने र नेपालमा क्षणिक बिश्राम गरि तेस्रो मुलुकमा जाने गरेको पाईन्छ। नेपालमा उत्पादन हुने चरेस स्थल मार्ग तथा हबाई मार्ग बाट भारत, जापान, चीन, युरोप, अमेरिका, क्यानाडा, जस्ता देशहरुमा निकासि हुदै आरहेको पाईन्छ। भारतमा उत्पादीत  न्युन शुद्धताको खैरो हेरोईन नेपालमा दुर्व्यसनीका लागी आउने गर्दछ भने भारतमा उत्पादीत नियन्त्रित लागू औषध डाईजेपाम, बुप्रेनर्फिन आदी नेपालमा दुव्यर्सनीका लागि प्रशस्त मात्रामा भित्रीने गरेको पाईन्छ।

एकातिर लागू औषध ओसार पसार मा संलग्न तस्कर गिरोह हरुको सन्जाल बिस्तार गर्नेर एक पछि अर्को नयाँ तरिका अपनाई लागू औषधको रुपान्तर गरि कारोबार बढाउनलाई प्रयत्नरत रहेको पाइन्छ। भने अर्के तर्फ ओसार पसार गर्ने मार्ग र तरिकाहरु समेत परिर्वतन गरी रहेको पाइन्छ। यस्तो अवस्थामा हामी पनि त्यसै अनुरुपको संसाधन र दक्ष जनशक्ती संयोजन गर्ने तर्फ रणनीतिक रुपमा तयार हुनु पर्ने अबस्था आइरहेको छ। दक्षीण एसियालि राष्ट्रहरुको लागू औषध बिरुद्धका संगठनहरुलाई परस्पर मिलेर सहयोगको आदान प्रदान बढाउदै लग्ने, अफगानिस्थानको उत्पादन लागू औषध नियन्त्रण गर्न थप सक्रिय रहने भारतमा तयार हुने हेरोईन र नियन्त्रित लागू औषध बिरुद दुई देश बिच संम्बन्धित दुई पक्षका निकायहरु आपसमा प्रभाबकारि कार्यक्रम बनाई तत्कालै लागू गर्न हबाई मार्ग र स्थल मार्ग दुबै नाकामा लागू औषध र लागू औषध जन्य पदार्थ  ओसार पसार नियन्त्रणमा थप प्रभावकारिता ल्याउनु पर्नेमा आवश्यकता देखा परेको छ। त्यस्तै लागू औषधका कारोवारीहरुले अपनाउँदै आएको नयाँ नयाँ संचार साधन समेत अनुसन्धानको लागी चुनौती पुर्ण रहेको छ। बिकासक्रम सँगै देखा परेको अपराधको जटिलता अपराधिक कार्यबिधिमा आएको परिवर्तन सगै यस ब्युरोलाई आधुनिक स्रोत साधन सम्पन्न बनाउनु पर्ने देखिन्छ। उपलब्ध स्रोत साधनहरुलाई आधुनिकरण गरी बैज्ञानिक साधनहरु उपलब्ध गराई कार्यरत जनशक्तिलाई सेबा बिशिष्टिकरणको अबधारणा अनुरुप अनुशिक्षण र उन्नत तालिम प्रदान गरिएमा यस ब्युरोको काम कारवाहिमा अझै बढी प्रभावकारिता आउने देखिन्छ।

दक्ष जनशक्ति र आधुनिक उपकरण सबै सरोकारवालाको आपसि सहयोग र कार्य प्रतिवद्धताको अभाबमा लागू औषध  जस्तो अन्तर्राष्ट्रिय संगठित प्रकृतिको अपराध नियन्त्रण गर्न कठिनाई मात्र नभई असम्भब हुन्छ। यस कार्यलाई बास्तबिक रुपमा प्रभाव कारी बनाउन जनशक्तिको क्षमतामा बृदि, स्रोत साधनको जगेर्ना गर्ने र त्यसको सहि प्रयोग एबम् जिम्मेबार पक्ष हरुको कार्य प्रतिबद्धता मात्र पनि प्रयाप्त हुदैन यसका लागी यस बिरुद्धको क्षेत्रीय अन्त्रर्राष्ट्रिय संघ संघठन र समुदायको सहयोग समन्वय सहकार्य अपरिहार्य हुन्छ। लागू औषध अपराधको बिस्तारिका स्वरुप र अपराधको प्रकृति तथा अनुसन्धानको जटिलता अनुसार कुनै एक पक्षको एकल प्रयास बाट मात्र लागू औषधको समस्या समधान हुन नसक्ने कुरा व्याबाहारिक रुपमै प्रस्ट भैसकेको यथार्थ पृष्ठभुमिमा अबको कार्यहरुलाई निरुत्साहित पार्न सम्बन्धित प्रहरी, कानुन ब्यावसायी लगायत नागरीक समाज अन्य न्याय निरुपण क्षेत्र समेतको कार्यशिलता र यस बिरुद्ध जाने ऐक्यबद्धता को साथ राजनैतिक शैक्षिक तथा सामाजिक धार्मिक क्षेत्र एबम् नागरिक समाजको सहकार्य र प्रतिबद्धता समेतलाई अझै बढि सशक्त ढंगले अगाडी बढाउदै लैजानु पर्ने आजको आवश्यकता देखिएको छ। बिद्युतिय तथा छापाको सञ्चार माध्यमहरु बाट सामुदायिक जनचेतनात्मक कार्यक्रमहरु का माध्यमबाट केहि हदसम्म भए पनि यसमा लाग्ने दुर्व्यसनी र कारोबारी मा लाग्ने हरुको संख्यामा कमी आउन सक्ने अपेक्षा गर्न सकिन्छ। अन्तमा यस ब्यूरोलाई Supply Control को मात्र जिम्मेवारी दिई आएको मा समय देश काल परिस्थिती लाई मध्य नजर राखी जन चेतनामूलक कार्यक्रम लाई पनि यसै ब्यूरो बाट काम काज गर्ने ब्यवस्था हुन सकेमा लागू औषध नियन्त्रण को क्षेत्रमा अझै बढी प्रभाब कारिता आई लागू औषध जस्तो जटील र संगठित अपराध मा निरूत्साही गर्नमा जोड पुग्ने कुरा मा दुई मत हुन सक्दैन।

## तिमी



**प्र.ना.नि. बिद्याधर त्रिपाठी**
लागू औषध नियन्त्रण ब्यूरो पोखरा।

नलाग तिमी मरूभुमीको यात्रामा,
सगरमाथा जस्तो तिम्रो शिर झुकाएर हिड्नु पर्छ।
नहिड तिमी काँडै काँडाको यात्रमा,
पहाड जत्रो तिम्रो छाती लुकाएर हिड्नु पर्छ।

अमृत भनेर बिष पिलाउछन तिमीलाई,
समस्या पिएर समाधान खोज्छौ तिमी।
अर्थले बेअर्थको जीवन किन्छौ,
रूदै बाँच्छौ रूवाएर मर्छौ तिमी।

यात्रा तिम्रो ओरालीको गन्तव्य तिम्रो उचाईको,
झुटको सरोवरमा पौडी खेल्छौ खोजी गर्छौ सच्चाईको।
बग्छौ तिमी तलतिर खोजी गर्छन माथी तिर
सँगीनले सेरिएर मर्छौ तिमी आफ्नै शिर।

ठाउ छैन स्वर्गमा शान्त सुन्दर तिम्रो लागी,
जान्छौ अनि कहाँ तिमी परलोकमा भागी भागी।
बनायौ जीवन काँडा जस्तो फूलको सुगन्ध खोज्छौ तिमी,
मृगतृष्णा तिम्रो नशा चर्को घाम रोज्छौ तिमी।

नलाग तिमी मरूभूमीको यात्रामा ..........

# युवाहरूको स्वास्थ्यकर बानी ब्यवहारमा आयुर्वेद जीवन पद्धती



**डा.राजेन्द्र कुमार गिरी**
प्रबन्ध निर्देशक
सिंहदरवार बैद्यखाना बिकास समितिं

सम्पूर्ण मानव जातिको स्वास्थ्य रक्षा एवं रोगोपचार गर्दै आएको आयुर्वेद मौलिक चिकित्सा पद्धति हो । आयुर्वेदप्रति नेपाली जनताको आस्था बिश्वास गहिरो छ । नेपालीको सभ्यता र संस्कृतीसँग जोडिएको छ । बिश्व स्वास्थ्य सँगठनको एक रिर्पोट अनुसार करीब ८० प्रतिशत भन्दा बढी नेपालीहरु प्रत्यक्ष एंव अप्रत्यक्ष रुपमा जडिबुटीद्धारा निर्मित औषधीहरु प्रयोग गर्दछन् । त्यसैले भनिन्छ –प्रत्येक नेपालीको भान्छाबाट आयुर्वेद चिकित्सा शुरु हुन्छ ।

अर्कोतिर देशमा हामी सबैले “जलश्रोत पछिको दोस्रो धनीमा जडिबुटी” मान्दै आएका छौ । उपयुक्त एवं अनुकूल हावापानी र भौगोलिक वातावरणका कारण नेपालको जडिबुटी विश्व वजारमा अत्यन्त लोकप्रिय छन् । सातसय प्रजातीका जडिबुटी नेपालमा पाइन्छन तर उपयुक्त प्रविधि र व्यवस्थापन र संस्थागत समन्वयका कारण यिनै जडिबुटीहरुवाट बनेका औषधिहरु नेपालीहरुले महङ्गो मूल्यमा पैसा तिरेर आयात गरिन्छ । विदेशी कम्पनीहरुको आयुर्वेद औषधिहरु नेपालमा ९० प्रतिशत भन्दा बढि खपत छन् ।

बिदेशीहरु खासगरी पश्चिमाहरुमा यस प्रति आर्कषण बढ्दै गईरहेको छ । एक्काइसौ शताब्दिमा  क्यान्सर ,मधुमेह र मुटु रोग लगायत अन्य नसर्ने रोगहरु बिश्वब्यापीरूपमा जनस्वास्थ्यको मुद्दा बनेको छ । युवा समुदायमा मानसिक समस्या, लागू पदार्थको दुर्व्यसन, मध्यपान लगायत अन्य सुर्तिजन्य पदार्थहरुको सेवन अत्यधिक मात्रामा बढेको छ । तसर्थ यसका लागि पश्चिमाहरू पुर्विय आयुर्वेद दर्शनका संयमित जीवन शैली उचित आहार बिहार र योग र संयमित जिवनशैलीजस्ता स्वास्थ्य रक्षाका बिधिहरूलाई अनुसरण गर्न थालेका छन् ।

नेपालको सन्दर्भमा स्वास्थ्य क्षेत्रको कुरा गर्दा खस्किदो प्राथमिक स्वास्थ्य सेवाको स्थिति, सरूवा रोग, कुपोषण र गरीबीका साथै सहस्राब्दि विकास लक्ष्य गरिएका स्वास्थ्य सुचांकहरू अपेक्षित रूपमा घट्न नसकेको अवस्था छ भने अर्कोतिर बढ्दो शहरीकरण, निम्न एवं मध्यम आय भएका नेपालीहरूमा छिट्टै परिवर्तन भएको जीवनशैलीले नसर्ने रोगहरू जस्तैः रक्तचाप, हृदयघात, डायविटीज र क्यान्सरको प्रकोप बढ्दो देखिएको  छ । युवा जनसंख्यामा मानसिक समस्या, लागूपदार्थको दुर्व्यसन, मध्यपान लगायत अन्य सुर्तिजन्य पदार्थहरुको सेवन भनेको छ । एच आई भि/एडस् बाट पिडित पनि युवा समुदाय नै भएको पाईन्छ ।  नेपालको स्वास्थ्य क्षेत्रमा युवाहरुको स्वस्थ बानि व्यवहारमा सुधार सम्वन्धिको  मुद्दा देशको लागि अझ चुनौतीपूर्ण भएको छ । हरेक युवामा तनाव, अनुचित आहार विहार, शारीरिक कसरतको कमी, अल्छिपन, धुम्रपान एवं सूर्तीजन्य पदार्थको सेवन आदि कारणहरूले नसर्ने रोगहरू दिनानुदिन बढदै गएको अवस्था छ । नेपालीहरुमा पनि बिगत केहि बर्षदेखि जिवनशैलीकै कारण यी समस्याहरु बढदो छन । खासगरि बढ्दो शहरीकरण, निम्न एवं मध्यम वर्गिय नेपालीहरूमा छिट्टै परिवर्तन भएको जीवनशैलीले नसर्ने रोगहरू जस्तैः रक्तचाप, हृदयघात, डायविटीज प्यारालाइसिस र क्यान्सरको प्रकोप बढ्दो देखिएको छ । सन् २०१३ मा स्वास्थ्य अनुसन्धान परिषदले गरेको प्रारम्भिक रिपोर्ट अनुसार २५ प्रतिशत भन्दा बढीमा उच्चरक्तचाप र रगतमा पाईने चिल्लोको मात्रा (कोलेष्ट्रोल) करिव २३ प्रतिशतमा भएको पाइएको छ । र माथी उल्लेखित नसर्ने रोगहरुको मुख्य कारक तत्व भनेकै उच्चरक्तचाप र कोलेष्ट्रोल मानिएको छ ।

तसर्थ, आयुर्वेदिय जीवन पद्धति महत्वपूर्ण हुनसक्छ । निरोगी रहनको लागि दिनचर्या, ऋतुचर्या र रात्रिचर्या र सद्वृत्त जस्ता जिवनशैली परिर्वतन, आहार र बिहार अपनाउनु जरुरी छ । दिनचर्याले मानिस उठ्ने समयदेखि सुत्ने समय सम्मको क्रियाकलापहरू जस्तै सरसफाइ, व्यायाम, योग प्रणायाम, श्रम, आहार आदिलाई समेटछ । मैथुन, निन्द्रा र ऋतु अनुसारको आहार बिहारमा जोड दिएको छ । आयुर्वेदमा उल्लेखित सात्विक भोजन बढी जोड दिइएको छ । अचेल यसलाई एण्टिअक्सिडेण्ट खानाको रुपमा मानिएको छ । यसले नसर्ने कारक तत्वलाई हटाउँछ ।  सद्वृत्त महत्वपुर्ण छ युवाकिशोरकिशोरीहरूको लागि । सद्वृत्त भनेको असल आचरण हो । जसलाई आचार रसायन पनि भनिन्छ । असल आचरणले शारीरिक, मानसिक, वैयक्तिक, सामाजिक र चारित्रिक जीवन पूर्ण सफल हुनसक्छ । काम, क्रोध, भय, इर्ष्या, मोह, लोभ, शोक र चिन्ताको उन्मुक्तिबाट मानसीक समस्या उत्पन्न हुदैन ।

आयुर्वेद चिकित्सा ग्रन्थमा यौन क्षमता वृद्धि गर्न बाजीकरण चिकित्सा विधि प्रयोग हुदै आइरहेको छ । यौनलाई आनन्दमय, सुखमय र निरोगी सन्तान जन्माउन विशेष आहार, औषधि (काउछो, अश्वगन्धा, मुसलि अमला) र पञ्चकर्म विधिहरू छन । निन्द्रा, आहार र ब्रम्हचर्य पालन दीर्घायु र निरोगिताको महत्वपूर्ण पाटो मानिएको छ । अर्को, स्थानीय रूपमा नै तुरुन्त प्राप्त गरी सजिलो एवं सर्वसुलभ रूपमा सर्वसाधणले प्रयोग गर्नसक्ने र आधुनिक चिकित्सा पद्धती सुलभ नभएको ठाउमा स्थानीय जडिबुटी प्रयोग गर्न सकिने र आफनै श्रोत र साधन जडिबुटीहरु छन । स्थानीय रूपमा नै तुरुन्त प्राप्त गरी सजिलो एवं सर्वसुलभ रूपमा सर्वसाधरणले प्रयोग गर्नसक्छन ।

खासगरि युवा अवस्था देखिनै योग, आसन र प्रणायाम आरोग्य, आत्मविकास र बौद्धिक मनोबल वृद्धि र मानसीक स्वास्थ्यका लागि उपयोगी छ । त्यसैले यी चिकित्सा प्रणालीलाई ब्यवस्थित योजनाबद्ध र बैज्ञानिक ढंगले एकीकृत चिकित्साकोरूपमा राम्रा पक्षहरूलाई समेटेर प्रवर्द्धनात्मक तथा उपचरात्मक चिकित्सा गर्नु जरुरी छ । स्वास्थ्य रक्षा र रोगोपचारमा महत्वपूर्ण स्थान आयुर्वेदिक जिवन पद्धति ,खानपान र औषधि हुने भएकाले आयुर्वेदलाई नयाँ प्रविधिको सहयोग लिई अनुसन्धान गर्नु जरुरी छ ।





Speed Service

WE TAKE GOOD CARE OF YOU

QUALITY SERVICE & CUSTOMER SATISFACTION
Since 1989

SpeedWay
CARGO PVT. LTD.

Corporate Office:
G.P.O Box: 4401
Block No. 222, Tridevi Marg
Thamel, Kathmandu, Nepal
Tel: +977-01-4410595
Fax: +977-01-4412679
Email: speedway@mos.com.np

Warehouse:
Block No. 4359, Swoyambhu Ring Road
Kathmandu, Nepal
(Opposite IGP Quarter, Sharad Bhawan)
Tel: +977-01-4034761
Email: warehouse@speedwaycargo.com

www.speedwaycargo.com













# Glimpse of Narcotic Drugs



**DSP. Yog Bahadur Pal**
M. Sc, LL.B., B. Ed

## What is Drug?

The word 'drug' is derived from French word "Drogue" which means dry herb. From the earliest times man has always used products of plants and animal origin, for the treatment of various diseases. There is no complete and comprehensive definition of drug. Different authorities gave different definitions.

- According to the most acceptable and comprehensive definition, a drug is substance with an abnormal effect on certain body functions.
- Drug may be defined as any substance natural or semi-synthetic or synthetic which is used in the prevention, diagnosis, treatment or cure of disease in man including animals.
- Any substance used as a medicine is drug.

## Narcotic Drugs and Psychotropic Substances?

Actually the word the Narcotic comes from Greek word Narcotikos which means to numb, produce sleep or drowsiness. We can define legally, the term means any drug defined as such under the 1961 U. N. Convention as amended by the 1972 protocols. Medically, Narcotic is pain reliever having depressant action on central nervous system and reduces physical activities. Again Psychotropic, the Greek word psyche meaning soul and trope meaning turning. Such drugs alter perception and consciousness. These drugs are also called as Prescription drugs as these can be obtained only after prescription made by registered medical practitioner. Legally we can define them any substance natural or synthetic or any natural material placed in schedule i, ii, iii and IV of 1971 UN Convention on Psychotropic substances.

In other words, Narcotic drugs have depressant action on central nervous system, reduce physical activities, acts as a pain killer, induce sleep, produce withdrawal symptoms when drug is stopped and they are habit forming drugs.



**Types of Narcotic Drugs and Psychotropic Substances**

On the basis of effects on body, these can be classified into three main categories, Viz. **1. Stimulants:** which stimulate our Central Nervous System (CNS) such as cocaine, amphetamines etc. **2. Depressant:** which depress our CNS e.g. opium, morphine, heroin, buprenorphine (tidigesic injection) nitrazepam etc and **3. Halucinogens:** which alters or distort the person's thoughts, feelings and perceptions of reality. For e.g. Ganja, hashish (charash), L. S. D. etc.

On the basis of origin or occurrence- **1. Natural:** directly derived from the natural plants without any chemical process i. e. naturally occurring drugs i. e. plant origin such as opium, Coca, Cannabis etc. **2. Semi-synthetic/Semi Natural:** drugs obtained from natural sources are chemically processed for eg. Heroin, Cocaine, Oxycodone, Percodine, Etrophine etc. **3. Synthetic:** produced in the pharmaceutical company/laboratory by using chemicals. eg. pethidine, barbiturates, amphetamines, diazepam, nitrazepam etc.

**Extent of drug problem in South Asian Region**

Actually all countries are affected by this devastating consequences of drug abuse and drug trafficking. It is a global problem and Nepal can not remain isolated from the rest of the world. Nepal is plagued with two problems relating with drugs. The first one is the prevailing problem of drug abuse and the second one is the illegal trafficking of drugs of abuse.

Cannabis is the only drug illicitly cultivated and can be found growing wildly in abundance in high hills of mid west, central and far western part of Nepal. In southern part of Nepal illicit cultivation of cannabis have been detected. Our country does not produce any hard drugs so far. But some scant amount of opium is illicitly cultivated in some districts of terai region. It is sandwiched between the world's two most prominent opium-producing areas




viz. The Golden Triangle (Burma, Lagos and Thailand) and the Golden Crescent (Afghanistan, Pakistan and Iran) and hence cannot remain immune from its consequences. The illicit trafficking affects our region and this trend is in the rise with the expansion of criminal network in this region.

"Designer drugs" are homologs, analogs, and/or derivatives of controlled substances prepared by basement/underground chemist. They are chemicals that have been made specifically or "designed' by underground chemists so that they are not covered by controlled substance statutes, and still have a psychotropic (stimulant, hallucinogenic, sedative, anxiolytic, etc.) effect very similar to controlled substance. Most designer drugs have been opioids, hallucinogens, anabolic steroids, stimulants (DMAA), sedatives (methyl-methaqualone), Sildenafil citrate (designer Viagra) synthetic cannabinoids etc.

**Extent of drug abuse in our society**

To a large extent. Actually I do not jhave exact data. Apart from cannabis product (ganja, charash/hashish),




consumption of heroin is on the rise. Youths are attracted towards the abuse of drugs. Low quality heroin is easily available. Earlier, the problem of drug abuse was seen in urban and sub-urban areas but now it seems to spread all over Nepal. Consumption of hard drug is seen decreasing but psychotropic drugs are making their grounds very effectively in escalating manner. Medicinal drugs under international control are also increasing abusing trend. This is very challenging and not good news for the country where maximum addicts represent youngsters. These addicts are also affected by HIV, Hepatitis and other communicable disease etc.

**Availability of drugs**

Nepal has a 3/4th part of open border sharing with India,




which borders with two largest illicit opium producing areas of Golden Triangle and Golden Crescent. Besides, India is one of the major producers of precursor chemicals i.e. commonly used by the traffickers to manufacture illicit drugs like Heroin, synthetic and other hard drugs. Psychotropic Substances like Diazepam, Nitrazepam, Chlordiazepoxide, Librium, Barbiturates, Buprenorphine (Tidigesic), Spasmoproxivon (contains dextropropoxyphene), codeine based cough syrup phensedyl, corex etc are illegally sold and abused in Nepal. The substances mostly come from southern part of Nepal, mainly trafficked from India and its abuse and trafficking are on the increasing trend. Now many youngsters are using these drugs mainly produced by pharmaceutical company. This is an headache for concerned law enforcement agencies. So in conclusion, we can say that traffickers have been using air and land routes to smuggle drugs in and out of Nepal and used our country as a transit country.

**Influencing factors to drugs addictions**

There are many factors which mainly includes- Peer pressure and influence, peer influence, peer interpretation, lack of family environment/management skill, tension in the family, over confidence on children, negligence of parents, curiosity, ignorance, tension/frustration, social reason, availability of drugs, wrong concept, to get easy pleasure, have a fun/relaxation, cope with mental health disorder etc are the some leading factors to drug addiction.

**Awareness among people to stay away from drugs**

A narcotic drug is much-discussed topic everywhere in the world because of its severe impact in the society. We have to create awareness by conducting seminars, workshop, discussion program etc about drug in schools, colleges and of course in society as well. Drug related topics should be incorporated in school and college syllabus. Many Non-Government Organizations (NGOs) are working in this field in various ways. They should organize awareness campaign and campaign through electronic media. One of the best ways we can reduce this problem to certain extent is through community policing. There must be pro-public policing. Greater extent of public awareness should be created to make the drug free societies. The socially reputed components, community leaders, volunteer clubs are prestigious, reliable and devoted member should work together for the betterment of the society.

**Conclusion**

Drug abuse is a social, psychological and economical problem. It is not a problem of particular family, not only the problem of society, its national problem as victims are youths of the country. Proper guidance as per their psychology and amicable environment should be provided to make children able to stay away from drugs. Family members, especially parents should always take care of and watch the activities of their child. Those who have already been victims of drugs can join treatment and rehabilitation centers for the treatment. Many programs are organized by such centers. There are cases many drug addicted people have become good and leading their normal life after being treated in such rehabilitation centers. I will advice especially young generation not to dare even single attempt to taste narcotic drug and psychotropic substances. Once anyone has the taste of drug it is very difficult to get rid of this. The future of any country depends

# मकवानपुर जिल्लाको गाँजा खेती फडानी एक संस्मरण



**प्र.ना.उ. दिलिप कुमार खड्का**
ला.औ.नि.व्यूरो कोटेश्वर

लागू औषध नियन्त्रणका कार्यको लागी बि.स.२०४९ सालमा स्थापित यस लागू औषध नियन्त्रण कानुन कार्यान्वयन ईकाइको स्थापना भएकोमा समयानुकुल नाम परिवर्तन गरी यस ईकाइ को नाम लागू औषध नियन्त्रण व्यूरो रहन गएको छ । श्री गृह मन्त्रालय अर्न्तगत लागू औषध नियन्त्रण शाखाको प्रत्यक्ष नियन्त्रणमा मन्त्रालय बाट प्राप्त माईन्युटिङ अनुसार यस व्यूरोले Supply Control को जिम्मेवारी पुरा गर्दै आएको छ ।

औषध नियन्त्रण गर्ने क्रममा यस आ.ब.०७१/०७२ को बार्षिक कार्यक्रम अनुसार अबैध लागू औषध गांजा खेती प्रभाबित जिल्लाहरुमध्ये मकवानपुर जिल्लाको बिभिन्न गा.बि.स.हरुमा यस बर्ष अत्याधिक मात्रामा गांजा खेती भएको भन्ने बिभिन्न माध्याम बाट प्राप्त सूचनालाई आधार बनाई मिति २०७१।८।१४ गते ला.औ.नि.व्यूरोका प्रहरी उपरीक्षक राम प्रसाद श्रेष्ठ ज्यूको कमाण्डमा १३ जना र मकवानपुर जिल्लाको १९ जना प्रहरी सहितको संयुक्तटोलीले नाम्टार र गोगने गा.बि.स.का क्षेत्रहरुमा लगाईएको १८ बिगाह ७ कठ्ठा अबैध लागू औषध गांजा नष्ट गरिएको थियो ।

सोही गांजा खेती नष्टगर्ने कार्यलाई निरन्तरता दिनका लागी पुन यसै व्यूरोबाट म प्र.ना.उ. दिलिप कुमार खड्काको नेतृत्वमा ११ जना र मकवानपुर जिल्ला प्रहरी कार्यालय बाट ५० जना गरी ६१ जनाको संयुक्त प्रहरी जनशक्तिले मिति २०७१।८।२६ गते बाट ७ दिने गांजा फडानी कार्य सुरु गरेको भएता पनि उक्त जिल्लाको नामटार गा.बि.स.वडा नं.५ र ६ को एरिया ज्यादै ठूलो, बिकट, उच्च पहाडी लेक र दुर्गम स्थान रहनुका साथै अत्याधिक गांजा खेती पनि सोही वडामा पाईएकोले तोकिएको समयमा गांजा खेती फडानी गर्न नसकिएको हुदा पुन १ हप्ताको फडानी गर्ने म्याद थप गराई मिति २०७१।९।९ गते सम्ममा नामटार गा.बि.स.भित्रको अन्दाजी १९८ बिगाह क्षेत्रमा लगाईएको सम्पूर्ण गांजा खेती नष्ट गरियो ।

गाँजा फडानी गरेको क्षेत्रहरु मध्ये अत्याधिक गांजा खेती भएको स्थानहरुमा नामटार गा.बि.स.वडा नं. ६ मा भवाङ्ग, गोठडांडा, बलामी, मझुवा, किरभन्ज्याङ्ग, बागुने, पुरानोगांउ साजखोरिया, वडा नं. ५ मा घैराङ, ठूलोकिरभन्ज्याङ्ग, बर्घिचौर, चौताराडांडा, गोलेगांउ, माथिगांउ, बिचगांउ, वडा नं.८ मा पोखरी, मर्‍याङकोट, गैह्रीगांउ, डुङखोला, कौसिराङ, आँपडांडा, वडा नं. ७ मा आरुबोटे, टिमुरे, जैसिडांडा, कुवापानी, बिर्ता, लागु, आँपचौर, वडा नं. ९ मा सागिनडांडा, स्यामरुल छापडांडा, गोपिराङ, कप्सेरी, वडा नं. ४ मा ढुडेनी, घडेरी, भदौरे,

ज्यार्पु, खादे, घट्टेडांडा र वडा नं. २ मा बोरेटार,गैह्रीगांउ, नामटार आसपासमा समेत प्रशस्त गांजा खेती नष्ट गरियो ।

उल्लेखित गाँजा खेती प्रभाबित क्षेत्रहरुको भौगोलिक बनावट हेर्दा उच्च पहाडी लेक, भिरालो कान्ला परेको जग्गा, उर्वरा माटो, प्रत्येक जमिनमा मुहान बाट ल्याईएको पानीको पाईपको व्यबस्था भएकोले अधिकांश घर परिवारहरु गांजा खेतीमा संलग्न भएको देखिएता पनि केही परिवारले भने गांजा खेती बाहेक अन्य वालीहरु मकै कोदो, फापर, अदुवा, अम्रिसो, तोरी, रायो, मुला, काउली,बन्दा र फलफुलमा सुन्तला, निबुवा, र कागती फलाएको पनि देखियो ।

उक्त क्षेत्रमा गांजा खेती गर्ने जातीहरुमा अधिकांस तामाङ्ग (घलान,मोत्तान,स्याङ्गतान,गोले,बल,व्लोन) जाती रहेता पनि अन्यमा क्षेत्री, ब्रामण, र चेपाङ्ग समेत अछुतो नरहेको भेटियो । गांजा खेतीको लागी श्रावण/भाद्रमा बिउ व्याड् राख्ने, भाद्र/असोजमा बिरुवा रोप्ने र पुस/माघमा गांजा कटानी गर्ने गरेको र सप्रिएको गांजा खेतीमा प्रति कट्ठा ३५ देखी ४० के.जी.गांजा उत्पादन हुने प्रतिकेजि गांजाको रु ५देखी ७ हजार सम्ममा घर खेतमै भारतका व्यापारी आई खरिद गर्ने गरेको समेत बुझियो ।

मकवानपुर जिल्लाको नामटार गा.बि.स.वडा नं. ५,६,७ र ८ का अधिकांश बासिन्दाले अत्याधिक गांजा लगाउने गरेको र सोही गांजा खेतीलाई मुख्य नगदे वाली बनाई आफनो जिबिकोपार्जन गर्ने गरेकोले गांजा खेती नष्ट भए पश्चात ती बासिन्दाले अन्य वाली लगाउने समय पनि गुज्रेको, मल बिउको पैसा तिर्न नसक्ने अबस्था रहेको र बाँकी



समयमा हातमुख जोर्न समेत उपाय नरहेको बताए भने, अन्य स्थानीय बासिन्दाहरु अवका दिनमा चोरी तथा लुटपाट हुन सक्ने गुनासो समेत गरेको पाईयो । गांजा खेती गर्ने केही चलाख व्यक्तिहरुले सोही गांजाखेती बाट कमाएको पैसाले हेटौडाको आसपासमा घर घडेरी, गाडी खरिद गर्नुका साथै छोराछोरीलाई पनि राम्रा स्कुलमा पठनपाठन गराएको बुझियो ।

उक्त बिकट तथा पहाडी लेकहरुमा गांजा फडानी गर्ने क्रममा प्रहरी टोलीको संख्या अत्याधिक भएकोले बस्ने ठांउ, पकाउने भाँडाकुँडाको अभाव हुनु स्वभाबिककै थियो भने अपरिचित स्थानीय व्यक्तिद्धारा खानेपानीको पाईप लाईन अबरुद्ध गरी दिएकाले झनै समस्या पर्न गयो तर पनि खटिएका प्रहरी टोली अतिनै सहनशिल, योग्य र दक्ष रहेकाले प्रत्येक दिन बिहानै ७ बजे देखी खल्तीमा चिउरा र चाउचाउको मुठी च्यापेर साँझको एक छाक खानाखाई १३ दिन सम्म उच्च चिसो भुभागमा बाखापाठाको खोर समेत नभनी सुतेर बिभागीय निर्देशनलाई अक्षरसः पालना गरी कार्य सम्पन्न गर्नु पर्ने यस टिमको एउटै उद्देश्य रहेकोले उक्त क्षेत्रमा रहेको २१६ बिगाह ७ कट्ठा जग्गामा लगाएको गांजा खेती यस व्यूरोको नेतृत्वमा नष्ट गर्न सफल भएको ।

यसरी अबैध लागू औषध गांजा खेती नष्ट कार्यक्रमका बिभिन्न बाधा अवरोध बीच पनि कम रोमाञ्चक र अविस्मरणीय क्षण रहेनन् । गांजा खेती नष्ट गर्न खटिएको पहिलो दिन मिति २०७१।८।२६ गते म सहितको ११ जना र जि.प्र.का.मकवानपुर बाट खटिई आएका प्र.नि.को कमाण्डको ५० जना को प्रहरी टोली जिल्ला मकवानपुरको चुनिया भन्ने स्थानमा मिलन भई जि.प्र.का. मकवानपुरकै प्रहरीको दुई वटा गाडी बाट नामटार गा.बि.स.वडा नं. ९ बेत्तीघारीमा मुकाम गर्ने गरी कच्ची साँघुरो तथा खाल्टा खुल्टीको बाटो हुदै मुस्कीलले साझ १८:०० बजेको समयमा मुकाम स्थान देबी प्रा.बि.मा पुगी खाना-पिना तथा बसोबासको व्यबस्था मिलाईयो । ठूलो जनशक्ति साँघुरो स्कुल भवन भए पनि स्थानीय प्रा.बि.का प्रधानाध्यापक तथा छिमेकी महानुभावहरुको पूर्ण सहयोगमा भाडा वर्तन, दाउरा र बसोबासको व्यबस्था मिलेकैले उक्त रात जसोतसो टारियो र भोली पल्ट बिहानको कार्यक्रम के गर्ने भन्ने बिषयमा स्थानीय सहयोगीको सरसल्लाहमा नामटार गा.बि.स.वडा नं. ६ स्थित भवाङ्ग क्षेत्रमा अत्याधिक गाँजा खेती भएको भन्ने सुचनालाई यकिन गरेर मिति २०७१।८।२७ गते बिहान चाउचाउ र चिउरा लाई चियामा डुवाई खोले जस्तो बनाई पिउने र उकालो चढ्ने तय गरियो ।

भोलिपल्ट बिहान ०७:०० बजे बिहानको नित्यकर्म गरी चाउचाउ र चिउरा र चियाको खोले पिई सकेपछि आ-आफनो कुम्लो कुटुरो बोकी बेतीघारी बाट पूर्व तर्फको उच्च पहाडी भागमा रहेको भवाङ्ग क्षेत्र तर्फ तेर्सियौ, तर बाटो पनि नदेखेको जंगल, उकालो र आफनो बेडिङ्ग बिस्तराको भारी त घामको चर्काईले दुई गुना त हुनेनै भयो । जाँदाजाँदा जव चुचुरोमा पुग्न लागियो भनेको त बाटो नै उल्टो परेछ । फेरी तल झर्नु पर्‍यो । घामको चर्काई भारीको थिचाई भोक

प्यासले गर्दा टोली थकित भई सकेको थियो, थाकेका टोलीलाई रमाईला ठट्याउला कुरा गर्दै मैले लगेको चकलेटको पोका, चाउचाउ खोली खुवाउदै फोटो खिचाउदै माथिल्लो शिर( भवाङ्ग क्षेत्र) के छोएको मात्रै थियौ, त्यहाँ त झण्डै २० बिगाह जती समथर जग्गामा लगाएको लहलह भएको गांजाको बोट, २/४ वटा देखिने कच्चि घर, गोठ । म लगाएत प्रहरी टोलीको थकाई र भोक त कता गयो कता सबै जना स्फुर्तिका साथ आफना सामान फालेर फोटो खिच्ने, गांजा काट्ने कार्यमा कुनै आदेश नै कुरेनन् । मन आनन्दले बिभोर भयो, व्यूरोमा प्राप्त सुचना र व्यूरो प्रमुखको आदेश बल्ल साकार भयो भनेर । अर्काको ठांऊ, लागू औषध संजालले लगाएको गांजा खेती, भाषाको समस्या अनि प्रहरी टोलीको जोश जांगरलाई होसमा ल्याई कार्य सम्पादन गर्नु पर्ने कमाण्डरको प्रथम चुनौती थियो । तत्कालै सबै टोलिलाई एकै ठाउमा भेला जम्मा गराई भएका खाजा, पानी खुवाई स्थानीय बासिन्दा सँगको भेटघाटलाई पहिलो प्राथमिकतामा राखी, खोजी गरीयो यसै क्रममा २/४ जना बुढापाका र केही केटाकेटी नजिक आए, बाँकी लक्का-जवान मानिसहरु जंगल जाने क्रममा बेपत्ता भएछन्। आईमाईकेटाकेटी घर घरमा परै बाट हेरी रहे, सायद हामीहरुलाई युद्ध गर्न आएका योद्धा सम्झेर होला या, पाकेको बाली सखाप पार्न आएका शत्रु सम्झेर ।

गांजा फडानी गर्ने टोलीको कमाण्डरको हैसियतले मकवानपुरका प्र.नि., सुबेदार मेजर र व्यूरोका प्रहरी अधिकृतहरु सँग तत्काल सल्लाह गरी स्थानीय व्यक्तिहरुलाई आफनो परिचय, कर्तव्य र हामी त्यस ठांउमा पुग्नुको उद्देश्य समेत सम्झाई बुझाई अबैध गांजा खेती नष्ट गर्न आबश्यक सहयोग माग्दै रातमा खाना बस्नको लागी स्थान, दाउरा, भाडाकुडा, तरकारी र पानी, बत्ति, शौचालय समेत उपलव्ध गराउन अनुरोध गरियो, बहाँहरु सहमती त हुनु भयो तर त्यहाका केही असंन्तुष्ट केटाहरुले नालापानीको लडाईमा आएको योद्धा सम्झेर होला मुहान बाट आउने पानीको लाईन नै अवरुद्ध गरि दिएछन । जव स्थानीय जनता सँग हातेमालो गरिन्छ त्यहाँ आफनो उद्देश्य पुरा गर्न कुनै कठिनाई पर्दैन भन्ने मेरो २८ बर्षको नोकरीको अनुभवलाई सजिलै प्रयोग गरियो । तत्काल स्थानीय बासिन्दाले आफना केटाहरुलाई परिचालन गराई प्रहरी समेतको सहयोगमा पानीको लाईन जोडियो, समाजमा भाँडाकुँडा जुटे, दाउरा व्यबस्था भयो, घरघर बाट मकै भुटेर दिए, तव टोलीको हौसला, उमङ्गले चुली नाध्यो, अनि व्यूरोका प्र.नि.प्रेम बहादुर शाही, प्र.ना.नि.होम बिक्रम कार्की, प्र.ह.गोपाल खड्का, प्र.ज.राजाराम कार्की र मकवानपुरका सुबेदार मेजरको कमाण्डमा २ जना सहितको टोलीलाई खाना पिना, बस्ने व्यबस्था मिलाउन खटाईयो र बाँकी मेरो कमाण्डमा अन्दाजी २० बिगाह गांजा खेती नष्ट गर्ने तर्फ लागियो । गांजाको हरिया बोट, हातमा रहेको खुर्पी, अर्को हातमा छडी कतै टाटे पाटे डाँग्रे सहितको जत्था, कतै सिभिल पोशाकका प्रहरी कर्मचारी मानौ स्थानीय व्यक्ति समेतकै संयुक्त फोर्स, हेर्दै आनन्द आउने माहोल तयार गरी जुट्यौ फडानी कार्यमा । बेलुकी आंखाले देखुन्जेल टोली फर्कन मान्दैन भन्छ । यस्तो अबसर कहिले आउँछ र सर ? बल्ल लागू औषध नियन्त्रण व्यूरोमा जागिर खाए जस्तो लाग्यो । मकवानपुरको अर्को प्रहरी टोली भन्छन । सर, हामी त अव लागू औषध मै दरबन्दी वा कागज बनाई कार्य गर्ने छौं । बिहान समयमै उठी नित्य कर्म सकी चाउचाउ बिस्कुट चिउरा मिसाई चिउराको भरमा टोली जुर्मुराउन थाल्यो, अब गांजा काट्न कंहा जाने ? हामी कमाण्डरहरुले बिशेष सुचना बिश्लेषण गरी ठांउ तयार गरी सकेका हुन्थ्यौं, अव पालो कस्को भनेर । नामटार ६ भित्र पर्ने बलामी क्षेत्रको, चौबासे मम्फुवा किरभन्ज्याङ्गमा अत्याधिक गांजा लगाईएको, भवाङ्ग बाट साढे २ घण्टा पैदल पल्लो पाखो अप्ठ्यारो खोँच, चिप्लो बाटो, जुका लाग्ने, साँघुरो तारेभीर, दांया बांया सिस्नो झाडी, छोयोकी पोल्ने, उर्वरा भुमी, भिरालो जग्गा मौलाएको गांजा मानौ करोडौको नगदेबाली काट्न तम्सीएका छौ हामी नेपाल प्रहरी ।

उमेर भएका मानिसहरु कोही हेटौडा काठमाण्डौ, कोही बिदेश, बचेखुचेका बुढापाका, बिरामी, अपाङ्ग आईमाई, केटाकेटीहरु मात्र घरबारीमा देखिने, बलिया बाङ्गा जंगलतिर भागाभाग । हामी लाग्यौ गांजा खेती नष्ट गर्न तिर कसैलाई भेट्योकी सम्झाई बुझाई हौसला दिने, केटाकेटीलाई चकलेट, चाउचाउ, बाड्ने, कसैलाई खुर्पा लिई गांजा खेती नष्ट तिर लगाई दोस्रो दिन पनि अन्दाजी १५ बिगाह नष्ट गरी अँध्यारो हुदा बल्ल मुकाम क्षेत्र भवाङ्गको गोठमा आई पुगियो । खाना तयार रहेछ... लोकल कुखुराको मासु, रायोको साग, मासको दाल सहितको भात खान प्रहरी टोली र स्थानीय बुढापाका, केटाकेटी समेतको सहभागितामा जम्मा भएका, मानौ कसैको बिवाहको भोज भत्तेर भईरहेछ । सबै जोसिला फुर्तिला, खुशिले बिभोर, सबका हातमा मोवाईल घर परिवार, प्रेमीका सँगको आवाज सुन्न असफल प्रयास (No signal, no Tower) दिन भरीको थकान, गांजा काट्दाको रोमान्स, मिठामिठा कुरा, नंया ठाँऊ, नयाँ परिवेश, अनि प्र.ना.उ. देखी जवान सम्मको हातेमालो सुताई मानौ सबै बराबर । लाग्थ्यो हामी कुनै तिर्थस्थल गएका छौ, कुनै सहकार्य गरिरहेका छौ र पुण्य पनि कमाई रहेका छौ, कोही लौरोले हान्ने कोही खुर्पाले काटने, कोही हातले निमोठ्ने, कोही दुरबिन लगाई हेर्ने, कोही मोवाईल र क्यामराले फोटो खिच्ने, अनि कोही मुचुल्का उठाउने, हामी मात्र के कम र ...बिदेशी पर्यटक भन्दा । सरकारी भत्ता, सरकारी आदेश, अनि आफनो व्यक्तिगत मनोरन्जनको फाईदा किन नलिने, हामी पनि भन्न सक्छौ काठमाण्डौ बाट नजिक रहेको जिल्ला पनि कम मनमोहक रहेनछ भनेर । अव प्रत्येक दिन हाम्रो दैनिकी सधैं झै सुरु हुन्थ्यो, अनि लागिन्थ्यो खेती तिर... लाग्थ्यो, वाली समयमा नकाटे असिना पर्नेछ, वाली नास हुनेछ । हतारो गर्थ्यौं ।अनि गाउ नै उल्टेर खेती गर्न गए जस्तो भान हुन्थ्यो, त्यो दिन बलामी क्षेत्रको बलामीको मम्फुवा किरभन्ज्याङ्ग बागुनेको १५ बिगाह गांजा खेती स्वाहा के पारेथ्यौ, बिहान देखी पानी परेर भिर, पाखो, चिप्लो, जुका सिस्नोले किन छोडथ्यो हामी निर्दयी गांजा फडानी गर्ने प्रहरीलाई । फर्कदा रात पर्‍यो, कोही बाटो बिराए, कोही लडे, कसैलाई सिस्नोले पोल्यो, कसैलाई जुकाले चुस्यो, कोही अगाडी पुगे, कोही रातको ८/९ बजे सम्म हराए, खोज्न जान सम्भव छैन, अन्दाजी ४/५



मकवानपुर जिल्लाको अवैध गाँजा खेती नष्ट गर्दै ला.औ ब्यूरोका प्रहरीहरु

सय मिटर अग्लो ६ ईन्च चौडाई भएको अँध्यारो भीर, खस्यो भने सास होईन लाश पनि झिक्न सकिन्न । ज्यादै पिर पर्‍यो, भन्ज्याङ्ग सम्म लिन पठाईयो, कोही आई पुगे, कोहीको पत्तो छैन । जसमध्ये व्यूरोका प्र.ना.नि.होम बिक्रम कार्की र प्र.ह. गोपाल खड्का रातको ०९:०० बजे तिर लडदै निथ्रुक्क भिजेका कुई मुसो जस्तो देखिने, चप्पल जुत्ता नभएका, जुकाले टोकेर पानीले भिज्दा लाग्थ्यो, रगतमा होली खेलीरहेछन, तुरुन्त सरसफाई, औषधी मुलो गराई खानपिन गरी सुत्न पठाईयो, भोली पल्ट हेर्दा ४/५ जनाको खुट्टामा जुत्ता छैन ।

**अबैध गांजा/अफिम खेती हुनुका मुख्य कारणहरु :-**

- मकवानपुरको नामटार गा.बि.स.का वडाहरु सुगम र दुर्गम तथा ठूलो क्षेत्रफलमा रहेको ।
- अधिकांस बासिन्दा तामाङ्ग जाती र अन्य जाती कम रहेको ।
- जग्गाहरुको प्रकृती उच्च भिरालो, उर्वरा माटो, पानी, बत्ति शौचालयको व्यबस्था रहेकोले गांजा/अफिम खेती योग्य जमिन भएको ।
- स्थानीय किसानलाई मल बिऊ सहकारी संस्था बाट बितरण हुने गरेको ।
- बालीहरुको हकमा मकै, कोदो, फापर, अदुवा अम्रिसो, तोरी, रायो, मुला, काउली, बन्दा, लसुन, प्याज, सुन्तला कागती, किवि, निबुवा समेत फलेको पाईयो ।
- अन्य वाली तथा पशुपालन भन्दा अबैध लागू औषध गांजा/अफिम खेतीमा बढी फाईदा भएकोले स्थानीय बासिन्दा त्यस तर्फ आकर्षित भएको पाईयो ।
- खाद्यान्न तथा अन्न वाली लगाउँदा बाटोघाटोको असुबिधा, बजार अभाव, अत्याधिक लागत मुल्य, प्रतिफल कम, लामो समय कुर्नु पर्ने भएकोले किसानहरु अन्य वाली भन्दा अबैध गाँजा/अफिम खेतीमा आकर्षित भएको पाईयो ।
- अबैध गांजा खेती गर्न भारतिय व्यापारीले बिशेषज्ञ खटाई जग्गा भाडामा लिई बिउ बिजन उपलब्ध गराउने, रेखदेख गर्ने, खेती बाटै गांजा/अफिम खरिद गर्ने, राम्रो मुल्य दिने, गांजा /अफिम २/३ वाली हुने हुदा आकर्षित बढेको पाईयो ।
- गांजा अफिम खेती अबैध भन्ने थांहा पाए पनि कानून तथा सचेतनाको अभाव रहेको ।
- भौगोलिक बिकटताको कारण बिकास निर्माण, शिक्षा तथा स्वास्थ्यको अभाव पर्याप्त चेतनाको कमी भएको ।
- धेरै जमिन भएका र वाठाटाठाले पहिले देखीनै गांजा/अफिम खेती गरी पैसा कमाई शहरमा घर घडेरी, गाडी र सन्तानलाई राम्रा स्कुलमा पठन पाठन गराई सरल जन-जिवन बिताएको देखी अन्यले पनि देखासिखि गरेको पाईयो ।
- स्थानीय किसानलाई खेती गर्न स्थानीय सहकारी संघ संस्था र गा.बि.स.ले पनि सिंचाई कुलो, धारा, पानी बिजुली, मल, बिऊ खाद कार्यमा सहयोग गर्ने गरेको तर उक्त सहयोग कँहा प्रयोग गरेका छन भन्ने समिक्षा गरेको नपाईएको ।

**समस्या समाधानका उपाय :-**

- स्थानीय प्रहरी प्रशासन, कृषि, शिक्षा,स्वास्थ्य, र जि.बि.स.ले उक्त क्षेत्रहरुको अनुगमन गरी उन्नत खेती, बाटो-घाटो, पुल, बजार, मल, बिऊ, खादको व्यबस्था गर्न गुरु योजना तयार गरी सम्बन्धीत निकायमा लेखापढी गरिनु पर्ने ।
- स्थानीय राजनितिक दलहरुले समसामयिक बिषयलाई कार्यान्वयन गराउन सम्बन्धीत निकायमा ताकेता गर्नु पर्ने ।
- स्थानीय बासिन्दाहरुलाई समय समयमा सभा, गोष्ठि, सेमिनार गरी तिनको समस्या बुझि कानुन सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्नु पर्ने ।
- स्थानीय किसानहरुलाई पशु पालन, माछा पालन, खाद्यवाली, तरकारी खेती, फलफुल खेती, नगदेवाली लगाउन प्रेरित गर्ने र उत्पादित बस्तुलाई उचित मुल्यमा सरकार वा संघ संस्थाले स्थानीय स्तर मै खरिद गरीदिने बिश्वास दिलाउनु पर्ने ।
- वाली लगाउनु अगाडी स्थानीय किसानलाई अबस्था हेरी सुलभ वा निर्व्याजी ऋण सुबिधा, मल, बिऊ उपलब्ध गराई आर्कषित गराउनु पर्ने ।
- उत्पादित बस्तु खरिद गरे पश्चात किसानले प्राप्त गरेको रकम सही सदुपयोग गरेको छ छैन निर्क्यौल गरिनु पर्ने ।

**निश्कर्ष**

अन्तमा, यस अबैध गाँजा/अफिम खेतीलाई नष्ट गर्नु मात्रै मुख्य उद्देश्य नराखी त्यँहा बसोबास गर्ने स्थानीय बासिन्दाको रोजीरोटीलाई जगेर्ना गर्नका लागी बाटोघाटो, तुईन, पुल, बैकल्पीक खेती, मल, बिउ प्राबिधिक सरसल्लाह र उत्पादन गरिएको बालीलाई सरकारले समयमै उचित मुल्यमा खरिद गरी दिने चाँजो मिलाई दिएमा उक्त गाँजा खेती बिस्थापन भई अन्य नगदे तथा मुख्य बालीको बिजारोपण हुने देखिन्छ ।

# लागू औषधको ओसार पसार र त्रिभुवन विमानस्थल



प्र.नि. प्रेम बहादुर शाही

त्रिभुवन विमानस्थल नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल हो । नेपालबाट हुने वैदेशिक व्यापारको प्रमुख माध्यमको रूपमा रहेको विमानस्थल आफैमा अत्यन्त संवदेनशील छ । दैनिक रुपमा नेपालका विभिन्न ठाँउबाट हजारौको संख्यामा त्रिभुवन विमानस्थल प्रयोग  गरी नेपाली नागरिकहरु वैदेशिक रोजगारी एवं अन्य कामको शिलशिलामा विश्वका विभिन्न देशमा जाने गर्दछन् भने हजारौको संख्यामा विदेशी पर्यटकहरु नेपाल आउने गर्दछन् । कुनै पनि बखत देशमा आई पर्ने विपतको अवस्थामा समेत त्रिभुवन विमानस्थल नै बाह्य जगत सँग सम्पर्क हुन सक्ने एक मात्र भरपर्दो माध्यम रहि आएको छ । विश्वाव्यापीकरण सँगै आज भोली विश्व का देशहरुको एक आपसको दुरी समेत साँघुरिएको छ । ईमेल, इन्टरनेट जस्ता विधुतिय प्रविधिहरु मार्फत मानिसहरु क्षण भरमै एक देशबाट अर्को देशमा सूचना आदान प्रदान गर्न सक्ने भएका छन् । त्यसैगरी वर्तमान समयमा मानिसको इच्छा, आकांक्षा, काम गर्ने तौर तरिका समेत दिन प्रतिदिन परिर्वतन भैरहेको छ ।

विमानस्थलको प्रयोग गरी विभिन्न किसिमका आर्थिक गतिविधिहरु संचालित रहेका छन् । जस मध्य कार्गो तथा कुरियरको माध्यमबाट गरिने व्यापार पनि विमानस्थलको प्रयोग गरी हुने एउटा मुख्य व्यापारिक क्रियाकलाप हो । विश्वका विभिन्न देशमा नेपाली उत्पादनहरु कार्गो कुरियरको माध्यमबाट विमानस्थलको प्रयोग गरी निर्यात हुने गर्दछन् भने वैदेशिक उत्पादनहरु पनि कार्गोकै माध्यमबाट आयत हुने गरेका छन् । यसरी त्रिभुवन विमानस्थल प्रयोग गरी लागू औषध तथा अन्य अपराधिक गतिविधि गर्ने व्यक्तिहरु ओहरदोहर गर्ने र विभिन्न तरिका द्वारा लागू औषध ओसार-पसारमा संलग्न हुन सक्ने कुरालाई नकार्न सकिदैन । त्रिभुवन विमानस्थल प्रयोग गरी यस्ता प्रकारका अपराधिक गतिविधिमा सँगलन व्यक्तिहरुलाई पक्राउ गरी कानुनी दायरामा ल्याउनु निकै चुनौती पुर्ण रहेको छ ।

औषधि कारोवारमा संलग्न अपराधीहरुलाई पक्राउ गर्न निरन्तर निग्रानी, अपराधीको अपराधिक पृष्ठभुमी, अपराधीको हाउ भाउको अवलोकन महत्वपुर्ण हुन्छ, त्यसै गरी प्रहरी कर्मचारीहरुको लगनशीलता, ईमानदारिता र सक्रियताका कारण कुनै पनि अपराधमा संलग्न व्यक्तिहरुलाई पक्राउ गर्ने कार्यमा सफलता प्राप्त हुने गर्दछ ।

यसै क्रममा मिति २०७१।१२।२० गते साँझ १९:०० वजे को समयमा एक महिला त्रिभुवन विमानस्थलको प्रस्थान तर्फको चेकिङ A स्क्रिन नं. २ बाट विमानस्थल प्रवेश  गरिन निज महिलाले साधारण व्यक्तिले गर्ने क्रियाकलाप भन्दा अस्वभाविक फरक प्रकारको गतिविधि देखाई रहेको कारणले गर्दा लागू औषध नियन्त्रण व्यूरोका प्रहरी कर्मचारीहरुको निग्रानीमा निज परि सकेकी थिईन । निजसँग रहेको भ्रमण गरेको कागजपत्रहरुको अध्ययन गर्दा निज महिला QR 651 को कतार एअरको काठमाण्डौ बाट दोहा हुँदै ईटालीको रोम जान लागेकी ३६ बर्षिया पासपोर्ट नं. A34891381 बाहक मलेसियन नागरिक Marina Binti Zamaluddin थिइन । उनी ब्राजिलबाट कतार हुँदै २८ मार्च २०१५ मा काठमाण्डौ प्रवेश गरि लाजिम्पाटको एक अपाटपेन्टमा तीन दिन बसेको कुरा उनले बताईन । उनलाई झोला भित्र के बस्तु छ भनि प्रश्न गर्दा ल्यापटप हो भनेर जवाफ दिईन र प्रश्न गर्ने प्रहरीलाई यो झोलाभित्र जे छ तिमी आफै लिनुहोस र मलाई छोडिदिनुस् भनी हतासपूर्ण अनुहार र हाउ भाउ आदिको कारणले पनि उक्त व्याग भित्र केही शंकास्पद बस्तु हुन सक्ने भएकोले उक्त झोला हातले नै खोल्ने निधो गऱ्यौ र निजको सुक्ष्म रुपले शरीर तलासी लिई उनको साथमा रहेको लगेज खोली हेर्दा लगेजमा ल्यापटप आकारको पाँच ओटा झोला भेटिए ।



११ किलो कोकीन सहीत पक्राउ परेकी मलेसियन नागरिक Marina Binti Zamaluddin

उक्त पाँच वटा व्याग भित्र सेतो पदार्थ द्वारा ल्यापटपको आकारमा बनाईएको शंकास्पद बस्तु फेला परेको कारण उनलाई थप सोधपुछ तथा चेकजाँचका गर्दा शंकास्पद सेतो वस्तु Drugs Detection Test Kit को माध्यमबाट Presumptive Test गरी उक्त वस्तु लागू औषध कोकिन रहेको जानकारी भयो । तत्काल पाँच ओटा झोलामा भएको लागू औषध कोकिनको तौल गर्दा ११ के.जी बरामद भयो । यसरी हाल सम्म नेपाल कै सबै भन्दा ठूलो परिमाणको लागू औषध कोकिन बरामद गर्न तथा उक्त कारोवार गर्ने व्यक्ति पक्राउ गर्ने कार्यमा सफलता प्राप्त हुन गयो । बरामद गरिएको अवैध लागू औषध कोकिनको अवैध अन्तर्राष्ट्रिय बजार मुल्य २२ करोड नेपाली रुपैया हुन आउने देखिन्छ ।

उनका अनुसार श्रीमान् रिटाएर्ड मलेसियन आर्मीमा कार्यरत थिए । डाईवेटिजको बिरामी भएको कारणले गर्दा श्रीमान्को दाहिने खुट्टा काट्नु परेको र आर्थिक अभावका कारण लागू औषध कारोवारमा आफु

संलग्न भएको समेत निजले बताइन । मलेसियामा बस्दा ईला भन्ने एक जना मलेसियन साथीको माध्यमबाट अफ्रिकन मुलकको टोनी भन्ने व्यक्तिसँग निजको चिनजान भएको र उसबाट प्रेरित भई लागू औषधको कारोवारमा पहिलो पटक संलग्न भएको बताएकी थिईन् । उनले पहिलो पटक लागू औषधको कारोवार मलेसियाबाट दिल्ली आई दिल्लीबाट इटालीको रोम पुऱ्याउने काम गरेकी थिईन् जस वाफत उनले ५,००० यु.एस. डलर प्राप्त गर्दथिइन् । यसरी पहिलो पटक लागू औषध कोकिन दिल्लीबाट ईटाली पुऱ्याउन सफल भएपछि निजको मनोवल बढ्दै गयो निज आफै ब्राजिल गई ब्राजिलबाट ईटली तथा नेदरल्याण्डमा लागू औषध कोकिनको कारोवार गर्न थालिन । उनका अनुसार ब्राजिलबाट दिल्ली हुँदै ईटली तथा नेदरल्याण्ड लागू औषध कोकिन पुऱ्याए बाफत प्रत्येक पटक निजले ६,००० यु.एस.डलर प्राप्ता गर्ने गरेकी थिईन । हाल सम्म उनले दश भन्दा बढी पटक लागू औषध कोकिन युरोपियन देशहरु ईटलीको रोम र नेदरल्याण्डको एम्स्टर्डम मा ओसार पसार गरी सकेकी छन् । अवैध लागू औषध कोकिनको कारोवारमा खास गरी अफ्रिकन मूलका नागरिकहरुको गिरोह संलग्न रहेको र उक्त गिरोह मलेसिया, भारत, ईटली, ब्राजिल र नेदरल्याण्ड आदी देशहरुमा बसि अवैध लागू औषध कारोवारमा सक्रिय रहेको समेत निजले अनुसन्धानको क्रममा बताएकी छन् ।

बिभिन्न प्रकारका लागू औषध सम्बन्धि तथ्याङ्कहरु मनन् तथा विश्लेषण गर्दा मलेसियन नागरिकबाट भएको लागू औषध कोकिनको पक्राउ तथा बरामदले त्रिभुवन विमानस्थलबाट लागू औषधको अवैध कारोवार हुन सक्ने कुरालाई नकार्न सकिदैन । वर्तमान अवस्थामा त्रिभुवन विमानस्थलको प्रयोग गरी लागू औषधको कारोबार गर्ने व्यक्तिहरुले विभिन्न उपाय अपनाई मानव शरीर तथा अन्य चीज वस्तुमा लुकाउ छिपाउ तरिकाको प्रयोग गरि सुरक्षा निकायलाई झुक्काई लागू औषध ओसार पसारमा संलग्न हुने गरेको देखिन्छ । लागू औषध कारोबारमा संलग्न धेरै जसो व्यक्तिहरु नेपाल आगमन गर्दाका बखत नभई त्रिभुवन विमानस्थलबाट प्रस्थान गर्दाका अवस्थामा बढी मात्रामा पक्राउ तथा बरामद भएको तथ्याङ्कहरुले समेत देखाउँछ ।

यसरी उक्त तथ्याङ्कलाई मनन् गरी प्रहरी कार्यलाई अझ बढी सक्रिय तथा प्रभावकारी बनाउनका साथै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लागू औषध कारोबारीहरुको बढी भन्दा बढी पक्राउ तथा बरामदको लागि त्रिभुवन विमानस्थलको आवागमन कक्ष सँगै रहेको व्यागेज स्क्रिन एरिया तथा कार्गो आयात हुने एरियामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय सँग समन्वय गरी नेपाल प्रहरीको जनशक्ति समेतको परिचालन गर्न सकेमा त्यस्ता लागू औषध कारोवारीहरु लाई नेपाल भित्रिने क्रममा नै पक्राउ गर्न सहज हुने देखिन आएको छ ।

चरेश, गाजा जस्ता लागू औषध नेपालमा अबैध रुपमा उत्पादन हुने र नेपाल तथा अन्य देशमा यसको अबैध कारोवार हुने गर्दछ भने हेरोईन, कोकिन जस्ता लागू औषधहरु नेपालमा उत्पादन नहुने र अत्यधिक महंगो भएको कारणले गर्दा त्यस्ता लागू औषधहरुको खपत समेत नेपालमा हुन गएको हाल सम्म हाम्रो तथ्याङ्कले नदेखिएता पनि लागू औषध कारोवारीहरुले नेपालको बाटो प्रयोग गरी लागू औषध सेतो हेरोईन, कोकिन नेपाल भित्र्याउने र नेपालमा केही दिन राखी



पुन उक्त लागू औषध युरोप लगायतका तेस्रो मुलुकमा अवैध कारोवार गर्ने गरेको कुरा लागू औषध नियन्त्रण व्यूरो द्वारा पक्राउ गरिएका व्यक्तिहरुबाट अनुसन्धानको क्रममा समेत खुल्न आएको देखिन्छ ।

तसर्थ लागू औषधको अवैध कारोवार रोकथाम तथा नियन्त्रण गर्न उक्त कारोवारमा संलग्न व्यक्ति तथा गिरोहहरुले अत्याधुनिक संजाल निर्माण गर्ने भएकोले पक्राउ गर्न अत्यन्त चुनौतीपूर्ण रहेको छ । त्रिभुवन विमानस्थल जस्तो अति संवेदनशील ठाँउलाई प्रयोग गरी हुने अवैध लागू औषध कारोवारलाई नियन्त्रण गर्न र त्यहां खटिएका कर्मचारीहरुको कामलाई अझ प्रभावकारी बनाउन समय सापेक्ष आधुनिक उपकरणहरुको प्रयोग गर्न सकेमा मात्र लागू औषध कारोवारमा संलग्न व्यक्तिहरुलाई पहिचान गर्न र कानूनी दायरामा ल्याउन सहज हुने देखिन्छ । साथै नेपाल प्रवेश गर्ने क्रममा नै त्यस्ता व्यक्तिहरु पहिचान गरी पक्राउ तथा बरामद गर्न सकेमा हाम्रो देशको ईज्जत, प्रतिष्ठा बढ्न गई लागू औषध कारोवारमा संलग्न व्यक्तिहरुको मनोवल घट्न जाने र अन्तर्राष्ट्रिय जगतमा नेपाल प्रति विश्वास समेत अभिवृद्दि हुने खालको सकारात्मक सन्देश समेत सम्प्रेषण हुन्छ ।




मिति २०७१/११/०६ गते FLY Dubai को FZ575 को उडानद्वारा Dubai हुँदै नेपाल आइपुगेको ००६१२१९ नं. को राहदानी बाहक NAMIBIAN नागरीक Rayamond Zungu Oppel Hand Bag मा लुकाई राखेको कोकिन ४५ वटा प्लाष्टिक कोटेड क्याप्सुल (७६५) ग्राम सहित पक्राउ

# Science Behind the Drug Addiction



**By Ninu Shrestha**
Department of Drug Administration

Addiction is a chronic brain disease that is characterized by a drug dependency, tolerance and withdrawal symptoms in an addicted individual. Drugs change the structure and functions of brain, therefore, drug addiction is considered as brain disease. The understanding about the effects of drug on the important brain areas throughout the progression of addiction has guided the way of behavioral and drug treatments method in an addicted individual.

The key areas of human brain affected by drug is in brain reward system which comprises limbic system, dopamine level, dopamine receptors and cerebral cortex. Whenever this reward system is activated the brain notes that something important is happening that needs to be remembered and teaches us to do it repeatedly.




Brain reward system




Figure: Neurotransmitter (dopamine) and receptor

**Terminology**

The limbic system (Reward pathway), which contains the brain's reward circuit. It regulates the ability to feel pleasure. Feeling pleasure motivates us to repeat behaviors that are critical to our existence.

The cerebral cortex: The front part of the cortex, the frontal cortex or forebrain, is the thinking center of the brain; it powers our ability to think, plan, solve problems, and make decisions.

Tolerance : If drugs are used excessively, the brain boosts its defensive reaction. Tolerance makes the Reward System less efficient, muting the overstimulation caused by drugs. Once tolerance develops, it takes more drugs to achieve the same high that used to be achieved with less.

**Dopamine: It is a chemical release by brain cells (neuron) in a space which binds with dopamine receptor present in another brain cell to communicate message.**

**Change in the brain following early use of drug:**

Most of the drug abuse directly or indirectly target the brain's reward pathway by abnormally releasing large amount of the neurotransmitter called dopamine in the reward system. Animal and human studies have showed that all drugs of abuse increase 2 to 10 times more dopamine in the reward system than natural reward substance such as, food. The drugs release dopamine with greater efficiency and with more prolonged effects than natural rewards causing more euphoric feelings and intense pleasure. The effect of such a powerful reward strongly motivate people to take drug again and again.

**The change in the brain following chronic use of drug:**

The over activation of the reward system and over release of dopamine within the system are the first steps of initial drug use . However, for the adjustment of this over activation of the reward system the brain decreases the level of dopamine and the number of dopamine receptors. This condition eventually leads to the feeling of lifeless, depressed and is unable to enjoy things that were previously pleasurable. This compels the addicted person to keep abusing drugs in an attempt to bring his pleasure effect back to previous level but at this time larger dose of drug is required to achieve the same dopamine level making tolerance to the drug.

Furthermore, the reduction of dopamine receptor associated with dysfunction of the prefrontal cortex which is located at the front part of the brain which power our ability to think, plan, solve problems, and make decisions. The cortex exerts parental control over the brain's reward system so that the rewards that are received are safe and beneficial to sustain life. But the dysfunction of prefrontal cortex causes poor decision making condition through it. Results from imaging studies have demonstrated severe dysfunction in the prefrontal cortex of individuals with long-term substance abuse problems.




Figure: Decreased dopamine receptor in addicted person

In addition, it is demonstrated that the prefrontal cortex of the brain of adolescence is in the state of development till the age of 20 years. Therefore, the adolescence are always in the risk of poor decision making condition. Also, introducing drugs during this period of brain development causes change in brain that have deep and long-lasting consequences than in adult aged group.




Figure: blue represents maturation of brain

**Conclusion:**

Results from studies about the effects of drugs in the brain have validated preexisting treatment methods such as, to decrease the reward value of drugs and increase the value of nondrug or natural rewards. Furthermore, the adolescence's brain is in developing phase and due to this their brain cannot choose the right option therefore, they should be under the good guidance and care of parents. Since drug addiction is a brain disease the addicted individual should not be discriminated but rather they should e loved and cared to decrease reward value of drug and increase the value of himself, family and society. ■

HLK
Export & Import Co.
HLK P. LTD.
G.P.O Box: 3745, Lazimpat-2, Kathmandu, Nepal
Tel: 4001800, 4001750
E-mail: himlal@wlink.com.np
To send your precious goods through air-cargo,
air-sea cargo, sea cargo, air/sea-mail (post parcel),
packing and forwarding to any destination in the world.

# लागु औषध आयात निर्यात नियन्त्रणमा नेपाल फ्रेट फरवार्डरर्स एसोसिएसन को अनुरोध









कार्गोका लागी आएका सामानमा ध्यान दिनु पर्ने कुरा:

१. सामान लिएर आउने व्यक्तिको नागरिकताको प्रतिलिपि, तथा बिदेसीको हकमा पासपोर्टको प्रतिलिपि अनिवार्य लिने ।
२. हतार अथवा बढि मुल्य दिएर चाडो काम गराउन खेज्ने संग सतर्कता अपनाउने ।
३. काष्ठकलाका सामाग्रीको तौलमा ध्यान दिने ।
४. पुस्तकको गाता, फल्स बटम, तथा बाध्यवादनको सामानमा विषेश ध्यान दिने ।
५. नयां व्यक्ति बाट आएका सामानहरुमा ध्यान दिने ।
६. सामानहरु प्याकिंग गर्दा सर्तकता अपनाउने ।
७. सामान लिएर आउनेको जानकारी राख्ने ।

**निर्यातका लागी आएको सामान वा लिएर आउने व्यक्तिमा कुनै संका लागेमा तुरुन्त नजिकको प्रहरी अथवा लागु औषध नियन्त्रण ब्यूरोमा जानकारी गर्नु भई लागु औषध नियन्त्रण कार्यमा सहयोग गर्न विनम्र अनुरोध गर्दछौं ।**

**लागु औषध नियन्त्रण ब्यूरो: ४६०१०४८**

## नेपाल फ्रेट फरवार्डरस् एसोसिएसन
## Nepal Freight Forwarders Association

P.O. Box: 20823, Narayan Chaur, Naxal, Kathmandu, Nepal
Tel: 00977-1-4419769, Fax: 00977-1-4423735
E-Mail: neffa@mail.com.np, neffacontact@gmail.com
Website: www.neffa.org.np

Member of: FAPAA, ICC Nepal — International Chamber of Commerce Nepal

*"A National Organization of Freight Forwarders"*

## लागू औषध नियन्त्रण सम्बन्धमा

# देखिएका समस्या



**प्र.ज. नैन बहादुर विश्वकर्मा**
लागू औषध नियन्त्रण ब्यूरो,

लागू औषध नियन्त्रणसँग सम्बन्धीत कार्यक्रमहरु हेर्दा यसको असर र फैलावटको तुलनामा चालु कार्यक्रम न्यनू देखिएको छ । बिनियोजित बजेटको अंश पनि धेरै कम रहेको छ । लागू औषध जस्तो डर लाग्दो सामाजिक समस्याको समाधान गर्ने हामी प्रतिबद्धता भएका छैनौ अथवा सो समस्यालाई नितिगत प्राथमिकताको विषय बनाउन सकिएको छैन । लागू औषध दुरुपयोग नियन्त्रणको प्रभावकारीताका लागि खास गरी माग घटाउ अभियान, आपूर्ति नियन्त्रण कार्यक्रम र क्षति न्यूनिकरण कार्यक्रमका लाई आत्मसात गरी अगाडी बढाउनु पर्दछ । माग घटाउ अभियानको लागि श्रोत साधान अत्यन्त न्यून रहेको छ । आपूर्ति नियन्त्रण कार्यक्रमको लागि आवश्यक जनशक्ति एंव उपकरण आदिको समेत अभाव रहेको छ । त्यसरी क्षति न्यूनिकरण सन्दंभमा हाल संचालित कार्यक्रमहरु पनि निकै सिमित र अपुग रहेको छ । लागू औषध नियन्त्रण सम्बन्धमा देखिएका समस्यमा एंव चुनौतिहरुलाई बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ ।

**निम्नः-**

- लागू औषध प्रयोगकर्ताको संख्या अत्याधिक मात्रामा बृद्धि ।
- दक्ष एंव तालिम प्राप्त जनशक्तिको अभाव ।
- कार्यरत कर्मचारीहरुमा फेर बदल भइरहनु ।
- लागू औषध सम्बन्धी जनचेतना मूलक कार्यक्रमहरुको लागि बजेटको अभाव ।
- लागू औषध नियन्त्रण सम्बन्धी एकिकृत सोच तथा समन्वयमा समस्या ।
- गाँजा, अफिम खेती फडानीको लागि बजेटको अभाव ।
- गाँजा, अफिम खेतीको लाई नष्ट गर्ने कार्यमा स्थानीय बासीको उदासीनता तथा असहयोग ।
- लागू औषध नियन्त्रण सम्बन्धी कार्यक्रमकको दायरा बढन नसक्नु ।

**लागू औषध नियन्त्रणको लागि सुधार गर्नु पर्ने कुराहरु निम्नानुसार छन्**

- स्थानीय निकायमा समेते बिनियोजित बजेटको केही भाग लागू औषध नियन्त्रणको लागि छुटाई व्यापक जनचेतना जगाउने ।
- एकिकृत कार्यक्रम तर्जुमा गरी कार्यक्रमको दायरा बिस्तार गर्ने ।
- अवैध रुपमा गाँजा, अफिम खेती भैरहेको स्थानमा बैकल्पिक खेतीलाई प्रोत्साहन गर्ने, जनचेतना र नियन्त्रणका पक्षहरुमा सम्बन्धीत निकायहरुलाई समावेश गराउनु पर्ने ।
- लागू औषध प्रयोगकर्ताको सबै पक्षको व्यापक अध्ययन अनुसन्धान गरी कारण समेत पत्ता लगाई नियन्त्रणको लागि कार्यक्रमहरु तय गर्ने ।
- प्रयोगकर्ता लाई कुलतबाट छुटाउन प्रभाबकारी उपचारको व्यवस्था र प्रयोकर्ता लक्षित नीति तथा रोजगार मुलक कार्यक्रम दिनु पर्ने ।
- लागू औषध नियन्त्रण ऐन २०३३ लाई परिमार्जन गरिनु पर्ने ।

**निष्कर्षः-**

लागू औषध नियन्त्रण विषय राष्ट्रिय चुनौतिको विषय हो । यसले व्यक्ति, परिवार, समाज र राष्ट्रलाई समेत नकारात्मक असर पुर्‍यारहेको छ । त्यसले यो समस्यालाई राष्ट्रिय बहस र चासोको बिषय बनाउनु पर्दछ । देशमा लागू औषध प्रयोगकर्ताको संख्या दिन प्रतिदिन बृद्धि भएकोले यसलाई समयमै रोकथाम गर्न नसकेमा देशमा नै चौतर्फी असर पर्दछ । त्यसैले लागू औषध दुरुपयोगको प्रभावकारी नियन्त्रणको लागि जनचेतना मूलक कार्यक्रमको र प्रभावकारी कानुनी कार्यवन्यन नै आजको आवश्यकता हो ।

# लागू पदार्थ अर्थात् आत्म-पराजय योग अभ्यासद्वारा आत्म-विजय



- डा. राजु अधिकारी
पी.एच.डी., योग विज्ञान

जब मानिस आफूभित्रको दिव्य नशाको स्वादबाट विमुख हुन्छ, ऊ बाहिरी नशाको खोजीमा हुन्छ। बाहिरी दुनियामा अनेकौं प्रकृतिका नशा र व्यवसनहरू छन्। ती मध्ये भेट्न र सेवन गर्न सजिलो नशा मानिस आफैले बनाएका नशा र लागू पदार्थ हुन्।

पत्ता लगाउन गाह्रो तर अत्यन्त दिव्य र स्वादिष्ट नशा भित्री नशा हो। पाउन र सेवन गर्न सजिलो तर लत बसिसकेपछि छुटाउन अत्यन्त कठिन नशा बाहिरी नशा हो। मानिस स्वभाव र प्रवृत्तिले अन्तर्मुख प्राणी हो किनकि भित्र चित्त र आत्मा हुन्छ।

मान्छेको मनको प्रवृत्ति अत्यन्तै चञ्चल छ। यतिविधि चञ्चल छ कि यो बेलगाम जङ्गली घोडा जस्तो छ। गीतामा भनिएको छ- चञ्चलं हि मनः कृष्ण प्रमाथि वलबद्दृढम्। अर्थात् यो मन बडो चञ्चल छ। यो साह्रै नै हठी तथा बलवान् छ। मन जति चञ्चल हुन्छ, त्यसलाई अलमलिले त्यति नै आधार र सहाराहरू चाहिन्छन्। जुन कुराले मनलाई जति बेर अलमल्याउन र लठ्याउन सक्छ मान्छेले त्यसैमा मिठास देख्न थाल्छ। यसलाई योगवेत्ताहरू अविद्या भन्छन्। वास्तवमा जाँडरक्सी, सूर्ती, चुरोट, खैनी, गाँजा, कोकिन, हिरोइन त्यस्ता नशालु पदार्थ हुन् जसले मनको चञ्चलतालाई केही बेर अलमल्याउने काम गर्छन्।

चञ्चल व्यक्ति बडो कमजोर हुन्छ। साना-साना कुराले उसलाई आहत पुग्छ। भावनात्मक असन्तुलन पनि ऊभित्र बढी मात्रामा हुन्छ। ऊ आफ्नो 'स्व' देखि टाढा भएर बाँच्ने गर्छ। कुनै आधार या साधन बिना ऊ एकक्षण पनि स्थिर हुन सक्दैन। उपरोक्त अप्ठयाराको समाधान खोज्ने क्रममा अन्ततः लागू पदार्थतर्फ आकर्षित हुन थाल्छ। यसरी आफ्नै मन र आत्मादेखि पराजित हुनु परिणाम लागू पदार्थको कुलतमा रूपान्तरण हुन्छ।

लागू पदार्थको कुलतमा चुर्लुम्म डुबेको मान्छेलाई प्रायजसो रिह्याब सेन्टर र सुधार केन्द्रहरूमा पठाइन्छ। आखिर त्यस्ता केन्द्रमा पठाएर मात्रै के गर्नु ? यदि उसमा सङ्कल्प शक्ति बढाउन सकिएन भने उसमा सुधार आउनै सक्दैन। यस विपरीत यदि थोरै मात्रै पनि सङ्कल्प शक्ति जगाउन सकियो भने उसमा कूलतबाट टाढिने शक्ति क्रमशः बढ्दै जान्छ। तसर्थ जरुरत सङ्कल्प शक्तिको छ र सङ्कल्प शक्ति अभिवर्धन गर्ने योग विज्ञानको छ।

### यसरी गर्नुपर्छ शुरु

लागू पदार्थमा डुबेको व्यक्तिले अरुको कुरा सुनेर योग गर्न थालोस् त्यो सम्भव हुँदैन। उसका घर परिवारका सदस्य या नजिककाहरूले उसले लागू पदार्थ सेवन नगरेको अवस्थामा यसरी प्रारम्भिक योग प्रक्रिया बताउन या सिकाउन सक्छन् :

- लामो गहिरो सास लिन लगाउने।
- ढाड सिधा राखेर बस्न सिकाउने।
- श्वासप्रश्वासलाई सुल्टो र उल्टो विधिले गन्न सिकाउने।
- पेट हल्लाउन लगाएर अग्निसार जस्तो गराउने।
- दुवै कान बन्द गर्न लगाएर भ्रामरी प्राणायाममा जस्तै गुनगुनाउन लगाउने आदि।

### प्राणायाम सर्वश्रेष्ठ उपकरण

लागू पदार्थविरुद्ध लड्न सक्ने सर्वप्रभावकारी उपकरण प्राणायाम हो। योगमा वर्णित प्राणयाम क्रियाकै आधारमा रत्नाकर डाकु वाल्मिकी बने, हत्यारा अङ्गुलीमाल श्रेष्ठ भिक्षु बने भने लागू पदार्थको नशा नछुट्ने भन्ने के कुरा ?

प्राणायामले शरीरस्थ प्राणशक्तिको चामत्कारिक बढोत्तरी गराउँछ। प्राण शक्ति भनेको जीवनी शक्ति हो। यसलाई रोग प्रतिरोधात्मक शक्ति पनि भनिन्छ। प्राण शक्ति एकप्रकारले शरीर र मनलाई सुरक्षा गर्ने प्रतिरक्षात्मक सैनिक हो। आन्तरिक प्रतिरक्षात्मक सैनिक जति-जति वलिष्ठ हुन्छन्- त्यति त्यति स्वआस्तित्वको आत्मरक्षा हुन्छ। प्राणायामले आन्तरिक प्राणशक्तिको जादुमय अभिवर्धन गर्दछ। यसले शरीरको रगतमा भएका समस्त विकारहरूको उन्मूलन गर्छ, नशनाडी शुद्ध गर्छ आन्तरिक अङ्ग र प्रणालीहरूको सम्पुष्टि गर्छ। शरीरका रोगविकारहरू सँगसँगै मानसिक विकारहरू माथि पनि प्राणायामले सकारात्मक असर पार्दछ। मनका दोषहरू जस्तो कि तनाव, बेचैनी अस्थिरता, कुण्ठा, द्वन्द्व आदिलाई हटाई शान्ति, स्थिरता र प्रसन्नताको वृद्धि गर्नु प्राणायामको स्वभाविक परिणाम हो। व्यक्तिमा जब जब यी उपलब्धिहरू बढ्न थाल्छन्, उसमा लागूपदार्थप्रतिको सजगता बढ्न थाल्छ। वर्तमानमा लागूपदार्थ सेवन नगर्ने व्यक्तिले प्राणायाम गऱ्यो भने भविष्यमा ऊ

कहिल्यै त्यसको कुलतमा फस्दैन । लागू पदार्थको कुलतममा फसिसकेको व्यक्तिले पनि यदि प्राणायामका अभ्यासहरू गर्न थाल्ने हो भने उसमा निकै सकरात्मक परिवर्तन आउन थाल्दछ । रिह्याब केन्द्रमा राखिएकाहरूलाई फकाई-फुल्याई प्राणायाम गराउन सकिन्छ भने परिवारमा बस्ने व्यसनीहरूलाई घरका अभिभावक या योगाशिक्षकले उसले लागूपदार्थ सेवन नगरेको बेला बिहान खाली पेटमा उपयुक्त प्राणयाम गराउन सकिन्छ ।

लागू पदार्थ सेवनविरुद्ध प्राणायामले पुऱ्याउने प्रभावबारे अनेकौं सोध अध्ययन पनि भएका छन् । अनुसन्धानकर्ता लोम्यान आरले अमेरिकामा गरेको एक महत्वपूर्ण सोधकार्यमा के पत्ता लागेको छ भने योग प्राणायामको अभ्यासले जाँड, रक्सी र ड्रग्सको कुलत हटाउन उल्लेख्य भूमिका खेल्दछ । उनको भनाइ अनुसार योगप्राणायामले त्यस्ता व्यक्तिले तनाव घटाँउछ, मानसिक क्षमता बढाँउछ र आध्यात्मिक भाव जगाएर कुलतप्रति सजग बनाउँछ । प्राणायामअन्तर्गत कपालभाति, भस्रिका, अनुलोमविलोम, नाडिशोधन, भ्रामरी, शीतली, सित्कारी, उज्जायी प्राणायाम उपयोगी र लाभकारी मानिन्छन् ।

### यसरी पनि काम गर्छ

लागू पदार्थ विज्ञहरू भन्छन्- आज जुन व्यक्ति लागू पदार्थ या नशा सेवन गर्दैन, त्यो व्यक्ति भोलि गएर कुनै बेला व्यसनी बन्न सक्छ । तसर्थ प्रत्येक लागूपदार्थ सेवन नगर्ने मानिस पनि लागू पदार्थको सम्भावित उम्मेदवार हो । यस्तो सम्भावना बीच जीवनभरिका लागि उसलाई लागूपदार्थको जञ्जालबाट मुक्त राख्ने मध्यम केवल योगविज्ञान हो । किनकि योगले मानिसलाई सजग र बनाउँछ । सजगता नै जीवनको सर्वश्रेष्ठ पुँजी हो । सजग व्यक्तिले कुन लागू पदार्थले कसरी जिन्दगीलाई जलाउँछ, त्यो जान्दछ । सजग व्यक्तिमा उच्च सङ्कल्पशक्ति हुन्छ । सङ्कल्पशक्ति प्रबल रहेसम्म जस्तो सुकै कुसङ्गतले पनि कुलतमा फसाउन सक्दैन । सजगता र सङ्कल्पशक्ति बढाउने योग तपाई पनि गर्नुहोस् । तपाईंसँग एक दिन अर्थात् चौबिस घण्टामा १४४० मिनेट हुन्छ । कम्तिमा पनि ४० मिनेट समय निकालेर योग अभ्यासमा लगाउनुहोस् । त्यो ४० मिनेट तपाईंभित्र अथाह सङ्कल्प बन्न र सजगताको स्रोत बन्ने छ । याद राख्नुहोस् ४० मिनेटको योगभित्र आसन, सूर्यनमस्कार, प्राणायाम, कपालभाति, हास्ययोग र केही यौगिक बन्धमुद्राहरू गर्न सक्नुहुनेछ । योगमा निहित उपरोक्त सामर्थ्यको आधारमा भनिएको छ- 'भवतापेन तप्तानां योगोहि परमौषधम्' अर्थात् विभिन्न किसिमका भव-ताप र दुःख-कष्टहरूबाट मुक्त हुने एकमात्र औषधि योग हो ।

### प्रभावकारी हुनसक्छ यो प्रयास

नशाबाजी गर्ने प्रभावकारी हुनसक्छ यो प्रयास मान्छे जब अन्तिम पटक नशा सेवन गर्छ र त्यो नशाले उसलाई छोड्छ उसको मनमा कैयौं पटक अब चाहिँ यो नशा छोड्छु भन्ने सोच आउँछ । तर के गरोस् बिचरा एक छिनमा तलतल लाग्छ भर्खरै सोचेको सबै कुरा बिर्सन्छ र पुनः नशा सेवन गर्न पुग्छ । यो सबै दुर्दशा सङ्कल्पबलको कमीको कारण हो । सङ्कल्पदान व्यक्तिले सोचेपछि त्यसलाई गरिछाड्नु पर्छ भने सोच्छ तर सङ्कल्पहीन व्यक्ति दुर्बल र आत्मपराजित मनोदशाका कारण त्यस्तो गर्न सक्दैन । नशाडी- गँजाडीको यही अभिशाप हो ।

आजसम्म दुनियाँमा सङ्कल्प बल जगाउने जे जति उपायहरू छन् ती मध्ये सर्वश्रेष्ठ उपाय योग हो । योगले शरीरबल, प्राणबल, मनोबल र आत्मबल चारै बललाई जगाउँछ । जब यी चार प्रकारका बलहरू जाग्छन् सङ्कल्पबल स्वयमेव जाग्दछ ।

### योगद्वारा आत्मविजय

योग आत्मसुधार, आत्मनिर्माण र आत्मविजयको विशिष्ट प्रक्रिया हो । श्रीमद्भागवद् गीतामा भनिएको छ- **'तं विद्या दुःख संयोगं वियोगं योग संज्ञितम्'** अर्थात दुःख-पीडासँग भएको संयोगबाट योगले वियोग गराउँछ । दुःख-पीडाबाट जति जति वियोग हुन्छ मानिसको त्यति त्यति आत्मविजयी हुन्छ । लागूपदार्थ सेवन अत्यन्त दुःखद वियोग हो । लागू पदार्थको व्यसनको कारण आत्म पराजय हो । योग त्यस्तो कला र विज्ञान हो जसले कसैलाई व्यसनी हुन दिदैन । साथै व्यसनीहरूलाई व्यसनको अविद्याबाट मुक्त हुने प्रेरणा दिन्छ ।

## अनुरोध



**दिनेशहरि अधिकारी**
पूर्व सचिव

छोड । छोड । खान छोड लागू औषध
मृत्यू सँग किन साट्छौ आफनो बैभव

गाँजा, चरेश,कोका, अफिम किन बेच्न हुन्न
राख्न, बाँड्न, खेती गर्न, बोकि हिंड्न हुन्न ।

आफनो सानो स्वार्थ हेर्दा डुब्छ सारा देश
सन्ततिको आँसु लाग्छ नरोप यो बिष ।

यौटा रोगी सँगै मर्छ सिँगो परिवार
निको हुन्छ बेला छँदै गरे उपचार

माया गरौं आफुलाई सिकौं शीप-ज्ञान
आफु त्यागौं, त्याग्न लांउ नगरौ यो काम ।

# Anti-Doping at London Olympic-2012



Graham Minshaw

With the approach of the Olympic Games in Rio next year, it is appropriate to look at a very specific area in the international fight against illicit drugs, their supply, and use. Many sports are now multi-billion dollar businesses and some of the participants have become international household names with very large bank accounts. Sponsors like winners to promote their product so the pressure for athletes is to win. The vast majority of athletes already have the drive to win and to win fairly - a few, very few, have the drive to win AT ANY COST. It is because of these athletes, their coaches and even their national organisations that The World Anti Doping Agency (WADA) was established. This is the body which publishes a list of those drugs which are banned and sets the rules for all anti-doping national anti-doping agencies. Since 2001 WADA has spent in excess of US $ 60 million (National Agencies have their own budgets).

As far as sport is concerned the focus is on the identification and detection of performance enhancing substances together with practices which give an unfair advantage.

The London Olympic Games and Paralympic Games in 2012 had over 1000 volunteers who formed the Anti-Doping Team. Volunteers included, doctors, nurses, professionals involved in anti-doping from around the world as well as trained chaperones to escort the athletes.

In addition to the 1000 people dedicated to anti-doping, the team at London 2012 had a purpose built laboratory at a cost of 20 million pounds where the sample testing took place.

Samples of blood and/or urine were taken and collected by trained personnel, in a secure environment and independently witnessed before being sent in a fleet of BMW cars to the laboratory for the testing to be carried out. The results were usually ready within 24 hours and sent to the athlete's National Team Chief.

Athletes can be tested "in competition" or "out of competition".

During London 2012 all athletes who won a medal were automatically taken for testing, others were selected at random. These were the "in Competition" tests. Athletes were also liable to be tested when training or residing in The Olympic Village ("out of competition") and had to inform the Anti-Doping Team as to their whereabouts for this purpose. Around 50% of ALL athletes participating in the London Olympic Games across all sports were tested. This meant that around 6250 individual samples were taken and tested.

**The samples are kept for eight years.**

In an effort to further reduce the incidences of doping all athletes now have an Athlete's Biological Passport which is their career long record of variations in readings of blood content using various biological markers. The updating of these records is in addition to the in and out of competition testing.

The manpower and funding identified in this article illustrate the power of multi-national corporations and the readiness of governments from around the world to be seen to be willing and visible participants in a very specific fight against drug abuse. Meanwhile many countries are attempting to wage a wider war on narcotics and other drug abuse with mere fractions of the Olympic manpower, an even smaller fraction of the budget and without sophisticated testing facilities. Until this situation changes and support is directed from nations and organizations which can afford to and have the facilities to nations which cannot and have not then the role of many Narcotics Officers will continue to be challenging.

(The author was a Chaperone at London 2012)

## गतिविधिहरु



DEA द्वारा लागू औषध नियन्त्रण ब्यूरोका अधिकृत तथा जवानहरुलाई प्रशिक्षण दिँदै



पत्रकारहरुलाई लागू औषध सम्बन्धी एक दिने अनुशिक्षण तालिम प्रदान गर्दै लागू औषध नियन्त्रण ब्यूरोका प्रशिक्षक ।



लागू औषध अनुसन्धान अधिकृतहरुलाई निर्देशन दिनुहुँदै ब्यूरो प्रमुख प्रहरी नायव महानिरीक्षक केसरी राज घिमिरे ज्यू

## गतिविधिहरू



मिति २०७१ कात्तिक २३, २४ र २५ गते म.क्षे.प्र.ता.के. भरतपुरमा ला.औ.नि. ब्यूरोद्वारा संचालित तीन दिने लागू औषध अनुसन्धान अनुशिक्षण तालिममा सहभागी प्रशिक्षार्थीहरु



मिति २०७१ पौष २३, २४ र २५ गते पश्चिम क्षेत्रिय प्रहरी तालिम केन्द्र बुटवलमा ला.औ.नि. ब्यूरोद्वारा संचालित तीन दिने लागू औषध अनुसन्धान अनुशिक्षण तालिममा सहभागी प्रशिक्षार्थीहरु



मिति २०७१ चैत १, २, ३ गते नेपालगञ्ज तालिमकेन्द्रमा ला.औ.नि. ब्यूरोद्वारा संचालित तीन दिने लागू औषध अनुसन्धान अनुशिक्षण तालिममा सहभागी प्रशिक्षार्थीहरु

## गतिविधिहरू



मिति २०७१ फागुन २७, २८ र २९ गते धनगढीमा ला.औ.नि. ब्यूरोद्वारा संचालित तीन दिने लागू औषध अनुसन्धान अनुशिक्षण तालिममा सहभागी प्रशिक्षार्थीहरु




२०१५ मार्च ३१ देखि अप्रिल २ सम्म भारतको नयाँ दिल्लीमा भएको Regional Meeting of Group Export बैठकमा नेपालको प्रतिनीधि गर्नुहुदै प्र.ना.म.नि. श्री केसरी राज घिमिरे ज्यू ।




२०१५ मार्च ३१ देखि अप्रिल २ सम्म भारतको नयाँ दिल्लीमा भएको Regional Meeting of Group Export का प्रतिनीधिहरुसँग ब्यूरो प्रमुख प्र.ना.म.नि. केसरी राज घिमीरे ज्यू ।

# Analysis of Narcotics Drugs Law in Nepal



**Narayan Shrestha**
Advocate

In present context in Nepalese society drug abuse and drug trafficking is becoming the challenging issue to the government. Many more young generation had fallen in addiction of narcotics drugs, controlled narcotics drugs and psychotropic substances and going to ruined there life. Many cause of addiction is different mostly peer group, family condition, societal condition etc etc. Addiction of drugs in young generation is so serious, our family member, society and government should take initiation toward control of abuse of narcotics drugs. If we failed to stop abuse of narcotics drugs our nation loose the huge youngster who can contribute to the development for our nation. To stop abuse of narcotics drugs there should be legal education from the school level, they should have to know the result of abusing and trafficking of narcotics drugs from legal perspective as the result they will be aware of abusing and trafficking of narcotics drugs. Even our existing Narcotics Drugs Control Act is taken as the good law to prevent narcotics drugs abuse and trafficking but also there we can find such legal provisions and judicial practices which can led the accused to injustice.

## Meaning and Definition of Narcotic Drugs

The Narcotic Drugs and psychotropic substances produce physiological and psychological dependence. Due to the cause of their affects on the psyche and the body of the person who consumes narcotics drugs and psychotropic substances are grouped in different categories. Mind altering drugs affects the brain in three major ways stimulants, Depressants and hallucinogens. The definition of narcotic drug has been prescribed by various colour and scientist in their own way in different terms.

According to Webster's Dictionary, "A Drug (as of the opium, belladonna, or alcohol groups) that in moderate doses always sensibility, relieves pain, and produces profound sleep but that is poisonous doses produces stupor, coma, or convulsion-often used in the pleural, in attributive position (addiction). It is very difficult for us to specify the particular substances are only narcotic drugs and other are not because the controlled substances are neither narcotic drugs nor psychotropic substances. These fall in a different category of chemical and precursors that are frequently used in the illicit manufactured drugs. Precursors control is an important part of the international strategy to reduce the availability of the narcotic drugs and the psychotropic substances. More and more countries are recognizing the importance of implementing well structured comprehensive precursor control strategies that deny traffickers access to chemicals they required to produce illicit drugs. According to "Dictionary of Law and Justice" defines the term" Narcotic" as (1. anything that exercises a soothing or numbing effect or influence 2.an adductive drug, especially an opiate that dulls the senses and induces sleep.3. Of or having the power to produce narcosis, as a drug,

pertaining to or of the nature of narcosis.

United Nations Convention against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substances,1988 had defined the term as "Narcotic Drug " means ' any of the substances ,natural or synthetic, in Schedules I and II of single convention on the Narcotic Drugs,1961 and that Convention as amended by the 1972 Protocol Amending the Single Convention on Narcotic Drug,1961".

Narcotic is a natural ,semi-synthetic or synthetic nitrogenous compound containing heterocyclic drug that characteristically induces sleep(coma ) and provides relief but at the same time cause addiction, that is; a biochemical changes in which the body tissues becomes so much adopted to the drug, that the person habituated to use the drug can no longer function properly without it.

'Narcotics' Generic terms for any drugs which alter the senses and commonly becomes addictive after prolonged use. An addictive or otherwise harmful drug, the manufacture, importation, sale or possession of which is statutorily prohibited.

### History of Narcotics Drugs Law In Nepal

From 1960s Nepal had been heaven for the foreign tourist who abuse drugs like marijuana, hashish and heroin. Those tourists who were also called "Hippies" used to visit Nepal also for the purpose of enjoying and abusing drugs. Nepal felt great threat of drugs abuse and trafficking problems. In Nepal, Narcotic Drug abuse became a big problem after the entrance of the western tourists because of the number of addicts raised to considerable number. From the early 1970s, drug abuse and trafficking became serious problem throughout Nepal. It is one of the reasons, which compelled to enact the hard legal mechanism for controlling narcotic drugs abuse and trafficking activities within the country.

On those days Nepalese laws regarding narcotics drugs were antiquated. Intoxicating Substances Act, 1961 used to govern the narcotics drugs abuse and trafficking. Under this law, the maximum punishment ranged up to two years of imprisonment and fine of Rs. up to 1000/- and such offences were bilable. So it was not possible to deal with the existing problems in the absence of hard legal provisions. Even if peoples arrested with drugs, they did not feel the rigidness of the law, as a result Nepal emerged as a transit country. Drugs emerged as a major source of financing inward smuggling of gold and others contraband goods, and the smuggling syndicates. To combat these challenges Narcotic Drugs (Control) Act, 1976 had been enacted. Our Narcotics Drugs Control Act 2033 had played the vital and significant role to combating against drug abuse and drug trafficking.

### Analysis Of Narcotics Drugs Control Act 2033

Any narcotics drugs case started with the seizure of the narcotics drugs but in our existing law there is not any scientific procedure for confiscating the Narcotics Drugs with any person in any place. On section 8 of the narcotics drugs control act procedure had been stated for confiscating the narcotics drugs and prepare the seizure statement. But it is not scientific way to produce evidence, possession of the drugs should be proved by personal belongings on the seizure pack, fingerprint impression of the suspect and also with DNA profiling of suspect if required. According to the existing provision, sometimes innocent people might suffer and can be convicted.

In case any narcotic drug is found to be in possession of any person or if any evidence is found that cannabis/ marijuana, opium or coca is being cultivated or had been cultivated in any farm of a person or if any substance that has been partly processed for the manufacture or production of any narcotic drug or any residue left after such production is found to be in possession of any person, such person shall have to furnish proof to the effect that he/she has obtained or possessed such substance under narcotics drugs control act or the Rules framed or orders issued by law. If he/she fails to do so, he shall, unless otherwise established, be deemed to have committed an offence punishable under narcotics drugs control act 2033. According to narcotics drugs law of Nepal onus of proof lies on accused.

socialization patterns and processes can take the youth to any direction - from creative to destructive.

Drug use/abuse is one such area where youth vulnerability is visible and often times pronounced as well. This is a very dangerous state considering the need of social progress, and integrity. Today, drug addiction has reached academic institutions, industries and other workplace not only in developed nations but also in developing nations like Nepal.

The 'free life' generation of the western hemisphere, then called the 'hippies', ruled the youth's world in the 1960s. Smoking hash, going against the established traditional values such as proper dressing, haircut, facial looks, among other standard set of demeanors were challenged and avoided. This generation toured the world and shared the ideals among the youths of Asia, Africa, Europe and other places. Nepal could not remain unaffected by the hash smoking generation and its 'new' culture. A large part of tourism in the early 1960s saw some kind of show of this everywhere including Nepal.

Young people are obsessed with being part of the group and trying to 'fit in'. This means wearing the same clothes, speaking the same language and doing the same things. If the group they wish to be part of does drugs then it is very difficult not to do the same.

In some cases they feel as if they have to take drugs to be accepted into the group. Another reason of taking drugs is trying to show their maturity.

If a young person is brought up in a household where drugs are discussed freely, are available or are seen as part of everyday life then they are at risk of developing an addiction.

People do assume that if several members of a family have an addiction, for example to drugs then they have inherited a gene for this addiction which will be passed down to their children.

Young stars are very susceptible to the power of advertising and are a target consumer group by various companies who understand the attraction to this age group.

Both film and television present lifestyles which often include these substances and in a certain way which makes them 'cool' or desirable to young stars. Fashion and music magazines, the Internet and other forms of advertising focus upon celebrity lifestyles which also include substance abuse and these can appeal to impressionable young generation.

Many young people aspire to the celebrity lifestyle and if this includes drinking, smoking or taking drugs then they may do the same as part of the desire to have that lifestyle.

Today, the same generation in the affluent west has been addicted and transmitting this worst and fatal habit to other countries. It is the outcome of affluence, lack of direction, family problems including divorce of parents, unemployment, interest in 'exploring' the adventure of new variety of drugs that are invented and spread, among other reasons. For countries like ours youths suffer from similar syndromes. If there is considerable gap between parents and children, there is no regular communication as to what the child is doing or not doing, what his/her company is like, what his/her demands and needs are, children begin to compensate for the loss of parental care and love with something new, something adventurous and fall in the trap of addiction. The first impact is alienation, then it can go to any direction, including circle formation for violent activities, loss of health, and finally succumb to the ultimate truth - DEATH.

Today, there are plenty rehab centers, other agencies working in the field of drug addiction. Many children and youth have overcome this habit and come out to lead normal life. There is still lack of parental education, counseling, and involvement in curing process.

Youth must be reminded that it is a force for change, for progress, for anything that a nation can take pride in. Today, in this natural calamity youths are showing their strength, capacity and interest in building new Nepal through rescue, relief and rehabilitation efforts. Those who are addicted to drug must see how they could also do the same thing if they were not 'in' the circle where they now are. Realizing their potential and coming out of it to lead a normal, strong and creative life is what is expected of today's youth.

This is the time. This is the hour. This is the country where youth involvement is urgent in eradicating drug addiction and creating a clean society with hands, mind and brain for peace, solidarity, progress and prosperity.

Nothing is more important than a healthy body with a healthy mind and healthy brain.

# भौतिक, नैतिक र अध्यात्मीक अनुसन्धान दुर्व्यसनबाट मुक्तिको उपाय



**देवेन्द्र सिटौला**
पूर्व सह–सचिव

यो संसाररुपी वृक्षमा चित्र-विचित्रका फलफूल लागेका छन्। यो वृक्षमा फल र फूल मात्र होइन, थरीथरीका काँडा पनि लागेका छन । यो वृहत सृष्टीमा कति जीव-जन्तु, कति बोट विरुवा, कति धातु र रसायन छन कि तीनका गुण, रुप र स्वभावले विविधता कायम गर्दै सृष्टीक्रम अगाडी वढेको छ। सृष्टीकर्ताले अर्थात प्रकृतीले हरेक चीज उत्पादन गर्दा वा रचना गर्दा त्यसको उपयोगीता, आवश्यकता र महत्व ठानेर नै बनाएको छ अवश्य/हरेक स्वादको महत्व छ, हरेक रङ्गको महत्व छ र हरेक पदार्थ तथा रसायनको महत्व छ। गलामा विषले भरिएको विषालु सर्प र अति हिंसक सिंह, बाघ, भालु आदी जनावरको पनि उतिकै महत्व छ । प्रकृतीको सन्तुलन, उपयोगीता र आवश्यकतामा/भगवान, देवता, मानव, दानव, पशुपंक्षी, किटपतङ्ग र विविध वनस्पती हुदै धातु र पत्थर-चट्टानसम्मको विकास क्रम तथा स्तर उन्नतीमा रुप-स्वरुप बदल्दै अगाडी बढने योग्यता रहेको कुरा वैदिक शास्त्रहरुमा पढन र बुझ्न पाइन्छ। विज्ञानले क्रमिक विकासवादी सिद्धान्तलाई अघि साछ भने अध्यात्मले विभिन्न योनी तथा जुनीको कुरालाई कर्म अनुसार जन्म ग्रहम गर्दै जाने तर्फ इंगीत गर्दछ। जे भए पनि यहाँ अप्रत्यासित-आकस्मिकता भन्दा प्रवल शक्ति जसलाई हामी परमात्मा ईश्वर, भगवान, महाप्रज्ञा जे नाम दिउँ वा प्रकृती नै भनौ, उसको शास्वत नियमबाट यो ब्रहमाण्ड संचालित छ र यहाँ विभिन्न चरित्र, रुप-स्वरुप र गुण-धर्मको समिश्रण छ ।

हामी वैद्धिक धर्म मान्ने बुझ्नेहरुले गीता अध्ययन गरेका छौ अर्थात गीतामा भएका विषय वारे केही न केही सुनेका छौ। गीतामा प्रकृतीको गुण धर्मको चर्चा गर्नु भएको छ श्रीकृष्णले/परमात्मको दुई स्वरुप छ, पुरुष र प्रकृती/पुरुष भनेको चेतना तत्व हो र सुक्ष्म अदृष्य तत्व हो र ब्रहमाण्ड संचालनको कारक तत्व पनि यही हो । प्रकृती चाही दृष्यवान जगत हो र यो ऊर्जा पदार्थले बनेको छ । पदार्थमा ऊर्जा छिपेको छ स्थूल भौतिक पदार्थमा पनि ऊर्जा छ भित्र र विज्ञानले पनि यसलाई बुझ्को छ। वनस्पती र जीव जगतमा त ऊर्जा निर्माणको आधार र बृद्धिको आधार नै हो । ऊर्जा कै माध्यमद्वारा निर्माण तथा वंश निरन्तरता भैरहन्छ प्रकृती र पुरुषलाई अपरा र परा प्रकृती पनि भनेको छ गीतामा अब बुझौ प्रकृतीको गुण धर्म भनेको के हो त ? यसलाई गीतामा सत्व, रज र तम गुणमा विभक्त गरी बताएको छ र सत्व गुण भन्दा परको अवस्थालाई चाही गुणातित अवस्था भनिएको छ। यो भनेको द्वन्द र निर्विकारको अवस्था हो। सत्व गुणलाई धर्मको सच्चाईको र सत्यको गुण पनि भनिन्छ र यसमा चमक, प्रकाश र अच्छाईको मात्रा हुन्छ। रजस त्यस पछिको गुण धर्म हो र यो वहिर्मुखी र गतिविधि र आवेश जनाउने गुण धर्म हो । तमस चाही जडता, लापरवाही, प्रमाद र निष्कृयता जनाउने गुण धर्म हो। यी गुण धर्मको सन्तुलन र समिश्रणले विश्व ब्रहमाण्ड चलेको छ र पृथ्वीमा मानव जातीमा यसको मात्रा घटबढ हुन्छ व्यक्ति पिच्छे गुणातित अवस्थामा ती व्यक्ति हुन्छन जसले उच्च जन्म र साधना तथा विशेष अवस्थाबाट ऊर्जा र चेतना माथि उठाएर परमात्मा दर्शन गरेका हुन्छन, निर्वाण र मोक्षको पद प्राप्त गरेका हुन्छन, यो दुर्लभ अवस्था हो सत्वको अवस्थामा केही मानिस हुन्छन जो सत्य, अहिंसा, परोपकार, दया र प्रेम तथा प्रकाशको मात्रलाई अवलम्वन गर्न भित्रैबाट प्रेरित हुन्छन। रजस चाहि बीचको गुण धर्म हो र यो शासकिय गुण धर्म हो। योद्धाहरु, अरुलाई नियन्त्रण गर्ने, राष्ट्र संचालन तथा उद्योग व्यापारमा पनि रजस गुण धर्मको प्रचुरता हुन्छ । अर्को अन्तिम र न्यून कोटीको गुण-धर्म तमस हो। यो जडता, लापरवाही, आलस्य, प्रमाद, अधर्म र निष्कृयतामा लैजाने प्रकृतीको हन्छ। त्यसैले यो विश्व, ब्रहमाण्डमा अमृत मात्र छैन विष पनि छ र अमृत, विष, फूल, काँडा विविध धातु, रस-रसायन सबैको मात्रा रहेको हुन्छ। यसैले प्रकृतीको गुण धर्मलाई सन्तुलनमा राख्छ।

अब यहाँ भन्न खोजिएको विषय लागू पदार्थको उत्पादन, प्रयोग, सदुपयोग, दुरुपयोग र यसबाट सिर्जना भएको दुर्व्यसन अवस्था र त्यसले पाउने परिणाम वारे केही चर्चा गरौ। चेतनालाई लट्ठयाउने र होश नपाई मुर्छामा पार्न सक्ने गुण भएको पदार्थलाई लागू पदार्थ भनिन्छ र यसमा धेरै प्रकारका पदार्थहरु पर्दछन। यही लागू पदार्थको रसायन यदी कुनै रोग निको पार्न वा निको पार्न सहायता गर्न समेत प्रयोग गरियो भने त्यो औषधी हुन्छ भनिन्छ। यही कोही व्यक्ति त्यस्तो

पदार्थको प्रयोगमा आदत बस्ने गरी लाग्छ र त्यो छोड्न सक्तैन भने त्यो व्यक्ति यस्ता पदार्थ वा रसायनको लतमा फस्छ र दुर्व्यसनी भनिन्छ ।उसलाई यति वेला यी पदार्थ वा रसायनको उपयोगीता तथा प्रयोग औषधीको रुपमा नभै प्रयोग कर्तालाई कथित आनन्द दिने, उत्तेजना फैलाउने , डर हटाउने तथा मजा लिने वस्तुका रुपमा उनीहरुले ग्रहण गरी ती रसायनको कुलतमा फस्छन र त्यसबाट उनीहरुको शारीरीक र मानसिक अवस्था असामान्य र अवास्तविक बन्दै जान्छ । चुरोट खैनी आदीको सेवनबाट शुरु भएर गाँजा, रक्सी हुदै अफिम, हेरोईन जस्ता कडा लागू पदार्थ र विविध औषधीहरु पनि दुर्व्यसनीले प्रयोग गर्न थाल्छन र यसले प्रयोग कर्तालाई विभिन्न रोग र मृत्युमा सम्म पुऱ्याउन सक्छ । सवै लागू पदार्थ मन्द विष नै हुन । यी यस्ता विष हुन जसको असर प्रयोगकर्तामा त पर्छ नै समाज र राष्ट्र पनि यसबाट नराम्ररी आकान्त हुन पुग्छ । माथि गीताको प्रकृतीको गुण धर्मको वर्णनमा उल्लेख भएको तमो गुणी प्रवृती दुर्व्यसनीमा देखा पर्छ । त्यसैले लागू औषधका प्रयोगकर्ता जडतामा, लापरवाही, तामस, प्रमाद, गैरजिम्मेवार र निष्कृयतामा फस्छन । अर्थात एउटा सवल र सक्षम मानिस घर समाजका लागि रोग बन्छ । सवै सवल पक्षहरु हराउँछन र दुर्वल तथा अमानवीय गुणहरु शुरु हुन्छन । व्यक्ति आफैमा खराव हुदैन, तर प्रवृति उत्पन्न गर्ने खानपान, संस्कार र सँगतीले मानिसलाई विगार्छ । आज दुव्यर्सनको समस्या विश्वव्यापी रुपमा छ । सभ्य समाज भनिएको स्थानमा झन विकराल अवस्थामा छ यो अवस्था यसो हुनमा मानिसले भौतिक, नैतिक अध्यात्मिक अनुशासन विर्सदै गएर हो । भौतिक अनुशासनको जगतमा नैतिक अनुशासन आफै पलाउँछ ।

हाम्रो शरीरमा पाँच इन्द्रियहरु छन र मन छ मनलाई पनि शुक्ष्म इन्द्रिय नै भनिन्छ । मनले इन्द्रियको गतिविधि संचालन गर्छ । मन भित्र चिन्ता, बुद्धि र अहंकार छ । अहंकार गले पछि सत्य बोध हुन्छ । त्यसैले इन्द्रीय भन्दा मनको महत्व छ । दुर्वल मनको कारण मानिस दुर्व्यसनमा फस्छ त्यसैले दुर्व्यसनीहरु मानसिक रोगी हुन । शारिरीक वा अङ्ग प्रत्यङ्गमा फैलने रोग भन्दा मानसिक रोग बढी घातक र निको हुन कठिन हुने रोग हो । शरीरका रोगीहरुको उपचार सुलभ छ, विज्ञानले धेरै आविष्कार गरेर यस विद्यामा धेरै अघि वढेको छ । तर दुर्व्यसनले ल्याउने मानसिक रोग वारे पर्याप्त ज्ञान र आविष्कार हुन सकेको छैन । किनकि मन शुक्ष्म छ र लागू औषधको रसायनले सिधै मस्तिष्क तथा मनलाई नकारात्मक असर गर्छ । जुन घर परिवार यसबाट पिडित छ त्यसको व्यथा अरुले बुझ्न पनि सक्दैन्न । धेरै जना क्यान्सरका रोगी, मुटुका रोगी तथा रगतका रोगी भन्दा एउटा दुर्व्यसनमा फसेको रोगीले भौतिक, आर्थिक र मानसिक रुपमा परिवारलाई बढी क्षती पुऱ्याउँछ । त्यो रोगीका अगाडी पैसा, शक्ति र सामर्थ्यले केहि काम गर्दैन त्यो घर परिवार भय, मानसिक यातना, दुर्वलता र अनिर्णयको बन्दी बन्छ । के उपचार गर्ने, कहाँ लाग्ने ? कुनै निश्चित वाटो नै पाउन पनि गाह्रो छ । एउटा दुर्व्यसनीको अन्तिम नतिजा भनेको मृत्यु, जेल वा सुधार गृहमा पुग्नु नै हो । मृत्यु र जेलमा पुग्नु अघि सुधार गृह मार्फत उसलाई असल बाटोमा ल्याउन सके उसको र परिवारको कल्याण हुन्छ । तर यो यस्तो रोग हो, यसको निदान अनुमान गर्न

*लागू औषधमा फसेर दुर्व्यसनी भैसकेको मानिस चाहेर पनि त्यसबाट छुटकारा पाउन असमर्थ हुने जस्ता अवस्था सिर्जना हुने तर्फ विचार गर्दा दुर्व्यसनको चक्र तोड्न विरामी स्वंयम् परिवार, समाज र सम्बन्धित सरकारी निकाय अर्थात प्रहरी लगायतको महत्वपुर्ण भूमीका रहन्छ ।*

गाह्रो हुदो रहेछ । यस विषयमा धेरै अध्ययन, मनन् र चिन्तन हुन बाँकी नै छ । उपचार पनि “ट्रायल एण्ड इरर म्याथड”मा नै चलेका छन । एउटा मानसिक रोगीलाई सुधार्न भौतिक, नैतिक र अध्यात्मीक तिनै पक्षका मूलभुत तत्वहरु बुझाउनु र अभ्यास गराउनु पर्छ । रोगथाम भन्दा रोग लाग्न नदिनु नै सर्वोत्तम उपाय हो । तर विज्ञान भने अझै यस रोगको निदानमा पछि परेको छ, चुकेको छ समग्रमा भन्नु पर्दा आज लागू औषधको कालो बजारीको विगविगी छ । धेरै कमाउने र छिट्टै धनी हुने प्रलोभनमा फसेर र फसाएर अपराधिक मनोवृत्तिका मानिसहरुले व्यक्ति परिवार, समाज र राष्ट्रलाई नै पीडा दिएका छन । यसबाट छुटकारा पाउन गाह्रो छ । किनकी यस्ता पदार्थको प्रयोग विभिन्न कारणले बढदै गएको छ । एकातर्फ रसायनको निर्माण र आविष्कार बढ्दो छ, अर्को तर्फ दुरुपयोग पनि बढ्दो छ । किशोर अवस्थाका वालबालिकाहरु साथी सँगतको लै लै मा लागेर फस्ने बढी संभावना हुन्छ र यसका लागि परिवारमा सजगताका साथै हाम्रो शिक्षा प्रणाली र पाठयक्रममा पनि सुधार हुनु आवश्यक छ । लागू औषधको व्यापार कारोवार कतिपय अवस्थामा खुल्लम खुला हुने गरेको देखिन्छ, यसलाई नियन्त्रण गर्न र प्रभावकारी अनुगमन तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्छ । लागू औषधमा फसेर दुर्व्यसनी भैसकेको मानिस चाहेर पनि त्यसबाट छुटकारा पाउन असमर्थ हुने जस्ता अवस्था सिर्जना हुने तर्फ विचार गर्दा दुर्व्यसनको चक तोड्न विरामी स्वंयम् परिवार, समाज र सम्बन्धित सरकारी निकाय अर्थात प्रहरी लगायतको महत्वपुर्ण भूमीका रहन्छ । एउटा पक्षको मात्र प्रयासले खासै सुधारको अवस्था नआउने हुदा बहुआयामिक गतिविधि अघि बढाउनु पर्छ । देश भित्र यस्ता पदार्थ निमार्ण र उत्पादन हुन नदिन, औषधीको रुपमा प्रयोग हुने रसायनका हकमा अनुगमन र उपयोगको प्रभावकारी निति अवलम्बन गर्न र यस्ता विक्रि-ओसारपसार व्यवसायमा लागेकाहरुलाई कानुनी रुपमा कडा कार्यवाही गर्ने व्यवस्था गर्नु जरुरी छ । सुधार गृहहरुका स्तर उन्नती, उपयुक्त जनशक्तिको विकाश गर्नु पर्ने उत्तिकै आवश्यक छ । सेवा, दया र परोपकारको भावना विकास हुन पर्छ । मुख्य कुरा भौतिक, नैतिक र आध्यात्मिक अनुशासनलाई जोड दिनु पर्छ । संस्कार र सँगत तर्फ परिवारले ध्यान दिनु पर्छ । यो विकराल समस्यासँग जुध्न र सफलता पाउन सवैको सहयोग आवश्यक छ । तामस गुण-धर्मलाई सत्व र रजसको सन्तुलनले जित्नु पर्छ र यो भनेको अध्यात्मीक सुसंस्कृत समाजको निर्माण हो ।

# अपराध रहित समाज निर्माणमा लागू औषध नियन्त्रण व्यूरोको भूमिका



प्र.ना.नि. घनबहादुर थापा

समाजमा अपराध गर्ने पनि मान्छे र त्यस अपराधबाट पीडित हुने पनि मान्छे नै हुन् भने अपराधको अनुसन्धान गर्ने, पीडितलाई न्याय दिलाउने प्रहरी पनि मान्छे नै हुन् । अर्थात् पीडित, पीडक र अनुसन्धानकर्ता सबै यही समाजका सदस्य हुन्, नागरिक हुन् । तथापि एउटै समाजमा बस्ने यी फरक विशेषताका मान्छेबीच उनीहरुको कर्मकै कारण आपसी अर्न्तद्वन्द्व चल्छ । जसले समाज अपराध रहित बनाउन अड्चन पुऱ्याउँछ । कुन समाजका सदस्य आफ्नो बस्तीमा कस्तो रूपमा प्रस्तुत हुन्छन् र आफ्नो भूमिका कसरी निर्वाह गर्छन् भन्नेमा त्यस समाज, नागरिक र राष्ट्रकै हित निर्धारण हुने गर्दछ । अर्थात् जुन समाजका बासिन्दा आफू पीडित हुँदा जुन असह्य पीडा हुन्छ भन्ने महसुस गरी अरूलाई पीडा दिँदैनन्, त्यही समाज वास्तवमा अपराधरहित बन्न सक्छ । यदि हरेक व्यक्तिहरू अपराधप्रति घृणा गर्छन्, कानुन्प्रति सचेत रहन्छन्, कानुनको पालना पनि गर्छन् र नागरिक दायित्वप्रति संवेदनशील बन्छन् भने तुलनात्मकरूपमा त्यो समाज सुरक्षित हुन्छ ।

नेपालमा अपराधरहित समाजको परिकल्पना गरिए पनि असल समाज निर्माणका लागि व्यवहारमा सक्रियरुपमा काम हुन नसकेको तीतो यथार्थ हाम्रा सामु छ । यसलाई कसैले नकार्न सक्ने अवस्था छैन भन्नु पर्दा हाम्रो स्वाभिमानमासमेत ठेस लाग्नु स्वभाविकै हो । योजना अनुसारको लक्ष्यमा पुग्न नसक्नुका विविध कारण हुन्छन् । समाजमा हुने विविध अपराधले पनि यसलाई प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्दछन् । समाजलाई नकारात्मक असर पार्ने एक प्रमुख अपराध लागूऔषधको अवैध ओसारपसार, वेचविखन र सेवन पनि हो । यस अपराध नियन्त्रण र अनुसन्धानमा नेपाल प्रहरीको लागूऔषध नियन्त्रण व्यूरोको भूमिका महत्वपूर्ण रहन्छ ।

पछिल्लो समय मलेसियाकी नागरिक ठूलो परिमाणको लागूऔषधसहित पक्राउ परिन् । पेटभित्र निलेरसमेत लागूऔषध ओसारपसार गरेको अवस्थामा स्वदेशी तथा विदेशी कारोबारीहरू बेलाबखत पक्राउ पर्ने गरेका छन् । दुर्व्यसनीहरू पनि पक्राउ पर्छन् । यसबाट नेपालमा लागूऔषधको ओसारपसार, बेचबिखन राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमै बढ्दो छ भन्ने पुष्टी हुन्छ । यसले नेपाली समाजलाई आपराधीकरणतिर लैजान प्रमुख भूमिका खेल्छ । कारण लागूऔषध दुव्यर्सनी नै अन्य अपराधमासमेत बढी सहभागी भएको पाइएको छ ।

नेपाल प्रहरी आफ्ना सबै दायित्वप्रति सदैव सचेत छ र अब्बलरुपमा पुरा गर्न सक्षम छ । नेपाल प्रहरीका धेरै जिम्मेवारी र दायित्वमध्ये अपराध अनुसन्धानको जिम्मेवारी सबैभन्दा महत्वपूर्ण मानिन्छ । प्रहरीको दक्षता मापन गर्न सहयोगी भूमिका निर्वाह गर्ने यस कार्यलाई मूर्तरुप दिन प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले देशभरका अपराध अनुसन्धान निकायहरूको प्रत्यक्ष सुपरीक्षवेक्षण र मुल्याङ्कन गर्दछ । आवश्यक विशेषज्ञ र प्राविधिक सहयोग उपलब्ध गराउँछ । प्रचलित कानुन बमोजिम अपराध रोकथाम र अनुसन्धानको व्यवस्थापन गर्ने गर्दछ । अपराधी दण्डित र निरपराधी उत्साहित होस् भन्ने मुल सिद्धान्तकासाथ अपराध रोकथाम र पीडितलाई न्याय दिलाउन विभाग उद्दत छ । लागू औषध नियन्त्रण व्यूरोले पनि विभागसँग उचित समन्वय गर्दै अगाडि बढेकोले अनुसन्धान पक्ष थप प्रभावकारी हुँदै आएको छ ।

अनुसन्धानको क्षेत्रमा कार्य गर्ने प्रहरी कर्मचारीलाई क्षमता अभिवृद्धिका लागि समयानुकूल प्रशिक्षणको आवश्यकता पर्दछ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान नेपाल प्रहरीका अधिकृतहरूलाई प्रशिक्षण दिने उच्चस्तरीय प्रशिक्षण केन्द्र हो । प्रहरी कर्मचारीलाई अपराध अनुसन्धानमा पूर्ण दक्ष बनाउन प्रतिष्ठानले आवश्यक विविध प्रशिक्षण दिँदै आएको

छ। अपराध अनुसन्धान सुदृढिकरणका लागि अधिकृतस्तरीय पाठ्यक्रम निर्माण, तालिम सञ्चालन, घटनास्थल अनुसन्धान प्रयोगशालाको स्तरवृद्धिमा प्रतिष्ठान सक्रिय छ। "सेन्टर फर एक्सेलेन्स"को रूपमा अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण संस्थामा बिकास हुँदै गएको प्रतिष्ठानले अपराध अनुसन्धान प्रशिक्षणलाईसमेत प्राथमिकतामा राखेको छ। लागूऔषधसँग सम्बन्धीत अपराध नियन्त्रणका लागि पनि छुट्टै र अत्याधुनिक प्रविधिको प्रयोग समेटिएको पाठ्यक्रमको बिकास गरी अझ सशक्तरुपमा तालिमको व्यवस्था हुन सके प्रतिफल अझै प्रभावकारी हुने आशा गर्न सकिन्छ।

अपराध अनुसन्धान अन्तर्गतका एकाईहरूलाई विशिष्टिकृत गर्दै लैजाने नेपाल प्रहरीको नीति अनुरुप लागू औषध नियन्त्रण व्यूरोको हालै भएको स्तरोन्नती सराहनीय छ। जनशक्ति बिकास र सूचना सञ्जाल विस्तारमा जोड दिन सरोकारवाला निकायको साझेदारीलाई प्राथमिकतामा राखिएको छ। अपराध अनुसन्धान निर्देशिका नै तयार गरी कार्यान्वयन गर्दै थप सक्रियताकासाथ प्रहरी परिचालित छ। यसबाट पछिल्लो समयमा लागूऔषध अपराध अनुसन्धानमा नवीनतम् पहल सुरु भएको विश्वास गर्न सकिन्छ।

मुलुकमा शान्ति सुरक्षा कायम गर्ने र कसुरदारलाई कानुनको दायरामा ल्याई कानुनी राज्यको प्रत्याभूति गराउनु राज्यको दायित्व हो। यस कार्य कार्यान्वयन गर्ने गराउने प्रमुख जिम्मेवारी नेपाल प्रहरीलाई सुम्पिएको छ। जसलाई सफल बनाउन प्रहरीसमक्ष थुप्रै चुनौतीहरू छन्। यी चुनौतीलाई सामना गर्न अपराधको प्रकृतिअनुरुप भिन्दाभिन्दै एकाईको गठन गरिएको हो। ती एकाईमध्ये लागू औषध नियन्त्रण ब्यूरो पनि एक हो, जसले लागूऔषध सम्बन्धी अपराध नियाल्छ। यसका चुनौती पनि आफ्नै छन्। प्रायः सबै एकाईको साझा समस्या रहेको प्रर्याप्त भौतिक साधनस्रोतको अभाव र भौगोलिक जटिलता यस एकाईका पनि समस्या हुन्। यसैबाट प्रहरीको अनुसन्धान प्रभावित हुने गर्छ। साथै ज्ञान, कुशलता र क्षमता अभिबृद्धिमा ह्रास, वैज्ञानिक तथा बस्तुगत प्रमाण संकलनमासमेत चुनौती छन्। तथापि चुनौती सामना गर्ने पक्षमा प्रहरीले चालेका कदम महत्वपूर्ण छन्। छुट्टै अपराध अनुसन्धान समूहको व्यवस्था गरी अगाडि बढ्दा बिस्तारै प्रमाणमुखी अनुसन्धानसम्म पुग्दै अनुसन्धान प्रक्रिया नै अत्याधुनिकतातर्फ बदल्न सकिन्छ। अत्याधुनिक प्रविधि र उपकरण नै अपराध अनुसन्धानको प्रमुख आवश्यकता हो र यिनको सहज व्यवस्था हुनुपर्छ भन्ने मान्यता प्रहरीको छ।

नेपाल प्रहरीले समयानुकूल अपराध अवस्था विश्लेषण गरी तदनुरूप अनुसन्धान प्रक्रिया अगाडि बढाउँछ। क्षेत्रगतरूपमा अपराध तथ्याङ्क हेर्ने र जघन्य अपराधको स्थितिलाई आँकलन गरी कस्तो कदम चाल्ने निर्क्यौल गर्छ। महिलाविरूद्धको अपराध, कर्तव्यज्यान, जबरजस्ती करणी, मानव बेचबिखन र लागूऔषधको अवैध कारोबार समाजमा हुने प्रमुख अपराध हुन्। चोरी डकैती र आत्महत्याले पनि समाजलाई नकारात्मक सन्देस दिन्छन्। पछिल्लो समय संगठित अपराधले पनि चुनौती थपेको छ। यस्ता प्रकृतिका अपराधको कारण पत्ता लगाई वैज्ञानिक अनुसन्धानमा प्रहरीका कार्यनीति अग्रसर छन्। यस्ता अपारधमा कुनै न कुनै रुपमा लागूऔषध दुर्व्यसनी सहभागी हुने भएकोले सचेत हुन आवश्यक पनि छ।

अहिलेको चुनौतीपूर्ण अवस्थामा नेपाल प्रहरीले गर्ने सबै अनुसन्धानमा वैज्ञानिक अनुसन्धान पद्दतीको सशक्तिकरण गर्नु आवश्यक छ। लागूऔषधलगायत आपराधिक तथ्याङ्क व्यवस्थापन र सञ्जाल बिस्तारमा जोड दिइनुपर्छ। अपराध अनुसन्धानको संस्थागत विकास, साधनस्रोत व्यवस्थापन र सेवा विशिष्टिकरणमा सँगठन गम्भीर हुनु जरूरी छ। सरकारी तथा सरोकारवाला निकायसँग प्रहरीको सम्बन्ध र सम्पर्क अझै बृहदरूपमा विस्तार हुन सकेमा अनुसन्धानमा बुलन्द सहयोग मिल्ने कुरामा कसैको दुईमत हुन सक्तैन। शान्ति सुरक्षा योजना तर्जुमा गरी निरन्तरता दिन सकेमा सफल अनुसन्धानकालागि अनुकूल र सहज वातावरण बन्छ। सामुदायिक प्रहरीको अवधारणालाई अझै सवलीकरण र थप सुदृढ गर्दै अगाडि बढेमा लागूऔषध अपराधलगायत समाजका सबै अपराधको सुक्ष्म निरीक्षण गर्न सहज हुन्छ।

यी सबै चुनौती समाधानका लागि प्रहरीको अनुसन्धान प्रक्रियामा उठ्ने प्रश्नहरू राज्य वा प्रहरी सँगठनले तत्काल सम्बोधन गर्नुपर्छ। नागरिकमैत्री सेवाको परिकल्पनालाई तत्काल व्यवहारमा उतार्नुपर्छ। प्रहरीको छवि समाजले निर्दिष्ट गर्ने भएकोले समाजमा सफल अपराध अनुसन्धान गरी राम्रो छाप छोड्नुपर्छ। अपराध रोक्न जनचेतना अभियानलाई प्राथमिकता दिने र अपराध भएमा अनुसन्धानको विशेष पद्दती अपनाउनु अपहरिहार्य देखिन्छ। गम्भीर प्रकारका अपराधलाई सम्बोधन गर्ने उपायहरू पत्ता लगाई तत्काल अवलम्बन गर्नु पनि अतिआवश्यक छ। यस कार्यले अपराध घटाउँछ र समाज सुधारमा टेवा मिल्छ। यसपछि मात्र अपराधरहित समाजको कल्पनालाई साकार रुप दिन सम्भव हुने मान्यता राख्न सकिन्छ। जसबाट मुलुकको शान्ति सुरक्षा, स्थायित्व, कानुनी शासन र समुन्नतीमा अपराध उन्मुलनको विषयसँग जोडिएका यस्ता टड्कारो आवश्यकता पुरा गर्न नेपाल प्रहरी सक्षम हुने आशा राख्न सकिन्छ।

साथै समाजमा अपराध उन्मुलन गर्ने नेपाल प्रहरीको दायित्व निर्वाहमा लागू औषध नियन्त्रण व्यूरोको आफ्नै विशेष भूमिका छ। लागूऔषधको कारोवार आतंकवादपछिको दोस्रो ठूलो अपराधको रुपमा विश्वभर फैलिएको जटिल समस्या हो। आधुनिक प्रविधिसँगै कारोवारको प्रकृति पनि अत्याधुनिक हुँदै गइरहेको वर्तमान परिवेशमा व्यूरोले आफ्नो भूमिका थप प्रभावकारी पार्नुपर्ने देखिन्छ। साथै एक्लो प्रयासले मात्र अपेक्षाकृत सफलता हासिल गर्न कठिन हुने तथ्यलाई हृदयङ्गम गरी सामाजिक जागरणतर्फ ध्यान दिनु आवश्यक छ। साथै लागूऔषध उत्पादनको स्रोत निर्मूल पार्नु, लागूऔषध सेवनबाट हुने क्षतिवारे जनचेतना अभिवृद्धि गर्नु, उपचार र पुर्नस्थापनामा जोड दिनु तथा सरकारी एवम् गैरसरकारी निकाय, राजनीतिक दल, संचारकर्मीलगायतसँग हातेमालो गर्दै अगाडि बढ्नु व्यूरोको भूमिकाभित्रै पर्दछ र श्रेयष्कर पनि हुन्छ।



**Ashish Sinha, Ph.D.**
Advisor - HIV & AIDS | Save the Children

# OPIATE SUBSTITUTION TREATMENT (OST)

Opiate Substitution Treatment (OST) or medication-assisted treatment (MAT) is defined as the administration of a prescribed daily dosage of opioid medicines with long-lasting effects to patients with opioid dependence under medical supervision. Prescription of individual doses of medication effectively suppresses the patient's craving for heroine, and due to the increased tolerance and occupied opioid receptors it blocks euphoric responses caused by heroin use. Doses of substitution therapy are defined for each patient to provide for their subjective comfort.

Opioid substitution therapy is endorsed by the Joint United Nations Programme on HIV/AIDS, the United Nations Office on Drugs and Crime (UNODC) and the World Health Organization (WHO)1 – methadone and buprenorphine are on its Essential Medicines list2 .

## Major Objectives OST services:

- Reintegrate drug users into the society
- Reduce high risk behavior, risk of HIV infection
- Improve physical and mental health
- Reduce criminality
- Reduce drug led mortality

## Benefits for patients:

- Normalisation of life style and improved social functioning.
- Possibility for causal treatment of HIV, Hepatitis B and C.
- Increased availability for social and psychological support.
- Reduced overdose mortality.
- Discontinued or reduced drug injecting.
- Improved physical and mental health.
- Reduced risks of HIV and Hepatitis.
- Distancing from the community of drug users

## Benefits for the community:

- Significant reduction in criminal activities of the patient: no need to find money for drugs.
- Reduced risks of hemocontact infections for the society in general – hepatitis B and C, HIV – as the patients decrease or avoid injecting practices.
- Reduced levels of promiscuity and sex work among drug using women.

## Medications used for opiate substitution treatment (OST)

## METHADONE

Methadone is a well-tested medication that has been safely used to treat opioid dependence for more than 40 years. Methadone is a potent agonist of opioid receptors that has different pharmacokinetic properties in comparison to heroine. For OST methadone is prescribed in form of a solution or syrup,

and also as pills. Effects of a single dose of methadone last for 24 hours. Methadone is usually

*1 Technical guide for countries to set targets for universal access to HIV prevention, treatment and care for injecting drug users. Geneva: World Health Organization; 2009.*

*2 16th WHO model list of essential medicines. Geneva: World Health Organization; 2009. Available from: http://apps.who.int/emlib/ .*

prescribed once-daily, with the initial daily dose of 20–30 mg that is being increased later. It is recommended that in the early stages of treatment the patients remain under medical supervision for 3–4 hours after they are given their dose. Most methadone programmes' patients receive 60–120 mg of methadone per 24 hours. The proper maintenance dose is the one at which the cravings stop, without creating the effects of euphoria or sedation.

## BUPRENORPHINE

Buprenorphine is an agonist-antagonist of opioid receptors that has been used in drug dependence treatment since 1978. In some countries as France and Finland – buprenorphine is used more often than methadone. Buprenorphine is a potent synthetic partial opioid agonist with high receptor affinity. The partial activity of buprenorphine means that it does not induce tolerance to opioids to the same extent as methadone. Buprenorphine use is also associated with much lower risks of deadly overdose, as in high doses it causes antagonistic effects. It is usually prescribed as a once-daily dose. Its pharmacological characteristics make it possible to use it once a day or every other day. Daily dosage is from 8 to 32 mg Buprenorphine is a tablet which you put under the tongue. The tablet dissolves over 3-7 minutes and is absorbed straight into the bloodstream from the mouth. The tablets do not work if he/she swallow them into the stomach.

## Side effects

Side effects methadone are sweating, constipation, reduced libido and weakened concentration. Side effects of buprenorphine are similar to those of other opioids and include nausea, vomiting, and constipation.

## OST in Nepal

The government of Nepal announced the first National Drug Policy in 1996. Nepal was the first developing country which established a "Harm Reduction" Program for IDUs. The Methadone Maintenance Treatment Program (MMTP) started in Nepal in 1994 at the Mental Hospital Lagankhel in Kathmandu valley.

***The government of Nepal announced the first National Drug Policy in 1996. Nepal was the first developing country which established a "Harm Reduction" Program for IDUs.***

Nepal is considered as one of the first countries in South Asia to start methadone as Opioid Substitution Therapy. The number of patients enrolled during 1994 to 2002 was about 180 to 200 daily. methadone maintenance treatment programm was stopped in 2002.

After a gap of five years in November 2007, the Department of Psychiatry, Tribhuvan University Teaching Hospital, started Methadone Maintenance Treatment Program in Kathmandu as an "Emergency Response for IDUs," under the financial and technical support of UNODC, GTZ and in collaboration with the Ministry of Home Affairs of Nepal Government.

At the beginning of the program (2007), the number of new patients enrolled was 100 and this was increased to 170 in the subsequent years 2008-2009. In order to prevent new HIV infections and reduce harms from unsafe injecting, the government of Nepal has decided to expand OST programs in districts with high prevalence of injecting drug use practices. Currently, with the support of the Global Fund to Fight AIDS, Tuberculosis, and Malaria (GFATM), OST services are available in 12 districts of Nepal. ■

# लागू पदार्थ, नियन्त्रण र समन्वयात्मक पक्ष



प्र.ना.नि. बिद्याधर त्रिपाठी,
लागू औषध नियन्त्रण व्यूरो पोखरा ।

लागू पदार्थ दुर्व्यसन तथा यस सँग सम्वन्धित अन्य कारोवार जस्तै ओसार पसार, बेचबिखन, सेवन संचय आदी विषय कुनै पनि राष्ट्रका बहुपक्षिय सरोकार का विषय वस्तु हुन । वर्तमान परिप्रेक्षमा विश्वलाइ नियालेर हेर्दा प्राय राष्ट्रहरू यसवाट प्रभावित रहेको देखिन आउँछ । त्यसैले यो समस्या कुनै एक व्यक्ति, क्षेत्र वा देश को मात्र नभई अन्तर्राष्ट्रिय समस्याको रुपमा सृजित भएको देखिन्छ । यसर्थ नेपाल पनि यो समस्यावाट प्रभावित रहेको कटु सत्यलाई नकार्न सकिदैन । सन् १९६० को दशकमा हिप्पीहरुको आगमन र पश्चिममा राष्ट्रको प्रभावका कारण नेपालमा लागू औषध दुर्व्यसनको सुरुवात भएको मानिन्छ । संचार प्रविधिको तीव्रत्तोर विकाश, खुल्ला सिमाना, विदेशी नागरिकहरुको आगमन, वैदेशिक रोजगारी, वढ्दो शहरीकरण, अन्तर्राष्ट्रिय अपराधिक सञ्जालहरुको प्रभाव आदिका कारण नेपालमा लागूपदार्थको कारोवार तथा दुर्व्यसनीहरुको संख्यामा समेत वृद्धि भएको देखिन्छ । नेपालमा विशेषत काठमाण्डौं, पोखरा, धरान, बुटवल भैरहवा आदी स्थानहरु यसको समस्या अधिक रुपमा रहेको छ ।

लागू पदार्थ त्यस्ता पदार्थ हुन जस्को जसको प्रयोगले मानिसको मनोभावना, आनी-बानी तथा व्यबहारमा फरकपन ल्याउछ । सामान्य अवस्थाबाट व्यक्तिलाइ असामान्य अवस्थामा पुऱ्याइदिन्छ । समग्रमा यसको प्रयोगले व्यक्तिको स्वास्थ्य, सम्पति र इज्जत प्रतिष्ठाको हरण गर्दछ । यसको प्रयोगले चेतनशील मानिसलाई अर्धचेत तथा अचेत अवस्थामा पुऱ्याई मृत्युसम्म हुन सक्छ । लागू पदार्थको प्रयोग लतको रुपमा विकाश हुने हुनाले यसको लतमा फसिसकेको व्यक्तिलाई यसवाट बाहिर निकाल्न निकै कठिन हुन्छ । सम्बन्धित व्यक्तिलाई यसको कारणबाट हुने क्षतिको बोध हुँदाहुँदै पनि यसको प्रयोगबाट मुक्त हुन सकिरहेका छैनन् ।

लागू पदार्थको दुरुपयोगको सन्दर्भमा लागू पदार्थ आफैमा दोष होइन यसको प्रयोगका आफ्नै पक्षहरु छन । जस्तै निन्द्रा नलाग्ने, दुखाई कम गर्ने, सुस्ती पन हटाउने आदी । तर यस्तै प्रकारका समस्यामा प्रयोग हुने औषधी वा पदार्थलाई सामान्य व्यक्तिले प्रयोग गरेको अवस्थामा चाहिने मात्रा वा समय भन्दा वढी मात्रामा वा बढी समयसम्म प्रयोग गरेको अवस्था यसको दुरुपयोग हो । तसर्थ यस्ता औषधीजन्य पदार्थको प्रयोगले मानव जीवनमा पार्ने सकारात्मक प्रभावलाइ यसको दुरुपयोगले निकै गम्भीर समस्या सृजना गरिराखेको हुन्छ । यसका ज्वलन्त प्रमाणहरु हामीले समाजमा नियालेर हेऱ्यौं भने ऐना झै टल्किरहेको देख्न पाउँछौ ।

लागू पदार्थको कारणले मात्र मानव जिवनमा सृजना हुने समस्या एकातिर छ भने अर्कोतिर यसको कारण समाजमा अन्य अपराधिक गतिविधी जस्तै चोरी, डकैती, लुटपात, हत्या, बलात्कार, कालाबजारी जस्ता अन्य समस्या पनि सृजना भएका छन । दुर्व्यसनीले आर्थिक अभावका कारण चोरी, लुटपाट गर्ने, नसाको शुरमा हत्या, बलात्कार गर्ने गरेको विभिन्न घटनाहरु समाजमा पटक पटक दोहोरिरहेको देखिन्छ । यसको साथै हेपाटाइटीस बी, हेपाटाइटीस सी र एच.आई.भी. एड्स जस्ता घातक रोगहरु पनि लागू पदार्थ कै कारण उत्पन्न हुने र सर्ने गरेको पाइन्छ । तसर्थ लागू पदार्थको कारोबार आफैमा एक जघन्य अपराध रुपमा देखिन्छ भने यसको कारण समाजमा उत्पन्न अन्य अपराध पनि त्यतिकै टड्कारो समस्याको रुपमा देखिन्छ । लागू पदार्थ जन्य अपराधको नियन्त्रण गर्न सकेमा यसको उपज स्वरुप उत्पन्न हुने अन्य अपराध स्वत: नियन्त्रण भएर जानेछ।

लागू पदार्थको दुर्व्यसन तथा लागू औषधजन्य अपराधवाट हाम्रो देश नेपाल पनि अछुतो रहेको छैन । विशेष गरि शहरी क्षेत्र जस्तै: काठमाण्डौं, पोखरा, धरान जस्ता विकसित शहरहरु यसबाट बढि प्रभावित छन् । खुल्ला सिमानाको प्रत्यक्ष प्रभाव रहेका स्थान, विदेशी नागरिकको बढि आगमन हुने स्थान र वैदेशिक रोजगारिमा संलग्न व्यक्तिहरु बसोबास गर्ने क्षेत्र आर्थिक, सूचना प्रविधी एवं वैदेशिक सांस्कृतिक प्रभावको कारणले सम्पन्न हुने हुँदा यसको बढि प्रभाव पर्ने गर्दछ । यो कुनै व्यक्ति परिवार समाजको मात्र समस्या नभएर स्म्पुण राष्ट्रकै समस्या हो तसर्थ यसले प्रत्येक समाज र राष्ट्रलाइ नै अन्तत कमजोर एवं खोक्रो बनाउँदै लग्दछ । प्रत्येक साल करोडौ रुपैया लागू औषध खरिद गर्नको खातिर बिदेशीएको हामीले देखेकै छौ ।

लागू पदार्थ जन्य अपराध सिङ्गो राज्यले नै सरोकार राख्ने विषय भएकोले उक्त विषयमा राज्यले चासो दिन स्वभाविक नै हो । वर्तमान समयमा लागू औषध तथा मनोद्धिपक पदार्थहरुको अबैध वेचबिखन तथा ओसारपसार पनि हाम्रो लागी निकै ठुलो चूनौतीको रुपमा देखिएको

छ। वि.सं. २०३३ सालमा सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्नको लागि लागू औषधको उत्पादन निर्माण खरिद विक्री सेवन सञ्चय ओसारपसार, निकासी पैठारी समेत नियन्त्रण गर्ने उद्देश्यले लागू औषध नियन्त्रण ऐन २०३३ जारी गरियो। उक्त ऐनको समसामयिक सुधारका लागि संसदमा संशोधन मस्यौदा पेश भएकोमा बिविध कारणले ऐन संशोधन हुन सकिरहेको छैन। लागू औषध नियन्त्रण ऐन २०३३ मा गृह मन्त्रालयमा एक जना मुख्य लागू औषध नियन्त्रण अधिकारी र प्रत्येक जिल्लामा लागू औषध नियन्त्रण अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारीलाई तोकिएको छ। तथा गृह मन्त्रालयमा लागू औषध सम्बन्धी काम गर्नाका लागी लागू औषध नियन्त्रण शाखा रहेको छ। लागू औषध दुर्व्यसन र यसको कारोबार नियन्त्रणार्थ नेपाल सरकारले लागू औषध नियन्त्रण राष्ट्रिय निति २०६३ र लागू औषध नियन्त्रण रणनिति २०६६ समेत जारी गरेको छ।

उक्त नितिमा माननीय गृह मन्त्रीज्यूको अध्यक्षतामा लागू औषधको उत्पादन, ओसारपसार, निकासी पैठारी, सेवन संञ्चय एवं खरीद बिक्रीलाई दिर्घ कालिनरुपमा नियन्त्रण गर्ने उद्देश्यले एक उच्च स्तरिय लागू औषध नियन्त्रण राष्ट्रिय निर्देशन तथा समन्वय समिति गठन हुने प्रावधान रहेको छ। भने लागू औषध नियन्त्रण रणनिति २०६६ ले निम्न उद्देश्यहरु लिएको छ।

**निम्नः**

१. लागू औषधको अबैध खेति, उत्पादन, ओसारपसार र बेचबिखनमा नियन्त्रण गरि यससँग सम्बन्धीत अपराधमा कमी ल्याउने।

२. जोखिम समुहमा लागू औषधको प्रयोग (Incidence Of Drug Abuse) लाई न्यूनीकरण गर्ने।

३. गुणस्तरीय, भरपर्दो एवं विश्वसनिय उपचार तथा पुर्नस्थापन सेवामा लागू औषध प्रयोग कर्ताहरुको सहज तथा सरल पहुँच बढाउने।

४. लागू औषध प्रयोगकर्ता, निजको परिवार र समुदायमा एच.आई.भि, हेपाटाईटिस बि र सि तथा यौनजन्य रोग जस्ता संक्रमणको जोखिम न्यूनिकरण गर्ने।

५. लागू औषधको प्रयोगमा रोकथाम तथा नियन्त्रण सँग प्रत्यक्ष रुपमा सरोकार राख्ने विभिन्न नीतिहरु बीच तादत्म्य कायम गरी विभिन्न निकायहरु बिच सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने।

६. लागू औषध प्रयोगकर्ताको संख्या, स्वरुप तथा असर बारे आवधिक तथा आधारभुत सर्वेक्षण गर्ने।

उक्त निति र रणनितिले लागू औषध नियन्त्रणको क्षेत्रमा काम गर्ने निकायहरु बीच Supply Control, Demand Reduction र Harm Reduction को लागि समन्वयात्मक ढंगबाट अगाडि बढने उद्देश्य लिएको छ। एकातिर लागू पदार्थको दुर्व्यसन तथा कारोबार नियन्त्रण गर्न राज्यले समन्वयात्मक ढंगले अगाडि बढ्दा अझ बढि उपलब्धी हासिल हुन जान्छ भने अर्कोतिर यो समस्याको दिर्घकालिन समाधान पनि हुँदै जान्छ। लागू पदार्थको आपूर्तीलाई नियन्त्रण गर्नु उक्त कार्यमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिई कानुनी दायरामा ल्याउनु र लागू पदार्थको नष्ट गर्नु प्रहरीको जिम्वेवारी हो। तर यतिले मात्र लागू पदार्थको दुर्व्यसन र कारोबार नियन्त्रण हुन सक्दैन। यसको लागि स्थानीय संघ संस्थाहरु युवा क्लवहरु तथा समुहरु, आमा समुहहरु, शिक्षक विद्यार्थीहरु, बुद्धिजिबिहरुसँगको समन्वय एवं सहकार्यमा जनचेतना मुलक कार्यक्रम प्रदान गर्न सकिन्छ। युवा क्लवहरुसँग मिलेर सांस्कृतिक कार्यक्रम एवं सडक नाटकहरु संचालन गर्न सकिन्छ, यातायात व्यवसायीसँग मिलेर यातायात क्षेत्रमा जनचेतनामुलक कार्यक्रम गर्न सकिन्छ। त्यस्तै स्कुल क्याम्पस स्तरिय लागू औषधको प्रयोग र क्षति सम्बन्धी जनचेतना मुलक कार्यहरु प्रदान गर्न सकिन्छ। यस्ता कार्यक्रमबाट लागू औषधको प्रयोग र प्रयोगकर्तामा कमि आई लागू औषधको मागमा कमी आउछ।

प्रत्येक व्यक्तिको पहिलो पाठशाला घर हो भने पहिलो शिक्षक उसैकै आमा बावु हुन। प्रायः सबै व्यक्तिहरु ठुलो होउन्जेल सम्म आमाको साथमा रहने, आमाबाट सिक्दै हुर्कने हुन्छन र उनीहरुको सबै समस्या आमालाई नै थाहा हुन्छ। तथापी वाबुलाई भन्न नसक्ने समस्या पनि उनीहरुले आमालाई नै सेयर गर्दछन। तसर्थ प्रत्येक घर, समाज र राष्ट्रमा समेत आमाको अहम् भुमिका र महत्व रहन्छ। यस तथ्यलाई अगाल्दै प्रत्येक समाजमा आमा समुह गठन गरी लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रणमा क्रियाशिल बनाउन सकेमा प्रहरीले ठुलो सफलता हात पार्ने छ भने राज्यमा यसको स्वतः सकारात्मक प्रभाव पर्ने नै छ। यसको ज्वलन्त उदाहरण पोखरामा सक्रिय लागू पदार्थ नियन्त्रण तथा समाज सुधार आमा समुह हो। मिती २०६१ सालमा पोखरा उपमहानगरपालिकाको केहि वडाका आमाहरुको अगुवाइमा स्थानीय पोखरा उपमहानगरपालिका १६ निवासी संस्थापक अध्यक्ष सुष्मा गुरुङको अध्यक्षतामा गठन भएको उक्त संस्थाले हाल सुनसरीको धरान, मकवानपुरको हेटौडा, रूपन्देहीको भैरहवामा समेत आफ्नो शाखा बिस्तार गर्दै लागू पदार्थ दुर्व्यसन तथा कारोवारको नियन्त्रणमा सक्रिय रहदै आएको छ।

उक्त आमा समुहसँग मिलेर लागू औषध नियन्त्रण व्यूरो पोखराले प्रत्येक साल जनचेतनामुलक कार्यक्रम लिएर देशका विभिन्न लागू पदार्थ प्रभावित भागको भ्रमण गर्ने, संयुक्त रूपमा जनचेतनामुलक कार्यक्रम लिएर स्कुल, क्याम्पससम्म पुग्ने, ऱ्याली गर्ने, पर्चाहरू बाढ्ने, अन्तरक्रिया कार्यक्रमहरू संचालन गर्ने गरेको छ। यसको अलावा यस लागू औषध नियन्त्रण व्यूरो शाखा पोखराले आमा समूहकै सदस्यहरूबाट प्रत्येक टोल-टोलबाट सूचना संकलन एवं बिश्लेषण गरी अप्रेसन समेत चलाउने गरेको छ।

अन्ततः लागू पदार्थ दुर्व्यसन र कारोवार नियन्त्रण गर्न राज्यका जिम्मेवार अंगहरू तथा यससँग सरोकार राख्ने समाजमा सक्रिय विभिन्न गैर सरकारी संघ संस्था, समूह, क्लव, नागरिक समाज, बुद्धिजिवी वर्ग आदी सबै मिलेर हातेमालो गर्दै मागलाई घटाउँदै र आपूर्तीलाई नियन्त्रण गर्दै जाने हो भने छिट्टै नै यो समस्याको निराकरण हुन जाने देखिन्छ।

# OVERCOME STRESS THROUGH MEDITATION



**Arun Poudel**
Chairperson, Ethics and Virtues Institute

In the restless world of today, most of us suffer from stress in some way. Stress could be of different types. Students are faced with studies-related stress and jobholders are faced with work-related stress. Housewifes face one type of stress, and manual laborers face another. Doctors, engineers, police, army, teachers, and people from all walks of life continually face one or the other type of stress.

Although the types of stress could be different, the basic nature of stress is the same. Stress is fundamentally the accumulation and blockage of energy. When we get over attached, fear, or worry about something then our energies stop flowing and get blocked in our mind. This creates stress. Mental stress later localizes in certain body part and that part gets diseased.

The effects of stress could be various. The most visible and early effects of stress are irritation, loss of smile, facial contraction, loss of concentration, and malfunctioning of the digestive system. Some people stop eating while other start overeating as a result of stress.

The secondary effects of stress are seen in the body of the person. People will have non-communicable diseases and symptoms such as high blood-pressure, diabetes, renal and hepatic malfunction, muscular cramps and so on. The physical symptoms could become severe with the level of stress. The list of symptoms associated with stress is long. Here are a few of them:

1. Heartburn (acidity)
2. Headache
3. Migraine
4. Loss of the body's natural resistance
5. Loss of apetite (results in malnutrition)
6. Excessive apetitite (results in obesity)
7. High blood pressure
8. Diabetes
9. Depression and suicidal tendencies
10. Drug abuse
11. Sexual malfunction
12. Cancer
13. Heart attack; and the list goes on.

Western psychologists have done extensive research on stress from many different angles. One way of classifying stress is to put it into three categories: acute, episodic acute, and chronic. Everybody faces acute stress in their daily lives. The cause is known and it could be manged easily. Most people recognize when it is there. For example, something comes up and you miss your bus to office. You have an important meeting and you cannot attend because your child is sick. Your business competitor wins the contract that you were eager to get. Such situtions are acute, occuring once and leaving you with stress. You could have heartburn, chest pain or severe headache. But it is not long-lived and can be cured immediately with some medication or consultation. There could be anger and anxiety but that will go as soon as the cause of stress is gone or forgotten.

The second type – episodic acute stress – is personality-type stress. There are people who regularly fall into the same pattern that creates acute stress. For example, some people are always rushing to meet the deadline. They are always late to catch their office bus. Not one or two days, but almost every day they are seen rushing to catch the bus. They will either find excuse to be late, or something 'happens' to them every now and then. Being late and letting things go wrong has become their habit. The psychologists call such people 'Type A' personality. They are susceptible to serious diseases such as heart conditions and cancer. They require medical treatment as well as psychological counseling. They need to change their habit pattern that continuously puts them in the acute stress situation.

The third type – chronic stress – is difficult to recognize. Its cause is also difficult to know. There could be some childhood trauma, an unhappy marrige that you cannot escape or get divorced, an irritating boss that you cannot avoid, a job that you don't like but can't quit, and so on. These situations go deep down in somebody's psyche and create continuous stress. A person suffering from such stress does not even know that it exists. He is only worried about the symptoms such as hypertension, heart ailments, or sexual malfunction. He keeps trying to get cured, and the doctors just give them some medications. That does not cure him and he is most probably caught up in the

endless trap of going from one doctor to another and from taking one medicine to another.

That is from the point of view of western psychologists. The eastern spiritual science has a different way of dealing with stress. Hindu sages from ancient times, the Buddha, and other enlightened masters from the east have given us a vast heritage of spiritual knowledge through which we can solve every problem of the human life. They have given us the art of meditation that is superior to any other field of knowledge. There is a saying that if you know your mind and if you conquer your mind, then you conquer the whole universe. The spiritual knowledge that the Buddha and other eastern sages have given us teaches us the way of conquering our minds.

By practicing the art of meditation, we practice to look into our minds. Once we know it and get a hold of it, we can control it. Then no situation can distress us. After all, it is the mind where any external situation attacks. Or rather, it is the mind that reacts to any external situation. And the reaction of the mind makes us happy or unhappy. No situation is happy or unhappy in itself. It is our mind that thinks whether the situation is happy or unhappy, and we become happy or unhappy accordingly.

Let me explain it with a story. There were three boys that were appearing the school leaving certificate examination. All three failed the exams. The first boy thought it was a terrible and shameful event. "What would my parents think? What would my friends and relatives think? What will happen to my elder brother's plan to take me to the city for college? This is a complete disaster, how can I tell anybody? I should rather not live." He committed suicide. The second boy thought that maybe he did not study properly. He went to his parents, who were angry, ovbiously. But he told them he failed because he did not study properly so he wanted to do well next year. He just shut his ears to any criticism, got some money from the parents, bought some good books, asked teachers' help and worked really hard. The next year, he passed with distinction. He went on to the university, and later become a celebrated professor. The third boy thought – "Well, I failed the exams. That means I am not good at it. But I must be good at something else. Better I should stop studying and start a business." He sold his books at half-price, got some loan from friends and started a tea-shop. After a while, he had some money and he expanded his shop. Day in and day out, he worked hard and emerged as a successful businessman few years later. There was one incident – failing the exams. And the three boys had three different perspectives about it. And they had three different results.

Our whole life is determined by our points of view. The art of meditation gives you the right perspective. It teaches you to see the transitory nature of the world. It trains your mind to see the impermanence of the world. Everything is changing, nothing is permanent. When you understand this truth, and when you internalize it, then your worries will vanish. What is there to be worried about? Why give so much importance to such an impermanent thing? Meditation gives you direct realization to this truth.

Let us go back to the story. Failing an exam is not a permanent thing. There is exam every year and you can pass it the next year. Or you can just drop out from school so that you do not have to appear or fail the exam again. Failing an exam does not write your fate. It is just one event that comes and goes. It is your 'response' to the event that writes your life story. Otherwise, everybody would have the same life, the same fate after failing the exam. All three boys could have committed suicide, or all three could have become professors or successful businessmen if failing the exams was a permanent thing that 'could write your life story permanently.' No, it does not. It is one transitory thing happening in your life, and you take a course of life based on your own reaction to it.

Of course the three boys were not meditators. But nevertheless two of them had the right perspectives that helped them. Meditation helps us to have the right perspective in all situations. Coming back to the three stress types, meditation helps overcoming acute stress by relaxing your mind and giving the right perspective to deal with the particular situation. When you lose a contract, you can just relax and say to yourself – "Well, I can get a bigger contract next time." By meditation we can control our mind, hence we can change our habit pattern and personality type. This helps us overcome episodic acute stress patterns. You can just change your habit, get prepared a little bit early, and never miss your office bus again. Lastly, meditation helps us overcome chronic stress also. It cleanses our deep-rooted impurities and traumas. It enables us to choose our mental response to any situation. Your stupid boss no longer troubles you, but you start having pity for him for his stupidity. Your stressful job can become an act of compassion, you can help your boss. Or if not, you can just forgive him and quit your job. You will no longer burn in stress. You will be a fee and happy man.

In today's stressful age, meditation is the best and most effective tool to manage our lives. It prevents our minds from getting into trouble, and lifts us out if we are already into it. Let us make meditation a habit. It is our friend; let us feed it, nurture it, and keep it with us always. ■

# औषधि व्यवसायीका समस्या एक टिप्पणी



**हरि प्रसाद विडारी**
केन्द्रीय महासचिव
नेपाल औषधि व्यवसायी संघ

औषधि व्यवसायीहरुले विगतदेखि नै भन्दै र गर्दै आएको काम व्यवसायसँगै सामाजिक उत्तरदायित्व सहितको सेवा पनि हो । यो काममा देशभरका औषधि व्यवसायीहरु निरन्तर सक्रिय र प्रतिवद्ध पनि छन् । २०३० सालमा औषधि व्यवसायी संघको स्थापना भएदेखि नै संस्थागत रुपमा पनि व्यवसायसँगै सेवालाई निरन्तरता दिइएको सबैलाई बिदितै छ । देशको अर्थतन्त्रसँग जोडेर हेर्ने हो भने पनि औषधि व्यवसायको महत्वपूर्ण योगदान छ । देशभर सर्वसुलभ औषधी बिक्रिवितरण मार्फत बिरामीहरुको ज्यान जोगाउने काम भएको छ भने यो व्यवसायमा भएको अरबौको लगानी र हजारौंको रोजगारीले देशको अर्थतन्त्रमा पनि सकारात्मक सहयोग पुगेको छ ।

तर औषधि व्यवसाय जस्तो मर्यादित र सामाजिक उत्तरदायित्व सहितको व्यवसायलाई अहिले विभिन्न क्षेत्र र तहबाट नकारात्मक रुपमा टिकाटिप्पणी गर्ने क्रम देखापरेको छ । जनहितकारी र सेवामुलक कार्य पनि गरिरहेका व्यवसायीलाई खासगरी प्रशासनबाट सहयोग र मर्यादित व्यवसायका पक्षमा समर्थन भन्दा विभिन्न बाहानामा दुःख दिने र गलत रुपमा हेर्ने गर्नाले एकातिर मनोवैज्ञानिक रुपमा हिनतावोध हुने र अर्कातिर व्यवसायिक सुरक्षा विपरित नै हुनेगरी व्यवसायीलाई दुःख दिने समेतका कामहरु बढ्दै गएका छन् । यो दुःखको कुरा हो । मर्यादित र सुरक्षित व्यवसायमा यसले पक्कै सहयोग गर्दैन् ।

खासगरी फर्मास्यूटिकल्स औषधिहरुको दुरुपयोग बढेको बहानामा औषधि व्यवसायीहरुमाथि नकारात्मक रुपमा हेर्ने र गलत व्यवहार गर्ने प्रवृति बढ्दो छ । समस्याको जग कहाँ छ, र समाधानका लागि कसरी अघि बढ्न सकिन्छ भनेर गहन अध्ययन र सही कार्यान्वयन भन्दा व्यवसायीलाई देखाएर अरु पन्छिने जुन गलत प्रवृति छ, त्यसले भोलिका दिनमा झन समस्या ल्याउने देखिन्छ । लागू तथा मनोद्धिपक औषधिहरुको गलग प्रयोग हुन नदिन युवा पुस्तालाई सही शिक्षा, सचेतनाका कार्यक्रम लगायतका गतिविधिलाई समेटेर अघि बढ्नुपर्ने खाँचो छ । तर व्यवसायीले औषधि बेचेकै भरमा उनीहरुलाई एकपक्षीय रुपमा दोषी करार गर्ने काम गलत छ । किनभने व्यवसायीहरुले पसलमा राख्दा र बेच्दासम्म त्यस्ता औषधिहरु केवल औषधि मात्रै हुन् । तर पसलबाट बिक्री भएपछि त्यो औषधि नभएर लागू औषधका रुपमा प्रयोग हुन्छ भने त्यो दोषको भारी व्यवसायीहरुको थाप्लोमा हालेर अरु उम्किन मिल्दैन् ।

यथार्त यो हो कि गलत फर्मास्यूटिकल्स औषधिहरुको दुरुपयोग नहोस भन्नेमा औषधि व्यवसायीहरु पनि सजग छन् । उनीहरुले पनि त्यस्ता औषधि बिक्री गर्दा विशेष ध्यान दिनुपर्छ । तदूरुपयोगको कारण र सही नियन्त्रण तर्फ भने सरकारको उचित ध्यान पुगेको छैन् । जनजीवन सग प्रत्यक्ष रुपमा जोडिएको यो व्यवसायलाई मर्यादित, सुरक्षित र भरपर्दा बनाउन औषधि व्यवसायीहरुको पनि भूमिकालाई निश्चय नै कम आक्न सकिदैन । सरकार र औषधि व्यवसायीबीच निरन्तर छलफल र संवाद हुने वातावरणले मात्र यस्ता समस्या न्यूनीकरणमा मद्दत पुग्छ । त्यसैले औषधि व्यसायीलाई दुःख दिने र गलत आरोप लगाउने प्रवृति अविलम्व अन्त्य गरी सामुहिक छलफल र सहकार्यका आधारमा अघि बढ्नु नै आजको आवश्यकता हो ।

स्मरण

# थाहै नपाई निर्भर अवस्था



गौरव सिरोहिया

म एक सम्पन्न परिवारमा जन्मिएको हुँ। एक्लो छोरा भएका कारण म आमा बुवाको प्यारो थिएँ। स्कुलको पढाई पनि प्रथम श्रेणीमा सकाए। मेरा आमा बुवा मलाई हरेक दृष्टीकोणले आफूहरु भन्दा पनि बढी प्रगति गरेको देख्न चाहनु हुन्थ्यो म कलेज पढ्दा पनि राम्रो बिद्यार्थी थिएँ मेरो अनुशासन पक्ष ज्यादै सबल थियो। शिक्षकहरुले पनि मलाई मन पराउनुहुन्थ्यो। पढाई सँगै खेलमा पनि म ज्यादै राम्रो थिएँ। खेल प्रतिको लगनशिलताले नै गर्दा केही समय डिभिजन क्रिकेट पनि खेलेँ बेलुकी घर फर्किदा एकदमै थकित हुन्थे। साथीहरुले "नाइट्रोसन" भन्ने ट्याब्लेट खाँएमा निकै फुर्ती आउँछ भने। नबुझिकन तिनीहरुका कुरामा बिश्वास गरि मैले ट्याब्लेट खाँए। त्यो चिज खाँदा बेग्लै प्रकारको फूर्ती आएको जस्तो पनि भयो। यसको निरन्तर प्रयोग पश्चात बिस्तारै पहिलेको जस्तो फूर्ती आएको अनुभुति हुन छाड्यो। त्यस पछि मैले त्यो भन्दा कडा र बेग्लै लागू औषध प्रयोग गरेर हेरे मैले ब्राउनसुगर , हेरोईन प्रयोग गरे। त्यो झन् कडा भएको महसुस गरे। तर बिस्तारै बिस्तारै त्यसले पनि काम गर्न छाड्यो र त्यसपछि मैले सुई द्वारा हेरोईन लिन थाले र पछि निरन्तर सुईको र अन्य नशाहरुको प्रयोग गर्न थाले। लागूपदार्थ लिने मात्रा दिन प्रतिदिन बढ्दै जान थाल्यो जसले गर्दा मेरो शारीरिक, मानसिक र भावनात्मक पक्ष खोक्रो बन्दै गयो। म दुर्व्यसनको कुलतमा झनझन फस्दै गएँ यस समस्या बाट छुटकारा पाउन मैले धेरै परिश्रम गर्नु पऱ्यो , यस शिलसिलामा, मैले धेरै कुरा गुमाएँ लामो समय पश्चात मात्र यो भयानक धरापबाट मैले मुक्ति पाएँ जति बेला मेले नाइट्रोसन लिएको थिएँ त्यतिबेला म दूर्व्यसनी हुन्छु भनेर लिएको थिईन तर नाईट्रोजनको दुरपयोगले मलाई निर्भर बनाईसकेको रहेछ। हरेक लागू औषध लिनेहरुले आफू दुर्व्यसनी बन्छु भनेर ड्रग्स सेवन गर्न सुरु गरेको हुदैनन् तर अधिकांश समस्यामा पर्नेहरु म जस्तै त्यस बस्तुको बारेमा बास्तविक ज्ञान नभएर वा गलत ढङ्गले बुझेर यसमा पर्दा रहेछन। अहिले म आफू सँग सेवन गर्ने मेरा साथीहरुलाई सम्झन्छु। स्कुल जीवनमा उनीहरुले गाँजा, बियर वा कुनै ट्याब्लेटको सेवन गर्दा ती कुराहरु आफ्नो नियन्त्रणमा रहेको ठान्दथेँ तर पछि त्यो उनीहरुको नियन्त्रणमा रहन छाड्यो। म स्वयं भुक्तभोगी भएकाले त्यसको अनुभव मलाई छ। अत: ड्रग्स व्यक्तीको नियन्त्रणमा रहन्छ भन्ने बिश्वास गलत रहेछ। धेरै महिना पछि आसरा सुधार केन्द्रबाट मैले यी सबै कुरा सिकेँ र मैले नाटकीय जीवनवाट मुक्ति पाएर सामान्य जीवनको लागी प्रयत्न गर्दैछु। ■

# लागू औषध बिगत देखी बर्तमान सम्मको समस्या र समाधानमा संस्थागत प्रयास



**कृष्ण प्रसाद त्रिपाठी**
पूर्व प्रहरी निरीक्षक

आनन्द लिने मानवीय चाहना हो भने आर्थिक उन्नती गर्ने बिश्वभर साना वा ठूला राष्ट्रहरु सबैको गन्तव्य र मार्गचित्र हो । त्यही आनन्द र आर्थिक समुन्नतिमा प्रतिश्पर्धा भई रहेको छ । आनन्द लिने नाममा व्यक्तिहरु लागू औषधको कुलतमा फसेर जीवन बरबाद पार्दैछन भने कुलतमा फसेका बिचरा रोगीहरुलाई लागू औषध आपुर्ति गर्ने र सजिलै रातारात करोडपति बन्ने लक्ष्यले लागू औषधको अबैध कारोबारमा अन्तर्राष्ट्रिय रुपमा संगठित भए ।

सन १९६० को दशक बाट नेपालमा पनि जल्दोबल्दो समस्याको रुपमा लागू औषधको गैह्र कानूनी कारोबार बृद्धि भयो भने हिप्पी संस्कृती व्हात्तै बढेर ती हिप्पीको देखासिकिले नेपालीहरु बिशेष गरी युवाहरु दुर्व्यसनको सिकार भए । लागू औषधको कारोबार बाट आर्जित कालो धनले नेपालमा सामाजिक र आर्थिक जगलाई हल्लाई समाज अराजक, असभ्य र राष्ट्र दिनानु दिन आन्तरिक रुपमा कमजोर र अन्तर्राष्ट्रिय रुपमा बेज्जत र अपमानित हुदै गएको अबस्थामा सन १९९२ मा संयुक्त राष्ट्र संघ लागू औषध नियन्त्रण कार्यक्रम सँग अधिकतम् साझेदारी सम्बन्ध र सम्झौता गरी लागू औषध नियन्त्रण ऐन २०३३ लाई समय सापेक्ष र प्रभावकारी गराउने उद्देश्यले लागू औषध कानून कार्यान्वयन इकाईको प्रारुप तयारी गरियो । यो प्रारुप तयार गर्ने क्रममा तत्कालिन प्रहरी उपरीक्षक रामकाजी वान्तवाज्यूको प्रत्यक्ष मिहेनत र सकृयता ऐतिहासिक थियो ।

प्रारम्भमा प्रहरी प्रधान कार्यालयमै प्रसस्त काम कारवाही भई नियन्त्रणमा सिमित प्रहरी अधिकृत जवानहरुले उल्लेख्य सफलता प्राप्त गरे । कानूनी समयमै लोगो सहित लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाई स्वीकृत भएर आए पछि नेपाल प्रहरी, महान्याधिवक्ताको कार्यालय, भन्सार बिभागका अधिकृत स्तरका कर्मचारी समेतको संयुक्त काम कारवाही एउटै छाना बाट गरिने सरकारको बिभागिय समन्वयमा प्रभावकारी रुपमा लागू औषध नियन्त्रणका सम्पूर्ण काम सरकारको नियन्त्रणमा रहेको ठमेल स्थित कार्यालय बाट हुदै आयो ।

रबिराज थापा, हेमन्त मल्ल ठकुरी, महान्यायाधिवक्ताको कार्यालयका अधिकृत सुर्य कोईराला यी सबैको प्रयास र प्रयत्नले नेपाल राज्यभरी प्रहरी सहायक निरीक्षक वा खरिदार दर्जा सम्मका कर्मचारीहरु लागू औषध अपराध मुद्दाको अनुसन्धान अधिकृत तोकिने कानूनी प्रावधानलाई आज नेपालभरि लागू औषध नियन्त्रण व्यूरोको प्रतिनिधिहरु कार्यरत छन ।

लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाईको स्तरोन्तीका साथै जनशक्ति तुलनात्मक रुपमा बृद्धि भएको छ भने प्रहरी उपरीक्षक, प्रहरी बरिष्ठ उपरीक्षक हुदै आज प्रहरी नायब महानिरीक्षकको नेतृत्वमा लागू औषध नियन्त्रण व्यूरो काठमाण्डौ कोटेश्वरमा भाडाको घरमा कार्यालय सरेको छ । यस अघि लामो समय सम्म ठमेल बाट बानेश्वरमा कार्यालय राखी सफलता पुर्वक कार्य गर्दै आएको थियो । नेपाल अधिराज्यमा यो कार्यालय चर्चित तथा र्निविवाद छनै त्यो भन्दा अन्तर्राष्ट्रिय जगतमा ख्याती आर्जन गर्न सफल भएको छ ।

व्यूरोको सदाचार, आर्थिक पारदर्शिता र मिलोमत्तोमा तथा निष्पक्षतालाई अन्य कार्यालयहरुले समेत खुलेर प्रसंशा गर्ने गरेका छन । व्यूरो लागू औषध अपराधको अन्तर्राष्ट्रिय अभिलेख केन्द्रनै भएको छ । नेपालको सुरक्षालाई कमजोर सम्झेर कुनै अर्को देशको लागू औषध नेपालको प्रस्थान बिन्दु बनाई यूरोप वा जापान जस्ता जुनसुकै देशमा लग्न लागे पनि व्यूरोका जिम्मेवार र अनुभवि प्रहरी अधिकृत तथा जवानहरुको त्रिभुवन बिमानस्थलकै ठूलो गिरोहका सदस्यलाई केरकार सहित पक्राउ गर्नुले तस्करहरुको कार्यशैली समेत पत्तालगाई असफल पारि दिएका एक होईन अनेक उदाहरणीय सफलताको इतिहास बनाई सबैको व्यूरोलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तालिम प्रशिक्षण र आर्थिक साधन श्रोत अझै न्यून देखिन्छ । चुस्त र अनुभवि जनशक्तिलाई समयानुकुल साधन श्रोतले व्यबस्थित गराई दिने हो भने लागू औषध नियन्त्रण व्यूरोले यो राष्ट्रकै छबि उजिल्याउने कुरामा कुनै शंका कसैले नगरे हुन्छ ।

**उत्पादनको वर्तमान अबस्था :-**

बारा, पर्सा र मकवानपुर अफिम र गाँजाको उत्पादन गर्ने जिल्लाका रुपमा बदनाम थियो तर जनतामा आएको चेतना, प्रहरी प्रशासनको सकृयता र बैकल्पिक कृषि उत्पादन तर्फको सरकारी प्रोत्साहनले गर्दा ती जिल्लाहरुमा लागू औषधको अबैध खेती न्यूनहुदै गएको छ । बरु पश्चिमका सुर्खेत लगाएतका जिल्लाहरुमा लुकीछिपि अफिम खेती गर्ने गरेको कुरा प्रहरीले नष्ट गरेका समाचार आई रहेका छन । तसर्थ लागू औषध उत्पादन मुक्त देश नेपाल बन्ने तर्फ अग्रसर छ तर अन्य देशमा उत्पादन भई अन्य देशका नागरिकहरु संलग्न भई नेपाललाई क्षणिक बिश्रामस्थल बनाई प्रस्थान बिन्दुका रुपमा लागू औषधका संगठित गिरोहनै आजको हाम्रो समस्या हो भने औषधजन्य लागू औषध अर्को ठूलो समस्या हुँदै आएको परिवेशमा लागू औषध नियन्त्रण ऐन २०३३ को (संसोधन सहित) र औषधी व्यबस्था ऐन २०३५ लाई एक अर्कामा सहयोगी हुने गरि सम्बन्धित क्षेत्रले समय सापेक्ष र अपराधको गाम्भिर्यता मनन गरि आबश्यक संसोधन हुनु उचित देखिन्छ । बिभिन्न नाम र टेड्रमार्कमा नेपाल भित्र औषधोपयोगी लागू औषधका दुरुपयोगीहरु बढ्ने खतरा अझैपनि यथावत पाईन्छ । काठमाण्डौ बाट बिहान रक्सौल जाने साँझ प्रयोगकर्ता सम्म पुऱ्याउने झुण्डहरु उपत्यकामै सकृय भएको जस्तो प्रतिक हुन्छ । यस्ता औषधीहरुको दुरुपयोग नियन्त्रण तर्फ अब क्षेत्रको प्राथमिकताको बिषय मात्र होईन बिद्यालयहरुमा पठनपाठनको बिषय समेत हुनुपर्दछ । स्थानीय प्रहरी र जनता यस्ता औषधीजन्य लागू औषध नियन्त्रणमा व्यापक समन्वयात्मक कृयाशिलता आजको आबश्यकता भईसकेको छ ।

# लागू औषधको अवैध ओसार पसार र धनगढी



**जेसी पदम बिक्रम सिंह**
अध्यक्ष
धनगढी जेसीज

आजको समाजमा यूवाहरु आफूलाई अरुभन्दा फरक देखाउन चाहन्छन । अरुको देखासिखी पश्चिमी मुलुकको रहनसहन, भारतसँगको खुला सिमाना, विभिन्न किसिमका सामाजिक सांस्कृतीक परम्पराले आजका यूवामा लागूऔषको दुर्व्यशन बढ्दै गइरहेको छ । सामान्यतया लागू औषध दुर्व्यशन भन्नाले जुन पदार्थको प्रयोग मानव शरिरलाई आवश्यक छैन जसको निरन्तर प्रयोगले मानिसको सोच्न सक्ने, बुझ्न सक्ने शक्तिलाई नष्ट गरी त्यसको क्षमतामा कमी ल्याई मानिसका विभिन्न शारिरिक, मानसिक, सामाजिक, आर्थिक, राजनितिक, भौतिक क्षेत्रमा नराम्रो असर पुऱ्याउने र दीर्घकालिन अम्मली बनाउँछ भने त्यस्तो पदार्थलाई लागूऔषध दुरुपयोग भनिन्छ ।

वर्तमान अवस्थामा लागूऔषध विश्वकै सवैभन्दा ठूलो समस्याको रुपमा देखा परेको छ । आज संसार इन्टरनेट भित्र छ । हरेक किसिमका सूचना सामग्री र त्यस सँगको सम्वन्धलाई जोड्ने माध्यम बनेको छ । संसारलाई जोड्ने हवाइ सेवा सरल सुलभ हुनु, पर्यटन व्यवसायको नाममा विश्वभरि लागू औषध तस्करको संजाल निर्माण हुनुले हाम्रो जस्तो देशमा लागूऔषधका नयाँ-नयाँ प्रयोग भइरहेका छन । नेपालको भौगोलीक परिवेश पुर्वदेखि पश्चिमका दक्षिणी भागहरु भारतसँगको खुला सिमाना र सिमामा कमजोर प्रशासनिक संरचना भएको कारणले सुदुर-पशिमको ब्यापारिक केन्द्र धनगढी नगरक्षेत्रमा लागूऔषको कारोवार, प्रयोग र दुरुपयोग भइरहेको पाईन्छ । यहाँको सामाजिक र व्यापारिक परम्परा दैनिक रुपमा घरायसी सामान किनमेल गर्न सिमानामा रहेका भारतीय वजार र मन्डीहरुमा जाने गर्दछन । यस क्षेत्रका युवाहरुको प्रमुख समस्या भनेको वेरोजगारि हो यसै कारणले यहाँका यूवाहरुमा लागूऔषधको ब्यापक दुरुपयोग, विक्रिवितरण, ओसारपोसार भईरहेको छ । यसै कारणले यहाँका यूवाहरु सयौंको संख्यामा वर्षेनी कुलतमा फसिरहेका छन ।

लागूऔषध सुदुरपश्चिमकालागी ठूलो चुनौतिको रुपमा देखापरिरहेको छ । सयौंको संख्यामा यसका प्रयोगकर्ताहरु यस नगरक्षेत्रमा वार्षिक रुपमा थपिनु यसको प्रयोग र दुरुपयोग गर्ने संख्यामा दिनप्रतिदिन वृद्धि हुनु ठूलो चिन्ताको विषय बनेको छ । भारतको उत्तरप्रदेश जस्तो कमजोर प्रशासनिक क्षेत्रसँग यस क्षेत्रको खुला सिमाना जोडिएको र हरेक सिमानामा स-साना ब्यापारीक केन्द्रहरु भएकोले नेपालमा लागूऔषध भित्राउन सजिलो हुने अनुमान लगाउन सकिन्छ । धनगढी नगरक्षेवाट दैनिक रुपमा घरायसी समान खरिद गर्न भारत जाने गर्दछन र त्यसैको फाइदा हाम्रा दुवै देशका लागूऔषध तस्करले उठाइरहेका छन । सिमानमा काम गर्ने धेरैमान्छेहरुले यसको कारोवार गर्ने गर्दछन । लागू औषधको कारोवार गर्ने व्यक्तिहरुले सिमामा ओसारपसार गर्ने विभिन्न तरिका र तस्कर मिलाइएका हुन्छन जसले गर्दा नेपालमा लागूऔषध भित्रिने गर्दछ । भारतमा नयाँ किसिमका लागूऔषध को परिक्षण केन्द्र समेत धनगढी नगरक्षेत्र भएको छ । भारतवाट नयाँ-नयाँ कम्पनीका नयाँ-नयाँ किसिमका लागूऔषध छिटो छरितो यस क्षेत्रमा आउने जानकारहरु बताउँदछन ।

सयौं हाम्रा दाजु भाईहरु लागूऔषधको निर्भर भएका हुँदा त्यसको प्रयोगको लागि भारतीय सीमा पुग्ने गरेको लाखौं रुपैयाँ लागू औषधसँग साट्ने गरेको तथ्य यहाँको यथार्थ हो । लागू औषध बिक्री वितरण ओसार प्रसार गर्ने मान्छेले आश्रय पाउनु कुलत दुव्यर्सन मुक्त हुनको लागि उचित परामर्श र पुर्नस्थापना केन्द्र नहुनु स्थानीय प्रशासन, संघ संस्था, अभिभावक ज्यूहरुले यसलाई समस्याको रुपमा नमान्नु नै प्रमुख चुनौती रहेको छ ।

लागूऔषध प्रयोग शुरुमा रहर, साथीभाईको दबाब, अरुको देखासिखी, आफु समाजमा ठूलो रहेको देखाउन, अरु भन्दा आफूलाई फरक देखाउन प्रयोग गरे तापनि यसको दीर्घकालिन असर मानव शरीरमा देखा पर्छ । यसलाई समयमै होशियार भई बुझ्न सकिएन भने यसबाट छुट्कारा पाउन त्यति सजिलो छैन । यसको प्रयोग र दुर्व्यसनमा संख्यात्मक रुपमा यूवाहरु बढी भएको हुँदा यूवाहरु अन्तर्राष्ट्रिय संस्था धनगढी जेसीजले थोरै भएपनि लागूऔषधको समस्यालाई रोकथाम, नियन्त्रण र जनचेतना जगाउनमा प्रयास थालेको छ । धनगढी जेसीजले धनगढी क्षेत्रका युवाहरुलाई लागू औषध सम्बन्धी जनचेतनामुलक शिक्षा कार्यक्रम आयोजना गरी नयाँ सामाजिक उत्तरदायित्व वहन गरिरहेको छ । यस कार्यको सबैले प्रशंसा गरेको छ । यसरी नै समाजमा रहेका हरेक संघ संस्थाले आ-आफ्ना क्षेत्रबाट लागू औषध विरुद्धको कार्यक्रम चलाउन जरुरी छ । लागू औषध विरुद्ध कार्यक्रम हरेक स्कुल र त्यसमा अध्ययनरत विद्यार्थीहरुमा पुऱ्याउन जरुरी छ । र, समाजमा रहेका हरेक सरोकारवाला निकायहरु एक आपसमा समन्वय गरी काम गर्न सकेमा र यस सँग सम्बन्धित परामर्श केन्द्रहरु स्थानीय स्तरमा उपलब्ध भएमा यसको रोकथाम र नियन्त्रण गर्न सकिन्छ ।

# लागू औषध अपराध, रोकथाम र नियन्त्रणमा एक्सप्रेस कम्पनीको भूमिका



**रविन्द्रमान सिंह**
अध्यक्ष, अन्तर्राष्ट्रिय एयर एक्सप्रेस संघ नेपाल

लागू औषधको प्रयोग मानव जातिको उन्नती र विकासका लागि विश्वव्यापी साझा समस्याको रुपमा देखा पररिहेको छ। नेपालको सन्दर्भमा पनि यस प्रकारका समस्याहरु दिन प्रति दिन जटिल र चुनौतिपूर्ण हुदै गएको छ। लागू औषधको रोकथाम र नियन्त्रण गर्नका लागि सरकारी संयन्त्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, समाजका बुद्धिजिवी एवं नागरीक समाजका अगुवा, राजनैतिककर्मी, संचारकर्मी, विभिन्न पेशागत समूह, व्यवसायिक संस्थाहरुले सहकार्य गरि समस्या समाधान गर्न महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने कुरामा कसैको दुइ मत हुन सक्दैन। बिभिन्न सरकारी तथ्यांकहरुलाई आधार मान्ने हो भने पनि नेपालमा अन्य अपराधको भन्दा लागू औषध अपराधबाट सजाय पाएका व्यक्तिहरुको संख्या बढि रहेको अवस्थाले लागू औषधको बढ्दो दुरुपयोगले सृजित अपराधले ल्याएको समस्याको मुल समाधानको उपाय रोकथाम र नियन्त्रण नै हो भन्दा तात्वीक फरक नपार्ला। लागू औषध ओसार पसार गर्ने गिरोहहरुले नेपालको भुमिकालाई पनि बेला बखतमा ट्रान्जिट बिन्दुको रुपमा प्रयोग गरेको पाइन्छ भने नेपालको खुल्ला सिमानाले अझ थप चुनौति थपेको छ। लागू औषधको उत्पादन, ओसार पसार र बिक्रि बितरण जस्ता कार्यलाई निर्मुल पार्नका लागि हाल प्रचलित ऐन लाई अझ व्यापक रुपबाट सरोकारवालाहरुको समेत राय सुझाव लिएर संसोधन गर्नु आवश्यक छ। एक्सप्रेस कम्पनी, कम्पनी ऐन २०६३ अर्न्तगत कम्पनी रजिष्ट्रारको कार्यलयमा कम्पनीको रुपमा वा औद्योगिक व्यवसाय ऐन २०४९ बमोजिम उद्योग बिभाग, बाणिज्य विभाग वा कार्यालयमा फर्मको रुपमा दर्ता हुन्छन्। यस ब्यवसायलाई नेपाल सरकारले सेवा उद्योगको रुपमा बर्गीकरण गरेको छ। एक्सप्रेस कम्पनीले केता र विक्रेताको एजेन्टको रुपमा अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीहरुको मान्यता अनुरुप Said

तय दभ Content का आधारमा चिठ्ठी पत्र, पार्सल, प्याकेट समेत ग्राहकको घर घरमा पुऱ्याई लजिष्टिक्स सेवा प्रदान गर्दछन् । सामान उत्पादन गर्ने कार्यमा एक्सप्रेस कम्पनीको संलग्नता हुंदैन । एक्सप्रेस कम्पनीले अरुको सामान उठाउने हुंदा एक्सप्रेस कम्पनी संचालक वा कर्मचारी लागू औषधको अवैध कारोवारमा संलग्न नरहेको भएता पनि सुरुमा पक्राउ पर्ने र निर्दोष हुंदाहुँदै पनि एक्सप्रेस व्यवसायी उपर मुद्दा चल्ने, सजायको भागी हुनु पर्ने बर्तमान कानुनी व्यवस्था रहेकोले निर्दोष एक्सप्रेस व्यवसायी उपर कानुनी कारबाही हुन बाट रोक्नको लागि व्यवसायीले अपनाउनु पर्ने सावधानी तथा लागू औषध नियन्त्रण ऐन २०३३ तथा सरकारी मुद्दा सम्बन्धि ऐन २०४९ को दफा २१ मा आवश्यक संसोधन गर्नु पर्ने देखिन्छ । लागू औषध नियन्त्रण ऐन २०३३ हाल संसोधनको क्रममा रहेकोले हाम्रो व्यवसायका समस्याहरुलाई हामीले सम्बन्धित सरोकारवाला निकाय मार्फत समस्या समाधानका लागि राज्यले ध्यान दिनेछ भन्ने विश्वास लिएकाछौं । लागू औषधको कारोवार विश्वव्यापी समस्या र अल्पविकसित देशहरुमा र हाम्रो जस्तो मुलुकमा अत्यन्तै धेरै जोखिम हुने तथ्य विभिन्न प्रतिवेदनहरुले समेत देखाएको छ । यस प्रकारको संजालले राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा असर पारेको छ भने अझ सामाजिक क्षेत्रमा पार्ने असर तर्फ राज्यका सचेत नागरिकहरुको चासो रहनु स्वाभाविक नै हो । यस प्रकारको समस्यालाई प्रभावकारी नियन्त्रण गर्नु राष्ट्रको दायित्व प्रष्ट छ । यस समस्याले कूरियर र एक्सप्रेश व्यवसायको दूरुपयोग गरेको र त्यसमा वर्तमान कानुनले कूरियर र एक्सप्रेश व्यवसायका कर्मचारी तथा व्यवसायिहरु समय समयमा झमेलामा पर्ने गरेका दर्जनौ उदाहरणहरु पनि हाम्रा सामु रहेको तथ्य हामी कसैबाट छिप्न सकेको छैन । एक्सप्रेस कम्पनिको कामको प्रकृतिका कारण कानूनको दृष्टिमा अन्तर्राष्ट्रिय क्षेत्रमा एयर एक्सप्रेस सेवा प्रदान गर्दै आएका व्यवसायीहरु समेत दोषी देखिने, अन्तर्राष्ट्रिय ब्रान्ड कम्पनीको इज्जत प्रतिष्ठा माथि आंच आउने बिषय भएकोले लागू औषधको कारोवार, लागू औषध नियन्त्रण ऐन र सम्बन्धित अन्य ऐन, नियमावलीमा भएका कानूनी व्यवस्था बारे जानकारी दिने, समय समयमा सचेतनामूलक गोष्ठी, सेमिनार, अन्तरक्रिया कार्यक्रमको आयोजना गरि व्यवसायी र कर्मचारीहरुलाई प्रशिक्षण दिई सजग गराउन सकेमा यस प्रकारको जघन्य अपराध रोकथाम गर्न एक्सप्रेस कूरियरहरुको भूमिका अझ सशक्त हुन सक्ने भएकोले सचेतनामुलक कार्यक्रम र सहकार्य गर्नु अपरिहार्य छ । यस प्रकारको सहकार्यले व्यवसायीहरु र कर्मचारीहरुमा कानूनी जानकारी तथा समस्या न्यूनीकरणका लागि समझदारी बनाउने, सजगता अपनाउने, सहकार्य गर्दै विश्वसनिय बातावरण निर्माण हुने हुंदा लागू औषध नियन्त्रणमा उल्लेख्य मद्धत पुग्ने विश्वास लिन सकिन्छ । एक्सप्रेस कम्पनीहरुले सामान बुक गर्दा मानवीय क्षमताले भ्याएसम्म लागू औषध लुकाएको पत्ता लगाउने प्रयत्न गरेका हुन्छन् । परम्परागत रुपमा हातले छामेर वा नाकले सुंघेर चेक जांच गर्दा जतिसुकै सावधानी अपनाए पनि कतिपय अवस्थामा पत्ता लगाउन नसकिने पनि हुन्छ । लागू औषध लुकाएको चेक जांच गर्ने कार्यमा समय समयमा व्यवसायीहरुले सरकारी निकायबाट सहयोग प्राप्त गर्दै आएको भएता पनि हालसम्म पनि सरकारी निकायमा समेत वैज्ञानिक तरीकाबाट लागू पदार्थ जांच गर्ने मेसिन नभएकाले सरकारले उक्त मेसिन तथा उपकरणहरु यथाशिघ्र राख्नु पर्ने कुरामा सम्बन्धित निकायको ध्यानाकर्षण गराउन आवश्यक छ । प्रारम्भिक अनुसन्धानबाट व्यवसायी निर्दोष देखिएमा व्यवसायीलाई हाजिर जमानीमा छाडेर मुद्दा अनुसन्धान गर्नु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्न सम्बन्धित ऐनमा संसोधन गरी अनुसन्धान गर्ने तथा मुद्दा चलाउने निकाय र व्यवसायी बीचमा समय समयमा अन्तरक्रिया गरी असमझदारीलाई न्यूनीकरण गर्दै लैजान सकेमा यसले सकारात्मक परिणाम आउने अपेक्षा गर्न सकिन्छ । यस ऐन अर्न्तगतको मुद्दा नेपाल सरकार बादी मुद्दा भएकोले सरकारी मुद्दा सम्वन्धि ऐन २०४९ बमोजिम अनुसन्धान तहकिकात हुन्छ । हाम्रो कानुनमा अनुसन्धानको क्रममा थुनामा रहेको व्यक्तिलाई

*लागू औषध लुकाएको चेक जांच गर्ने कार्यमा समय समयमा व्यवसायीहरूले सरकारी निकायबाट सहयोग प्राप्त गर्दै आएको भएता पनि हालसम्म पनि सरकारी निकायमा समेत वैज्ञनिक तरीकाबाट लागू पदार्थ जांच गर्ने मेसिन नभएकाले सरकारले उक्त मेसिन तथा उपकरणहरू यथाशिघ्र राख्नु पर्ने कुरामा सम्बन्धित निकायको ध्यानाकर्षण गराउन आवश्यक छ ।*

जमानतमा छोड्ने व्यवस्था छैन सरकारी मुद्दा सम्बन्धि ऐन २०४९ को दफा २१ ले अनुसन्धानको सिलसिलामा प्रहरी हिरासतमा रहेको व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा मनासीब कारण सहितको पर्चा खडा गरी प्रहरीले हाजिर जमानी मा छाड्न सक्ने छ भन्ने व्यवस्था भएकोले एक्सप्रेस कम्पनीले अरुको सामान पठाउने हुंदा एक्सप्रेस कम्पनीको संचालक वा कर्मचारी लागू औषधको अवैध कारोबारमा संलग्न नरहेको भएता पनि सुरुमा पक्राउ पर्ने भएकोले अनुसन्धान अधिकारीले एक्सप्रेस कम्पनीको कामको प्रकृतिलाई बिचार गरी आफ्नो व्यवसाय संचालन गर्दा मालधनीको राख्नुपर्ने आवश्यक विवरण, कागजात र प्रमाण राखेमा वा सावधानी अपनाएको देखिएमा अनुसन्धानको क्रममा हाजिर जमानीमा छाड्ने व्यवस्थालाई नयां संसोधनमा ल्याई प्रभावकारी रुपमा लागू गर्नु पर्ने आजको आवश्यकता मात्र नभए सम्पूर्ण कार्गो कूरियरको व्यवसाय गरी राज्यलाई लाखौको कर तिर्ने व्यवसायीहरुको सामूहीक आवाजलाई सम्मान र प्रोत्साहीत गर्नुपर्ने राज्यको परम् दायीत्व पनि हो ।



**Tsering Wangdu**

# An Addict Journey from Hopelessness to a Messenger of Hope

**Abstract**

This is a story of a Tsering Wangdu, who had everything he could have ever needed in life; prosperous family, loving and caring parents and siblings, friends, the worldly comfort one can wish for, most of all an intelligent and genius mind that could propel him into pinnacle of success in anything he put his mind into. During the adolescence years he started experimenting with illicit substance, due to curiosity and peer pressure. As fate would have it, the time came when abusing drugs was the only purpose of his life. His goals and ambitions had faded into oblivion, his parents dreams stayed in their thoughts and gathered dust. Rehabilitation Centers, Jails and Prison had become a second home. The word “HOPE” had been removed from his vocabulary. Death was an option he cherished and even fantasized about. But God had other plans for him, a much higher calling which at that time would have been more distant thought than the Milky Way. His life line came in form of a girl “Yam kala “, who today is his wife, with whom he shares a beautiful angel like daughter and A SON cherishes life. Love for her and a life with her was the hope that was missing from his life. Like the saying goes “If you love something enough, the entire universe will work restlessly to help you get it”. It was this love that transformed this hopeless addict into a messenger of recovery. He had found his higher calling i.e. to help other victims like him get out of hell and live a life of salvation. His message to the victims of addiction is “I cannot promise you heaven, but can help you get out of hell”.

**My Life from Depths of Hell to Salvation**

My life started as any normal teen in Nepal, where I was loved and pampered by my parents, looked up to by friends, praised by teachers, excelled in studies along with extracurricular activities. All these helped boast my ego and arrogance and gave birth to a feeling of self righteousness and superiority complex. To me I was all I could be, in some way I worshipped myself since I was a hero. To me I could not do anything wrong, which started me on the path of trying Marijuana and Pharmaceutical products (Benzodiazepines, Anti-depressants).

I finished high school with impressive performance, and was accepted into Cambridge University„ A. Levels program in Nepal. Being accepted there reinforced my perception that I was not doing anything wrong. My unfounded ego and curiosity pulled me into the world of Opiates (Brown Sugar). This event marked the start of my demise; I dropped out of the, A. Level program and now was an addict who

could not be stopped. The only reason of my existence was to get high. Every minute I longed to be in that euphoric state. The only thing I was looking for in life was my first high, and was willing to go to any length to get it. It is sad when I think about it now, but then I felt if I could get my first high at the cost of my life, it was a fair trade. This saga continued for 15years until I could not manage to keep myself high. Unable to afford the drugs, and unable to bear the pain of withdrawal I reluctantly went to a rehab. Going to rehab I had no intention of getting sober; it was so that I could be alive and use drugs again one day.

I spent 3 months in rehab, which at that time had not embraced NA/AA; it was simply a detention center of some sort, more like an abstinence center. I started injecting until the point I would black out. I would take a wicked pride in the fact and boast in front of my friends that sometime; I would wake up with the needle still in my veins. Trips to rehabs were like a seasonal vacation few times a year, some even lasted 14 months in length. I was arrogant enough, to think I could sneak drugs into rehab and was determined enough to do it successfully several time. Getting caught in rehab for using drugs, and getting punished for it would give me a sense of heroism and encourage me to find new ways to do it again. During my short vacations from rehab I started substituting and combining Brown Sugar with Morphine, Alcohol, Cocaine and Yaba. To everyone around me I had reached the point of no return, but to me I was the best in what I did i.e. drug abuse. To me I was better than others because I could take more and still not overdose. Every morning I woke up my ego would bolster with the thought that I won, all those drugs still could not kill me, I was a super human. I served Prison sentences lasting up to a year, and have been to several Jails for months at a time for possession of illicit substances and for assault and battery. But I still did not learn my lessons, my life was in a mess; my family had discounted me, the fear of my death overshadowed their world. To my loved ones I was a shooting star that could fade any minute. Facing death everyday and beating it gave away the fear of death, in some way I fantasized about a death from overdose. Whenever a friend or someone I knew passed away from a drug overdose, I would envy that person in my own cunning way. My motto was to live life in a high or die with a drug overdose. I would feel betrayed by the drugs, to which I had dedicated my life to when it did not kill me. Then I did not realize, the drugs were not betraying me, God was saving me as a part of his master plan.

A twist of fate landed me in Jail for Drug possession; there I met a young beautiful girl who was a frequent visitor. I started talking to her while I was inside; there was some strange attraction to her. She believed I had a chance and had faith I could be salvaged. The day I got out of Jail, I went out with her; this was the first time I spent 24 hours out of Lock up or a rehab and stayed clean in 15 years. The high I got from her divine presence was eternal, and no drugs can come close to the euphoric state I was in.

This was the turning point in my life; she gave me the desire to stay clean, to live. I started to see the beauty in life even in the suffering of it. With no life sustaining skills, but with a Doctorate in drug abuse and my life experiences it was natural for me to choose to work with others victims of addiction. Every addict that my message saved made my resolve to stay clean stronger. Helping other addicts and preventing new addicts from being born was where I found redemption for my past deeds (Karma).

Now I take solace and pride in the fact that now I could live another day without any crutches like drugs. I have dedicated my life to the service of the victims of addiction. To those hopeless ones today my message is “We are the vision of hope”.

7 years back I established “Sober Recovery Treatment and Rehabilitation Center” a Non Profit Organization; which so far has provided treatment and counseling to over 1500 victims of addiction and HIV/AIDS. Ours is a non-secular, non-discriminatory co-ed facility, which provides treatment and support to people from all over the country. We do not turn away anyone, based on their financial standing; at any given time we provide pro-bono treatment to about 35% of our clients. I firmly believe that financial consideration should not be a road block for anyone who wants relief from the day to day suffering of an addict’s life. To me there is no holier war that I can fight, than join hands with other suffering addicts fight their addiction. I also derive pleasure and satisfaction knowing, helping these addicts I am also making like better for people around them; family, friends and the society as a whole. I also donate my time presenting at health awareness programs; I share my life experience, and the effects of addiction.

Running a Rehabilitation Center on limited resources and funding has its own set of challenges. I also know I cannot help everyone all the time, but today I go to sleep in peace knowing I have made life better for some; and look forward to add one more to that list the following day. I am humbled to hear from people how I have become an example of change for the better in the community. A social outcast today has become an idol in the NATION. An example of “who not to be” has become “who to be”. Today I am the self appointed Ambassador of “Life without Drugs”, a messiah of recovery.

# लागू औषध मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसला र नजीरहरुका टिपोटहरु

**१) श्री ५ को सरकार बिरुद्ध गोर्डन विलियम रविन्सन, ने.का.प.०६१, नि.नं.७४२१, पृ.९८०**

लागू औषध बरामद गरी भएको बरामदी मुचुल्कामा समेत निजको हस्ताक्षर रहेको र अदालतमा भएको बयानमा समेत सो हस्ताक्षर आफूले गरेको हो भनी स्वीकार गरेको देखिन्छ । बरामद भएको लागू औषधका सम्बन्धमा भएको बरामदी मुचुल्काका मानिसहरुले यस अदालतमा समेत आई निजले लुकाई छिपाई सो लागू औषध लिएर जाने प्रयास गर्दाको अवस्थामा निज पक्राउ परेको भनी निज प्रतिबादीको अनुसन्धानको क्रममा भएको साबिती बयान र निजले बरामदी मुचुल्कालाई स्वीकार गरी गरेको सहिछाप समेतको व्यहोरा स्वतन्त्र रुपले प्रमाणित हुन आएको देखिन्छ ।....सो बरामद भएको लागू औषध निजको जुत्ता र झोलामा फल्स बटम बनाई सुरक्षा निकायलाई समेत झुक्यानमा पारी अवैध तरीकाले खरीद गरी बिक्री गर्ने उद्धेश्यले बिदेशतर्फ जान लागेको तथ्य निजको बयान र अन्य प्रमाण कागजातबाट पुष्टि भईरहेको देखिन आयो ।

**२) नेपाल कानून पत्रिका भाग ४२- २०५७ साल, जेठ, अंक -२, निर्णय नं.६८५२, पृष्ठ ९२ ।**

**सर्वोच्च अदालत, पूर्ण इजलास**
माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल
माननीय न्यायाधीश श्री अरविन्दनाथ आचार्य
माननीय न्यायाधीश श्री उदयराज उपाध्याय
सम्बत् २०५५ सालको फौ.पु.ई.नं....२४,२५,२६
फैसला मिति :- २०५६/१०/०६/०५
**मुद्दा :-लागू औषध ।**

पुनरावेदक/प्रतिवादी :-झापा जिल्ला धुलावारी गा.बि.स.वडा नं.९ घर भई हाल केन्द्रिय कारागार त्रिपुरेश्वरमा थुनामा रहेको मेघराज रावत

**बिरुद्ध:-**
प्रत्यर्थी/वादी :- प्रहरी प्रतिवदनले श्री ५ को सरकार

पुनरावेदक/प्रतिवादी :-अर्घाखाँची जिल्ला दाङ खिदिम गा.बि.स.वडा नं.३ घर भई हाल केन्द्रिय कारागार मा थुनामा रहेको खिम बहादुर थापा

**बिरुद्ध:-**
प्रत्यर्थी/वादी :- प्रहरी प्रतिवेदनले श्री ५ को सरकार

पुनरावेदक/प्रतिवादी :-जिल्ला ओखलढुंगा श्यामल्टार गा.बि.स.घर भई हाल का.जि.सदरखोर शाखा डिल्लीबजारमा थुनामा रहेका रतन प्रधान

**बिरुद्ध:-**
प्रत्यर्थी/वादी :- प्रहरी प्रतिवेदनले श्री ५ को सरकार

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले कुनै व्यक्तिका साथमा कुनै लागू औषध भएको फेला परेमा त्यस्तो पदार्थ निजले कानून बमोजिम प्राप्त गरेको वा राखेको हो, भन्ने कुराको प्रमाण निजले नै पेश गर्नुपर्ने, अन्यथा अपराध गरेको मानिने छ भनी उल्लेख भएको सन्दर्भमा बरामदी मुचुल्का, सो मुचुल्काका व्यक्तिहरुले अदालत समक्ष गरेको बकपत्र र प्रतिवादी रतन प्रधान स्वयंले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानका आधारमा निज प्रतिवादीबाट लागू औषध सेतो हेरोइन ६३५ ग्राम बरामद भएको भन्ने कुरा पुष्टि भएको हुंदा निज रतन प्रधानका हकमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) अनुसार १५ बर्ष कैद र ५ लाख रुपैयां जरिवाना गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई नै सदर गरेको संयुक्त इजलासको इन्साफ मिलेकै देखिंदा सो हदसम्म सदर हुने ।

**प्रकरण नं.२६)**

लागू औषध (नियन्त्रण) ऐनको दफा १७ मा लागू औषध (नियन्त्रण) ऐन अन्तर्गत सजाय हुने अपराध गर्ने षडयन्त्र वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरुलाई दुरुत्साहन गरे वापत हुने सजायको आधी सजाय हुनेछ भनी व्यवस्था भैरहेको र निज मेघराज राउत प्रस्तुत मुद्दामा मतियारका रुपमा रहेको सन्दर्भमा निज मेघराज राउतका हकमा उक्त दफा १७ नं.आकर्षित हुने र आधी सजाय मात्र हुने मा ऐ.दफा १४(१)(छ)(३) अनुसार सजाय गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिने ।

**(प्रकरण नं.२७)**

अधिकार प्राप्त अधिकारी समक्षको बयान र सह अभियुक्तहरुको पोलको अतिरिक्त निज खिम बहादुर थापाको संलग्नताको पुष्टि कहिकतैंबाट भएको पाइदैन । खिम बहादुर थापाको सँग साथ वा निजको कोठाबाट लागू औषध बरामद भएको पनि देखिदैन र त्यस्तो दावी अभियोजन पक्षले लिएको पनि छैन । यस स्थितिमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ को प्रमाणको भार सम्बन्धी व्यवस्था पनि निजको हकमा आकर्षित हुन सक्दैन । लागू औषधको बिक्री वितरण, खरिद,संचय र ओसार पसार जस्ता कार्यमा खिम बहादुर थापाको संलग्नता रहेको भन्ने कुरास्थापित हुन नसकेको स्थितिमा अधिकार प्राप्त अधिकारी समक्ष कसूरमा सावित रहेको र सह अभियुक्तहरुले प्रहरी समक्ष पोल गरेकै आधारमा मात्रै निजलाई लागू औषध (नियन्त्रण) ऐनको दफा ४ को दफा (घ) र (च) को कसूर गरेको ठह्याउनु न्यायोचित नदेखिंने ।

**(प्रकरण नं.२८)**

**३) नेपाल कानून पत्रिका भाग ४२- २०५७ साल, असार, अंक -३, निर्णय नं.६८७२, पृष्ठ २०९।**

**सर्वोच्च अदालत, संर्युक्त इजलास**
माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री केदाराथ आचार्य

सम्बत् २०५१ सालको फौ.पु.नं......११५४
फैसला मिति :- २०५६/११/०९/०२
**मुद्दा :-लागू औषध ओसार पसार ।**

पुनरावेदक/वादी :-प्रहरी प्रतिवेदनले श्री ५ को सरकार

**बिरुद्धः-**
प्रत्यर्थी/प्रतिवादी :- जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.२ लाजिम्पाट बस्ने वावुराम थापा समेत

वादीले दावी गर्दा के कस्तो परिवन्दबाट अपराध हुन गएको छ भन्ने अपराधिक कार्यको प्रकृतिलाई वर्णन गरी दावी गर्नुको साथै सम्बन्धित ऐनको दफा समेत उल्लेख गरेकोमा सो दफा ४ अन्तर्गतको खण्ड (क) अनुसारको वा खण्ड (च) अनुसारको कसूर कायम हुने हो भन्ने कानूनको प्रयोगको निरोपण अदालत स्वयंबाट हुनुपर्ने देखिन आउंछ । अपराध सम्बन्धी तथ्य र प्रमाणको जानकारी अदालतलाई स्वतः नहुंने हुंदा अभियोग दावी गर्ने पक्षले अपराधिक कार्यको प्रकृतिलाई विस्तारपूर्वक खुलाई त्यसलाई प्रमाणित गर्ने आवश्यक प्रमाण समेत पुऱ्याउनु पर्ने हुन्छ । सो अपराधको लागि दावी गरिएको कानूनको दफा अन्तर्गतको कुन खण्डको प्रयोग गर्नु अपराधको प्रकृति अनुकुल हुन्छ भन्ने कुराको निरोपण एंव अदालतले गर्नुपर्ने हुदा सो को निरोपण दावी गर्ने पक्षले नै नगरेको भनि मुद्दा नै खारेज गर्न सक्ने देखिन नआउने ।

**प्रकरण नं.१६)**

प्रतिवादी मध्येका लव कुमार शर्मा र बाबुराम थापाको हकमा निजहरुले अष्ट्रेलियाको न्यू साउथ वेल्स (New South Wales) को डिस्ट्रिक कोर्ट (District Court) को ८ अक्तुवर १९८७ (8 Oct.1987) को मिसिल संलग्न फैसलाको प्रतिलिपीबाट प्रस्तुत मुद्दा सम्बन्धी लागू औषधसँग साथ राखेकोमा सजाय पाइसकेको देखिन आउंछ। सो फैसलामा निजहरुको नेपाल अधिराज्यबाट लागू औषध निकासी गर्ने सम्बन्धमा पूर्व संलग्नता रहेको भन्ने देखिदैन । निजहरुलाई थाहा हुनु पूर्व नै लागू औषध रहेको हस्तकलाको सामान (बुद्धको मुर्ती) अष्ट्रेलिया पठाई सकेको भन्ने सो फैसलाबाट देखिएको छ । साथै सोही मिलानको यी दुई प्रतिवादीहरुको नेपालमा प्रहरी एंव अदालत समक्ष भएको बयान देखिंन आउंछ। तसर्थ निजहरु नेपालबाट लागू औषध निकासी गर्ने कार्यमा संलग्न रहेको भन्ने नदेखिएको र विदेश अष्ट्रेलियामा भएको अपराधिक कार्यको सम्बन्धमा त्यंहाको कानून बमोजिमको कसूरमा मुद्दा चली सजाय पाइसकेको देखियो । अष्ट्रेलियामा भएको अपराधिक कार्यको लागि पुनः नेपालमा मुद्दा चलाउन सक्ने कानूनी व्यबस्थाको अभावमा निज प्रतिवादीहरु लव कुमार शर्मा र वावुराम थापाको हकमा सम्म अभियोग दावी खारेज गरेको पुनरावेदन अदालत पाटनको फैसला मुनासिव ठहर्ने ।

(प्रकरण नं.१७) नेपाल अधिराज्यबाट अष्ट्रेलिया तर्फ लागू औषध निकासी गरेका अर्का प्रतिवादी मिनकान्त कडेल समेतको हकमा अभियोग पत्र दायर भएको र निजका नाउंमा सूचना जारी हुंदा हाजिर नभई फरार रहेका कारण मुल्तवी रहन गएको समेतलाई असर पर्ने गरी मुद्दा नै खारेज गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म उल्टी हुने ।

**(प्रकरण नं.१८)**

**४) नेपाल कानून पत्रिका भाग ४६- २०६१ साल असार- अङ्क-३, निर्णय नं.७३४१, पृष्ठ २५१ । सर्वोच्च अदालत, पूर्ण इजलास**

माननीय न्यायाधीश श्री हरिप्रसाद शर्मा
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ
सम्बत् २०५८ सालको फौ.पु.ई.नं. ८,९,१०
फैसला मिति :- २०६१/०३/०३/०५
**मुद्दा :- लागू औषध ।**

पुनरावेदक/प्रतिवादी :- भारत विहार राज्य नरकटियागंज घर भै हाल केन्द्रीय कारागार शाखा काठमाण्डौमा थुनामा रहेको सुवोध कुमार उर्फ पप्पु

**बिरुद्धः-**
प्रत्यर्थी/वादी :- प्र.ना.उ.डेग बहादुर जि.सी.समेतको प्रतिवेदनले श्री ५ को सरकार

पुनरावेदक/प्रतिवादी :- जिल्ला मोरङ्ग दर्वेसा गा.बि.स.वडा नं.९ घर भै हाल केन्द्रिय कारागार शाखा

काठमाण्डौमा थुनामा रहेको बर्ष ३१ को रमेश कडरिया

**बिरुद्धः-**
प्रत्यर्थी/वादी :- प्र.ना.उ.डेग बहादुर जि.सी.समेतको प्रतिवेदनले श्री ५ को सरकार

पुनरावेदक/प्रतिवादी :- भारत विहार जमुई रेलवामा जन्म भै जिल्ला सिराहा सिराहा नगरपालिका वडा

नं.१ म स्थायी बसोबास गर्दै आई हाल केन्द्रिय कारागार शाखा काठमाण्डौमा थुनामा रहेको बर्ष ४७ को वैजनाथ गुप्ता

**बिरुद्धः-**
प्रत्यर्थी/वादी :- प्र.ना.उ.डेग बहादुर जि.सी.समेतको प्रतिवेदनले श्री ५ को सरकार

- लागू औषध (नियन्त्रण) ऐन विशेष प्रकृतिको ऐन भएको र विशेष प्रकृतिको ऐनले गरेको व्यबस्था सोही अनुरुप कार्यान्वयन भएको हुनुपर्छ । लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ को व्यवस्थाले सो ऐनको दफा ४ ले निषेधित गरिएका कार्य गरेको भन्ने देखिन आएमा निषेधित कार्य गरेको आरोपित व्यक्तिले वरामद भएको लागू औषध वा पदार्थ यो यति कारणले ऐन सम्मत तरिकाले राखेको भन्ने कुराको पुष्टि गर्ने कार्य वा प्रमाणको दायित्व त्यसरी निषेधित वस्तु राख्ने व्यक्तिमा नै रहने ।

- अनुसन्धान तहकिकातबाट कसैको शरीर, कोठा वा साथबाट बरामद भएको पदार्थ निषेधित तवरबाट खरिद विक्री ओसारपसार आदि गरेको वा सो गर्न भनी संचय गरेको देखिन आएमा केवल अदालतको वयानमा सजायको भागी हुन नपरोस् भनी स्वइच्छाले वरामदी लागू औषध आफ्नो होइन कहाँबाट आयो भन्ने जस्ता कथन राखी आरोपित कसूरमा इन्कारी हुँदैमा संकलित सवुद प्रमाण र घटनाको कडीबाट पुष्टि भइरहेको विषय वस्तुलाई अन्यथा भनी अनुमान गर्न नमिल्ने ।

- अनुसन्धानको क्रममा भएका बयान, बरामदी मुचुल्काका मानिस र प्रतिवेदकहरुको यी प्रतिवादीहरुको रोहवरमा सो लागू औषध वरामद गरिएको हो भन्ने बकपत्र, बरामद भएको घरको घरधनी समेतको कागज समेतका प्रमाणबाट आरोपित सबै प्रतिवादीहरु बरामद भएको लागू औषध विदेश भारतबाट खरिद गरी लिई आई नेपालमा बिक्री बितरण गर्ने प्रयोजनका लागि संचय ओसारपसार समेतको कार्य गर्नमा समान रुपले लागेको भन्ने कुरा पुष्टि भइरहेको देखिने ।

- पुनरावेदक प्रतिवादीहरु सुवोध कुमार उर्फ पप्पु, रमेश कडरिया र बैजनाथ गुप्ता समेतका प्रतिवादीहरुले बरामद भएको लागू औषध, लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) मा वर्णित कार्य गरेको सिद्ध हुन आएकोले सो अभियोगमा दावी बमोजिम सोही ऐनको दफा १४(१) (छ) (३) बमोजिम जनही १५ बर्ष कैद र ५ लाख रुपैयाँ जरिवाना हुने ठहर गरेको शुरु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिंदा सदर हुने ।

**(प्रकरण नं.४६ र ४७)**

**५) नेपाल कानून पत्रिका भाग ४६- २०६१ साल साउन- अङ्क-४, निर्णय नं.७३६५, पृष्ठ ४४० । सर्वोच्च अदालत, पूर्ण इजलास**

माननीय न्यायाधीश श्री केदार प्रसाद गिरी
माननीय न्यायाधीश श्री सुशिला सिंह सिलु
सम्बत् २०५६ सालको फौ.पु.नं. २१०३
फैसला मिति :- २०६१/०३/३१/०५
**मुद्दा :- लागू औषध(गाँजा) ।**

पुनरावेदक/वादी :- इलाका प्रहरी कार्यालय मुग्लिङको पत्रले श्री ५ को सरकार

**बिरुद्ध:-**
प्रत्यर्थी/प्रतिवादी :- जिल्ला चितवन दारेचोक गा.बि.स.वडा नं.६ बस्ने बुद्धिमान गुरुङ्ग समेत

- प्रतिवादीहरु समेतले बोकेको झोलाबाट ८५ किलो ग्राम गाँजा बरामद भएको भन्ने मिति २०५३/०८/१८ को बरामदी मुचुल्काबाट देखिन्छ । उक्त बरामदी मुचुल्का र बरामद भएको गाँजा सहितको झोला प्रतिवादीहरुले गरेको सनाखतबाट प्रतिवादीहरुको साविती बयान पुष्टि भइरहेको देखिई यी प्रतिवादीहरु समेतले गाँजा सहितको झोला लिई वसमा हिंडेको भन्ने कुरामा कुनै विवाद देखिन नआउने ।

- गाँजा एक ठाँउबाट अर्को ठाँउमा लग्नको लागि बसमा लिई हिडेको अवस्थामा प्रतिवादीहरु पक्राउ परेको देखिन आएको । प्रतिवादीहरुले सो अपराधजन्य कार्य गर्न षडयन्त्र उद्योग तथा दुरुत्साहन गरेको र मतियार भएको भन्ने अवस्था नदेखिई निजहरुले कारणीको हैसियतमा उक्त अपराध जन्य कार्य गरेको अवस्था देखिन आएकोले निज प्रतिवादीहरुले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (क) अन्तर्गतको गाँजा ओसार पसार गर्ने कसूर अपराध गरेको देखिन आउने ।

- प्रतिवादीहरुले ८५ किलो ग्राम गाँजा ओसार पसार गर्ने कसूर अपराध गरेको हुँदा निजहरुलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (घ) (५) बमोजिम सजाय गर्नुपर्ने देखिन आयो । यी प्रतिवादीहरुले सो ऐनको दफा ४ (क) को कसूर अपराध गरेको ठहर गरी सकेपछि सो कसूरमा उक्त ऐनको दफा १४(१) (घ) (५) वमोजिम सजाय गर्नु पर्नेमा सो वमोजिम नगरी दफा १७ वमोजिम एक बर्ष कैद र रु.७,५००|- जरिवाना गरेको शुरु चितवन जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौडाको फैसला मिलेको नदेखिंदा उक्त दुबै फैसला उल्टी भई प्रतिवादीहरु बुद्धिमान गुरुङ्ग, फान बहादुर मगर र वल बहादुर रानालाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (क) को कसूरमा सोही ऐनको दफा १४(१) (घ) (५) बमोजिम दुई बर्ष कैद र रु.१५,०००|- जरिवाना हुने ।

**(प्रकरण नं.२० र २१)**

**६) नेपाल कानून पत्रिका भाग ४९- २०६९ साल असार- अङ्क-३, निर्णय नं.७८२९, पृष्ठ ३७९ । सर्वोच्च अदालत, संर्युक्त इजलास**

माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री तप बहादुर मगर
सम्बत् २०५९ सालको फौ.पु.नं. ३११८
सम्बत् २०६० सालको फौ.पु.नं. ३१९८
फैसला मिति :- २०६३/०६/०३/०३
**मुद्दा :- लागू औषध ।**

पुनरावेदक/प्रतिवादी :- काभ्रेपलाञ्चोक जिल्ला पनौती घर भै रक्सौल डेरा गरी बस्ने हाल कारागार शाखा

जगन्नाथ देवल त्रिपुरेश्वर काठमाण्डौ अन्तर्गत केन्द्रीय कारागारमा थुनामा रहेको राम बहादुर थापा

**बिरुद्ध:-**
प्रत्यर्थी/वादी :- प्रहरी प्रतिवेदनको जाहेरीले श्री ५ को सरकार

पुनरावेदक/वादी :- प्रहरी प्रतिवेदनको जाहेरीले श्री ५ को सरकार

**बिरुद्ध:-**
प्रत्यर्थी/प्रतिवादी :- भारत रक्सौल थाना अन्तर्गत अहिरुवा टोल बस्ने अखिलेश नरेशप्रसाद जैसवाल समेत

- प्रत्यक्ष वा परिस्थितिक अर्थात Direct or circumstantial evidence बाट आफूले लगाएको अभियोगको प्रमाणित गर्ने कानूनी कर्तव्य वादीको हो । लागू औषध सम्बन्धी अपराधमा प्रमाणको भरमा अभियुक्तमा सारिएको छ भन्दैमा हर अवस्थामा, हरेक मुद्दामा वादी आफूले चाहि केही प्रमाण नजुटाउने केवल आफू समक्षको सावितीको बयानको भरमा लगाएको अभियोगमा प्रतिवादीले आफू निर्दोष छ भन्ने प्रमाण पुर्‍याउन नसकेकोले दोषी करार हुन्छ भन्ने ऐनको व्यबस्था होइन यस्तो अर्थ हाम्रो फौजदारी न्याय र मान्य सिद्धान्त तथा संवैधानिक व्यबस्था एंव मौलिक अधिकार समेतको विपरीत हुने ।

**(प्रकरण नं.३६)**